
# कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना

# आ.व.२०७७।०७८-२०८१।०८२




# गन्यापधुरा गाउँपालिका

## गणेशपुर वडाल, डडेल्धुरा,२०७६

# कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना


# आ.व.२०७७।०७८-२०८१।०८२

## गन्यापधुरा गाउँपालिका

### गणेशपुर वडाल, डडेल्धुरा,२०७६

# Wardwise Boundary Map of Ganyapdhura Rural Municipality

*Dadeldhura, Nepal*




0 1 2 4 6 8 10 Kilometers

1:100,000

| | | |
|---|---|---|
| Name of Municipality | | Ganyapdhura Rural Municipality, Dadeldhura |
| Consultants | | AP-ECC-Nepal P. Ltd. |

Projected Coordinate System: MUTM
Projection: Transverse Mercator
False Easting: 500000.00 m
False Northing: 0.00 m
Central Meridian: 81.00 m
Scale Factor: 0.9999

# दुई-शब्द

नेपाल सरकार, सुदूरपश्चिम प्रदेश अन्तरगतका ९ वटा जिल्लाहरु मध्ये डडेल्धुरा जिल्लामा रहेका ७ वटा स्थानीय तहहरु मध्येको एउटा स्थानीय तह यो गन्यापधूरा गाउंपालिका हो । यस गा.पा.का वहुसंख्यक नागरिकहरुको मुख्य पेशा र जिविकोपार्जनको माध्यमको रुपमा कृषि क्षेत्र रहेको छ । गा.पा.को कृषि क्षेत्रमा व्यवसायिकता अभिवृद्धि गरी कृषिजन्य उद्योगहरु स्थापना गर्ने र यसबाट स्थानीय तहमानै रोजगरीका अवसरहरु सृजना गर्नु नितान्त आवश्यक रहेको महशुस गरिएको छ । कृषि क्षेत्रमा व्यवसायिकता अभिवृद्धि गर्न उचित नीति, वातावरण, कृषि प्रविधि, सीप र कृषक स्वयमको जागरुकता, सक्रियता तथा मेहेनत आवश्यक पर्दछ । आफ्नो माटोमा परिश्रम गरी, पसिना चुहाई मेहेनतको फल प्राप्त गर्नु कृषकको कर्तव्य हो र राज्यले यसका लागि उचित वातावरण, श्रोत साधनको उपलब्धता तथा बजार सम्बन्धी व्यवस्था गरिदिनु राज्यको दायित्व हुन आउछ । कृषिमा आधारित अर्थतन्त्र भएको राज्यका लागि कृषिको व्यवसायिकताले नै कृषिमा आधारित लघु, साना तथा मझ्यौला उद्योगहरु स्थापनामा सहयोग पुग्न जान्छ, जसले अन्य व्यवसायिक क्षेत्रमा सहयोग पुग्नुको साथै स्थानीय तहमा रोजगारीका अवसरहरु सृजना हुन गई आर्थिक संबृद्धि हुन जान्छ । जसको फलस्वरुप खाद्य सुरक्षाको सुनिश्चितता हुनुका साथै गरिबी न्यूनिकरण हुंदै जान्छ ।

यिनै कुराहरुलाई मध्यनजर गरी गन्यापधूरा गा.पा.को कृषि क्षेत्रमा व्यवसायिकरण, कृषि जन्य उद्योगहरुको विका एवं रोजगारी सृजना गर्न  पालिकाले आगामी ५ बर्षका लागि **"कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना"** तयार पारी आगामी आ.ब. देखि सोही अनुरुप कृषि विकासका कार्यक्रमहरु अगाडी वढाउने जमर्को गरेको छ । यस रणनीतिक योजनाले यस पालिकाको कृषि र उद्यम विकासलाई दिशा निर्देश गर्न महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास लिइएको छ । यो रणनीतिक योजना तयार गर्न अहम भूमिका खेल्नु हुने पालिकाका ५ वटै वडाका वडा अध्यक्ष ज्यूहरु एवं वडा सदस्य ज्यूहरुमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । यसै गरी यसमा सहयोग पुऱ्याउनु हुने पालिका स्तरका सम्पूर्ण पार्टि पदाधिकारी ज्यूहरु, विद्वत वर्ग, कृषक दाजुभाई दिदीवहिनीहरु, गाउंपालिका र्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण कर्मचारीहरु, तथ्यांक उपलव्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवाल निकायहरु समेतलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । यसका साथै यो रणनीतिक योजनाको अन्तिम रुप समयमै तयार गरी प्रकाशनमा सहयोग गर्ने साझेदार संस्था **ईएफआई नेपाल प्रा.लि.** महेन्द्रनगरका टीम लिडर लगायत सम्पूर्ण सदस्यहरु प्रति विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, यो यो रणनीतिक योजना यस गाउं पालिकाको कृषि विकास, उद्यम विकास र रोजगारी सृजना गर्नमा उपयोगिसिद्ध हुने आशा लिदै आगामी आ.ब.देखिका बार्षिक कृषि विकासका कार्यक्रमहरु यसै रणनीति अनुसार अगाडी वढाईने छ । यसलाई सफल पार्न कृषकको सक्रियता र आवश्यक साझेदारीको अपेक्षा गर्दै पुनः सवैमा धन्यवाद ज्ञापन गर्दछु ।

**नवल मल्ल**
**गाउंपालिका अध्यक्ष**

**जेष्ठ, २०७७**

# विषय वस्तु

आवधिक योजनाकोसार संक्षेप
परिच्छेद- १परिचय ....15
१.१ पृष्ठभूमिः ....15
१.२.आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा रणनीतिक योजना (आगाकृउविस्वरोरयो) तयारीमा अवलम्बन गरिएको अवधारणाः....16
१.३.कानुनी तथा नीतिगत पृष्ठभूमि र आवश्यकताः ....17
१.४.आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमाको उद्देश्यः ....19
१.५.गन्यापधुरा गाउँपालिकामा आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको पृष्ठभूमिः ....19
१.६.आवधिक कृषि, उद्यम विकास तथा रणनीतिक योजना तर्जुमाका सरोकारवालाहरु....20
१.७ आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमाका सिमाहरु....22
१.८.आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमा कार्यविधि तयारी तथा स्वीकृतिः ....23
१.९.पूर्व तयारी चरणः ....23
१.९.१.आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमा विधि तथा प्रक्रियाः ....23
१.९.२. गाउँकार्यपालिका र सरोकारवालाको बैठक....24
१.१०.विश्लेषण चरणः ....24
१.१०.१.सर्वेक्षण, तथ्याङ्क संकलन तथा विश्लेषणः ....24
१.१०.२.ऐन, नियम, निर्देशिका तथा प्रतिवेदन अध्ययन तथा पुनरावलोकनः ....24
१.१०.३.गाउँपालिकाको नीति तथा कार्यक्रमको समिक्षा तथा पृष्ठपोषण ....25
१.११.योजना तर्जुमा चरणः....25
१.११.१.गाउँकार्यपालिका तथा सरोकारवाला बैठकः....25
१.११.२.योजनाको वैज्ञानिक पद्धतिको आधार ....25
१.११.३.लक्षित समुदायसँग छलफल ....25
१.११.४.गाउँपालिका र वडाको सामाजिक स्रोत नक्साकंन र तथ्यमा आधारित योजनाः ....26
१.११.५.विषयगत शाखाको सहभागिता ....26
१.११.६.गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणर्नीतिक योजना तयारी तथा गाउपालिका कृषि विकासको दृष्टिकोण सोच निर्धारणः....26
१.११.७.वडा स्तरिय पुर्व योजना तयारी कार्यशाला गोष्ठि ....27
१.११.८.गाउँपालिका स्तरिय आवधिक रणनीतिक योजना तर्जुमा गोष्ठिः....27
१.१२.योजना प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी....28
१.१३.योजनाको विषयगत क्षेत्रः....28
१.१४.आवधिक कृषि रणनीतिक योजनाको दस्तावेज....28
१.१५.आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना दस्तावेज तयारीः सहभागितामूलक प्रयासहरूको उपलब्धी ....29
१.१६.सुझाव, पृष्ठपोषण एवं स्वीकृतिः कृषि विकास रणनीतिक योजनाको वैधानिक आधारः....29
परिच्छेद-२ वस्तुस्थिति विश्लेषण....29

२.१.गाउँपालिकाको संक्षिप्त परिचय ......29
२.२.विगतका प्रयास र उपलब्धीहरू ......30
२.३.वस्तुस्थिति विश्लेषण......31
२.४.सोच, सिद्धान्त तथा रणनीतिहरू......67
२.५. लक्ष्य तथा सूचकहरू......69
२.६. कृषि विकासका बलियो पक्ष, कमजोर पक्ष, उपलव्ध अवसर र चुनौतीहरुः ......72
२.६.१. कृषि विकासका लागि बलियो पक्ष (सवल) र उपलब्ध अवसरहरुः ......72
२.६.२. कमजोर पक्षहरूः ......74
२.६.३. सुधारात्मक पक्षहरुः......74
२.६.४.सम्भावना तथा अवसरहरुः......75
२.६.५.चुनौती तथा बाधाहरुः......76
२.७. गाउँपालिका विकासका प्रमुख समस्याहरु तथा त्यसको सहभागितात्मक प्राथमिकता निर्धारण......76
(पि. सि. / पि. एस.)......76
२.८. गाउँपालिकाको स्रोत तथा क्षमता विश्लेषण ......78
२.९. गाउँपालिका स्थित सरोकारवालाहरुको विश्लेषण ......79
२.९.१. स्थानीय तह सरकार ......80
२.९.२. विषयगत शाखा ......80
२.९.३. गैह्र-सरकारी तथा सामुदायिक क्षेत्र ......81
२.९.४.सहकारी तथा वित्तिय क्षेत्रः ......82
२.९.५.नीजि क्षेत्र......82
२.९.६. राजनीतिक दल......83
२.९.७. नागरिक समाज एवम् समुदायमा आधारित संस्था ......83
२.१०. स्रोत परिचालन स्थितिः......84
२.११. निष्कर्ष तथा सुझाव ......88
परिच्छेद- ३......90
आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको अवधारणा र प्रारुप......90
३.१.परिचय ......90
३.२.गाउँपालिका विकासका प्रमुख संभावना, अवसर, समस्या तथा चुनौतिहरू......91
क) युवा जनशक्ति : ......92
ख) कृषि योग्य भूमि तथा उपयुक्त जलवायु : ......92
ग) व्यवसायिक पशुपालन : ......92
घ) वन क्षेत्रः ......92
ङ) पर्याप्त जलाधार क्षेत्र : ......93
च) जैविक विविधता : ......93

३.२.२.गाउँपालिका विकासका प्रमुख सवालहरूः......94
३.३. गाउँपालिका विकासको दीर्घकालीन सोच......95
३.३.१.दीर्घकालीन दृष्टिकोणको संक्षिप्त व्याख्याः......95
क) वातावरणमैत्री विकासः......95
ख) व्यवसायिक कृषिः......95
ग) समुन्नत समाजः......95
च) समष्टिगत आर्थिक विकासः......96
छ) स्वरोजगारः......96
३.४.परिकल्पना......96
३.५.गाउँपालिकाको विकासको ध्येय......97
३.६.गाउँपालिका कृषि विकासको लक्ष्य......97
३.७. गाउँपालिका विकासका निर्देशक सिद्धान्तहरूः......97
क) दिगो विकासः......97
ख) गरिवी न्यूनिकरण तथा उद्यमशिलता विकासः......97
घ) भौतिक पूर्वाधार तथा वातावरणीय सन्तुलित विकास :......98
ङ) स्थानीय स्रोतको समुचित व्यवस्थापन :......98
च) रोजगार प्रवर्द्धन तथा कृषि पशुपालन विकास :......98
छ) साझेदारी तथा सहभागितात्मक विकास :......98
ज) मानव संशाधन तथा संस्थागत विकास :......98
झ) लैंगिक तथा सामाजिक विकास :......98
ञ) सुशासन, पारदर्शी, जवाफदेहि तथा जनकेन्द्रित विकासः......99
ट) गैर सरकारी, नागरिक समाज, सामुदायिक तथा निजी संस्थाहरुको क्षमता सशक्तिकरण तथा मूल प्रवाहीकरण :......99
ठ) अन्तर गाउँपालिका तथा नगरपालिका साझेदारी :......99
३.८. छिमेकी गउँपालिका/नगरपालिका सँग कृषि विकासको सम्बन्ध र अवसरः......100
३.९. वातावरण मैत्री विकास, जलवायुपरिवर्तन अनुकुलन तथा विपद् उत्थानशीलता :......101
क) संस्थागत क्षमता विकास :......101
ख) समन्वय र साझेदारी :......101
ग) व्यवस्थित भू उपयोग :......101
घ) व्यवस्थित वजारीकरण :......101
ङ ) जनकेन्द्रित कृषि विकास तथा सामुदायिक संलग्नता :......101
च) सामाजिक समावेशीकरण तथा अवसरमा समता :......101
छ) तथ्यांक्कमा आधारित योजना, नतिजामा आधारित अनुगमन :......101
३.१०. गाउँपालिका कृषि विकास योजना तथा कार्यक्रम संचालनका भावी रणनीतिहरु......101
३.११. नतिजा तालिका......104

३.१२. नीति तथा कार्यनीतिहरु ........ 109
असर १ सँग सम्बन्धित (आर्थिक विकास) ........ 110
प्रतिफल १.१ सँग सम्बन्धित (कृषि विकास) ........ 110
प्रतिफल १.२ सँग सम्बन्धित (सिंचाई) ........ 110
प्रतिफल १.३ सँग सम्बन्धित (पशुपन्छी पालन) ........ 111
प्रतिफल १.४ सँग सम्बन्धित (कृषि पर्यटन) ........ 111
प्रतिफल १.५ सँग सम्बन्धित (उद्योग तथा व्यापार विकास तथा प्रवर्धन) ........ 111
प्रतिफल १.६ सँग सम्बन्धित (वैक तथा वित्तीय संस्था) ........ 111
असर २ संग सम्वन्धित (पूर्वाधार विकास) ........ 112
प्रतिफलः ........ 112
असर ३ सँग सम्बन्धित (कृषि बन तथा जैविक विविधता) ........ 113
प्रतिफल ३.१ संग सम्वन्धित (कृषि वन तथा जैविक विविधता) ........ 113
प्रतिफल ३.२ सँग सम्बन्धित (भूसंरक्षण तथा जलाधार व्यवस्थापन) ........ 113
प्रतिफल ३.३ संग सम्वन्धित (वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन) ........ 114
प्रतिफल ३.४. संग सम्वन्धित (विपद व्यवस्थापन) ........ 114
असर ४ सँग सम्बन्धित (संस्थागत विकास) ........ 115
प्रतिफल ४.१ सँग सम्बन्धित (स्थानीय कानून, नीति तर्जुमा र पालना अभिबृद्धि) ........ 115
प्रतिफल ४.२ सँग संबन्धित (संस्थागत क्षमता तथा मानव संशाधन विकास) ........ 115
प्रतिफल ४.३ सँग सम्बन्धित ( श्रोत परिचालन) ........ 115
प्रतिफल ४.४ सँग सम्बन्धित (नतिजामूलक तथा प्रभावकारी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन) ........ 116
३.१३. विकासका प्राथमिक क्षेत्रहरु ........ 117
३.१४. आयोजनाहरुको छनौट तथा बजेट व्यवस्था ........ 118
३.१५. गाउँपालिकाको आन्तरिक स्रोत तथा राजश्व बृद्धिका सम्भावनाहरु ........ 118
३.१६. प्रक्षेपित व्यय ........ 118
३.१७. व्यय अनुमानका आधारहरु ........ 119
३.१८. स्रोत अनुमान तथा प्रक्षेपण ........ 119
३.१९. प्रमुख आयोजना तथा कार्यक्रम ........ 120
३.२०. प्रस्तावित लागत बजेट सारांश ( लागत रकम रु. लाखमा) ........ 127
३.२१.आवधिक योजनाको बार्षिक अनुमानित बजेट विनियोजन ........ 128
परीच्छेद ४ : अनुगमन तथा मूल्याङ्गन ........ 130
४.१.पृष्ठभूमि ........ 130
४.२. आवधिक योजना कार्यान्वयन ढाँचा र पद्धति ........ 130
४.३. अनुगमन मूल्याङ्कन संरचना ........ 130
४.४.आवधिक तथा वार्षिक कृषि विकास योजनाको अनुगमन तथा मूल्याङ्गनका साधन तथा विधिहरु ........ 131

४.४.१. सुपरिवेक्षण तथा अनुगमन समिति....................131
४.४.२. पटके तथा नियमित अनुगमन....................131
४.४.३. नागरिक अनुगमन....................131
४.४.४.मध्यावधि मूल्याङ्कन....................131
४.४.५.अन्तिम मूल्याङ्कन....................132
४.४.६. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन कार्यान्वयन अवधारणाः....................132
४.४.७. सामाजिक एवं लैङ्गिक परीक्षण....................132
४.४.७.१. सामाजिक परीक्षण, सर्वजनिक सुनवाई एवं सार्वजनिक लेखा परीक्षण....................132
४.४.७.२. लैङ्गिक तथा सामाजिक समावेशीकरण परीक्षण....................133
४.४.८. गाउँपालिकाको आवधिक कृषि रणनीति, केन्द्रिय १५ औं योजना र दिगो विकास लक्ष्य विच सम्बन्ध....................133
४.४.९. आवधिक तथा बार्षिक कृषि विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया....................134
४.४.१०. आवधिक योजनाका जोखिम तथा मान्यताहरु तथा न्यूनिकरण....................135
अनुसूचीः १ः तथ्याङ्क संकलन फारम
अनुसूचिः २. गाउंपालिका कृषि विकास रणनीतिक वडास्तरीय सहभागितामूलक आवधिक कृषि विकास पूर्व योजना वडा स्तरीय गोष्ठी ।
अनुसूचिः ३ .कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तयारीका क्रमका केहि झलकहरुः

## तालिकाहरुको सूचि


तालिका नं.१ : वडागत क्षेत्रफलको विवरण
तालिका नं. २ : वडागत जनसंख्या र घरधूरी विवरण
तालिका नं. ३ उमेर समुह अनुसार वडागत शैक्षिक अवस्था
तालिका नं. ४ स्वास्थ्य संस्था सम्वन्धि विवरण:
तालिका नं. ५: विद्युत एवं सौर्य उर्जा प्रयोग सम्वन्धि विवरण:
तालिका नं. ६ वडागत अवलम्वन गरेको पेशाको प्राथमिकता क्षेत्र
तालिका नं.७: वडागत भूमिहीन/सुकुम्वासी घरधूरी: विवरण
तालिका नं. ८: वडागत जग्गाको स्वमित्व सम्बन्धि विवरण
तालिका नं. ९ : वडागत माटोको किसिम र माटो जांच सम्बन्धि विवरण
तालिका न. १०: वडागत सिंचित क्षेत्र सम्बन्धि विवरण
तालिका न. ११ : खाद्यान्न उपलव्धताको अवस्था
तालिका न. १२ : पशुपंछि को किसिम र संख्या
तालिका न. १३ : दूध उत्पादन :र विक्रि वितरण
तालिका न. १४ : विभिन्न बालीहरुमा मलखाद प्रयोग सम्वन्धि विवरण
तालिका न. १५ : विभिन्न बालीहरुको क्षेत्रफल, उत्पादन र उत्पादकत्व
तालिका न. १६ : प्रमुख बाली प्रणाली सम्वन्धि विवरण
तालिका न. १७ मौरी घार र मह उत्पादन सम्वन्धि विवरण
तालिका न. १८ विभिन्न बालीहरुको पकेट क्षेत्र, क्षेत्रफल र विस्तार गर्न सकिने क्षेत्रफल सम्वन्धि विवरण
तालिका न. १९ निकासी हुने गरेको कृषि उपजहरुको विवरण
तालिका न. २० आयात हुने गरेको कृषि उपजहरुको विवरण
तालिका न. २१ कृषक समुह सम्वन्धि विवरण
तालिका न. २२ बीउ मलखाद आपूर्ति गर्ने सहकारी /एग्रोभेटहरुको विवरण
तालिका न. २३ कृषि संग सम्बन्धित निजी फर्म/कम्पनी/प्रा.लि.हरुको विवरण
तालिका न. २४ : मुख्य मुख्य ब्यवसायिक कृषिमा संलग्न कृषक/कृषि उद्यमीहरुको विवरण
तालिका न. २५ : वडागत मुख्य बजार केन्द्रहरुको विवरण
तालिका न. २६ : कृषि उपज संकलन केन्द्र हाटबजारहरुको विवरण
तालिका न. २७ : कृषिमा सहयोग गर्ने संस्थाहरुको विवरण
तालिका न. २८ : कृषि उपज प्रशोधन उद्योग वा कुटानी, पेलानी, पिसानी उद्योगहरुको विवरण
तालिका न. २९ : नर्सरीहरुको विवरण
तालिका न. ३० : धार्मिक तथा पर्यटकीय स्थलहरु:को विवरण
तालिका न. ३१ : वैदेशिक रोजगारमा गएका युवाहरु सम्वन्धि विवरण
तालिका न. ३२ : कृषि संग सम्वन्धित समस्या, समस्या समाधानका उपायहरु
तालिका न. ३३ : कृषि विकासका लागि गरिनु पर्ने कार्यहरुको विवरण
तालिका न. ३४ : कृषि विकासका वडागत सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतीहरु:
तालिका न. ३५ : कृषि सम्वन्धि समस्या पहिचान, प्राथमिकिकरण र समाधान सम्वन्धि विवरण
तालिका नं. ३८ : गन्यापधुरा गाउंपालिकाको अन्य जिल्ला/ पालिकाहरु संगको अन्तरसम्बन्ध
तालिका नं. ३७ . कृषि विकासका क्षेत्रहरुको विवरण

## शव्दावली

| | |
|---|---|
| आ.अ. | = आवश्यकता अनुसार |
| आगाकृउविस्वरोरयो | =आवधिक गाउंपालिका कृषि उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना |
| आजिवियो | = आवधिक जिल्ला विकास योजना |
| ए.डि.एस. | = एग्रीकल्चर डेभलपमेण्ट स्ट्राटेजी |
| ए.पि.पि. | = एग्रिकल्चर प्रोस्पेक्टिभ प्लान |
| कृ. तथा प.वि.मन्त्रालय, | = कृषि तथा पशुपंछि विकास मन्त्रालय |
| कृ.सू.तथा प्र.के. | = कृषि सूचना तथा प्रशिक्षण केन्द्र |
| गा.पा./गापा | = गाउंपालिका |
| गैसस | = गैह्र सरकारी संस्था |
| जि.कृ.वि.का. | = जिल्ला कृषि विकास कार्यालय |
| जि.वि.स. | = जिल्ला विकास समिति |
| डि.ए.पि. | = डाइ अमोनियम फसफेट |
| न.पा. | = नगरपालिका |
| प्रा.लि. | = प्राइभेट लिमिटेड |
| मे.टन | = मेट्रिक टन |
| सं. | = संख्या |
| हे. | = हेक्टर |
| क्षे.फ. | = क्षेत्रफल |

## आवधिक योजनाको सार संक्षेप

| विकासको अवधारणा | विवरण |
|---|---|
| **दिर्घकालि सोच** | **"वातावरण मैत्रि व्यवसायिक कृषि समुन्नत समाज, गरिबी निवारणको सशक्त आधार, कृषि आधारित उद्योग स्थापना एवं विस्तार, समष्टिगत आर्थिक विकास र स्वरोजगार"** |
| **गाउँपालिका विकासको लक्ष** | "व्यबसायिक कृषि, उद्यम विकास तथा स्वरोजगारको विकास गरी समुदायको जिवनस्तरमा सुधार गर्ने" |
| **अपेक्षित असर** | ● कृषि र पशुपंक्षि पालनका उत्पादन पकेटहरुको विकास हुन गई कृषिको व्यवसायिकरण हुन जाने ।<br>● व्यवसायिक कृषिका लागि आवश्यक पर्ने सिंचाई, मल, बीउ, वेर्ना, उन्नत नश्लका श्रोतकेन्द्रहरुको स्थापना एवं विस्तार हुने ।<br>● कृषिमा आधारित उद्योगहरुको स्थापना तथा विस्तार हुन जाने ।<br>● कृषि, पशुजन्य र ग्रामिण औद्योगिक उत्पादन एवम् उत्पादनशील सेवा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमाबृद्धि हुने ।<br>● कृषि बजार तथा कृषि पर्यटन व्यवस्थित, सुरक्षित र दीगो बनाउने ।<br>● वन, जैविक विविधता तथा वातावरणीय श्रोतको संरक्षण र दीगो उपयोग गर्ने<br>● जलवायुपरिवर्तन अनुकुलन तथा व्यवस्थापन का माध्यम वाट समुदायको उत्थानसिलता वृद्धि गर्ने |

| विकासको अवधारणा | विवरण |
|---|---|
| गाउँपालिका कृषि विकासका प्राथमिकता तथा रणनीति | ● कृषि क्षेत्रमा बाली वस्तु विशेषका पकेटहरुको विस्तार हुनगई व्यवसायिक कृषि उत्पादनका क्षेत्रहरुको विस्तार गर्ने ।<br>● पशुपालनको क्षेत्रमा पशुपंक्षि विशेषका पकेटहरुको विस्तार हुनगई व्यवसायिक पशुपालनका क्षेत्रहरुको विस्तार हुन जाने ।<br>● व्यवसायिक कृषिको लागि आवश्यक पर्ने सिंचाईका थप श्रोत एवं विकल्पहरुको पहिचान गरी सिंचित क्षेत्रफल थप गर्दै बाली सघनता वृद्धि गर्ने ।<br>● माटो जांच लाई प्राथमिकता दिने र माटो जांचको नतिजाको आधारमा माटोको उर्वराशक्ति कायम गर्दै खेति गर्न तर्फ कृषकहरुको व्यवहारमा परिवर्तन ल्याउने ।<br>● गुणस्तरीय बीउ विजन, पशु आहार, पशु नश्ल सुधारका श्रोत केन्द्र स्थापन तथा विस्तार गर्ने र आर्थिक लगानीका लागि वित्तिय संस्थाहरु संग समन्वय गर्ने ।<br>● कृषि, पशु उत्पादन तथा जडिबुटीको व्यवसायीकरण र वजारमुखि उत्पादनमा विविधिकरण, पर्यटन र ग्रामिण उद्योग र व्यवसायको सिर्जना र विकास द्वारा दीगो रोजगारी तथा आर्थिक बृद्धि गर्ने ।<br>● गुणस्तरीय र सिपमुलक तालिम गोष्ठिको माध्यमबाट व्यवसायिक उत्पादनका लागि कृषकहरुको क्षमता अभिवृद्धि गरी कृषि उद्यमीहरु तयार गर्ने ।<br>● पोषणयुक्त पशु आहार व्यवस्थापन, नश्लसुधारको माध्यमबाट पशुपंक्षिको उत्पादन क्षमतामा वृद्धि गरी बजारमुखी उत्पादनमा जोड दिने ।<br>● कृषि हाटबजार, संकलन केन्द्रहरुको स्थापना गरी कृषि उपजहरुको बजार लाई सुनिश्चित गर्ने ।<br>● उपलब्ध साधन श्रोतको अधिकत्तम उपयोग गरी दिगो विकासलाई मध्यनजर गरेर कृषिका नवीनत्तम प्रविधिहरु भिफ्याउने, आधुनिक मेसिनरी औजार उपकरणहरुको प्रयोगलाई प्रोत्साहन दिई विदेश पलायन भएका युवाहरुका लागि स्वदेशमै रोजगारीका अवसर सृजन ागर्ने ।<br>● वन वातावरण, जलवायुपरिवर्तन अनुकूलन तथा विपद व्यवस्थापन, समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्धनलाई स्थानीय तहको विकास प्रक्रियामा एकीकृत गरी विकास नतिजालाई समावेशी, उत्थानशील र दीगो बनाउने । |

**आयोजनाको अनुमानित लागत र श्रोत प्रक्षेपण रु. लाखमा**

| विषय | विषय क्षेत्र | कुल अनुमानित लागत (रु हजार) | प्रतिशत |
|---|---|---|---|
| **योजनाको अनुमानित लागत रकम** | कृषि विकास | ७१३४८.१ | ८८.३५ |
| | पशुपंक्षि विकास | ५३२८.४७ | ६.६० |
| | सिंचाई | ३५५० | ४.४० |
| | पूर्वाधार एवं कृषि हाटबजार तथा संकलन केन्द्र,पशु वधशाला निर्माण | १७० | ०.२१ |
| | अध्ययन /परिक्षण/ प्रदर्शन | २५ | ०.०३ |
| | क्षमता अभिवृद्धि तथा सीप विकास, प्रोत्साहन/पुरष्कार | १६१.७२ | ०.२० |
| | प्राविधिक सेवा टेवा | १६८.७९ | ०.२१ |
| | **कुल जम्मा** | ८०७५२.०८ | १००.०० |
| योजना श्रोतको | **वार्षिक प्रक्षेपण(आर्थिक वर्ष अनुशार रकम रु लाखमा)** | | |

| प्रक्षेपण | २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | कुल जम्म |
|---|---|---|---|---|---|---|
| | ३०९८.३५ | ३५१२.९७ | ३९८४.०८ | ४५२०.३७ | ५१३०.५१ | २०२४६.२९ |
| योजनाको नपुग रकम | रु. लाखमा : ६०५०५.७९ | | | | | |

# परिच्छेद- १परिचय

## योजना तर्जुमाको पृष्ठभूमि तथा औचित्य, यसको उद्देश्य, योजना तर्जुमा चरणहरु

**१.१ पृष्ठभूमिः**

नेपालमा ऐतिहासिक समयदेखि नै विभिन्न कालखण्डमा विभिन्न समुदायमा विभिन्न रुपमा स्थानीय स्वशासनको अभ्यास हुँदै आएका छन । विभिन्न भुगोल, क्षेत्र र समुदायमा हुने गरेका स्वशासनका अभ्यासहरु लाई विभिन्न नामले अभ्यास गरेको पाईन्छ । इतिहासको पछिल्लो कालखण्डमा स्थानीयतह शासनका बारेमा संवैधानिक व्यवस्था पहिलो पटक **अन्तरिम संविधान २०६३** मा गरिएको छ । नेपालको विकास ईतिहास हेर्दा विकेन्द्रीकरणको भावनालाई व्यवहारमा रुपान्तरण गर्न सरकारले तत्कालीन त्रिभुवन ग्राम परिषद्को स्थापना गर्ने देखि हालसम्म चरणवद्ध रुपमा आवधिक योजना तर्जुमा र कार्यान्वयनका अभ्यासहरु गर्दै आएको छ। विगतमा स्थानीय स्वशासन तथा विकास प्रक्रियाको केन्द्रविन्दुको रुपमा रहेको जनप्रतिनिधिमूलक संस्था जिल्ला विकास समितिले स्थानीय स्वायत्त शासनको मर्म अनुरुप सहभागितात्मक योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रिया अबलम्बन गर्दै आईरहेको थियो । यस क्रममा स्थानीय नियकाहरूलाई स्थानीय सरकारका रुपमा विकास गर्ने दिशामा स्थानीय स्वायत्त शासन ऐन २०५५ ले महत्वपूर्ण योगदान गरेको देखिन्छ ।

वर्तमान अवस्थामा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले स्थानीय तहलाई योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ। स्थानीय तह संचालन सम्बन्धी संघीय कानून (स्थानीय सरकार संचालन ऐन, २०७४) ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासकालागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरि गर्नुपर्ने ऐनमा उल्लेख गरिएको छ । यसैगरी योजना तर्जुमा गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था समेत स्पष्ट गरिएकोछ । यसका अतिरिक्त योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्टरुपमा उल्लेख गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ जारी पश्चात गन्यापधुरा गाउंपालिका (गा.पा./गापा)ले यो आवधिक कृषि योजना तर्जुमा गरेको छ । यस गाउँपालिकाको कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक स्वरुपको प्रथम आवधिक योजना (२०७७/०७८-२०८१/८२) तर्जुमा गरिएकोछ । यस योजनाले गापाको कृषि विकासको दीर्घकालिन सोच निर्धारण गरी, आगामी ५ वर्षमा गापालाई कृषि क्षेत्रबाट कस्तो अवस्थामा पुऱ्याउने भनेर लक्ष्य किटान र सो प्राप्तीका लागि श्रोत परिचालनको योजना समेत निर्माण गरेकोछ। गापाको नतिजामुखी तथा समग्र कृषि विकासमा र आगामी वर्षहरुको बार्षिक योजना तर्जुमामा यो रणनीतिक योजना महत्वपूर्ण मार्गदर्शक सावित हुने विश्वास गरिएको छ।

यसमा गाउँपालिका क्षेत्रको समग्र कृषि विकासका कार्यक्रमहरु समेटिएका छन् । गाउँपालिकाको समग्र कृषि विकासलाई सहभागितामूलक तथा समावेशी बनाउँदै विकासको प्रतिफल आम समुदायसम्म पुऱ्याउन **कृषि, उद्यमविकास तथा स्वरोजगार रणनीतिक योजनाले** महत्वपूण भूमिका खेल्नेछ । यस योजनाले कृषि विकासका लागि स्थानीय तहमा उपलब्ध प्राकृतिक, मानवीय, आर्थिक स्रोत लगायत बाह्य स्रोत, साधनको

प्रभावकारी परिचालन गर्न, कृषि विकास कार्य प्रति नागरिक समाज तथा नीजि क्षेत्रको चासो बढाउन र तिनको सहभागिता मार्फत गाउँपालिका विकासको लक्ष्य हासिल गर्न मार्गदर्शन दिने छ । सहभागितात्मक योजना तर्जुमा प्रकृया अपनाई तयार गरिएको आवधिक कृषि, उद्यमविकास तथा स्वरोजगार रणनीतिक योजनाले निश्चित अवधिका लागि गाउँपालिकाले तय गरेको दीर्घकालीन लक्ष्य पछ्याउँदै बार्षिक योजना तर्जुमा, स्रोत परिचालन र विकासका साझेदारहरुको परिचालन, कार्यान्वयन, अनुगमन र मुल्याङ्कनमा समेत मद्दत पुऱ्याउने छ ।

यस रणनीतिक योजनामा कार्यक्रमहरुको निर्धारण तथा छनौंट गाउँपालिकाका सवै समुदाय, सरोकारवालाहरुको सहभागिता र छलफलवाट तय भएका छन् । सो कार्यक्रमको कार्यान्वयनका लागि विशेष जिम्मेवारी गाउँपालिकाको भएता पनि सवै सरोकारवालाहरुको उत्तिकै भूमिका रहेको छ । यस आवधिक कृषि, उद्यमविकास तथा स्वरोजगार रणनीतिक योजनामा समेटिएका योजनाहरुको कार्यान्वयनका लागि स्थानीय स्तरमा भएका स्रोत साधनहरुको अधिकतम मितव्ययी प्रयोग र विभिन्न सरोकारवालाहरुसँगको सहयोग, समन्वय र साझेदारीले सफल रुपमा कार्यान्वयन हुने कुराहरु यस रणनीतिक योजनामा समावेश गरिएका छन ।

**१.२.आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा रणनीतिक योजना (आगाकृउविस्वरोरयो) तयारीमा अवलम्बन गरिएको अवधारणाः**

गन्यापधुरा गाउँपालिकाको पहिलो आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनालाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि विभिन्न समसामयिक विधि, पद्धति तथा अवधारणाहरूलाई योजना तर्जुमा प्रक्रियामा अवलम्बन गरिएको छ । उक्त अवधारणाहरू देहाय अनुसार रहेका छन् :

- सहभागितामूलक योजना तर्जुमा प्रकृया (Bottom-Up Approach) अवलम्बन गरिएकोछ । जिल्लाका विभिन्न भेगका विभिन्न लक्ष्यित समुदायसँग सम्बन्धित क्षेत्रमा गई छलफल र वडा स्तरिय आम सरोकारवालाहरुको योजना तर्जुमा गोष्ठि आयोजना गरी समुहगत छलफल, समस्या पहिचान र समाधानका आधारमा सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा समुदायस्तरसम्मको सहभागिता सुनिश्चित गरिएको छ ।
- सूचनामा आधारित योजना (Information based Planning) तर्जुमा पद्दति अवलम्वन गरिएकोछ ।
- विभिन्न क्षेत्रगत आवधिक/रणनीति योजनाका लक्ष्य, उद्देश्यहरूसँग तादात्म्यता कायम गरिएको छ ।
- योजनामा लैङ्गिक समता तथा सामाजिक समावेशीकरण (GESI) अवधारणा बमोजिम विश्लेषण गरिएकोछ ।
- १५ औंपन्चवर्षिय राष्ट्रिय योजनाको लक्ष्य र सूचकलाई आधार लिइएकोछ ।
- आगावियोको मूलखाका योजना सोचतालिका (Result-Based Framework) मा आधारित भएर तर्जुमा गरिएको छ ।
- योजना अनुगमन तथा मूल्याङ्कन प्रणालीमा तेश्रो पक्ष अनुगमन (Third Party Monitoring) तथा नतिजामूलक अनुगमन प्रणाली (Result-Based Monitoring System) मा आधारित अनुगमन पद्धतिको समावेश गरिएकोछ ।

**१.३.कानुनी तथा नीतिगत पृष्ठभूमि र आवश्यकताः**

गाउँपालिका क्षेत्रभित्रको दिगो र व्यवस्थित कृषि विकास एवम् समुन्नतिका लागि योजनाबद्ध विकास पद्दति अपरिहार्य हुन्छ । वर्तमान संघिय व्यवस्थामा यसका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सरोकारवालाहरुको सहभागिता र समन्वयमा पारदर्शी रुपमा समग्र वस्तुस्थितिको सुक्ष्म विश्लेषणका आधारमा दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य, रणनीति, नीति, प्राथमिकता, विशिष्टता, कार्यक्रम, लक्ष्य निर्धारण र कार्ययोजना समेत समावेश गरी कम्तिमा ५ वर्षको आवधिक गाउँपालिका विकास योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ ।

विगतमा स्थानीय स्वायक्त शासन ऐन २०५५ र नियमावली २०५६ अनुसार आवधिक योजनाको आधारमा बार्षिक योजनाहरु तयार गर्नुपर्ने कानूनी व्यबस्था रहि आएको थियो । स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ जारी भई प्रत्येक जिल्ला विकास समितिले जिल्लाको विकास सम्बन्धी समग्र सवाल र पक्षहरूलाई समेटी आवधिक जिल्ला विकास योजना तर्जुमा गर्नुपर्ने र त्यसैका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी संचालन गर्नुपर्ने कानूनी व्यवस्था गरेको थियो ।

वर्तमान परिवेशमा देशमा संघियता कार्यान्वयनको चरणमा स्थानीय तहमा गरिने विकास निर्माणको प्रभावकारिता र सार्थक उपलब्धीले हामी हाम्रो ठाँउ, क्षेत्र, जिल्ला र देशलाई नै कता लैजादैछौ ? हाम्रा समृद्धिका सूचकहरु के के हुन् ? हाम्रा सवल पक्ष, सम्भावना र अवसर तथा चुनौतिहरु के के छन् ? हाम्रा लक्ष्य, उद्देश्य, प्राथमिकता र कार्यक्रमहरु के रहन्छन् र हामीले सोचे खोजे जस्तो समृद्धि वा विकासको गन्तब्यमा पुग्न हामीसँग के कस्तो क्षमता रहेको छ ? स्थानीय स्रोत, साधन र अनुदानलाई परिचालन गर्ने माध्यम, संयन्त्र, रणनीति र पद्दति के कस्तो रहने छ ? हाम्रा विकास प्रयास र उपलब्धीमा कसरी अधिक भन्दा अधिक जनताको अर्थपूर्ण सहभागिता, हिस्सेदारी र अपनत्व विकास गर्न सकिन्छ ? राष्ट्रिय आवधिक योजनाले तय गरेका दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यलाई कसरी सार्थक योगदान गर्न सकिन्छ ? भन्ने जस्ता विकासका ज्वलन्त सवाललाई दीर्घकालिन सोच निर्देशित योजनाबद्ध प्रयासबाट मात्रै सहजै सुल्झाउन सकिन्छ । गन्यापधुरा गाउँपालिकाको लागि यी र यस्ता विकासका रणनीतिक सवालहरु उत्तिकै महत्वपूर्ण र अपरिहार्य रहेका छन् । यसैलाई मध्यनजर गरी गन्यापधुरा गाउँपालिकोको आवधिक गाउंपालिका कृषि, उद्यम विकास र स्वरोजगार रणनीतिक गाउँपालिका विकास योजना ( आगाकृउविस्वरोरयो) तर्जुमा गरिएको हो । गाउँपालिका स्थानीयतह सरकारका रुपमा गाउँपालिकाका सबै वडा, वस्ति, समुदाय, विकास सरोकारवाला र साझेदारहरुको समन्वयकारी निकाय भएकाले दीर्घकालिन सोच र दिशानिर्दिष्ट योजनाबद्ध विकासका लागि आवधिक योजना आवश्यक रहेको हो ।

संघिय गणतन्त्र नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश कानून र नीति तथा स्थानीय कानून र नीतिले स्थानीय तहको विकासको दिशालाई मार्गनिर्देश गरेको हुनु पर्दछ । स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ । यसका साथै, गाउँपालिका क्षेत्र भित्र हुने सम्पूर्ण विकासका गतिविधिको समन्वय,

नियमन र नेतृत्व समेत स्थानीय तहको अधिकार तथा कर्तव्य रहेको देखिन्छ । वर्तमान संघिय व्यवस्थामा सबल र जनउत्तरदायी स्थानीय सरकारको रुपमा नगरपालिका, गाउँपालिका र वडाको परिकल्पना गरिएका कारण पनि योजनाबद्ध विकास प्रक्रियालाई अनिवार्य शर्तको रुपमा विद्यमान ऐन, कानून, नीति र नियमावलीहरु मार्फत प्रबर्द्धन गरिएको छ ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नु पर्ने समेत व्यवस्था गरेको छ ।

- योजना बनाउँदा अल्पकालिन, मध्यकालिन, आवधिक तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गर्नु पर्ने,
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धीजिवी, कृषक, समाजसेवी, विषयविज्ञ, अनुभवी, पेशाविद्, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जुमा गर्दा आयोजनाहरुको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापन गर्ने
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने
- स्थानीयस्तरका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नुपर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नु पर्ने संवैधानिक दायित्व तथा स्थानीय सरकार संचालन सम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरुलाई आधार लिइएको छ :
    - दिगो विकासका लक्ष्यहरू
    - राष्ट्रिय भूउपयोग नीति, २०६९
    - विषयगत ऐन, नीतिहरू, नियम, निर्देशिका र रणनितिहरु
    - नेपाल पक्ष भएका सन्धि सम्झौताहरु
    - राष्ट्रिय योजना आयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका

○ राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत योजना तथा गुरुयोजनाहरू

**१.४.आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमाको उद्देश्यः**

गाउँपालिका क्षेत्रको समष्टिगत कृषि विकासका लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित गरी गन्तव्य तर्फ विकासको गति र सवै सरोकारवालालाई डोऱ्याउनु यस आवधिक योजनाको मुख्य लक्ष्य हो । यसका साथै योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु देहायअनुसार छन् :

- गाउँपालिकोको एकीकृत, नतिजामुलक र योजनाबद्ध कृषि विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने ।
- गाउँपालिकाको कृषि विकास तथा श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी गाउँबासी तथा सरोकारवालाको चाहाना तथा सहभागितात्मक छलफलका आधारमा कृषि विकासको खाका तयार गर्ने ।
- गाउँपालिकाको कृषि विकासको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने ।
- गाउँपालिकाको कृषि विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरु तय गर्ने ।
- गाउँपालिकाको कृषि विकास प्रयासहरुको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने ।

**१.५.गन्यापधुरा गाउँपालिकामा आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको पृष्ठभूमिः**

गन्यापधुरा गाउँपालिकामा विकासको थालनी राज्य स्तरको योजनावद्ध विकास क्रम भन्दा अगाडी देखि नै हुंदै आएको भए पनि राज्यको योजनावद्ध विकास क्रम संगसंगै विकास कार्य शुरु भएको देखिन्छ र २०४८ सालको परिवर्तन पछि विकास निर्माणको श्रृखला तिव्र रुपमा विकास भएको छ । विकेन्द्रिकरणको सिद्धान्त, स्थानीय स्वायत्त शासनको अवधारणा र प्रचलित नेपाल कानूनहरुको कानूनी प्रावधान तथा जिल्ला विकास समिति डडेल्धुराको निर्देशनमा तत्कालिन सवै गाविसहरुले वस्तुगत विवरण र सहभागितामुलक योजनातर्जुमा प्रकिया शुरु गरेर योजनावद्ध विकासको थालनी गरेका थिए । यसै सिलसिलामा **संघिय गणतन्त्र नेपालको संविधान २०७२** कार्यान्वयनमा आए पछि गन्यापधुरा गाउँपालिकामा स्थानियतह सरकार गठन भए पश्चात सर्वप्रथम आ.ब.२०७६/०७७ मा पहिलो पटक ५ वर्षे आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना निर्माण गरेको छ । पहिलो आवधिक योजनाको कार्यान्वयन प्रारम्भ सँगै गन्यापधुरा गाउँपालिकामा योजनावद्ध समावेशी विकास हुन गई गाउँपालिकाको समग्र कृषि विकासको मार्गदर्शकका रुपमा रहेको आवधिक रणनीतिक योजनाले गाउँपालिकाको कृषि विकासलाई निश्चित रणनीतिक दिशाउन्मुख तथा बहुपक्षीय सरोकारवालाहरुलाई एउटै थलोबाट गाउँपालिकाको कृषि विकासको साझा धारणा र प्रयास निर्माण गर्न अहम् भूमिका खेल्ने विश्वास लिईएको छ । आवधिक योजनाको अभावमा गाउँपालिका भित्र भएका कृषि विकासको चौमासिक, वार्षिक र आवधिक समीक्षा, समुदायको आवश्यकता, समस्या र कृषि विकासका सवालहरुको पहिचान हुन नसकेको अवस्थामा र पहिलो आवधिक गाउँपालिका कृषि विकास रणनीतिक योजना प्रभावकारी कार्यान्वयनमा आए पछि गाउँपालिका, समुदाय र सरोकारवालाहरुलाई आवधिक योजनाको आवश्यकता, महत्व थाहा हुने छ र यसको कार्यान्वयन अभ्यासले सकारात्मक सन्देश दिनेछ । पहिलो आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा रणनीतिक योजनाको ५ वर्षे समायावधि सकिनु अघि नै गन्यापधुरा गाउँपालिकामा अर्को

आवधिक रणनीतिक योजना तर्जुमा गरी योजनाबद्ध, सहभागितामूलक तथा सन्तुलित विकासको परिपाटीलाई निरन्तरता दिन स्थानिय तह सरकारको प्रतिवद्धता रहेको छ । पहिलो आवधिक कृषि विकास रणनीतिक योजना कार्यान्वयनमा आए पश्चात् गन्यापधुरा गाउँपालिमा विकासका गतिविधिहरुमा वहु आयमिक गतिशीलता, क्षेत्र, सम्भावना र अवसरहरुको धेरै पहिचान भइसकेको हुने छ । सहभागितामूलक समावेशी र सन्तुलित विकासको क्षेत्रमा सरोकारवालाहरुको भूमिकामा निख्खरता आइसकेको हुने छ । यसै वीच गाउँपालिका विकासका कतिपय विषयगत शाखाहरुले आफ्ना दीर्घकालिन गाउँपालिका विकास गौरवका कार्यक्रम तथा आवधिक योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेका हुनेछन् । गन्यापधुरा गाउँपालिकाका सवै वडाहरुले समेत यस वीचमा आ-आफ्ना आवधिक वडा विकास योजना निर्माण गरी कार्यान्वयन गरिरहेका हुनेछन् । तर गाउँपालिका विकासको समग्र क्षेत्रको अगुवाई, समन्वय र मार्गदर्शन गर्ने दायित्व गन्यापधुरा गाउँपालिकाको हुने छ । विकासका सबै क्षेत्रगत योजनाहरु समेतलाई स्वामित्व ग्रहण गर्दै नेतृत्व गर्नुपर्ने स्थानीयतहको आवधिक योजना नहुँदा समुदाय, सरकारी, गैह्र सरकारी, निजीक्षेत्र तथा आम सरोकारवाला र नागरिकहरुमा समेत अन्योलताको अवस्था महशुस गराएको थियो । निश्चित आवधिक लक्ष्य र दीर्घकालिन सोच विनानै वार्षिक योजना तर्जुमा गर्नुपर्ने, निति तथा कार्यक्रम वनाउनु पर्ने बाध्यात्मक परिस्थितिले विकासका प्रयास र उपलब्धीहरुको प्रभाव मुल्यांकन गर्न समेत कठिन भएको परिप्रेक्ष्यमा गन्यापधुरा गाउँपालिकाले यस रणनीतिक योजना मार्फत दीर्घकालिन लक्ष्य, रणनीति, प्राथमिकता र कार्यक्रमहरु बनाएर सबै क्षेत्रका योजनाहरुको स्वामित्व ग्रहण र विकासमा अगुवाई गर्नु अहिलेको आवश्यकता रहेको छ ।

**१.६.आवधिक कृषि, उद्यम विकास तथा रणनीतिक योजना तर्जुमाका सरोकारवालाहरु**

आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमाका प्रत्येक चरणमा गाउं कार्यँपालिका, वडा, गाउँपालिकाका विषयगत शाखाहरु, गाउँपालिका स्थित सरकारी (संघिय तथा प्रदेश सरकारका) तथा गैह्र-सरकारी निकाय, सक्रिय राजनीतिक दल, नागरिक संस्था/सञ्जाल, विज्ञ/प्राविधिक, निजी क्षेत्र, व्यवसायी, समाजसेवी बुद्धिजीवि जानिफकार व्यक्तित्व, विद्यालय, कृषक, कृषक समुह, सामुदायिक संस्था, अन्य उपभोक्ता समिती, लक्षितवर्गका प्रतिनिधि लगायत सम्वन्धित सवै सरोकारवालाहरुको संलग्नता, सहभागिता, साझेदारी, समन्वय र सहकार्य रहेको छ । गाउँकार्यपालिकाको समग्र नेतृत्वमा कृषि विकास शाखा, पशु विकास शाखा सिप तथा उद्यम विकास शाखा, वन तथा वातावरण शाखा, भौतिक पुर्वाधार विकास शाखा, समाजिक विकास शाखा, शिक्षा विकास शाखा, पर्यटन विकास शाखा, स्वास्थ्य, सरसफाई तथा पोषण सुधार शाखा को समन्वय र अन्य सम्बन्धित विषयगत शाखाको नेतृत्वमा सम्बन्धित सरोकारवालाको सक्रियतामा यस आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको कार्यान्वयनको सुनिश्चिता गरिएको छ । कृषि विकास रणनीतिक योजनाको कार्यान्वयनमा गन्यापधुरा गाउँपालिकाको विकासमा क्रियाशिल सेवा प्रदायक सरकारी, गैरसरकारी, समुदायमा आधारित संस्था तथा नीजि क्षेत्र, लक्षित क्षेत्र/वर्ग समुदायसमेत सेवाग्राही नागरिक, सहयोगी निकायहरू र अनुगमन गर्ने निकायहरूसहित सरोकारवालाहरूको क्रियाशिलता र परिचालनको अपेक्षा गरिएको छ । गाउँपालिकाको आर्थिक विकास क्षेत्रमा क्रियाशिल सरकारी, गैसस, नागरिक सँगठन र नीजि क्षेत्र तथा तिनको मुख्य भूमिका देहायअनुसार हुनेछ :

| क.सं. | सरोकारवाला | भुमिका |
|---|---|---|
| १ | गाउँ कार्यपालिका | गाउँपालिकाको समग्र विकासको सहजकर्ता, समन्वयकर्ता, अनुगमनकर्ता, कार्यान्वयनकर्ता |

| क.सं. | सरोकारवाला | भुमिका |
|---|---|---|
| २ | कृषि विकास शाखा | कृषि कार्यक्रमहरूको प्रमुख कार्यान्वयनकर्ता, सहजकर्ता, समन्वयकर्ता, अनुगमनकर्ता |
| ३ | पशु सेवा शाखा | पशु सेवा कार्यक्रमहरूको प्रमुख कार्यान्वयनकर्ता, सहजकर्ता, समन्वयकर्ता, अनुगमनकर्ता |
| ४ | सिप तथा उद्यम विकास शाखा | सिप विकास,घरेलु तथा साना उद्योग क्षेत्रको प्रमुख कार्यान्वयनकर्ता, सहजकर्ता, समन्वयकर्ता, अनुगमनकर्ता |
| ५ | सहकारी संस्थाहरू | सहकारी क्षेत्रका कार्यान्वयनकर्ता, लाभग्राही, सहजकर्ता |
| ६ | बैक तथा वित्तीय संस्थाहरू | वित्तीय क्षेत्रको सहजकता |
| ७ | स्थानिय/राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू | आर्थिक तथा समाजिक विकास क्षेत्रका सहयोगि |
| ८ | समुदायमा आधारित संस्थाहरू,समुहहरु,उपभोक्ता समितीहरु,विभिन्न सामुदायिक समितीहरु | आर्थिक विकास क्षेत्रका सहयोगी, लाभग्राही, अनुगमनकर्ता, कार्यान्वयनकर्ता |
| ९ | नागरिक समाज तथा स्थानीय नागरिक | आर्थिक विकास क्षेत्रका सहयोगी, लाभग्राही, अनुगमनकर्ता |
| १० | वन तथा वातावरण शाखा | वन तथा वातावरण सम्वन्धि कार्यकमहरुको प्रमुख कार्यान्वयनकर्ता, सहजकर्ता, समन्वयकर्ता, अनुगमनकर्ता |
| ११ | भौतिक पुर्वाधार विकास शाखा | भौतिक पुर्वाधार तथा विकास सम्वन्धि कार्यकमहरुको प्रमुख कार्यान्वयनकर्ता, सहजकर्ता, समन्वयकर्ता, अनुगमनकर्ता |
| १२ | सामाजिक विकास शाखा | समाजिक विकास सम्वन्धि कार्यकमहरुको प्रमुख कार्यान्वयनकर्ता, सहजकर्ता, समन्वयकर्ता, अनुगमनकर्ता |
| १३ | पर्यटन विकास शाखा | पर्यटन क्षेत्रको विकास सम्वन्धि कार्यकमहरुको प्रमुख कार्यान्वयनकर्ता, सहजकर्ता, समन्वयकर्ता, अनुगमनकता |
| १५ | शिक्षा विकास शाखा | शिक्षा क्षेत्रको विकास सम्वन्धि कार्यकमहरुको प्रमुख कार्यान्वयनकर्ता, सहजकर्ता, समन्वयकर्ता, अनुगमनकता |
| १६ | स्वास्थ्य तथा सरसफाई शाखा | स्वास्थ्य तथा सरसफाई सम्वन्धि कार्यकमहरुको प्रमुख कार्यान्वयनकर्ता, सहजकर्ता, समन्वयकर्ता, अनुगमनकता |
| १७ | विद्यालयहरु | विद्यालय वृद्धि विकास र शिक्षाको गुणस्तरियता सम्वन्धि कार्यकमहरुको प्रमुख कार्यान्वयनकर्ता, सहजकर्ता, समन्वयकर्ता, अनुगमनकता |
| १८ | उद्योग वाणिज्य संघलगायत पेशागत संघसंस्थाहरू | आर्थिक विकास क्षेत्रका सहजकर्ता, कार्यान्वयनकर्ता, सहयोगी |

| क.सं. | सरोकारवाला | भुमिका |
|---|---|---|
| १९ | वडा कार्यालयहरु | वडामा संचालन हुने कार्यक्रमका सहजकर्ता, समन्वयकर्ता, अनुगमनकर्ता, कार्यान्वयनकर्ता |

**१.७ आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमाका सिमाहरु**

गाउँपालिकाको नेतृत्व र गाउँपालिका विकासका सरोकारवालाको सहभागितामा परामर्श तथा सहभागितामुलक छलफल विधि द्वारा तर्जुमा गरिएको आवधिक कृषि, उद्यम विकासर तथा स्वरोजगार रणनीतिक योजना स्थानीय तहको पुनरसंरचनापछिको पहिलो आवधिक संक्रमणकालीन/अन्तरिम योजना हो । यो योजना गाउँपालिकाले तयार गरेको कार्यविधिमा आधारित रहेर तयार गरिएको छ । यसका साथै विगतमा स्थानीय निकायवाट गरिएको अभ्यास र स्थानीय सरकार संचालन ऐन २०७४ र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४ मा समेत आधारित छ । यस योजना तर्जुमा प्रक्रियाले गाउँपालिकाको नेतृत्वमा गाउँपालिकाका विकासका सरोकारवाला पहिचान गरी, गाउपालिका कृषि विकासका गतिविधि र लगानीको नक्शांकन भएको छ । लामो अन्तराल पश्चात स्थानिय तह सरकारको रुपमा निर्वाचित जनप्रतिनिधि बहाली र तुलनात्मक रुपमा विगत भन्दा पर्याप्त श्रोत साधन प्राप्ती, तर, अपर्याप्त कार्यविधि निर्देशिका, सिमित जनशक्ति तथा क्षमताका विचमा, भविष्यमा सुधार हुने आशामा यस योजना तर्जुमा गरिएको र कार्यान्वयनको अपेक्षा गरिएको छ । यसै गरी यो योजनालाई गाउँपालिकास्तरका विषयगत योजनाहरुको छाता योजनाको रुपमा प्रस्तुत गरी विषय क्षेत्रगत रणनितिक योजना, राष्ट्रिय योजना तथा नीतिसँग तादाम्यता कायम गरी कार्यान्वयनको अपेक्षा गरिएको छ । आवधिक योजनालाई सांकेतिक योजनाको रुपमा प्रस्तुत गरिएको छ, यद्यपि, समुदायका आवश्यकताका आधारमा भौगोलिक तथा वार्षिक रुपमा समेत स्पष्ट गर्ने कोशिस गरिएको छ ।

आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनितिक योजना तर्जुमाका सीमाहरु देहाय बमोजिम रहेका छन् :

- संघियता कार्यान्वयनको प्रारभिक चरणमा स्थानिय तहको आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तयारीको लागि मन्त्रालय स्तरबाट स्पष्ट खाका तथा निर्देशिकाहरु प्राप्त भइसकेको र गाउँपालिकाले पनि आवधिक गाउँपालिका विकास योजना तर्जुमा निर्देशिका वनाएको अवस्थामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को सहयोग लिईएको छ र स्रोत समाग्रिको रुपमा आवधिक जिल्ला विकास योजना तर्जुमा निर्देशिका २०७२ लाई लिईएको छ ।
- गाउँपालिकाको निति तथा कार्यक्रम, गाउँपालिकाको वस्तु स्थिती विष्लेषण सहितका प्राथमिक सूचनाहरुलाई आधार मानिएको छ ।
- गाउँपालिकाको पार्श्वचित्र तयार भएको भएता पनि कृषि सम्वन्धि वस्तुस्थिती विवरण विस्तृत रुपमा तयार तथा अद्यावधिक नगरिएकोले कतिपय सूचनाहरुको विगत अभ्यासहरुको वस्तुनिष्ठ विश्लेषण गर्न नसकिएको ।
- आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमाको लागि गाउँपालिकामा उपलब्ध सूचनाका आधारमा विश्लेषण गरिएको छ भने गाउँपालिका स्तरमा कतिपय अद्यावधिक हुन नसकेको तथ्याङ्कहरुको हकमा जिल्ला स्तरीय परिसूचकले प्रतिनिधित्व गर्छ भन्ने मान्यतामा आधारित रहेको छ ।

- स्थानीयतह सम्बन्धी विद्यमान ऐन, नियम, निर्देशिका र संरचनामा आधारित योजना बनाईएकोले समुदायका समस्या, समुदायका विशेषताका आधारमा छनोट भएका योजनाहरुको सान्दर्भिकता कायम रहने विश्वास लिईएको छ ।
- गाउँपालिकाका कतिपय विषयगत क्षेत्रमा आवधिक तथा अध्यावधिक सूचना अभिलेखीकरण तथा प्रकाशन व्यवस्थित नभएकाले उपलब्ध सूचनाका आधारमा गाउँपालिकाको स्थिति विश्लेषण गरिएको छ ।
- गाउँपालिकामा अध्यावधिक हुन नसकेका र उपलब्ध नरहेका कतिपय तथ्यांकहरु राष्ट्रिय तथ्यांकबाट लिइएकाले सबै परिसूचकहरुले गाउँपालिकाको अवस्थालाई प्रतिनिधित्व गर्छन भन्ने मान्यता राखिएको छ ।
- मूलतः तत्कालिन जिल्ला विकास समिती, जिल्लाका विषयगत कार्यालय तथा निकायहरुको प्रकाशन र उपलब्ध सुचनाहरु वाट प्राप्त द्बितीयक तथ्यांकहरुलाई आधार मानिएको छ भने प्राथमिक तथ्यांक संकलनमा समय र गाउँपालिकाले उपलब्ध गराएको स्रोतको सिमीतताका कारण वडा स्तरमा जन प्रतिनिधी र सरोकारवाला सवैको उस्थितिमा गोष्ठि सञ्चालन गरी समस्या पहिचान, प्राथमिकिकरण एवं समाधान, सहभागितामूलक लेखाजोखाको माध्यमबाट उपलब्ध भए सम्मका तथ्यांकलाई समावेश गरी गाउँपालिकाको वस्तु स्थिति विश्लेषण गरिएको छ ।
- गाउँपालिकाको आयात निर्यात तथा उत्पादन सम्बन्धी तथ्यांकको व्यवस्थित अभिलेखीकरण नरहेकाले कूल गार्ह्यस्थ उत्पादन तथा प्रतिव्यक्ति आयको प्रक्षेपण गर्दा द्रुत लेखाजोखा एवम् प्रतिनिधिमूलक तथ्यांकका आधारमा अनुमानित प्रक्षेपण गरिएको छ ।
- स्थानिय तह सरकारले भविष्यमा रणनीतिक योजनालाई समयानुकुल परिमार्जन तथा संशोधनको मार्ग खुल्ला राख्न रणनीतिक तथा प्रतिनिधिमूलक कार्यक्रम तथा क्रियाकलापहरुलाई मात्रै समावेश गरिएको छ ।
- अहिलेको वित्तीय तथा बजेट प्रवाहको प्रवृत्तिका आधारमा रणनीतिक योजना निर्माण भएकाले देशको संघियता कार्यान्वयन संक्रमणकालिन अवस्थामा सुधार आउने अपेक्षा सहित अहिलेको प्रक्षेपण तथा अनुमानमा फरक आउन सक्छ ।
- स्थानीयतह सम्बन्धी विद्यमान ऐन, नियम, निर्देशिका र संरचनामा आधारित योजना बनाइएकोले वर्तमान संघीय ढाँचाका स्थानीय तहहरुका लागि यो योजना सन्दर्भ सामग्रीको रुपमा मात्र प्रयोग हुन सक्नेछ । तथापि सामुदायिक विशेषताका आधारमा छनोट भएका योजनाहरुको सान्दर्भिकता कायम रहने विश्वास लिईएको छ ।

**१.८.आवधिक  कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमा कार्यविधि तयारी तथा  स्वीकृतिः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ को व्यवस्था अनुसार कार्यपालिकाबाट आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमा कार्यविधि २०७६ स्वीकृत गरेको छ । सोही कार्यविधि अनुसार यस गाउँपालिकाको आवधिक कृषि विकास योजना तयार गरिएको छ ।

## १.९.पूर्व तयारी चरणः

**१.९.१.आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमा विधि तथा प्रक्रियाः**

यो आवधिक गाउँपालिका कृषि विकास योजना स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेख भए अनुशार गाउँकार्यपालिका, विषयगत शाखा र गाउँपालिकाका विकास साझेदार तथा सरोकारवालाहरुको

सक्रियतामा सहभागितामूलक तरिकाबाट राष्ट्रिय कृषि विकासका लक्ष्य र गाउँपालिका कृषि विकास अवधारणामा आधारित भएर आ.व. २०७७/७८-२०८१/८२ को पाँचवर्ष अवधिका लागि गाउँपालिकामा तर्जुमा भएको पहिलो आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना हो । गाउँपालिकाका नीति तथा कार्यक्रमहरु लाई कार्यान्वयन गर्दाका सिकाइहरूलाई आत्मसाथ गर्दै गन्यापधुरा गाउँपालिकाको लागि पहिलो आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमा गरिएको छ । यो रणनीतिक योजना तर्जुमा गर्दा तत्कालिन आवधिक जिल्ला विकास योजना तर्जुमा निर्देशिका २०७२ स्रोत समाग्रिको रुपमा लिई वर्तमान संघिय संरचनामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार र संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयबाट लिखित रुपमा प्राप्त नीति निर्देशन, अन्य मन्त्रालय, विभाग, परियोजना, प्रदेश सरकार वाट प्राप्त कार्यक्रम तथा योजनाहरु समेतलाई ध्यान दिइएको छ । गाउँपालिकाको प्रथम आवधिक रणनीतिक योजना विद्यमान ऐन, नियम र निर्देशिकामा भएका व्यवस्थाको समेत उपयोग गरी देहायको प्रकृया तथा चरणअनुसार सहभागितामूलक तरिकाले तर्जुमा गरिएको छ ।

**१.९.२. गाउँकार्यपालिका र सरोकारवालाको  बैठक**

गाउँ कार्यपालिका तथा मुख्य सरोकारवालासँग आवधिक योजनाको महत्व, प्रकृया, कार्य जिम्मेवारी र समयावधि वारे छलफल  तथा सहमति गरिएको छ । बैठक र सहमति पश्चात सोही कार्ययोजनाको आधारमा योजना तर्जुमा गरिएको छ । गाउँ कार्यपालिकाले  ईएफआई नेपाल प्र.लि.को सहजिकरण तथा प्राविधिक सहयोगमा र गन्यापधुरा गाउँपालिकाको आर्थिक सहयोगमा आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमा गर्ने कार्यपालिकाबाट निर्णय गरीएको र  यसको कार्यान्वयनको क्रममा गाउँपालिकाले आन्तरिक रुपमा गृहकार्य तथा सरोकारवालासँग राय परामर्श गरी आवधिक रणनीतिक योजना तर्जुमा प्रक्रिया, आवश्यक श्रोत साधन, सहभागिता र कार्यतालिका लगायतका विषयमा समझदारी निर्माण गरिएको छ ।

**१.१०.विश्लेषण चरणः**

**१.१०.१.सर्वेक्षण, तथ्याङ्क  संकलन  तथा  विश्लेषणः**

यस प्रकृयामा योजनाका लागि आवश्यक सुचना तथा जानकारी एवं दस्तावेजहरु अध्ययन तथा विश्लेषण गरिएको छ । गाउँपालिकाको बस्तुस्थिति विवरण तयारीका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी एवं गापाहरुले अभ्यास गरेका औजार, विधि र प्रक्रियाको समेत प्रयोग गरिएको थियो । आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना  तर्जुमाकोलागि प्रमुख रुपमा वडा स्तरमा स्थलगत सहभागितामूलक ग्रामीण लेखाजोखा/द्रुत ग्रामीण लेखाजोखा, समस्या पहिचान एवं समस्या समाधान, प्रमुख सूचनादाताबाट संकलन गरिएको तथ्यांक तथा वस्तुस्थिति विष्लेषण, दस्तावेजको अध्ययन र संस्थागत श्रोतबाट तथ्याङ्क संकलन गरी यसको अध्ययन तथा विश्लेषण गरिएको छ । यस प्रकार स्थलगत तथा संस्थागत श्रोतको तथ्याङ्क विश्लेषणबाट प्राप्त विवरणलाई आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको आधार रेखाको रुपमा रहनेगरी गाउँ वस्तुस्थिति विवरणलाई मानिएको छ । गाउँपालिकामा प्राप्तहुने विभिन्न श्रोत तथा सहयोग समेत यस क्रममा विष्लेषण गरिएको छ ।

**१.१०.२.ऐन, नियम, निर्देशिका तथा प्रतिवेदन अध्ययन तथा पुनरावलो**कनः

आवधिक रणनीतिक योजना तर्जुमासँग सम्बन्धित ऐन, नियम, निर्देशिका, राष्ट्रिय योजना, आवधिक योजनाका लागि विगतका प्रयासहरू, जिल्लाको अध्यावधिक वस्तुगत विवरण प्रतिवेदन, जिल्ला विकास आवधिक योजना, केन्द्रीय तथा जिल्लाका विषयगत गुरुयोजना तथा रणनीतिहरू, जिल्ला विकास योजना

समीक्षा प्रतिवेदन, जि.वि.स. तथा विषयगत कार्यालयहरूसँग सम्बन्धित प्रगति प्रतिवेदन संकलन, अध्ययन, दीर्घकालीन कृषि विकास रणनीति (APP), कृषि विकास रणनीति (ADS) को पुनरावलोकन तथा विष्लेषण गरिएको थियो । आवश्यक दस्तावेज, प्रतिवेदन, विवरणहरू संकलन तथा उपलब्ध गराउन जिल्ला समन्वय समिती एवं अन्य सरोकारवाला निकाय, संघ/संस्था र व्यक्तिहरु वाट आवधिक योजना वनाउने प्राविधिक टोलीलाई सहयोग उपलब्ध भएको थियो ।

**१.१०.३.गाउँपालिकाको नीति तथा कार्यक्रमको समिक्षा तथा पृष्ठपोषण**

कृषि विकास रणनीतिक योजना तर्जुमाको लागि गाउंपालिका पार्श्वचित्र, गाउँपालिका का विगत वर्षहरुका नीति तथा कार्यक्रम, विषयगत शाखाका प्रगति प्रतिवेदनहरु, वजेट निकासा तथा खर्च विवरण, गाउँकार्यपालिका कार्यक्रम अनुगमन तथा मुल्यांकन प्रतिवेदन, सार्वजनिक सुनवाई तथा समाजिक परिक्षण प्रतिवेदन, विभिन्न मन्त्रालय वाट प्राप्त निर्देशन तथा कार्यक्रम, गाउँकार्यपालिकाले कार्यक्रम कार्यान्वयनको लागि गरेका विगतका प्रयासहरू, गाउँकार्यक्रमको कार्यक्रम प्रगति समिक्षा प्रतिवेदनहरुको पुनरावलोकन गरिएको थियो । आवश्यक दस्तावेज, प्रतिवेदन, विवरणहरू संकलन तथा उपलब्ध गराउन गाउँकार्यपालिका, विषयगत शाखा र सरोकारवाला निकाय, संघ/संस्थाहरु वाट प्राविधिक टोलि लाई आवश्यक सहयोग उपलब्ध भएको थियो।

**१.११.योजना तर्जुमा चरणः**

**१.११.१.गाउँकार्यपालिका तथा सरोकारवाला बैठकः**

गाउँ कार्यपालिका तथा मुख्य सरोकारवालासँग एकिकृत स्वरुपको आवधिक योजनाको महत्व, प्रकृया, कार्य जिम्मेवारी र समयावधि वारे छलफल गरिएको छ । बैठकमा छलफल पश्चात सोही कार्ययोजनाको आधारमा आवधिक योजना तर्जुमा गरिएको छ । गाउँ कार्यपालिकाले ईएफआई नेपाल संगको सहकार्यमा आवधिक रणनीतिक योजना तर्जुमा गर्ने कार्यको लागि कार्यपालिकाबाट निर्णय गरीएको र यसको कार्यान्वयनको क्रममा गाउँपालिकाले आन्तरिक रुपमा गृहकार्य तथा सरोकारवालासँग राय परामर्श गरी आवधिक योजना तर्जुमा प्रक्रिया, आवश्यक श्रोत साधन, सहभागिता र कार्यतालिका लगायतका विषयमा समझदारी निर्माण गरिएको थियो ।

**१.११.२.योजनाको वैज्ञानिक पद्धतिको आधार**

आवधिक योजना तर्जुमाका लागि पूर्व तयारी गोष्ठीबाट पहिचान गरिएको नपुग तथ्याङ्क संकलनका लागि आवश्यक फाराम तथा चेकलिष्ट ईएफआई नेपालको सहयोगमा तयार गरी वडा तथा गाउँकार्यपालिकामा कार्यरत कृषि प्राविधिकहरु परिचालन गरेर संकलन गरिएको थियो । गाउं कार्यपालिका कार्यलयले विभिन्न स्रोतबाट अध्यावधिक तथ्याङ्क उपलब्ध गराउने व्यवस्था गाउँपालिकाले मिलाएको थियो । यसैगरि विभिन्न निकाय, संघ/संस्था र पक्षबाट विषयगत क्षेत्रको तथ्याङ्क संकलन, अध्यावधिक गरी उपलब्ध गराइएको थियो । यसक्रममा प्राप्त हुन नसकेका तथ्यांक तथा सूचनाका लागि संस्थाका तर्फबाट खटिआएको प्राविधिक टोलीले सम्बन्धित कार्यालय, निकाय भ्रमण, सम्बन्धित पदाधिकारीहरूसँग छलफल गरी आवश्यक सम्पूर्ण तथ्यांक संकलन गरिएको थियो । यसरी संकलन गरिएका तथ्यांकमा आधारित भई गाउँपालिकाको वस्तुस्थिती विष्लेषण गरिएको छ ।

**१.११.३.लक्षित समुदायसँग छलफल**

रणनीतिक योजना तर्जुमा प्रक्रियामा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न गाउँपालिकाका विभिन्न वस्तिहरूको भ्रमण गरी विभिन्न लक्षियत समूहसँग छलफल तथा अन्तरक्रिया गरी सम्बन्धित समुदायले देखेका स्थानीय अवसर र सम्भावनाहरू, भोगिरहेका समस्या तथा चुनौति तथा गाउँपालिकाको

दीर्घकालीन योजनाको सम्बन्धमा उनीहरुको धारणाबारे गाउँपालिकाका विभिन्न स्थानमा गई महिला, कृषक, दलित, गरिव, एकल महिला, जेष्ठ नागरिक तथा युवाहरुसँग परामर्श गरिएको थियो। परामर्शमा उठेका विषयवस्तु तथा प्राप्त सल्लाह, सुझावहरु लाई कार्यशाला गोष्ठीहरुमा छलफल पश्चात आवधिक योजनामा समावेश गरिएको छ ।

**१.११.४.गाउँपालिका र वडाको सामाजिक स्रोत नक्साकंन र तथ्यमा आधारित योजनाः**

आवधिक गाउपालिका कृषि, उद्यम विकास तथा स्वरोजगारमूलक योजनालाई सूचना तथा तथ्यांकमा आधारित, वस्तुगत एवम् स्थानगत विशेषताहरूमा आधारित एवं व्यवहारिक बनाउन गाउपालिकाको वस्तुस्थिती विवरण तथा भौगोलिक सूचना प्रणालीको प्रयोग गरी आधारभूत समाजिक स्रोत नक्साहरू अध्ययन गरी तथ्यांक अध्यावधिक गरिएको छ । अध्यावधिक गरिएका तथ्यांकहरुलाई गाउँपालिकास्तरमा प्रमुख सरोकारवालाको उपस्थितिमा गाउँपालिका स्तरिय गोष्ठीमा प्रस्तुत तथा छलफल गरिएको थियो । गोष्ठी वाट प्राप्त सल्लाहसुझावहरूलाई समावेश गरी समग्र गाउँपालिकाको तथ्यांकहरुलाई अन्तिम रुप दिइएको थियो ।

**१.११.५.विषयगत शाखाको सहभागिता**

योजना तर्जुमाका क्रममा प्राप्त महत्वपूर्ण विचार, माग तथा सुझावलाई वैज्ञानिक रुपमा व्यवस्थित गर्न सम्बन्धित विषयगत शाखाको सहयोग लिइयो । गाउँपालिकाको कृषि विकासको प्रस्तावित अवधारणा, गाउँपालिको वस्तुगत तथा विषयगत स्थिति विश्लेषण विवरण, विषयगत कार्यक्रमको पुनरावलोकन, विषयगत शाखाका रणनिति, विषय शाखा लाई संघिय तथा प्रदेश सरकार वाट प्राप्त नितिनियम र निर्देशिकाहरु, कार्यक्रम, योजना र रणतिहरुको आधारमा सहभागितामूलक विषयगत शाखाहरु सँग छलफल आयोजना गरिएको थियो । उक्त विषयगत शाखाहरुका समस्या विश्लेषण, अवसर तथा सम्भावना विश्लेषण, प्राथमिकता प्राप्त उपविषयगत क्षेत्र समेटिने गरी विषयगत क्षेत्रको सोच तालिका, विस्तृत आयोजना तथा कार्यक्रम र बजेट तथा कार्यक्रम बजेट कार्यान्वयनका लागि आवश्यक कार्यनीतिहरूसहित कृषि विकास योजनाहरु लाई आवधिक योजनामा समावेश गरिएको छ ।

**१.११.६.गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तयारी तथा गाउपालिका कृषि विकासको दृष्टिकोण सोच निर्धारणः**

२०७६/०९/१७ गते देखी २०७६/०९/२२ गते सम्म गाउपालिकाको अवस्था तथा सम्भावना विश्लेषण र गाउपालिका विकासको दीर्घकालनि सोच, लक्ष्य तथा उद्देश्य एवं रणनिति निर्धारणका लागि कार्यशाला आयोजना गरिएको थियो । कार्यशालाले गाउँपालिका क्षेत्रमा विगतमा भएका प्रयास तथा उपलब्धी र हाल परिचालन भएका एवं भविष्यमा परिचालन हुन सक्ने श्रोतका वारे विश्लेषण गरेको थियो । यसै गरी गाउँपालिकाको विद्यमान अवसर, चुनौति, सम्भावना तथा समस्या वारे विश्लेषण गरी दीर्घकालिन सोच तथा लक्ष्य उद्देश्य समेत निर्धारण गरिएको थियो । सहभागितात्मक प्रकृयाबाट गन्यापधुरा गाउँपालिकाको आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको आधारस्तम्भ तथा रणनीतिक दृष्टिकोण (Strategic Vision) को रुपमा गाउँपालिका कृषि विकासको अवधारणा तयार गरिएकोछ । गाउँपालिकाको वस्तुगत विवरण प्रतिवेदन तथा स्रोत नक्सा, निति तथा कार्यक्रम समीक्षाबाट प्राप्त सिकाइ, गाउँपालिकामा विकासका विगतका प्रयास र उपलब्धीहरूको समीक्षाका आधारमा गाउँपालिका विकासका संभावना, समस्या, अवसर तथा चूनौतिहरूको विश्लेषण गरी गाउँपालिकाको विकासको अवधारणा तर्जुमा गरिएको छ । यसपछि गाउँपालिका कृषि विकासको अवधारणामा गाउँपालिका कृषि विकासको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, समष्टिगत लक्ष्य, उद्देश्य र सोको मापनका सूचक एवं आधारहरूसहित योजनाको एकीकृत सोचतालिका तर्जुमा गरिएको छ । योजनाको सोच तालिका तर्जुमा

गर्ने क्रममा कृषि विकास रणनीति एवं राष्ट्रिय योजनाको लक्ष्यसमेतलाई दृष्टिगत गरी गाउँपालिका कृषि विकासका लक्ष्यहरू निर्धारण गरिएको छ । कार्यशालामा कार्यपालिका, गाउँपालिकाका विषयगत शाखा प्रमुख तथा सरोकारवाला गरी करिव ४२५ जनाको सहभागिता रहेको थियो ।

**१.११.७.वडा स्तरिय पुर्व योजना तयारी कार्यशाला गोष्ठि**

कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमा सम्बन्धमा गाउँकार्यपालिकामा भएका निर्णयहरु, स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको  आवधिक गाउँपालिका कृषि विकास योजना तर्जुमा सम्बन्धी व्यवस्था, संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय वाट अन्य निति, निर्देशिका, निर्देशन, परिपत्रहरु तथा गन्यापधुरा गाउँपालिकाको आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमा कार्यविधि २०७६ अनुशार २०७६ साल पौष महिनाको १७ गते देखि पौष २२ गते सम्म विभिन्न वडाहरुमा आवधिक गाउँपालिका कृषि विकास रणनीतिक योजना तर्जुमा सम्वधि कार्यशालामा गाउँकार्यपालिका प्रतिनिधि, विषयगत शाखाका प्रमुखरु, वडा अध्यक्ष लगायत सदस्यहरु, वडा सचिव, राजनीतिक पार्टीका प्रमुख एवम् प्रतिनिधि, कृषक, समासेवी, वुद्धिजीवी, महिला, जेष्ठ नागरिक, सिमान्त वर्ग, सामुदायिक संस्था, सहकारी संस्था, कृषक समुह, उपभोक्ता समिती तथा अ/राष्ट्रिय गैससहरू, अन्य संघसंस्थाहरु समेतको सहभागितामा पूर्वयोजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गरी सम्बन्धित सबै सरोकारवालाबीच छलफल, समुहगत कार्य, समाजिक नक्साकन, आपसी सरसल्लाह र समझदारी कायम गरी योजना तर्जुमा प्रक्रियालाई अगाडि बढाइएको थियो । उक्त कार्यशाला गोष्ठीको आयोजना गाउँपालिका र सहजीकरण ईएफआई प्रा.लि. नेपालको प्राविधिक टोलि वाट गरिएको थियो । गोष्ठीमा विद्यमान अवस्थामा कृषि विकास रणनीतिको  आवश्यकता, योजना तर्जुमा प्रक्रिया, नतिजामा आधारित योजना तर्जुमा ढाँचा, सरोकारवालाहरू, उनीहरूको भूमिका तथा रणनीतिक योजनाको लागि आवश्यक तथ्यांक र सुचना बारे छलफल गरिएको थियो । सो गोष्ठीमा आवधिक योजना तर्जुमाको लागि वडास्तरमा सहयोगी संरचनाहरू, सम्भावित कार्यक्रमहरु, अनुमानित वजेट तथा आगामी कार्यान्वयन कार्यतालिका समेतका विषयमा छलफल गरिएको थियो । कार्ययोजनाको लागि आवधिक गाउँपालिका कृषि विकास योजना तर्जुमा कार्य विधि २०७६ मा उल्लेखित ढाँचा प्रयोग गरिएको थियो । आवधिक गाउँपालिका विकास योजना तर्जुमामा सहजता र वृहत्तर छलफलका लागि समुह विभाजन गरि समुहले गरेको सम्भावित कार्यक्रम कार्य तालिका लाई व्राउन पेपरमा तयार गर्न लगाएर समुह टोलि नेता लाई प्रस्तुत गर्न लगाईएको थियो ।

**१.११.८.गाउँपालिका स्तरिय आवधिक रणनीतिक योजना तर्जुमा गोष्ठिः**

वडा स्तरिय पुर्व योजना तर्जुमा गोष्ठि, लक्षित समुह सँग छलफल, विषयगत शाखा सँगको छलफल पश्चात आवधिक योजनाका लागि विभिन्नकोण वाट संकलन गरिएका सुचनाहरुको विश्लेषण पश्चात प्राप्त सुझावको आधारमा तयार गरेको योजना सोच तालिका र कार्यक्रम बजेटको खाकालाई यस गोष्ठीमा छलफल र सुझावको लागि प्रस्तुत गरिएको थियो । गाउँपालिका स्तरिय आवधिक योजना तर्जुमा गोष्ठिका सहभागिहरु लाई विभिन्न समुहमा विभाजन गरी छलफल र लामो गृहकार्य पश्चात समुहगत प्रस्तुती गरिएको थियो । विभिन्न समुह वाट प्राप्त सुझावहरु लाई समेटेर गोष्ठिले आवधिक योजना लाई अन्तिम रुप प्रदान गरेपछि उक्त सोच तालिका तथा कार्यक्रम बजेटलाई पुनः गाउँकार्यपालिका, विषयगत शाखा प्रमुख तथा प्रतिनिधि, विभिन्न समुह संघसंस्थाका प्रतिनिधि, अ/गैससका प्रमुख एवम् प्रतिनिधि, शिक्षक, समाजसेवी, वुद्धिजीवी, जेष्ठनागरिक, महिला र पत्रकारसहितको उपस्थितिमा प्राविधिक समूहले प्रस्तुत गरेको समस्या विश्लेषण, अवसर तथा सम्भावना विश्लेषण, योजना सोच तालिका, कार्यक्रम बजेट तथा कार्यनीतिहरूलाइ सहभागितामूलक छलफलका माध्यमबाट आवश्यक सल्लाह सुझावसहित आवधिक

गाउँपालिका कृषि, उद्यम विकास तथा योजनालाई अन्तिम रुप दिन २०७६/१२/०५ गते आवधिक गाउँपालिका कृषि विकास रणनीतिक योजनाको मस्यौदा प्रस्तुतीकरण कार्यशाला गोष्ठी आयोजना गरिएको थियो गोष्ठिमा आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको मस्यौदा प्रस्तुत गरी छलफल गरिएको थियो । आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमाको विधि प्रक्रिया, गाउँपालिकाका कार्यकारी प्रमुखबाट गाउँपालिका कृषि विकास अवधारणा तथा कृषि क्षेत्रका योजनाहरू प्रस्तुत गरी उपस्थित सरोकारवालाहरूबाट आवश्यक राय, सुझावसहित आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनालाई पुर्णता दिईएको थियो । यस कार्यशाला गोष्ठीमा निर्दिष्ट कार्यक्रमका लागि स्रोत अनुमान तथा विश्लेषण, अपुग स्रोत एकीन, अनुगमन तथा मूल्याङ्कन र जिम्मेवारी तालिका समेत तयार गरिएको थियो । गोष्ठीमा समूहगत रुपमा विषयगत क्षेत्र योजना तथा कार्यक्रम, प्राथमिकता निर्धारण, प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लक्ष्य र बजेट सहित अनुगमन तथा मूल्याङ्कन र जिम्मेवारी समेत निर्धारण गरिएको थियो । योजना तर्जुमा गर्दा आयोजना तथा कार्यक्रमको प्रस्तावित क्षेत्र तथा लक्षित वर्ग समेत निर्धारण गरिएको थियो ।

## १.१२.४.मस्यौदा योजना दस्तावेज तयारी

अघिल्लो कार्यशाला पश्चात, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मार्गदर्शन, नतिजामूलक योजना खाका र गाउँपालिका वाट प्राप्त ढाँचामा आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना दस्तावेज तयार गरिएको छ । योजनामा राष्ट्रिय योजनाको ढाँचा, सुचक र लक्ष्य तथा दिगो विकासका लक्ष्य एवं खाका समेतलाई ध्यान दिइएको छ ।

### १.१२.योजना प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

२०७६ ........गते र ......... गते आवधिक कृषि रणनीतिक योजना प्रमाणिकरण कार्यशालाको आयोजना गरिएको थियो । नतिजामुलक योजनाको ढाँचा, सहभागितामुलक कार्यशाला तथा छलफल, सहभागिको सुझाब र परामर्शका आधारमा तयार गरेको योजनाको दस्तावेजलाई कार्यपालिका तथा गाउँ सभा, स्थानीय तहका सरोकारवालाको सहभागितामा प्रस्तुति, छलफल तथा सुझाव संकलन गरिएको थियो । योजना तर्जुमा तथा सुझाव संकलन कार्यशालामा समूहगत छलफल र परामर्श पश्चात समूहको निश्कर्ष तथा सुझावलाई यस कार्यशाला गोष्ठिमा प्रस्तुत तथा छलफल गरी रणनीतिक योजना दस्तावेज लाई अन्तिमरुप दिईयो । यसरी कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी गाउँपालिकाको वृहत स्वरुपको योजना दस्तावेज तयार गरिएको छ । कार्यशालामा .......... जनाको सहभागिता रहेको थियो ।

### १.१३.योजनाको विषयगत क्षेत्रः

गन्यापधुरा गाउँकार्यपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयहरु मध्ये गाउंपालिकाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आवधिक रणनीतिक योजनामा समावेश गरिएको छ ।

### १.१४.आवधिक कृषि रणनीतिक योजनाको दस्तावेज


यस आवधिक कृषि रणनीतिक योजनालाई परिच्छेद १: परिचय, परिच्छेद २ : अवस्थिति विश्लेषण, परिच्छेद ३: योजना अवधारणा र प्रारुप, परिच्छेद ४: कार्यान्वयन योजना गरी चार भागमा प्रस्तुत गरिएको छ ।

**१.१५.आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना दस्तावेज तयारीः सहभागितामूलक प्रयासहरूको उपलब्धी**

गाउँपालिका वस्तुस्थिति विवरण, गाउँपालिकाका विगत वर्षहरुका निति तथा कार्यक्रमहरुको पुनरावलोकन एवम् गाउँपालिका कृषि विकासको अवधारणा, विभिन्न चरणमा आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, विषय क्षेत्रगत समुहहरुको छलफल तथा अन्तिम कार्यशाला गोष्ठी सम्पन्न गरेपछि उपरोक्त कार्यहरुको समग्र प्रतिफलका रुपमा गन्यापधुरा गाउँपालिकाको आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना, डडेल्धुरा (२०७७/७८-२०८१/०८२) को मस्यौदा तयार गरिएको थियो । उपरोक्त मस्यौदालाई गाउँपालिकाको सहयोगमा विभिन्न चरणमा भएका कार्यशाला एवं छलफलको निष्कर्ष एवमं आवधिक गाउँपालिकाको कृषि विकास रणनीतिक योजना तर्जुमाको लागि तोकिएको ढाँचा (निर्देशिकाको व्यवस्था) बमोजिम यो आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना दस्तावेज तयार गरिएको छ ।

**१.१६.सुझाव, पृष्ठपोषण एवं स्वीकृतिः कृषि विकास रणनीतिक योजनाको वैधानिक आधारः**

कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको दस्तावेजको वैधानिक आधारका लागि गाउँपालिका द्वारा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय एवं विकास साझेदारहरू समेतको सुझाव र पृष्ठपोषणका लागि पेश गरियो । प्राप्त सुझाव र पृष्ठपोषण लाई समायोजन गरी योजना दस्तावेजलाई अन्तिम रुप दिई गाउँपालिकामा पेश गरिएको छ । आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको तर्जुमा प्रक्रियाको सारस्वरुपलाई निम्नानुसार प्रवाह चित्रमा प्रस्तुत गरिएको छ ।




## परिच्छेद-२ वस्तुस्थिति विश्लेषण

## गन्यापधुरा गाउंपालिकाको भौगोलिक अवस्थिति, राजनैतिक विभाजन, घरधूरी एवं जनसांख्यिक अवस्था र कृषि संग सम्वन्धित अवस्था विश्लेषणको संक्षिप्त विवरणः

**२.१.गाउँपालिकाको संक्षिप्त परिचय**

नेपाल कृषिप्रधान देश हो । यहाँका ६५.६ प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न रहेका छन भने ७४ प्रतिशत जनसंख्या कृषिमा आश्रित रहेका छन । कूल ग्राह्यस्थ उत्पादनमा ३३.५५ प्रतिशत हिस्सा ओगटेको कृषि क्षेत्रमा पशुपालन क्षेत्रको योगदान २५.६% रहेको छ । नेपालका ७ वटा प्रदेश मध्ये सबभन्दा सुदूरमा रहको सुदुपश्चिम प्रदेशमा ९ वटा जिल्ला रहेका छन । ७ वटा पहाडी जिल्ला मध्ये डडेल्धुरा जिल्ला अन्तर्गत २ वटा नगरपालिका तथा ५ वटा गाउँपालिका गरि जम्मा ७ वटा स्थानिय तह रहेका छन जसमध्ये डडेल्धुरा जिल्लाको दक्षिण पुर्वमा अवस्थित गन्यापधुरा गाउँपालिका एउटा स्थानिय तह हो । यस

गाउँपालिकामा ५ वटा वडाहरु रहेका छन । यहांको हावापानी सितोष्ण तथा समसितोष्ण रहेको छ । यो गाउँपालिका ८०°६५' देखि ८०°७८' पुर्वि देशान्तर तथा २९°२१' देखि २९°४२' उत्तरी अक्षांशमा अवस्थित रहेको छ । यसको क्षेत्रफल १३५.६५ वर्ग कि.मि. रहेको छ भने १५०९३ (राष्ट्रिय जनगणना २०६८) जनसंख्या रहेको छ । यस गाउंपालिकाको पूर्वमा डोटी जिल्लाको शिखर नगरपालिका, पश्चिममा डडेल्धुराको अमरगढी नगरपालिका, उत्तरमा डडेल्धुरा जिल्लाको नवदुर्गा गाउंपालिका र दक्षिणमा डोटी जिल्लाको जोरायल गाउंपालिका एवं डडेल्धुराको आलिताख गाउंपालिका रहेका छन् ।

यस गाउँपालिकाको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ । हाल यहां प्रायः कृषकहरुले कृषि खेतिपाति गरिरहेता पनि व्यवसायिक रुपमा गर्न सकिरहेका छैनन् । यस क्षेत्रमा हावापानी तथा सिचाई लगायत भौतिक पूर्वाधारहरुको पहुँच रहेता पनि व्यवसायिक रुपमा कृषि पेशालाई अगाल्न सकेको देखिदैन । यस क्षेत्रमा कृषिको अधुनिक प्रविधिको प्रवेश न्यून मात्रामा रहेको छ । वहुसंख्यक कृषकहरुले परम्परागत खेती प्रणली एवं पशुपंक्षि पालन प्रविधि अवलम्वन गर्दै आइरहेकोले उनिहरुको मिहिनत अनुसारको प्रतिफल प्राप्त गर्न सकिरहेका छैनन् । तसर्थ यस क्षेत्रमा आधुनिक एवं नवीनतम प्रविधिहरुको प्रयोग गरी तरकारी खेति, फलफूल खेती, तरकारी तथा खाद्यान्न बालीको बीउ उत्पादन, अदुवा खेती, वेसार खेती, मौरी पालन, च्याउ खेती, वहुउद्धेश्य नर्सरी स्थापना, पशुपालन, कृषि उद्यम, माछापालन आदिको व्यावसायिकरुपमा उत्पादन गर्न सकेमा बजारको माग राम्रो रहेको देखिन्छ । गाउंपालिकाका कृषकहरुले समय मै आधुनिक कृषि प्रविधि प्रयोग गर्नसके उत्पादन र उत्पादकत्व बढ्ने र साथ साथै आम्दानीको स्तरमा पनि सुधार आउने भएकोले कृषिको रणनीतिक योजना बनाई अगाडी बढनु आवश्यक रहेको छ । कृषि रणनीतिक योजना अनुसार कृषि क्षेत्रमा व्यवसायिकरुपमा उत्पादन गर्न सके गाउँपालिकामा स्वरोजगारीको आवशरहरु सृजना भई वेरोजगारीको समस्या समाधान हुने तथा यहाँका कृषकहरुको आयस्तर बढ्ने र जिल्लाको कृषिजन्य वस्तुको मांग आपूर्तिमा योगदान पुग्ने तथा बाह्य जिल्लामा समेत निर्यात गर्न सक्ने प्रशस्त संभावना रहेको छ । यस रणनीतिक योजना कार्यान्वयनबाट कृषकहरुको आयस्तरमा बृद्धि हुने देखिन्छ । जसले गर्दा स्थानिय स्तरमा नै रोजगारीको सृजना भई सामाजिक तथा आर्थिक अवस्थामा सुधार हुने देखिएकोले कृषि अल्पकालीन तथा दिर्घकालीन रणनीतिक योजना बनाउनुपर्ने आवस्यक देखिन्छ ।

**२.२.विगतका प्रयास र उपलब्धीहरू**

नेपालको संविधान २०७२ कार्यान्वयनमा आए पश्चात वर्तमान संघिय संरचना अनुसार स्थानीय तहको संरचना निर्माण भए पश्चात प्रथम पटक निर्वाचित जनप्रतिनिधि वहाली भएको अवस्था छ । संक्रमणकालीन समयावधिमा स्थानिय तहले वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यक्रम संचालनगर्दै आईरहेको छ तर प्रभावकारी तथा नतिजामुलक आवधिक योजनाको थालनी हुन बाँकी रहेको छ । अर्को तिर साविकका गा.वि.स.मा समेत प्रभावकारी तथा योजनावद्ध विकासका लागि नतिजामुलक आवधिक योजना तर्जुमा तथा कार्यान्वयनको अभाव रहेको विष्लेषण ले देखाएको छ। विगतका नतिजाहरुको अभिलेख अभाव रहेता पनि, विभिन्न विषय क्षेत्रगत विकासका लागि वर्षौ देखि लगानी भएको र त्यसवाट उपलब्धी भएको अनुमान गर्न सकिन्छ ।

गाउँपालिकाको समग्र विकासका लागि गाउँपालिकाको कार्यालय लगायत गाउँपालिका भित्र काम गर्ने सबै विषयगत शाखा तथा गैरसरकारी संस्थाहरूबाट हरेक वर्ष कार्यक्रम बजेट तर्जुमा गरी कार्यान्वयन हुँदै आएको छ । यसबाहेक विभिन्न सञ्जाल तथा नागरिक स्वयम्ले पनि आ-आफ्नो ढंगले विकासको प्रयास अघि बढाउँदै आएका छन् । यद्यपि, विकासको दीर्घकालीन सोच उद्देश्यसहित समग्र विकास प्रक्रिया

परिणामलाई अपेक्षित गतिमा अघि बढाउने उद्देश्यले गन्यापधुरा गाउँपालिकाले गाउँपालिकाको समग्र विकासको लागि प्रथम पटक आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना **आ.व.२०७७/०७८-२०८१/०८२** का लागि तर्जुमा गरी कार्यान्वयनमा ल्याउन गई रहेको छ। विषयगत शाखाहरूका लागि छुट्टाछुट्टै दीर्घकालीन योजना/रणनीतिहरू तयार गरि लागु गर्ने विषयमा पनि गाउँपालिका स्तरमा छलफल अगाडी वढी रहेको छ। गाउँपालिकाको समग्र विकासमा केही सकारात्मक उपलब्धीहरू हासिल हुँदै गएका छन्। गाउँपालिकाको मानव विकास सूचकांक, महिला तथा पुरुषको सरदर आयुमा सुधार आएको छ। प्रतिव्यक्ति आय तथा औसत साक्षरताको स्थितिमा उल्लेख्य सुधार भएको छ। लैंगिक सशक्तिकरण तथा जातीय भेदभाव उन्मुलनका दिशामा यस अवधिमा महसुस गर्न सकिने परिवर्तन भएको छ।

गाउँपालिकाको समग्र विकास सुस्तसुस्त गतिमा अगाडि बढिरहेको भए पनि समयानुकूलको प्रतिस्पर्धी, क्षमतावान, समृद्ध गाउँपालिका निर्माण गर्ने दिशामा व्यवस्थित किसिमले अगाडि बढ्न गाउँपालिकामा अझ धेरै काम गर्न बाँकी रहेको छ। कृषि, पशुपालन, खानेपानी, उद्योग, शिक्षा, वन, सूचना प्रविधिलगायत विविध क्षेत्रमा गाउँपालिकामा ठूलो सम्भावना रहेको छ। विद्यमान स्रोत, साधन र सम्भावनाको परिचालन तथा उपयोग गर्ने दिशामा उल्लेखनिय उपलब्धी हासिल गर्न नसक्दा रोजगारी र अवसरको खोजीमा युवा जनसंख्याको ठूलो हिस्सा हरेक वर्ष विदेश पलायन भइरहेको स्थिति छ। ग्रामिण उद्योगधन्दाको विकास विस्तार हुन सकेको छैन। ऐतिहासिक, धार्मिक, पौराणिक तथा पर्यकटीक महत्व बोकेका गाउँपालिकाका धेरै स्थानहरू तथा विभिन्न संस्कृतिहरूको उपयुक्त संरक्षण, संवर्द्धन र प्रवर्द्धनको कमीका कारण एकातिर गाउँपालिकाको पहिचान विस्तार गर्न सकिएको छैन भने अर्कातिर स्थानीयस्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिएको छैन।

**२.३.वस्तुस्थिति विश्लेषण**

गाउँपालिकाको वडा स्तरका सरोकारवालाहरुको सहभागितामा कृषि विकासमा अहम भूमिका खेल्ने खेती गरिएको क्षेत्रफल, कृषकले लगाउने गरेको बाली, बालीहरुको उत्पादन, मलखाद प्रयोग, पशुपंछि पालन, कृषि सामग्रीको आपूर्ति अवस्था लगायत सरोकारका विविध पक्षको क्षेत्रगत विश्लेषण गरिएको छ।

कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना पूर्व तयारीमा संकलन भएका प्राथमिक तथ्यांकहरु विश्लेषण गर्दा देखिएको समग्र गाउंपालिकाको विभिन्न पक्षको वस्तुस्थिति निम्नानुसार रहेको छः

## २.३.१. गाउंपालिकाको क्षेत्रफलः

गउंपालिकाको जम्मा क्षेत्रफल १३५९३ हेक्टर (हे.) रहेको छ। जस मध्ये वनजंगलरहेको क्षेत्रफल ( क्षे.फ.) ७२१३ हे., चरनको क्षे.फ. १११० हे., खेतियोग्य जमिनको क्षेत्रफल ४१८५ हे., अन्य क्षे.फ. १०८५ हे. रहेको छ। खेति योग्य जमिन ४१८५ हे. मध्ये ३२९० हे. (७९ प्रतिशत) क्षेत्रफलमा खेति गरिएको पाईन्छ। गाउंपालिकाको वडागत क्षे.फ.को विवरण तालिका नं. १ मा उल्लेख गरिएको छ।

**तालिका नं.१ वडागत क्षेत्रफलको विवरणः**

| वडा नं. | जग्गाको जम्मा क्षेत्रफल हे. | बन जंगलको क्षेत्रफल हे. | खेतियोग्य जमीनको क्षेत्रफल हे. | खेती गरिएको जग्गाको क्षेत्रफल हे. | चरनको क्षेत्रफल हे | अन्य क्षेत्रफल हे. |
|---|---|---|---|---|---|---|
| १ | ७०९५ | ५४५५ | ९६५ | ६८५ | २८९ | ३८६ |
| २ | १३२७ | २४५ | ८१८ | ८०८ | २०५ | ५९ |
| ३ | १६७६ | १५९ | ९७८ | ६५१ | १५० | ३८९ |
| ४ | १३३० | २८७ | ६८९ | ५७८ | २४९ | १०५ |
| ५ | २१६५ | १०६७ | ७३५ | ५६८ | २१७ | १४६ |
| **जम्मा** | **१३५९३** | **७२१३** | **४१८५** | **३२९०** | **१११०** | **१०८५** |

## २.३.२ जनसंख्या र घरधूरीः

कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तयार गर्दाको अवस्थामा गाउंपालिकाको ३२४५ घरधूरीमा जम्मा जनसंख्या १८३९३ रहेको छ । जसमा महिलाको संख्या ८९०४ र पुरुषको संख्या ९४८९ रकेको छ । जम्मा जनसंख्या मध्ये १४२९९ जना कृषि पेशामा संलग्न रहेको अवस्था छ जुन जम्मा जनसंख्याको ७८ प्रतिशत हुन आउंछ । कृषि पेशामा संलग्न पुरुष र महिलाको अवस्था विश्लेषण गर्दा महिलाको संलग्नता ९७ प्रतिशत रहेको छ भने पुरुषको संलग्नता ६० प्रतिशत मात्र रहेको देखिन्छ । वडागत जनसंख्या र घरधूरी सम्वन्धि विवरण तालिका नं.२ मा समावेश गरिएको छ ।

**तालिका नं. २ः वडागत जनसंख्या र घरधूरी विवरणः**

| वडा नं. | जम्मा जनसंख्या | महिला संख्या | पुरुष संख्या | तेस्रो लिङ्गि | कृषि पेशामा संलग्न जनसंख्या | कृषि पेशामा संलग्न महिला संख्या | कृषि पेशामा संलग्न पुरुष संख्या | कृषि पेशामा संलग्न तेस्रो लिङ्गी संख्या | घरधूरी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३८०६ | १८४५ | १९६१ | ० | ३०४४ | १९७९ | १०६५ | ० | ६२२ |
| २ | ४०९६ | १९५८ | २१३८ | ० | ३३८७ | २२२९ | ११५८ | ० | ७६१ |
| ३ | ४८०५ | २३९६ | २४०९ | ० | ३६०४ | २०१८ | १५८६ | ० | ८८५ |
| ४ | २८२६ | १३६८ | १४५८ | ० | २११९ | ११८७ | ९३२ | ० | ४८६ |
| ५ | २८६० | १३३७ | १५२३ | ० | २१४५ | १२०१ | ९४४ | ० | ४९१ |
| **जम्मा** | **१८३९३** | **८९०४** | **९४८९** | **०** | **१४२९९** | **८६१४** | **५६८५** | **०** | **३२४५** |

## २.३.३ शैक्षिक अवस्थाः

गाउंपालिकाका वासिन्दाहरुको शैक्षिक अवस्था विश्लेषण गर्दा औषत ५२ प्रतिशत शिक्षित रहेको देखिन्छ । यसमा ६० बर्ष भन्दा वढी उमेरका वासिन्दाहरुको शिक्षा कम रहेकोले औषत प्रतिशत कम देखिन गएको छ । ६० वर्ष भन्दा कम उमेरलाई विश्लेषण गर्दा औषत ७९ प्रतिशत जनसंख्या शिक्षित रहेका छन् । लैंगिक आधारमा विश्लेषण गर्दा शिक्षितको अवस्था महिला भन्दा पुरुषको प्रतिशत वढी रहेको छ । यस सम्वन्धि विस्तृत विवरण तालिका नं. ३ मा समावेश गरिएको छ ।

**तालिका नं. ३ उमेर समुह अनुसार वडागत शैक्षिक अवस्थाः**

| वडा नं. | १५ वर्ष उमेर सम्मका | | | | १६ वर्ष देखि ६० बर्षउमेर सम्मका | | | | ६० वर्ष भन्दा माथि उमेरका | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षित | | अशिक्षित | | शिक्षित | | अशिक्षित | | शिक्षित | | अशिक्षित | |
| | पुरुष प्रतिशत | महिला प्रतिशत | पुरुष प्रतिशत | महिला प्रतिशत | पुरुष प्रतिशत | महिला प्रतिशत | पुरुष प्रतिशत | महिला प्रतिशत | पुरुष प्रतिशत | महिला प्रतिशत | पुरुष प्रतिशत | महिला प्रतिशत |
| १ | ९५% | ९५% | ५% | ५% | ८०% | ६०% | २०% | ४०% | ५% | १% | ९५% | ९९% |
| २ | १००% | १००% | ०% | ०% | ८०% | ६०% | २०% | ४०% | २०% | १% | ८०% | ९९% |
| ३ | १००% | १००% | ०% | ०% | ७५% | ६०% | २५% | ४०% | १०% | ५% | ९०% | ९५% |
| ४ | १००% | १००% | ०% | ०% | ७५% | ३०% | २५% | ७०% | १०% | ३% | ९०% | ९७% |
| ५ | १००% | १००% | ०% | ०% | ४०% | २५% | ६०% | ७५% | २०% | ५% | ८०% | ९५% |
| **औषत** | **९९%** | **९९%** | **१%** | **१%** | **७०%** | **४७%** | **३०%** | **५३%** | **१३%** | **३%** | **८७%** | **९७%** |

## २.३.४ स्वास्थ्य सेवा::

गाउंपालिका अन्तरगत विभिन्न स्थानहरुमा स्वस्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य चौकी ६ वटा, स्वास्थ्य इकाई केन्द्र ११ वाटा, सामुदायिक स्वास्थ्य केन्द्र २ वटा, निजी स्वस्थ्य क्लिनिक १ वटा र औषधी पसल ४ वटा रहेका छन् । यस सम्वन्धि विस्तृत विवरण तालिका नं. ४ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४ स्वास्थ्य संस्था सम्वन्धि विवरण::**

| स्वास्थ्य सेवा प्रदान गर्ने संस्था | संख्या | क्षमता (सय्या) | थप आवश्यक | आवश्यक परेको वडा |
|---|---|---|---|---|
| स्वास्थ्य चौकी | ६ | १४ | ७ | वडा १ मा २ वटा र वडा २ मा ५ वटा |
| स्वास्थ्य इकाई केन्द्र | ११ | ० | ० | |

| | | | | |
|---|---|---|---|---|
| सामुदायिक स्वास्थ्य केन्द्र | २ | ० | ५ | वडा नं ५ |
| निजी स्वास्थ्य क्लिनिक | १ | ० | ० | |
| औषधी पसल | ४ | ० | ० | |
| जम्मा | २३ | १४ | १२ | |

### २.३.५ विद्युत सेवा एवं सौर्य उर्जा:

गन्यापधुरा गाउंपालिकाका ९५ प्रथिशत घरधूरीमा विद्युतीय उर्जा जडान भएको छ र ३ प्रतिशत घरधूरीहरुमा सोलार सेट जडान भएका छन् । २ प्रतिशत घरधूरीहरु मात्र प्रत्यक्ष विद्युतीय सेवा र सोलार सेट जडान वाट वञ्चित रहेका छन् । यस सम्वन्धि विस्तृत विवरण तालिका नं. ५ मा देखाइएको छ ।

**तालिका नं. ५: विद्युत एवं सौर्य उर्जा प्रयोग सम्वन्धि विवरण::**

| वडा नं. | जम्मा घरधूरी संख्याः | विघुत जडान भएका घरधूरी संख्याः | सोलार सेट जडान भएका घरधूरी संख्याः | सुविधा नपुगेका घरधूरी संख्या | जम्मा |
|---|---|---|---|---|---|
| १ | ६२२ | ६२२ | ५० | ० | ६२२ |
| २ | ७६१ | ७५५ | ६ | | ७६१ |
| ३ | ८८५ | ८८५ | ९ | | ८८५ |
| ४ | ४८६ | ४५२ | ३४ | | ४८६ |
| ५ | ४९१ | ४६१ | ३० | | ४९१ |
| **जम्मा** | **३२४५** | **३१७५** | **१२९** | ० | **३२४५** |
| **प्रतिशत** | | **९७.८** | **३.९८** | | **१००** |

### २.३.६: बनजंगल:

पालिकाको जम्मा क्षेत्रफलको करिव ५३ प्रतिशत क्षेत्रफल वनजंगलले ओगटेको छ भने ८ प्रतिशत चरन ८ प्रतिशत अन्य क्षेत्रले ओगटेको छ । वनजंगल क्षेत्रमा ठूला रुखहरुमा मुख्यतया सल्ला, बांझ, काफल, लालिगुरांस, टुनी, फलाट, सिमल, ओखर, उत्तिस, लप्सी, लाहुरे, च्युरी, कटुंज, साल, अमला, साज, मौवा, वांस, धुपि, दयारो, जामुन, खैर, सानन्, अयर, चाफा, दाल्चिनी जस्ता वनस्पतीहरु रहेका छन् । वनजंगल क्षेत्रमा झाडी वुट्यानका रुपमा टिमुर, अयर, मेल, उत्तिस, हर्रो, सिरमा, तिमिला, टाटे, भिमल, वेल्टो जस्ता वनस्पतीहरु रहेका छन् । डाले घांसको रुपमा भिमल मुख्य वनस्पती रहेको छ ।

२.३.७ मुख्य पेशा:

गाउंपालिकामा वसोवार गर्ने जनसंख्याको ७८ प्रतिशत कृषि पेशामा संलग्न रहेकोले यस गाउंपालिकाको मुख्य पेशा कृषि नै रहेको छ । दोश्रो प्राथमिकताको पेशा मजदुरी, तेश्रो वैदेशिक रोजगार एवं सरकारी तथा गैर सरकारी क्षेत्रमा नोकरी, चौथो व्यापार र पांचौ प्राथमिकताको पेशामा उद्यमी रहेको छ । वडागत पेशाको प्राथमिकता तालिका नं.६ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ६ वडागत अवलम्वन गरेको पेशाको प्राथमिकता क्षेत्र:**

| वडा नं. | प्राथमिकता १ | प्राथमिकता २ | प्राथमिकता ३ | प्राथमिकता ४ | प्राथमिकता ५ | प्राथमिकता ६ |
|---|---|---|---|---|---|---|
| १ | कृषि | मजदुरी | जागिर | व्यापार | उद्धमी | |
| २ | कृषि | बैदेशिक रोजगार | सरकारी जागिर | व्यापार | ज्याला मजदुरी | संघ संस्था मा जागिर |
| ३ | कृषि | ज्याला मजदुरी | बैदेशिक रोजगार | व्यापार | नौकरी | |
| ४ | कृषि | ज्याला मजदुरी | बैदेशिक रोजगार | व्यापार | नौकरी | |
| ५ | कृषि | मजदुरी | नौकरी | व्यापार | उद्ध्यमी | |
| **जम्मा** | कृषि | **मजदुरी** | **वैदेशिक रोजगार, सरकारी तथा अन्य संघ संस्थामा नौकरी** | **व्यापार** | **उद्यमी** | ० |

## २.३.८. भूमिहीन/सुकुम्वासी घरधूरी:

गाउंपालिकामा रहेका ३२४५ घरधूरी मध्ये ९६ घरधूरी भूमिहीन/सुकुम्वासीहरुको रहेको छ, जसमा ७३ घरधूरी दलितहरुको रहेको देखिन्छ । जात जातीअनुसार वडागत भूमिहीन/सुकुम्वासीहरुको विवरण तालिका नं.७ मा समावेश गरिएको छ ।

**तालिका नं.७: वडागत भूमिहीन/सुकुम्वासी घरधूरी: विवरण:**

| वडा नं. | ब्राहमण सुकुम्वासि घर परिवार संख्या | क्षेत्री/ठकुरी सुकुम्वासि घर परिवार संख्या | दलित सुकुम्वासि घर परिवार संख्या | आदिवासी / जनजाती सुकुम्वासि घर परिवार संख्या | राउटे सुकुम्वासि घर परिवार संख्या | ब्राहमण सुकुम्वासि परिवार सदस्य संख्या | क्षेत्री/ठकुरी सुकुम्वासि परिवार सदस्य संख्या | दलित सुकुम्वासि परिवार सदस्य संख्या | आदिवासी / जनजाती सुकुम्वासि परिवार सदस्य संख्या | राउटे सुकुम्वासि परिवार सदस्य संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | ५२ | ३ | | ० | ० | ८ | ८ | |
| २ | ० | ० | ० | ० | | ० | ० | ० | ० | |
| ३ | १० | ० | १० | ० | | ० | ० | ९ | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | १० | ० | १० | ० | | ० | ० | ८ | ० | |
| ५ | | ० | १ | ० | | ० | ० | ८ | ० | |
| **जम्मा** | **२०** | **०** | **७३** | **३** | **०** | **०** | **०** | **३३** | **८** | **०** |

## २.३.९. जग्गाको स्वामित्वः

गउंपालिकामा रहेका घरधूरीहरु संग थोरै क्षेत्रफल भएको जग्गाको स्वमित्व रहेको छ । घरधूरी अनुसार जग्गाको स्वामित्व न्यूनत्म् एक रोपनी भन्दा कम देखि अधिकत्तम १० रोपनी भन्दा माथि सम्म वर्गिकरण गरिएर अध्ययन गरिएको थियो । यस अनुसार करिव १० प्रतिशत घरधूरीहरु संग प्रति घरधूरी १ रोपनि ( ०.०५ हे.) भन्दा कम जग्गा, ३८ प्रतिशत घरधूरी संग प्रति घरधूरी १ रोपनी देखि ५ रोपनी भन्दा कम ( ०.०५ देखि ०.२५ हे. भन्दा कम) जग्गा, ३२ प्रतिशत घरधूरी संग प्रति घरधूरी ५ देखि १० रोपनी सम्म ( ०.२५ देखि ०.५ हे. सम्म) जग्गा र १९ प्रतिशत घरधूरी संग प्रति घरधूरी १० रोपनी (०.५ हे.) भन्दा माथिको जग्गको स्वमित्व रहेको अवस्था पाइन्छ । जग्गाको स्वामित्व सम्वन्धि विस्तृत विवरण तालिका नं. ८ मा समावेस गरिएको छ ।

**तालिका नं. ८ः वडागत जग्गाको स्वमित्व सम्बन्धि विवरणः**

| वडा नं. | एक रोपनी भन्दाकम जग्गा भएका घरधूरी संख्या | १ देखि ५ रोपनी भन्दा कम जग्गा भएका घरधूरी संख्या | ५ देखि १० रोपनी सम्म जग्गा भएका घरधूरी संख्या | १० रोपनी भन्दा माथि जग्गा भएका घरधूरी संख्या | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५६ | २३० | २४० | ९६ | ६२२ |
| २ | ४१ | २७५ | ३०९ | १३६ | ७६१ |
| ३ | १०५ | ४९५ | २३५ | ५० | ८८५ |
| ४ | ४२ | ९२ | १२१ | २३१ | ४८६ |
| ५ | ९५ | १५५ | १३२ | १०९ | ४९१ |
| **जम्मा** | **३३९** | **१२४७** | **१०३७** | **६२२** | **३२४५** |

## २.३.१०. माटो र माटो जांचः

गउंपालिका भित्र विभिन्न भौगोलिक अवस्था अनुसार विभिन्न प्रकारको माटो उपलव्ध रहेको छ । सामान्य गाउंघरको वोलिचालिको भाषमा पालिका भित्र विशेष गरी दोमट, चिम्टाईलो, वलौटे, पांगो, प्रांगारिक र मलिलो किसिमको माटोको उपलव्धता रहेको छ । माटो जांच गर्ने कार्य व्यापक रुपमा नभएकोले वैज्ञानिक भाषामा माटोको वर्गिकरण गरिएको छैन । आ.व. २०७६/७७ मा माटो तथा मल परिक्षण प्रयोगशाला सुन्दरपुर र साझेदार संस्था ईएफआई नेपालको सहकार्यमा मोवाइल भ्यानको माध्यमवाट केहि माटोका नमूनाहरु जांच गरिएका छन् । माटोको किसिम र माटो जांच सम्बन्धि विस्तृत विवरण तालिका नं. ९ मा समावेस गरिएको छ ।

**तालिका नं. ९: वडागत माटोको किसिम र माटो जांच सम्बन्धि विवरण:**

| वडा नं. | माटोको किसिम एवं भौगोलिक अवस्था | माटो परिक्षण गर्ने गरेको छ | माटो परिक्षण गर्ने गरेको छैन |
|---|---|---|---|
| १ | बलौटे, दोमट र चिम्टाइलो | गरेको छ | |
| २ | मलिलो, दोमट र चिम्टाइलो | गरेको छ | |
| ३ | चिम्टाइलो, बलौटे र दोमट | गरेको छ | |
| ४ | बलौटे, दोमट, प्राङ्गारिक र पाङ्गो | गरेको छ | |
| ५ | चिम्टाइलो र दोमट | कहिलेकाहि गर्ने गरेकोछ | |
| **जम्मा** | **दोमट, चिम्टाईलो, बलौटे, पाङ्गो, प्राङ्गारिक र मलिलो** | ० | ० |

## २.३.११. सिंचाईको अवस्था::

गउंपालिकामा खेति गरिएको जग्गाको क्षेत्रफल जम्मा ३२९० हे. रहेको मध्ये जम्मा सिंचित क्षेत्रफल ३९ प्रतिशत रहेको छ, जसमा बर्षभरी सिंचाई हुने क्षेत्रफल २९ प्रतिशत रहेको छ र १० प्रतिशत मात्र सिजनल सिंचाई हुने गरेको क्षेत्रफल रहेको छ । सिंचाईको पानीको मुख्य श्रोत मुहान, खोला, नदी नालाहरु रहेका छन् भने सिंचाईको माध्यम कुलो/नहर रहेको छ । सिंचित क्षेत्रफल सम्वन्धि विस्तृत विवरण तालिका नं. १० मा उपलव्ध गराइएको छ ।

**तालिका न. १०: वडागत सिंचित क्षेत्र सम्बन्धि विवरण:**

| वडा नं. | खेती गरिएको जग्गाको क्षेत्रफल हे. | जम्मा सिंचित क्षेत्रफल हे. | बर्षभरी सिंचाई हुने क्षेत्रफल हे. | सिजनल/मौसमि सिंचाई हुने क्षेत्रफल हे. | आकाशको पानीको भरमा खेती गरिएको क्षेत्रफल हे. |
|---|---|---|---|---|---|
| १ | ६८५ | १९७ | १९७ | ० | ४८८ |
| २ | ८०८ | २४३ | ८१ | १६२ | ५६५ |
| ३ | ६५१ | ३२७ | २०७ | १२० | ३२४ |
| ४ | ५७८ | ४१७ | ४१७ | ० | १६१ |
| ५ | ५६८ | ९० | ३३ | ५७ | ४७८ |
| **जम्मा** | **३२९०** | **१२७४** | **९३५** | **३३९** | **२०१६** |

## २.३.१२. खाद्यान्न उपलव्धता::

कृषकहरुले आफ्नो खेतवारीबाट उत्पादन गरेको खाद्यान्नबाट बर्षभरी खान पुग्ने घरधूरीहरु १८ प्रतिशत मात्र रहेको छ । कृषकको आफ्नो उत्पादनबाट ६ देखि ९ महिना खान पुग्ने २१प्रतिशत घरधूरी रहेका छन् भने ३ देखि ६ महिना र ३ महिना सम्म मात्र खान पुग्ने घरधूरीहरु क्रमश: ३४ प्रतिशत र २७ प्रतिशत

रहेका छन् । यस सम्वन्धि वडागत विस्तृत विवरण तालिका नं. ११ मा उल्लेख गरिएको छ । आफ्नो उत्पादनबाट खान नपुग्ने परिवारहरुले खाद्यान्न आपूर्तिको वैकल्पिक श्रोतको लागि क्रमशः ज्याला मज्दूरी, वैदेशिक रोजगार, व्यापार र नोकरी जस्ता पेशा व्यवसायमा संलग्न हुने गरेका छन् र यिनै पेशा व्यवसायहरु कृषि वाहेकका आम्दानीका वैकल्पिक श्रोतहरु रहेका छन् ।

**तालिका न. ११: खाद्यान्न उपलव्धताको अवस्थाः**

| वडा नं. | जम्मा घरधूरी संख्याः | आफ्नो उत्पादनबाट परिवारलाई खान पुग्ने अवधि | | | |
|---|---|---|---|---|---|
| | | ३ महिना सम्म | ३ देखि ६ महिना सम्म | ६ देखि ९ महिना सम्म | ९ देखि १२ महिना |
| १ | ६२२ | १२२ | २५० | ५० | २०० |
| २ | ७६१ | १९० | १९० | ३०० | ८१ |
| ३ | ८८५ | २६२ | २५६ | १६२ | २०५ |
| ४ | ४८६ | १८५ | १८५ | ७९ | ३७ |
| ५ | ४९१ | १२७ | २०८ | १०५ | ५१ |
| **जम्मा** | **३२४५** | **८८६** | **१०८९** | **६९६** | **५७४** |
| **प्रतिशत** | | **२७.३०** | **३३.५६** | **२१.४५** | **१७.६९** |

## २.३.१३. पशुपंछि पालनः:

गन्यापधुरा गाउंपालिका पशुपालनका लागि धेरै राम्रो सम्भावना भएको पालिकाको रुपमा रहेको छ । राज्यकै लागि र सुदूरपश्चिम प्रदेशका लागि महत्वपूर्ण मानिएको गड्डी जातको भैंसी पालन गरिने क्षेत्रको रुपमा पनि यो गाउंपालिका रहेको छ । यस गाउंपालिका लाई गड्डी जातको भैंसीको श्रोत केन्द्रका रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । यस गाउं पालिका अन्तरगत ठुलठूला फार्मको रुपमा पशुपंछि पालन गरिएको नभएता पनि वाखा पालन र कुखुरा पालनमा सानो स्तरमा भए पनि व्यवसायिक उत्पादन तर्फ उन्मुख भएको छ । समग्र पालिका भरी पालन गरिएका पशुहरुको तथ्यांक विश्लेषण गर्दा पशु तर्फ खसि बाखाको संख्या सवै भन्दा वढी रहेको छ भने दोश्रोमा गाई गोरुको  संख्या र तेश्रोमा भैंसी रांगाको संख्या रहेको पाईन्छ । यसै गरी धेरै थोरै संख्यामा अन्य पशुपंक्षिहरु पालन गरिएका छन् । पशुपंछिको संख्या सम्वन्धि विस्तृत विवरण तालिका नं. १२ मा समावेश गरिएको छ । पंछिहरुमा ब्रोइलर कुखुरा वाहेक अन्य पालन गरिएका पशुहरु प्रायः स्थानीय जातका रहेका छन् । कुखुरा पालन र केहि स्थानहरुमा बाखा पालन गरिने खोरहरु सुधारिएका छन् भने अन्य सवै परम्परागत गोठ खोरमा नै पालन गरिएका छन् । पशु आहाराको हकमा कुखुरा पालनका लागि बजारमा उपलव्ध हुने दाना खुवाउने गरेको छ भने अन्य पशुपंछि पालनमा गाउं घरमा उपलव्ध हुने घांस पराल दान परम्परागत तरिकाले खुवाउने गरिन्छ ।

**तालिका न. १२ः पशुपंछि को किसिम र संख्या :**

| क्र.स | किसिम | संख्या (अनुमानित) | | |
|---|---|---|---|---|
| | | **स्थानीय** | **उन्नत** | **जम्मा** |
| १ | गाई, गोरु | ६७०० | १२० | ६८२० |
| क | भैसी, रांगा | ३२०० | १२३ | ३३२३ |
| ख | वोका, खसी | ३६०० | २३७९१ | २७३९१ |
| ग | सुगर, वगुर | ३०० | २०० | ५०० |
| घ | अन्य | ९०० | ६०० | १५०० |
| **२** | **पंक्षी** | | | |
| क | कुखुरा | ६४०० | ५००० | ११४०० |
| ख | हाँस | २०० | ० | २०० |
| ग | अन्य | १००० | ३०० | १३०० |
| घ | माछा | ५०० | ० | ५०० |

### २.३.१४. दूध उत्पादन र विक्रि वितरण::

पालिका अन्तरगत पालन गरिएका पशुहरुको संख्याको अनुपातमा दूध उत्पादन उत्साहजनक रहेको छैन । दूध उत्पादन जम्मा २८०० लिटर प्रति दिन रहेको छ भने त्यस मध्ये विक्रि गरिने परिमाण प्रति दिन ९३५ लिटर मात्रै रहेको छ । दूध उत्पादन सम्बन्धि विस्तृत विवरण तालिका नं.१३ मा संलग्न गरिएको छ ।

**तालिका न. १३: दूध उत्पादन :र विक्रि वितरण::**

| वडा नं. | दूध उत्पादन लिटर प्रति दिन | दूध विक्रि परिमाण लिटर प्रति दिन | दूध राख्ने भांडा | दूध ढुवानी गर्ने साधन | विक्रि मूल्य रु. प्रति लिटर |
|---|---|---|---|---|---|
| १ | ८०० | ५०० | पारा, बिन्ना, स्टीलका डब्बा | पैदल | ५०.० |
| २ | ५०० | ३०० | पारा बिन्ना स्टीलका डब्बा | पैदल | ५०.० |
| ३ | ५०० | १०० | पारा बिन्ना स्टीलका डब्बा | पैदल | ५०.० |
| ४ | ५०० | २० | स्टिलका डब्बा | पैदल | ५०.० |
| ५ | ५०० | १५ | परम्परागत | पैदल | ५०.० |
| **जम्मा** | **२८००** | **९३५** | | | ५०.० |

### २.३.१५. मलखाद प्रयोगः :

गन्यापधुरा गाउंपालिकाका वहुसंख्यक वासिन्दाहरु कृषि पेषामा आवद्ध भएको हुनाले उनिहरुले सिजन अनुसारका विभिन्न बालीहरु लगाउने गरेका छन् । कृषकहरुले खेती गर्दा बालीको उत्पादन राम्रो लिन विभिन्न उत्पादन सामग्रीहरुको आवश्यकता पर्दछ । ती उत्पादन समग्रीहरु मध्ये मलखाद एउटा महत्वपूर्ण सामग्रीको रुपमा रहेको हुन्छ । मलखादको प्रयोग अवस्था विश्लेषण गर्दा माटोको उर्वराशक्तिको पहिचान नगरी आवश्यकता भन्दा न्यून परिमाणमा प्रयोग भएको देखिन्छ । प्रमुख बालीहरुमा मलखादको किसिम अनुसार प्रयोग परिमाणको आधारमा कम्पोष्ट/गोवर मल सवै भन्दा वढी अदुवा बालीमा प्रति रोपनी ३८०० के.जि. सम्म प्रयोग भएको पाईन्छ । प्रायः सवै बालीहरुमा डि.ए.पी. प्रति रोपनी ३ के.जि.को दरले प्रयोग हुने गरेको छ । यसै गरी यूरिया मलको प्रयोग तरकारी र आलु बालीमा प्रति रोपनी ५ के.जि. र पोटास मल ३ के.जि. सम्म प्रयोग हुने गरेको छ । यस सम्बन्धि विस्तृत विवरण तालिका नं.१४ मा उल्लेख गरिएको छ ।

**तालिका न. १४: विभिन्न बालीहरुमा मलखाद प्रयोग सम्वन्धि विवरण:::**

| बालीहरु | मल खाद प्रयोग के.जि. प्रति रोपनी | | | | | |
|---|---|---|---|---|---|---|
| | कम्पोष्ट वा गोबर मल | डि.ए.पि. | युरिया | पोटास | शुक्ष्म तत्व | बृद्धिवर्धक |
| धान | ९३८ | ३ | २ | ० | ० | ० |
| गहु | १५३० | ३ | ४ | २ | ० | ० |
| मकै | ९०० | ० | ० | ० | ० | ० |
| दलहन | ५७० | ० | ० | ० | ० | ० |
| तेलहन | ४५० | ० | ० | ० | ० | ० |
| तरकारी हिउदे | २००० | ३ | ५ | ३ | ० | ० |
| तरकारी बर्षे | १९०० | ३ | ५ | ३ | ० | ० |
| आलु | २००० | ३ | ५ | ३ | ० | ० |
| फलफूल | १००० | ० | ० | ० | ० | ० |
| अदुवा | ३८०० | ० | ० | ० | ० | ० |
| वेसार | २९०० | ० | ० | ० | ० | ० |

## २.३.१६. गोठे मल र गोठको अवस्था::

कृषकहरुले प्रयोग गर्ने गरेको मलखाद मध्ये गोठे मल नै प्रमुख रहेको छ । गोठेमल तयार गर्दा खुल्ला आकाश मुनि थुपारिएर राखिएको पाईन्छ । यसरी राखिएको मल राम्रो संग नपाकेको अवस्थामानै खेतवारीमा लगे र प्रयोग गरिन्छ । गोठे मल थुपार्ने, कुहाउने, व्यवस्थापन गर्ने तौर तरिकाहरु परम्परागत किसिमको नै रहेको छ । गोठहरु पनि परम्परागत प्रविधिबाट निर्मित छन् । ५ प्रतिशत किसानले मात्र मुत्र संकलन गरी बालीहरुमा प्रयोग गर्ने गरेको पाईन्छ । गड्यौले मलको शुरुवात भएको पाईदैन ।

## २.३.१७. बालीले ढाकेको क्षेत्रफल, उत्पादन र उत्पादकत्व:

गाउंपालिका अन्तरगत लेक वेसी प्रकृतिको भौगोलिक अवस्था रहेकोले सोहि अनुसा बालीहरुको पनि खेतिपाति हुने गर्द छ । पालिका अन्तरगत विभिन्न खाद्यान्न बाली, दलहन बाली, तेलहन बाली, तरकारी, आलु, फलफूल आदिको खेति हुने गरेको छ । क्षेत्रफलको आधारमा  धान, गहुं, तरकारी र आलु प्रमुख बालीको रुपमा खेति गरिने गरेको छ । खेती गरिएका बालीहरुको उत्पादकत्वको अवस्था विश्लेषण गर्दा केहि बालिहरुको राष्ट्रिय एवं सुदूरपश्चिम प्रदेशको औषत उत्पादन भन्दा धैरै न्यून रहेको देखिन्छ । विभिन्न बालीहरुको क्षेत्रफल, उत्पादन र  उत्पादकत्व सम्वन्धि विवरण तालिका नं. १५ मा उल्लेख गरिएको छ ।

**तालिका न. १५:  विभिन्न बालीहरुको क्षेत्रफल, उत्पादन र उत्पादकत्वः**

| बालीहरु | विभन्नि बालीलेढाकेको क्षेत्रफल र उत्पादन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ृतत वात | | | स्थानीय जात | | जम्मा | | | |
| | क्षेत्रपलल हे. | उत्पादन मे.टन. | उत्पादकत व मे.टन | क्षेत्रपलल हे. | उत्पादन मे.टन. | उत्पादकत व मे.टन | जम्मा क्षेत्रफल हे. | जम्मा उत्पादन मे.टन | उत्पादकत व मे.टन |
| धान | ९३५ | ३१२० | ३.३ | ४२५.० | १०९७ | २.५८ | १३६० | ४२१७. | ३.१० |
| गहुं | ८०५.० | २५१५ | ३.१ | २८०.० | ८२०.० | २.९३ | १०८५ | ३३३५.० | ३.०७ |
| मकै | १२ | २५ | २.१ | १५.० | ३९.० | २.६० | २७ | ६४.० | २.३७ |
| कोदो | ०.० | ०.० | ०.० | १७.० | ३३.० | १.९४ | १७ | ३३.० | १.९४ |
| जौं | ०.५ | ०.५ | १.० | ७.५ | ४.९ | ०.६५ | ८ | ५.४ | ०.६८ |
| फांपर | ०.० | ०.० | | १.० | १.० | १.०० | १ | १.० | १.०० |
| कागुने | ०.० | ०.० | | ०.० | ०.० | ०.०० | ० | ०.० | ०.०० |
| लट्टे/ मार्से | ०.० | ०.० | | ०.५ | ०.० | ०.०६ | ०.५ | ०.० | ०.०६ |
| मास | १.५ | १.० | ०.७ | ५.५ | ४.९ | ०.८९ | ७ | ५.९ | ०.८४ |
| भटमास | ५८.५ | ११७ | २ | ८६.५ | १२९.८ | १.५ | १४५ | २४६.८ | १.७ |
| चना | ०.० | ०.० | | १.८ | १.२ | ०.६७ | १.८ | १.२ | ०.६७ |
| मसुरो | २.० | ०.६ | ०.३ | ४.५ | ३.६ | ०.८० | ६.५ | ४.२ | ०.६५ |
| बोडी | ३.० | २.० | ०.६७ | ३.० | ३.० | १.०० | ६ | ५.० | ०.८३ |
| गहत | २.० | ०.६ | ०.३ | ५.४ | २.९ | ०.५४ | ७.४ | ३.५ | ०.४७ |
| ठूलो केराउ | २.३ | ३.१ | १.३५ | १.४ | ३.३ | २.३६ | ३.७ | ६.४ | १.७३ |
| सानो केराउ | ३.० | २.८ | ०.९२ | २.५ | ३.८ | १.५० | ५.५ | ६.५ | १.१८ |
| गुंरुस | १.० | ०.२ | ०.२० | २.३ | १.१ | ०.४८ | ३.३ | १.३ | ०.३९ |
| राज्मा | ०.६ | ३.६ | ६.० | २.० | ०.७ | ०.३५ | २.६ | ४.३ | १.६५ |
| वकुल्ला | ०.० | ०.० | | ०.५ | ०.३ | ०.६० | ०.५ | ०.३ | ०.६० |
| सिमी दाना | १.३ | ८.८ | ६.७७ | १.० | ०.२ | ०.२० | २.३ | ९.० | ३.९१ |
| तोरी | ५.० | ०.५ | ०.१० | ३१.० | ११.९ | ०.३८ | ३६ | १२.४ | ०.३४ |

| बालीहरु | विभन्नि बालीलेढाकेको क्षेत्रफल र उत्पादन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ृत्तत वात | | | स्थानीय जात | | जम्मा | | | |
| | क्षेत्रपलल हे. | उत्पादन मे.टन. | उत्पादकत व मे.टन | क्षेत्रपलल हे. | उत्पादन मे.टन. | उत्पादकत व मे.टन | जम्मा क्षेत्रफल हे. | जम्मा उत्पादन मे.टन | उत्पादकत व मे.टन |
| तील | १.५ | ०.४ | ०.२७ | ७.० | ५.७ | ०.८१ | ८.५ | ६.१ | ०.७२ |
| झुसेतील | ०.० | ०.० | | १.० | ०.० | ०.०३ | १ | ०.० | ०.०३ |
| वदाम | ०.० | ०.० | ०.० | ०.० | ०. | ०.०० | ० | ०.० | ०.०० |
| सूर्यमुखि | ०.० | ०.० | | ०.५ | ०.० | ०.०६ | ०.५ | ०.० | ०.०६ |
| वषें तरकारी | ८६१.४ | ४२४५.६ | ४.९ | ४५६.० | १७८५ | ३.९१ | १३१७.४ | ६०३०.६ | ४.५८ |
| हिउंदे तरकारी | ५५६.० | २७५२.० | ४.९५ | ३२०.५ | १०६१.५ | ३.३१ | ८७६.५ | ३८१३.५ | ४.३५ |
| वसन्ते तरकारी | १०८५.२५ | ४३४१.० | ४.० | ५१०.० | १५३०.० | ३.०० | १५९५.३ | ५८७१. | ३.६८ |
| आलु वर्षे | ०.० | ०.० | ०.० | ०.० | ० | ०.०० | ० | ०.० | ०.०० |
| आलु सरदकालीन | ७३.३ | २८९.५ | ३.९५ | १५.० | ७५ | ५.०० | ८८.३ | ३६४.५ | ४.१३ |
| आलु हिउंदे | ५८९.० | ३४२३.० | ५.८ | २१०.० | १०६० | ५.०५ | ७९९ | ४४८३. | ५.६१ |
| वेसार | १०.० | १२.३ | १.२३ | ५.०० | ७.३ | १.४६ | १५ | १९.६ | १.३१ |
| अदुवा | १८.० | ३५.० | १.९४ | ५.० | ८.० | १.६० | २३ | ४३.० | १.८७ |
| खुर्सानी | ०.० | ०.० | ०.०० | ०.० | ०.० | ०.०० | ० | ०.० | ०.०० |
| प्याज | १७.३ | ५४.३ | ३.१ | ८.५ | २५.० | २.९४ | २५.८ | ७९.३ | ३.०७ |
| लसुन | ८.३ | २३.१ | २.७८ | २.५ | ५.६ | २.२४ | १०.८ | २८.७ | २.६६ |
| धनिया | १२.२ | १६.५ | १.३५ | २.० | २.५ | १.२५ | १४.२ | १९.० | १.३४ |
| मेथी | ०.३ | ०.१ | ०.३३ | ०.० | ०.० | | ०.३ | ०.१ | ०.३३ |
| सखरखण्ड | ०.५ | ०.० | ०.० | २.० | ०.८ | ०.४० | २.५ | ०.८ | ०.३२ |
| पिडालु | १.५ | १.४ | ०.९० | ३.१५ | ३.७ | १.१७ | ४.६५ | ५.१ | १.०९ |
| इस्कुस | ०.५ | ०.० | ०.० | ०.५ | ०.९ | १.८० | १ | ०.९ | ०.९० |
| तरुल | ०.५ | ०.० | ०.० | १.० | ०.५ | ०.५० | १.५ | ०.५ | ०.३३ |
| ऊखु | ०.५ | ०.० | ०.०० | २.५ | १२.० | ४.८० | ३ | १२.० | ४.०० |
| तम्वाखु | ०.५ | ०.० | ०.० | २.० | ०.० | ०.०२ | २.५ | ०.० | ०.०२ |
| बर्षे फललफू | ४४.० | ७९.० | १.८० | ३२.० | ४९.० | १.५३ | ७६ | १२८.० | १.६८ |
| हिउंदे फललफू | ४१.० | ४०.० | ०.९८ | २५.० | १४.० | ०.५६ | ६६ | ५४.० | ०.८२ |

| बालीहरु | विभन्नि बालीलेढाकेको क्षेत्रफल र उत्पादन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ृत्तत वात | | | स्थानीय जात | | जम्मा | | | |
| | क्षेत्रपलल हे. | उत्पादन मे.टन. | उत्पादकत व मे.टन | क्षेत्रपलल हे. | उत्पादन मे.टन. | उत्पादकत व मे.टन | जम्मा क्षेत्रफल हे. | जम्मा उत्पादन मे.टन | उत्पादकत व मे.टन |
| केरा | ४.० | १.७ | ०.४३ | ३.०३ | १.४ | ०.४७ | ७.०३ | ३.१ | ०.४४ |
| अमिलोजात फलफूल | ५२.७५ | ५७.५ | १.०९ | ३२.९ | ६९.५ | २.११ | ८५.६५ | १२७.० | १.४८ |

## २.३.१८. बाली प्रणाली:

पालिका अन्तरगत खेती गरिने बालीहरु बर्षभरीको सिजन अनुसार फरक फर सिजनमा फरका फरका बालीहरु लगाउने प्रचलन रहेको छ। बर्षभरीमा मुख्यतया बाली लगाउने बर्षे, हिउंदे र वसन्ते गरी ३ वटा सिजनमा खेती गर्ने गरिएको छ । बर्षभरी खेती गरिने बालीहरुको प्रणाली सम्बन्धि विस्तृत विवरण तालिका नं. १६ मा उल्लेख गरिएको छ।

**तालिका न. १६: प्रमुख बाली प्रणाली सम्वन्धि विवरण:**

| बर्षे सिजनका बालीहरु | हिउंदे सिजनका बालीहरु | बसन्ते सिजनका बालीहरु |
|---|---|---|
| धान | गहु | |
| धान | गहु | बन्दा |
| कोदो | जौं | |
| कोदो | जौ | काउली |
| कोदो | जौ | आलु |
| भटमास | मसुरो | |
| भटमास | मसुरो/चना | टमाटर |
| भटमास | केराउ | |
| भटमास | तोरी | |
| भटमास | चना | |
| मकै | जौ | |
| मकै | केराउ | भेडे खुर्सानी |
| मकै | जै घांस | कांक्रा |
| बन्दा | केराउ | खुर्सानी |

| बर्षे सिजनका बालीहरु | हिउंदे सिजनका बालीहरु | बसन्ते सिजनका बालीहरु |
|---|---|---|
| काउली | आलु | भन्टा |
| रायो | बन्दा | मुला |
| मुला | काउली | |
| गहत | तोरी | काक्रा |
| गहत | केराउ | |
| मास | खोया | आलु |
| मास | तोरी | |
| गुरुस | चना | धान |

### २.३.१९. मौरी पालनः

पालिका अन्तरगत मौरी पालन पनि एउटा महत्वपूर्ण व्यवसायको रुपमा रहेको छ । मौरी पालनमा सेराना जातको मौरी पालन प्रचलनमा रहेको छ। सेराना जातको मौरी उन्नत घार, मुढे घार र खोपे घार गरी जम्मा ९१२ घार (गोला) पालन गरिएको छ । मौरी पालनमा उन्नत घारको प्रयोग गरिएमा मौरी व्यवस्थापन गर्नमा सहज हुन जान्छ भने प्रति घार मह उत्पादन पनि वढी हुन्छ तर जम्मा मौरी गोला मध्ये ८ प्रतिशत मौरी गोला मात्र उन्नत घारमा पालन गरिएको छ भने अन्य मौरी मुढे घार र खोपे घारमा परम्परागत तरिकाले पालन गरिंदै आएको छ। यसरी पालन गरिएको मौरीबाट औषत २ के.जि. मह प्रति घार प्रति बर्ष उत्पादन हुने गरेको छ। यो उत्पादन राष्ट्रिय औषत उत्पादन भन्दा धेरै न्यून रहेको छ । मौरी पालन गरिने प्रमुख स्थानहरुमा धौलाकोट, भात्कांडा, वापुर, धामी गाउं, रिठा, वाहुन गाउं, मेलमुढा, चम्साल, जिमरोडा, मैलोडा, भेउलाना, तिखातर, सेठी, घुलाना, मालिगाउं, कुचाकोट, जर्मना रहेका छन् । मौरी चरनको रुपमा कोइराल, चिउरी, आंप, तोरी, असुरो आदि बाली वनस्पतीहरु प्रमुख छन् । मौरी पालन र मह उत्पादन सम्बन्धि वडागत विवरण तालिका नं. १७ मा प्रस्तुत गरिएको छ ।

**तालिका न. १७ मौरी घार र मह उत्पादन सम्वन्धि विवरणः**

| वडा नं. | सेराना उन्नत घार संख्या | सेराना उन्नतघारबाट मह उत्पादन के.जि. | सेराना मुढेघार संख्या | सेराना मुढेघारबाट मह उत्पादन के.जि. | सेराना खोपेघार संख्या | सेराना खोपेघारबाट मह उत्पादन के.जि. | कूल जम्मा घार संख्या | कूल जम्मा मह उत्पादन के.जि. |
|---|---|---|---|---|---|---|---|---|
| 1 | २० | ८० | ५५ | ११० | १०७ | १६०.५ | **१८२.०** | **३५०.५** |
| 2 | ५० | १०० | २०० | ४०० | | | **२५०.०** | **५००.०** |
| 3 | | | | | | | **०.०** | **०.०** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 4 | | | | | | | ०.० | ०.० |
| 5 | | | ४८० | ९६० | | | ४८०.० | ९६०.० |
| **जम्मा** | ७०.० | १८०.० | ७३५.० | १४७०.० | १०७.० | १६०.५ | ९१२.० | १८१०.५ |

### २.३.२०. च्याउ खेतीः

यस गाउंपालिकामा च्याउ खेती नयां व्यवसायका रुपमा अगाडी वढी रहेको छ । वर्तमान अवस्थापम गाउंपालिकाको वडा नं. १ मा यसको खेती वढी मात्रामा भई रहेको छ । च्याउ उत्पादनमा केहि अगुवा कृषक तथा उद्यमीहरु व्यवसायिक रुपमा संलग्न रहेको छन् । कैलपाल कृषि नर्सरी, रातो सेतो च्याउ उद्योग, भूमिराज च्याउ फर्म, असिग्राम च्याउ फर्म, कञ्चन च्याउ फर्म, गन्यापधुरा कृषि फर्म, आर एन कृषि तथा नर्सरी उद्योग आदि फर्म तथा उद्यमीहरु च्याउ उत्पादनमा अग्रीणी भूमिका खेलि रहेका छन् । च्याउ उत्पादक हरुले बार्षिक करिव ९०० के.जि. च्याउ उत्पादन गरेर ३५ लाख रकम वरावरको कारोवार गरेको पाइन्छ । च्याउ खेती धेरै मेहनत गरिरहनु नपर्ने, कम परिश्रम आवश्यक पर्ने र जग्गा विहिनहरुले पनि खेती गर्न सकिने व्यवसाय भएकोले पालिकाको लागि नयां व्यवसायिक क्षेत्रको रुपमा विकास गर्न सकिने देखिएको छ ।

### २.३.२१. बाली वस्तुका समस्याहरू

खेती गरिने बालीनालीहरुमा विभिन्न प्रकारका रोग तथा कीराहरुको प्रकोप रहने गरेको देखिन्छ ।ः धान बालीमा गवारो, पतेरो, भट्टे किरा, पात वेरुवा जस्ता किराहरु र खैरो थोप्ले, डढुवा जस्ता रोगहरु देखा पर्ने गरेका छन् । गहुं बालीमा कालोपोके र सिंदुरे रोग देखा पर्ने गरेको छ । मकै बालीमा फेद कटुवा, गवारो, खुम्रे कीरा देखा पर्ने गर्छ भने रोगमा कालिपोके रोग देखा पर्ने गरेको छ । आलु बालीमा फेद कटुवा, रातो कमिला, खुम्रे अदि किराहरु र डढुवा रोग देखा पर्ने गर्द छ । गोलभेंडा बालीमा फलको गवारो कीरा र जरा कुहिने, डांठ कुहिने रोग देखा पर्ने गर्द छ । चना र भण्टा बालीमा गवारो किराको वढी समस्या रहेको छ । लहरे तरकारी र फलफूलमा फल कुहाउने औंसा किराको समस्या रहेको छ । यि समस्याहरुले १५ देखि २० प्रतिशत सम्म उत्पादनमा कमि ल्याउने गरेको छ ।

### २.३.२२. बाली उत्पादन पकेटहरुः

गाउंपालिका अन्तरगत खेती गरिएका बालीहरु मध्ये थप विस्तार गर्न बढी सम्भावना भएका बालीहरुमा भटमास, तरकारी आलु बालीहरु रहेका छन् । मकै, गहुं र धान बालीहरुको पनि केहि थप क्षेत्र विस्तार गर्न सकिने सम्भावना रहेको छ । यस सम्बन्धि विस्तृत विवरण तालिका नं. १८ मा समावेस गरिएको छ ।

**तालिका न. १८ विभिन्न बालीहरुको पकेट क्षेत्र, क्षेत्रफल र विस्तार गर्न सकिने क्षेत्रफल सम्वन्धि विवरणः**

| बालीहरु | वडागत विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | कूल जम्मा |

| बालीहरु | वडागत विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | कूल जम्मा |
| धान पकेट क्षेत्र स्थानहरु | सुप्पाडा, चमथाला, पुन्डया | चम्साल, पारिखेत, पिपलखेत | सकायल, सेल्ताडा | मेड्डी, भट्टाडी, जैसेरा | कोराल, रिठेसेन, तल्खेत | |
| धानको हाल खेति गरिएको क्षेत्रफल हे. | १३५. | ९०. | १५० | ८.५ | ७५ | ४५८.५ |
| धानको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | ५५. | ३५. | ८५. | १५. | २० | २१० |
| गहुं पकेट क्षेत्र स्थानहरु | सेरा, चामिर, वन्तडी | चम्साल, बडाल, रुन्तोला, खतडी | सकायल, सेल्ताडा | रुमाइल, सेल्ताडा | कोराल, सेरा, रेल | |
| गहुको हाल खेति गरिएको क्षेत्रफल हे. | १२५ | ९५ | १३० | ९० | ६३ | ५०३ |
| गहुंको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | ५० | ३५ | ५० | २३ | २६ | १८४ |
| मकै पकेट क्षेत्र स्थानहरु | तिखातर | मालीगाउ, बडाल, सुनारी | गुयल खोला | रुमाइल | रेल | |
| मकैको हाल खेति गरिएको क्षेत्रफल हे. | १.५ | ६.५ | ७ | ७.६ | ८.५ | ३१.१ |
| मकैको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | ०.२५ | १३ | १२ | ८ | ९.५ | ४२.७५ |
| भटमासको पकेट क्षेत्र स्थानहरु | जर्माना | मालीगाउ, बडाल, रुन्तोला | सकायल सेल्ताडा डिल गर्खा | मेड्डी | कापडी गाउ गनेडा ओखलबाटा | |
| भटमासको हाल खेति गरिएको क्षेत्रफल हे. | ३.५ | ८५ | १०५ | १२५ | १३० | ४४९ |
| भटमास थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | १५ | ३० | ४५ | ४७ | ५२ | १८९ |
| मासको पकेट क्षेत्र स्थानहरु | मटेला, सेरा | मालीगाउ,रुन्तोला,कोरगाउ,चम्साल | सकायल सेल्ताडा डिल गर्खा | मेड्डी | कोराल, मोई | |
| मासको हाल खेति गरिएको क्षेत्रफल हे. | ०.७५ | २.५ | ३. | २.५ | २. | १०.८ |
| मासको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | ०.२५ | ३ | ३. | ३. | ३.५ | १२.८ |

| बालीहरु | वडागत विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | कूल जम्मा |
| हिउंदे तरकारी पकेट क्षेत्र स्थानहरु | भात्काडा, धौलाकोट, घुलौना, सेठी गाउ | मालीगाउ, बाहुनगाउं, रिठा, कोरगाउं | सकायल, सेल्ताडा | रुमाइल मेङ्गी | सलकोट, कोराल | |
| हिउंदे तरकारीको हाल खेति गरिएको क्षेत्रफल हे. | ३८.७५ | १८.५ | २७ | ११ | १४.५ | १०९.७५ |
| हिउंदे तरकारीको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | १७.५ | १५ | १८.५ | १० | १२ | ७३ |
| बर्षे तरकारी पकेट क्षेत्र स्थानहरु | भात्काडा, धौलाकोट, घुलौना, लफ्तडा | मालीगाउ, कोरगाउं, डुम्राकोट | सेल्ताडा डिल गर्खा | रुमाइल मेङ्गी | कोराल, मोई, सलकोट, | |
| बर्षे तरकारीको हाल खेति गरिएको क्षेत्रफल हे. | १११.२५ | ५५.७५ | ८५ | २५ | २२ | २९९ |
| बर्षे तरकारीको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | २५ | १५ | २० | ११ | ९ | ८० |
| हिउंदे आलु पकेट क्षेत्र स्थानहरु | होमकाडा, फल्टाणी, हिट्यारि | कोरगाउ, रुन्तोला, पारिखेत | सेल्ताडा डिल गर्खा | रुमाइल | सलकोट | |
| हिउदे आलुको हाल खेति गरिएको क्षेत्रफल हे. | १३० | १३.५ | ६७ | २५.५ | ३२.५ | २६८.५ |
| हिउदे आलुको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | ४५ | २५ | ४९ | ३० | ३७ | १८६ |
| बर्षे आलु पकेट क्षेत्र स्थानहरु | होमकाडा, फल्टाणी, हिट्यारि | कोरगाउ, रुन्तोला, पारिखेत | सेल्ताडा डिल गर्खा | रुमाइल | सलकोट | |
| बर्षे आलुको हाल खेति गरिएको क्षेत्रफल हे. | ३५ | ८.५ | २९ | १४ | १७ | १०३.५ |

| बालीहरु | वडागत विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | कूल जम्मा |
| बर्षे आलुको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | २६ | १२ | २३.५ | ११ | ९ | ८१.५ |
| शरदकालीन आलु पकेट क्षेत्र स्थानहरु | लफ्तडा, बल्तडी, जर्माना | कोरगाउ, रुन्तोला, मालीगाउं | गुयल खेत | रुमाइल, मेड्डी | सलकोट | |
| शरदकालिन आलुको हाल खेति गरिएको क्षेत्रफल हे. | २८.२५ | २० | २६ | १० | ८.५० | ९२.७५ |
| शरदकालीन आलुको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | २.५० | ४ | ९.५० | ६.०० | ८.०० | ३०.०० |
| सुन्तलाको पकेट क्षेत्र स्थानहरु | भात्काडा, धौलाकोट, घुलौना | मैलोड़ा, मालीगाउ, बढुवालुवा | डिल, गर्खा, धामी गाउ | रुमाइल, जैसेरा | रेल, सलकोट | |
| सुन्तलाको हाल खेति गरिएको क्षेत्रफल हे. | १.२५ | २.५ | १ | १ | १ | ६.७५ |
| सुन्तलाको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | १.२५ | १ | १.२५ | १ | १ | ५.५ |
| जुनारको पकेट क्षेत्र स्थानहरु | भात्काडा, धौलाकोट, सुन्न, भेटा | मैलोड़ा, मालीगाउ, सुनारी गाउ | डिल, गर्खा, ग्वान्नी | रुमाइल, जैसेरा | रेल, सलकोट | |
| जुनारको हाल खेति गरिएको क्षेत्रफल हे. | ०.७५ | १.५ | १ | १.२५ | १.५ | ६. |
| जुनारको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | ६ | ३.५ | ४ | ५.२५ | ४.७५ | २३.५ |
| कागतीको पकेट क्षेत्र स्थानहरु | भात्काडा, धौलाकोट, घुलौना, भेटा | मैलोड़ा, मालीगाउ, सुनारी गाउ | धामी गाउ, गौली गाउ | रुमाइल, जैसेरा | रेल, ओखल बाटा | |
| कागतीको हाल खेति गरिएको क्षेत्रफल हे. | ०.५ | ०.५ | ०.७५ | ०.७५ | १ | ३.५ |
| कागतीको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | २.२५ | ३ | १.२५ | २ | २.७५ | ११.२५ |

| बालीहरु | वडागत विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | कूल जम्मा |
| निवुवा/चुकको पकेट क्षेत्र स्थानहरु | भौनी, भात्काडा | मैलोड़ा, मालीगाउ, सुनारी गाउ | चोरेला, सजला | रुमाइल, जैसेरा | मोई, कोराल | |
| निवुवा/चुकको हाल खेति गरिएको क्षेत्रफल हे. | ०.५ | १.४ | १. | १.७५ | २. | ६.६५ |
| निवुवा/चुकको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | २.२५ | ३ | २.५ | २.७५ | ३. | १३.५ |
| आंपको पकेट क्षेत्र स्थानहरु | भाणी, मटेला, धामी | चम्साल कोरगाउ काचुला | सकायल, गौली गाउ | जैसेरा | कोराल | |
| आंपको हाल खेति गरिएको क्षेत्रफल हे. | ०.४ | १ | २ | ०.५ | ०.७५ | ४.६५ |
| आंपको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | २.२५ | ३ | ५ | २. | २.२५ | १४.५ |
| लिचीको पकेट क्षेत्र स्थानहरु | रुवाखोला | चम्साल | सजला, गर्खा | जैसेरा, मेड्डी | कोराल | |
| लिचीको हाल खेति गरिएको क्षेत्रफल हे. | ० | ० | ०.५ | ० | ० | ०.५ |
| लिचीको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | ०.५ | १.२ | २ | ०.२५ | १ | ४.९५ |
| अम्बाको पकेट क्षेत्र स्थानहरु | सुन्त्र, भाणी | चम्साल, कोरगाउ, बाहुनगाउ | गुयल खेत, आरा | मेड्डी | कापडीगाउ | |
| अम्बाको हाल खेति गरिएको क्षेत्रफल हे. | ०.५ | १.८ | ३ | ०.५ | ०.५ | ६.३ |
| अम्बाको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | २. | २.२५ | ५ | १. | १.७५ | १२. |
| ओखरको पकेट क्षेत्र स्थानहरु | भात्काडा, सहुखार्क, हिट्यारि | मालीगाउ, सुतारी गाउ, भुवाकोट | जोगने | जैसेरा माथि, रुमाइल माथि | सलकोट, रेल | |
| ओखरको हाल खेति गरिएको क्षेत्रफल हे. | ३.५ | २.५ | 0.5 | ०.५ | १. | ८. |

| बालीहरु | वडागत विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | कूल जम्मा |
| ओखरको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | ७. | ४ | ०.२५ | ४. | ३. | १८.२५ |
| नासपाती पकेट क्षेत्र स्थानहरु | भात्काडा, सहुखार्क, सुन्त्र गाडा | मालीगाउ, सुतारी गाउ, मैलोड़ा | सजना, डिल | जैसेरा माथि, रुमाइल माथि | सलकोट, रेल | |
| नासपातीको हाल खेति गरिएको क्षेत्रफल हे. | १.२५ | १.५ | ०.५ | १ | ०.५ | ४.७५ |
| नासपाती थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | ५.२५ | ४.२५ | २. | २.२५ | २.५ | १६.२५ |
| आरु पकेट क्षेत्र स्थानहरु | घुलौना, भात्काडा | कुजाकोट, मालीगाउ, सुतारी गाउ | गर्खा | जैसेरा माथि, रुमाइल माथि | सलकोट, रेल | |
| आरुको हाल खेति गरिएको क्षेत्रफल हे. | १.५ | २.८ | ०.५ | १.५ | ०.५ | ६.८ |
| आरुको थप विस्तार गर्न सकिने क्षेत्रफल हे. | ३.५ | ३. | १.७५ | २. | २.२५ | १२.५ |

### २.३.२३. बालीहरुको प्रचलनमा रहेका र लोपोन्मुख स्थानीय जातहरूः

गाउंपालिका अन्तरगत विभिन्न बालीहरुको खेतीपाती गर्ने क्रममा कृषकहरुले धेरै जसो बालीका स्थानीय जातहरु प्रयोग गर्ने गरेको पाईन्छ । धान बालीमा चैनापुर, व्यापचनी, मार्सि, रातो धान, हरियो धान, झुसे, श्याम जिरो, मंसरा, पर्वल, झुण्डि, जौले, परमल, वोगरानी, छोड्डे, सुनौलो जातहरु रहेका छन । यसैगरी गहुं बालीमा दाव्दि, रातो, घरगाउं, सेतो जस्ता स्थानीय जातहरु रहेका छन् । जौं बालीमा ठाणी नामको जात रहेको छ । आलु बालीमा खोड्पेको आलु  र मास बालीमा धौलो मास नामको जातहरु रहेका छन् ।

खेती गरिने स्थानीय जातहरु मध्ये लोप हुने क्रममा रहेका जातहरुमा धान बालीमा बालीमा चैनापुर, व्यापचनी, सुनौल, झुसे धान, मार्सि, वासमति, निमै, जौउले, थापाचिनी, सेउडो, अनदी, रातो धान, सटे जस्ता जातहरु रहेका छन । यसैगरी गहुं बालीमा सेतो, दाव्दि, धौलो गहुं, सुना विकास, घरगाउं जस्ता स्थानीय जातहरु रहेका छन् । मकै बालीमा सेतो मकै, रातो मकै, मुरली मकै, धाने मकै, छमुसे जस्ता जातहरु रहेका छन् । कोदो बालीमा झालरी, मुट्के, तेमास्या, चौमास्या, कालो कोदो नामका स्थानीय जातहरु रहेका छन् । जौं बालीमा घांसे, बड्डी जौं, झुसे जौ, भोटे जौं जस्ता स्थानीय जातहरु रहेका छन्

। आलु बालीमा खोड्पे लोकल, टुल्या आलु रहेका छन । यसैगरी भटमाससमा नैपाले, कालो भट्ट रहेका छन्, बोडीमा गुन्या सोट्टा र टेप्ले सोट्ट रहेका छन् भने मूलामा गन्या चोतो नामका जातहरु रहेका छन् ।

## २.३.२४. कृषि उपजहरुको निकासिको अवस्थाः :

गन्यापधूरा गाउंपालिकाको विभिन्न वडाबाट केही कृषि उपजहरु निकासि हुने गरेको पाईन्छ । बाली सिजन अनुसार निकासि हुने मुख्य बालीको रुपमा ताजा तरकारी, आलु र धान बालीहरु रहेका छन् । निकासी हुने गरेका प्रमुख बालीहरुको विस्तृत विवरण वडागत रुपमा तालिका नं. १९ मा प्रस्तुत गरिएको छ ।

**तालिका न. १९  निकासी हुने गरेको कृषि उपजहरुको विवरण::**

| बलीहरु | वडा नं अनुसार विक्रि भईजाने सामग्रि मरिमाण मे.टन | | | | | |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा |
| आलु | १००० | २८ | ५० | ३५ | ३३ | ११४६ |
| धान | ५० | १० | २५ | | १० | ९५ |
| ताजा तरकारी | २५०० | ३८.६ | २०.५ | १० | १५ | २५८४ |
| अदुवा | ५० | ० | ० | ५ | ०.५ | ५६ |
| बेसार | २. | ०.५ | ० | १ | ०.५ | ४ |
| लसुन | ५.५ | २ | २.५ | ०.५ | ०.५ | ११ |
| खुवा | ३ | ० | ० | ० | ० | ३ |
| दुध | ७ | ३ | २ | २ | ३ | १७ |
| भटमास | २.२५ | १३ | ५. | १६ | १४.२५ | ५१ |
| अमला | ० | ० | ५ | १ | | ६ |
| आँप | ०.२५ | ०.२५ | १० | ० | १ | १२ |
| भुइंरो | ० | ० | ० | ०.२५ | ० | ०.२५ |
| सुन्तला | १ | १.२५ | ०.५ | ६ | ८.५ | १७ |

## २.३.२५. कृषि उपजहरुको आयात अवस्थाः :

गन्यापधूरा गाउंपालिकाको विभिन्न वडाबाट केही कृषि उपजहरु बाली सिजनमा अन्य स्थानहरुमा निकासि भएर जाने गरेको छ भने केही खाद्य सामग्रीहरु वाहिरबाट आयात हुने गरेको पनि रहेको छ । आयात हुने कृषि उपज सामग्रीहरुमा मुख्यतया तेल, गहुं र चामल रहेका छन् । यस सम्बन्धि विस्तृत विवरण तालिका नं. २० मा समावेस गरिएको छ ।

**तालिका न. २०  आयात हुने गरेको कृषि उपजहरुको विवरण::**

| बलीहरु | वडा नं अनुसार खरीद भई आउने सामग्रि मरिमाण मे.टन | | | | | |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | जम्मा |
| गहु | २५ | ५५ | २३ | २८ | १७ | १४८ |
| चामल | ४५ | ८७ | ३८ | ५५ | ४९ | २७४ |
| तेल | ५० | ७० | ८५ | ४५ | ४७ | २९७ |
| आलु | २ | १.५ | २.२५ | २ | १ | ९ |
| ताजा तरकारी | ३ | १.४ | ४ | ३ | २ | १३ |
| सुन्तला | ०.५ | ०.५ | ०.५ | ० | ० | २ |
| केरा | १.५ | १ | १.५ | ०.२५ | ०.२५ | ५ |
| स्याउ | १ | ०.५ | १ | ० | ० | ३ |
| अनार | ०.५ | ० | ०.५ | ० | ० | १ |

**२.३.२६. कृषक समुहः र सहकारी:: :**

कृषि पेषालाई मर्यादित र संगठित रुपमा सशक्त भएर व्यवसाय अगाडी वढाउने उद्धेश्यले केहि स्थानमा कृषकहरु समुहमा आवद्ध भएको पाइन्छ । विगत देखि नेपाल सरकार, साविक कृषि तथा सहकारी मन्त्रालयले कृषि विकासका लागि ग्रमीण स्तरमा कृषि प्रसारको माध्यम समुह पद्धतीलाई अंगिकार गर्दे आएको छ । यसले गर्दा पनि कृषकहरुलाई समुहमा आवद्ध हुन प्रेरित गरेको छ । पालिका अन्तरगत महिला पुरुस कृषकहरु सहभागि भएको मिश्रित कृषक समुहहरुको वाहुल्यता रहेको छ। पालिका अन्तरगत जम्मा ९४६ जना कृषक सदस्यहरु आवद्ध भएको ५४ वटा समुहहरु क्रियाशील रहेका छन् जसमा ५१ वटा मिश्रित समुहहरु छन् । केहि समुहहरु सक्षम हुंदै गएर सहकारी संस्था गठन गरी क्रियासील रहेका छन् । वर्तमान अवस्थामा पालिका अन्तरगत ३०० जना सदस्यहरु संलग्न रहेको १२ वटा मिश्रित सहकारी संस्थाहरु स्थापना भई सन्चालनमा रहेका छन् । कृषक समुह सम्वन्धि विस्तृत विवरण तालिका नं. २१ मा समावेस गरिएको छ ।

**तालिका न. २१ कृषक समुह सम्वन्धि विवरण::**

| कृषक समूह सम्बन्धि विवरण | वडा नं १ | | वडा नं २ | | वडा नं ३ | | वडा नं ४ | | वडा नं ५ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | समुह | सदस्य सं. | समुह | सदस्य सं. | समुह सं. | सदस्य सं. | समुह | सदस्य सं. | समुह सं. | सदस्य सं. | समुह सं. | सदस्य सं. |

| | सं. | | सं. | | | | सं. | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला कृषक समूह | ७ | १७५ | ९ | १९० | १० | २०० | ५ | ११५ | ४ | ७५ | ३५ | ७५५ |
| पुरुष कृषक समूह | ४ | ७५ | २ | ३० | ६ | १०० | २ | ४५ | २ | ४५ | १६ | २९५ |
| मिश्रित कृषक समूह | २२ | २४२ | १७ | २५० | १२ | १८० | २ | ३० | १० | १५० | ६३ | ८५२ |
| दलित कृषक समूह | ४ | ५५ | २ | ३० | २ | ३७ | २ | २० | १ | १८ | ११ | १६० |
| **कूल जम्मा** | ३७ | ५४५ | ३० | ५०० | ३० | ५१७ | ११ | २१० | १७ | २८८ | १२५ | २०६२ |

## २.३.२७. मल बीउको श्रोत एवं मल बीउ विषादी आपुर्ति कर्ता:: :

कृषकहरुलाई खेतिपाति गर्न आवश्यक पर्ने धेरैजसो बीउ घरमा सञ्चित गरेर नै प्रयोग गर्ने गरेको अवस्था छ भने मलखालको हकमा पनि रासायनिक मल भन्दा गोठे मलको वढी प्रयोग गर्ने गरेको देखिन्छ। विशेष गरी तरकारी बालीको र आलुको बीउ अन्य स्थानबाट खरीद गरी ल्याउने प्रचलन रहेको छ। कृषक संग उपलव्ध नभएका आवश्यक पर्ने कृषि सामग्रीहरु पालिका भित्र रहेका वा डडेल्धुन बजारमा रहेका श्रोत केन्द्र एवं आपूर्तिकर्ताहरुबाट खरीद गरी ल्याउने गरिएको पाइन्छ । कृषि सामग्री आपूर्ति गर्ने आपूर्तिकर्ताहरुको विवरण तालिका नं २२ मा समावेश गरिएको छ।

**तालिका न. २२ बीउ मलखाद आपूर्ति गर्ने सहकारी /एग्रोभेटहरुको विवरण::**

| बीउ मल आपूर्ति गर्ने सहकारी/एग्रोभेटहरु को नाम | बीउ मल आपूर्ति गर्ने सहकारी/एग्रोभेटहरु को ठेगाना | बीउ मल आपूर्ति गर्ने सहकारी/एग्रोभेटहरु को सम्पर्क नम्वर |
|---|---|---|
| भागेस्वर एग्रोभेट | भात्काडा | ९८४८७६७३४१ |
| लक्ष्मी एग्रोभेट | बागबजार | ९८४८८२६६०३ |
| साउद एग्रोभेट | बागबजार | ९८५८७५१६७५ |
| असिग्राम एग्रोभेट | बागबजार | |
| युनाइटेड एग्रोभेट | बागबजार | |
| पाण्डे एग्रोभेट | डडेल्धुरा | |

| बीउ मल आपूर्ति गर्ने सहकारी/एग्रोभेटहरु को नाम | बीउ मल आपूर्ति गर्ने सहकारी/एग्रोभेटहरु को ठेगाना | बीउ मल आपूर्ति गर्ने सहकारी/एग्रोभेटहरु को सम्पर्क नम्वर |
|---|---|---|
| अवस्थी एग्रोभेट | डडेल्धुरा | |
| सयपत्री महिला सहकारी संस्था | सेल्ताडा | |

### **२.३.२८. कृषि संग सम्बन्धित निजी फर्म/कम्पनी /प्रा.लि.हरुः :: :**

कृषि क्षेत्रमा व्यवसायिकता विकास र विस्तार गर्न व्यक्ती वा संस्थाहरु उद्यमीको रुपमा अगाडी बढ्नु पर्ने हुन्छ । यसका लागि पालिका अन्तरगत कृषि क्षेत्रको उद्यम विकासका लगि केहि व्यक्ती एवं समुह संस्थाहरु क्रियाशील रहेका छन् । यस्ता कृषि संग सम्बन्धित नीजी फर्म कम्पनी प्रा.ली.हरुको विवरण तालिका नं. २३ मा उल्लेख गरिएको छ ।

**तालिका न. २३ कृषि संग सम्बन्धित निजी फर्म/कम्पनी/प्रा.लि.हरुको विवरण:::**

| क्र.सं | निजी फर्म, कम्पनी, प्रा.लि., उद्योगको नाम | निजी फर्म, कम्पनी, प्रा.लि., उद्योगको ठेगाना | निजी फर्म, कम्पनी, प्रा.लि उद्योगको किसिम | निजी फर्म, कम्पनी, प्रा.लि., उद्योगको प्रोपाईटरको नाम | उद्योगको प्रोपाईटरको सम्पर्क नम्वर |
|---|---|---|---|---|---|
| १ | खडले बाबा सहकारी | | | | |
| २ | महाभारत " | | | | |
| ३ | असिग्राम " | | | | |
| ४ | रुद्रावती " | | | | |
| ५ | असिग्राम बहुउद्देस्यीय | | | | |
| ६ | भागेस्वर एग्रिकल्चर | गन्याधुरा १ | कृषि सम्बन्धि कार्य | प्रसाद दत्त अवस्थी | |
| ७ | रचना कृशि फर्म | गन्याधुरा १ | कृषि सम्बन्धि कार्य | महेश्वरी देवि भट्ट | |
| ८ | गन्यापधुरा कृषि फर्म | गन्यापधुरा - २ | कृषि सम्बन्धि कार्य | हर्क बहादुर देउबा | ९८१२७३६९२२ |
| ९ | सृजना कृषि फर्म | कुजाकोट | फलफुल, तरकारी तथा नर्सरी | संगीता कार्की | |
| १० | आर. एन. कृषि तथा नर्सरी | गणेशपुर | फलफुल, तरकारी तथा | रमेश बहादुर माली | ९८४८७७६८६५ |

| क्र.सं | निजी फर्म, कम्पनी, प्रा.लि., उद्योगको नाम | निजी फर्म, कम्पनी, प्रा.लि., उद्योगको ठेगाना | निजी फर्म, कम्पनी, प्रा.लि उद्योगको किसिम | निजी फर्म, कम्पनी, प्रा.लि., उद्योगको प्रोपाईटरको नाम | उद्योगको प्रोपाईटरको सम्पर्क नम्वर |
|---|---|---|---|---|---|
| | | | नर्सरी | | |
| ११ | जम्मा ३६ वटा निजि फर्म हरु दर्ता भएका छन् | | | | |
| १२ | शेखर मल्टी | ग्वान्नी | कुखुरा, माछा, तरकारी | धन बहादुर शाही | |
| १३ | भागेस्वर | भुयल खेत | भैंसी पालन | हिरा नेगी बोहरा | ९८६५९७३४०७ |
| १४ | देउबा कुखुरा | पौतड़ा | कुखुरा पालन | शेर बहादुर देउबा | ९८४८७६६९७७ |
| १५ | श्री लाटा बाखा | कापडी | बाखा पालन | दीपक देउबा | ९८४८८९३८२३ |
| १६ | दिनेश पोल्ट्री | पौतड़ा | कुखुरा पालन | मिन देउबा | ९८१२६७४०३४ |
| १७ | क्वालिटी प्रेस | खोला | कटिंग | मुकेश बिष्ट | ९८४३५८६१४१ |
| १८ | भुम देउली | देवगाउ | बाखा पालन | पूर्ण बहादुर देउबा | |
| १९ | गोर्खाली पोल्ट्री फर्म | | कुखुरा पालन | लाल बहादुर बोहरा | |
| २० | प्रगति कृषि तथा बाखा फर्म | जैसेरा | बाखा पालन | गौतम पनेरु | ९८६८४९३१३६ |
| २१ | महादेव बाखा फर्म | रुमाइल | बाखा पालन | सहदेव भट्ट | ९८६९८२७७२२ |
| २२ | ललित पोल्ट्री फर्म | कुलेडी | कुखुरा पालन | चक्र गोर्खाली | ९८६८५७३३३७ |
| २३ | कैलपाल तरकारी तथा फलफुल फर्म | मेड्डी | तरकारी र फलफुल खेति | दलजित ऐरी | ९८४८७९६४४३ |
| २४ | राधिका तरकारी तथा फलफुल फर्म | रुमाइल | तरकारी र फलफुल खेति | धनीराम पनेरु | ९८४८९७४३४४ |
| २५ | सावित्री कुखुरा फर्म | मेड्डी | कुखुरा पालन | सावित्री | |
| २६ | सलकोट ब्यबसायिक फर्म | सलकोट | तरकारी | कमल सिंह साउद | ९८४८९८३३६० |
| २७ | बेलु बाखा फर्म | रेल | बाखा पालन | नविन ओझा | ९८००६५८७०० |
| २८ | सलकोट आलु उत्पादन | सलकोट | आलु तथा तरकारी | पार्वती साउद | |
| २९ | आशिस एण्ड सिरिस बाखा फर्म | कोराल | बाखा पालन | कालु सिंह खत्री | ९८४३०४६४४० |

| क्र.सं | निजी फर्म, कम्पनी, प्रा.लि., उद्योगको नाम | निजी फर्म, कम्पनी, प्रा.लि., उद्योगको ठेगाना | निजी फर्म, कम्पनी, प्रा.लि उद्योगको किसिम | निजी फर्म, कम्पनी, प्रा.लि., उद्योगको प्रोपाईटरको नाम | उद्योगको प्रोपाईटरको सम्पर्क नम्वर |
|---|---|---|---|---|---|
| ३० | लाटागन्याप पोल्ट्री फर्म | | कुखुरा पालन | हेम राज ओझा | |
| ३१ | दुर्गा ब्यबसायिक बाख्रा फर्म | | बाख्रा पालन | पार्वती देवी पडाल | ९८४८८३०९६० |

## २.३.२९. व्यवसायिक कृषिमा संलग्न कृषक/कृषि उद्यमी

व्यवसायिक कृषि तर्फ निजी फर्म, कम्पनी, प्रा.लि.हरु संगसंगै व्यक्तिगत कृषकहरु पनि सक्रियरुपमा अगाडी वढी रहेका छन् । कृषि पेशामा व्यवसायिक रुपमा अगाडी वढी रहेका केहि व्यवसायिक कृषकहरुको विवरण तालिका नं. २४ मा उल्लेख गरिएको छ ।

**तालिका न. २४: मुख्य मुख्य व्यवसायिक कृषिमा संलग्न कृषक/कृषि उद्यमीहरुको विवरण:::**

| वडा नं. | कृषि उद्यमीहरुको को नाम | उद्यमीहरुको ठेगाना | उद्यमीहरुको सम्पर्क नं. | उद्यमीहरुले गर्ने गरेको व्यवसाय/उद्यमको नाम |
|---|---|---|---|---|
| १ | प्रसाद दत्त अवस्थी | लक्ताडा | ९८४८९९१५६० | आलु |
| | पदम बहादुर महता | जर्माना | ९८६७७६४६०६ | दुध (डेरी) |
| | पदम अवस्थी | धौलाकोट | ९८४८८०१६८१ | तरकारी |
| | इश्वरी भण्डारी | मेउलाना | ९८४८८५५८७७ | आलु |
| | प्रमानन्द भट्ट | भात्काडा | ९८६८४२२४८६ | आलु बिउ |
| | हर्क बहादुर माली | | ९८४२२०६८६८ | धान, गहु |
| | हरि सिंह दिगाल | सेढ़ी | | धान |
| | हिम राज अवस्थी | धौलाकोट | | अदुवा |
| २ | लोक बहादुर देउबा | रिठा | ९८४८८७०९७० | |
| | मन बहादुर देउबा | रिठा | | |
| | रमा जोशी | बाहुन गाउ | | |
| | कृष्ण दत्त जोशी | बाहुन गाउ | | |

| वडा नं. | कृषि उद्यमीहरुको को नाम | उद्यमीहरुको ठेगाना | उद्यमीहरुको सम्पर्क नं. | उद्यमीहरुले गर्ने गरेको व्यवसाय/उद्यमको नाम |
|---|---|---|---|---|
| | टेक बहादुर बोहरा | रुन्तोला | | |
| | तेज बहादुर माली | माली गाउ | | |
| | पदम बहादुर माली | माली गाउ | | |
| ३ | पूर्ण बहादुर भाट | सकायल | ९८१०७६०११४ | राधा कृष्ण कृषक समुह |
| | शेर बहादुर देउबा | पौतड़ा | ९८१०६८८०४६ | कुखुरा पालन |
| | लाटा बाखा | कापडी | | बाखा पालन |
| ४ | धर्म राज भट्ट | रुमाइल | | तरकारी र फलफुल |
| | चेत राज भट्ट | रुमाइल | | फलफुल |
| | दलजित ऐरी | मेड्डी | | तरकारी |
| | सहदेव भट्ट | रुमाइल | | तरकारी |
| | मिना देवी भट्ट | रुमाइल | | तरकारी |
| | इन्द्र पनेरु | जैसेरा | | तरकारी र फलफुल |
| ५ | कमल सिंह साउद | सलकोट | ९८४८९८३३६० | कृषि, तरकारी |
| | पदम बहादुर भण्डारी | कोराल | ९८४८७१०१७९ | कृषि, तरकारी |
| | राम बहादुर इंगेडी | कोराल | | |
| | शेर बहादुर मल्ल | कोराल | | |

### २.३.३०. प्रमुख बजार:

गउंपालिकाका वासिन्दाहरुका आधारभूत आवस्यक सामग्री खरिद गर्ने तथा सामग्री विक्रि गर्ने केहि बजार केन्द्रहरु स्थापना भएका छन् । यस प्रकारका बजार केन्द्रहरुको विवरण तालिका नं. २५ मा उल्लेख गरिएको छ ।

**तालिका न. २५: वडागत मुख्य बजार केन्द्रहरुको विवरण:**

| वडा नं. | प्रमुख बजारको नाम | बजार रहेको स्थान | बजारमा कारोवार गरिने वस्तुहरु |
|---|---|---|---|
| १ | भात्काडा | भात्काडा | कृषि बस्तु देखि सबै |
| | साहूखर्क | साहूखर्क | कृषि बस्तु तथा अन्य |

| | | | |
|---|---|---|---|
| | सेठी गाउ | सेठी गाउ | किराना र कृषि बस्तु |
| २ | बडाल बजार | बडाल | तरकारी, फेन्सी,चामल,दाल,इस्टेसनरी |
| | गजरौला बजार | गजरौला | चामल, दाल, गहु |
| | रडूवा बजार | रडूवा | फेन्सी, स्टेसनरी, चामल, गहु |
| ३ | डमरकोट बजार | डमरकोट | किराना र कृषि बस्तु सबै |
| | गुयल खेत | गुयल खेत | किराना र कृषि बस्तु सबै |
| | खोड़ा खोला | चम्कोट खोला | किराना र कृषि बस्तु सबै |
| | सेल्तडा बजार | सेल्तडा | |
| ४ | जैसेरा बजार | जैसेरा | किराना कपडा र तरकारी |
| ५ | कोराल बजार | कोराल | किराना |
| | रेल बजार | रेल | किराना तथा अन्य |

## २.३.३१. कृषि हाटबजार एवं संकलन केन्द्रः

पालिका अन्तरगत कृषि उपजहरुलाई ताजा र गुणस्तरीय अवस्थामा सहज विक्रि वितरण गर्नका लागि कृषि हाटबजार एवं कृषि संकलन केन्द्रहरुको अहम भूमिका रहेको हुन्छ । गन्यापधुरा गाउंपालिका अन्तरगत कृषि संकलन केन्द्र स्थापना र विस्तार गर्ने पक्षमा केहि प्रयासहरु भएका छन् । वर्तमानमा सञ्चालनमा रहेका कृषि संकलन केन्द्रको विवरण तालिका नं. २६ मा उल्लेख गरिएको छ ।

**तालिका न. २६: कृषि उपज संकलन केन्द्र हाटबजारहरुको विवरण:**

| वडा नं. | संकलन केन्द/ हाटबजारको नाम | संकलन केन्द/ हाटबजार रहेको स्थान | सम्पर्क व्यक्ती | सम्पर्क व्यक्तीको सम्पर्क नं. | संकलन केन्द/ हाटबजारको किसिम |
|---|---|---|---|---|---|
| १ | भात्काडा | गन्यापधुरा - १ | प्रसाद अवस्थी | ९८४८९९१५६० | कृषि उपज संकलन केन्द्र |
| १ | साहूखर्क | गन्यापधुरा - १ | कर्ण बहादुर देउबा | | कृषि उपज संकलन केन्द्र |
| १ | साहूखर्क | गन्यापधुरा - १ | खड्ग महता | | कृषि उपज संकलन केन्द्र |

## २.३.३२. कृषि क्षेत्रका सहयोगी संस्थाहरु::

कृषि क्षेत्रको विकासका लागि गाउंपालिकाको आफ्नो कार्यक्रम र जनशक्तिको साथसाथै अन्य सहयोगि सरकारी तथा राष्ट्रिय/अन्तरराष्ट्रिय/स्थानीय संघ संस्था निकायहरु उपलव्ध रहेका छन् । यस पालिकालाई सहयोग गर्न उपलव्ध रहेका संघ संस्थाहरुको विवरण तालिका नं. २७ मा समावेस गरिएको छ ।

**तालिका न. २७: कृषिमा सहयोग गर्ने संस्थाहरुको विवरण:**

| क्र.सं. | कार्यालय/संस्थाको नाम | कार्यालय/संस्था रहेको स्थान | कार्यालय/ संस्थाको कार्य प्रकृति/विधि | कार्यालय/संस्थाको कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | कृषि ज्ञान केन्द्र | डडेल्धुरा | तरकारी खेति | डडेल्धुरा र डोटी |
| २ | पशु तथा भेटनरी अस्पताल | डडेल्धुरा | पशु मा | डडेल्धुरा र डोटी |
| ३ | प्रधानमन्त्री आधुनिकीकरण परियोजना | डडेल्धुरा | आलु | डडेल्धुरा |
| ४ | गन्यापधुरा कृषि शाखा | गन्यापधुरा | तरकारी, आलु | गन्यापधुरा गा. पा. |
| ५ | गन्यापधुरा पशु साखा | गन्यापधुरा | पशुपालन | " |
| ६ | कृषि निर्देशनालय | दिपायल | | सु. प. पुरे |
| ७ | बाली संरक्षण | कंचनपुर | | " |
| ८ | IDES | डडेल्धुरा | कृषि, पशु | मालीगाउ,कोरगाउ,कुजाकोट,चम्साल |
| ९ | RVWRMP | " | कृषि | कोरगाउ,चम्साल, दमुवा |
| १० | किसान परियोजना | " | कृषि सम्बन्धि | कोरगाउ,कुजाकोट, रिठा |
| ११ | निरपाल बचत तथा ऋण सहकारी | गन्यापधुर-४, जैसेरा | कृषि कार्यमा | गन्यापधुरा गा. पा. |

## २.३.३३. कृषिमा आधारित प्रशोधन उद्योग:::

कृषि उपजहरु उत्पादन पश्चात उपभोग योग्य वनाउन प्रशोधन उद्योग आवश्यक रहेको हुन्छ । यस गाउंपालिका अन्तरगत पनि केहि प्रशोधन उद्योगहरु रहेका छन्, जसको विस्तृत विवरण तालिका नं २८ मा उल्लेख भए अनुसार रहेका छन् ।

**तालिका न. २८ कृषि उपज प्रशोधन उद्योग वा कुटानी, पेलानी, पिसानी उद्योगहरुको विवरण:**

| वडा नं. | कुटानी, पिसानी, पेलानिका साधन | संख्या | मिलहरु/घट्टहरुको नाम |
|---|---|---|---|
| १ | मिल | ३ | निरपाल फ्लोर मिल, मष्टा कुटानी गोर्खाली कुटानी पिसानी मिल |
| २ | घट्ट | ४ | जानकी मिल रेलगाड जलविद्युत मिल |

| | | | |
|---|---|---|---|
| ३ | ढिकी | १ | भट्ट फ्लोर मिल |
| ४ | ओखल | ५ | बोहरा फ्लोरधामी फ्लोरदानी फ्लोर |
| ५ | जितारा | ३ | हेमन्त फ्लोर |

## २.३.३४. श्रोत केन्द्र एवं नर्सरी::

गाउंपालिका अन्तरगत आवश्यक पर्ने फलफूल लगायतका वोट विरुवाहरु उपलव्ध गराउने नर्सरीहरु उपलव्ध रहेका छन् । उपलव्ध रहेका नर्सरीहरुको स्तर वृद्धि एवं आवश्यकता अनुसार नयां नर्सरी स्थापना गर्न सकिएमा गुणस्तरीय वोट विरुवा उपलव्ध हुन गई फलफूलको उत्पादन र उत्पादकत्वम वृद्धि हुन जाने देखिन्छ । वर्तमान अवस्थामा उपलव्ध रहेका नर्सरीहरु र तिनिहरुले उपलव्ध गराउने वोट विरुवाहरुको विस्तृत विवरण अनुसूची २९ मा समावेश गरिएको छ ।

**तालिका न. २९ नर्सरीहरुको विवरण:**

| नर्सरी भए नर्सरीको नाम | प्राप्त हुने बोट विरुवाहरुको नाम |
|---|---|
| कैलपाल कृषि नर्सरी | सुन्तला, किवी, कालिमिर्चा, ओखर, लप्सी, चन्दन, रुद्राक्ष्य, बास इत्यादी |
| कन्चन जडिबुटी नर्सरी | रिठा, दालचिनी |
| मटेला कृषक नर्सरी | कागती, चुक, अमला, मौसम, आम |
| भागेस्वर नर्सरी | कागती, रिठा |
| जानकी नर्सरी | स्याउ, आरु, |
| गन्यापधुरा कृषि फर्म | सुन्तला, ओखर, कागती, अनार, बकैनो, इपिल इपिल, कोइराल इत्यादी |
| सृजना कृषि फर्म | सुन्तल, मौसम, अमिलो, कागती |
| RN कृषि तथा नर्सरी उद्योग | सुन्तला, ओखर, कागती |

## २.३.३५. धार्मिक तथा पर्यटकीय स्थल:::

गाउंपालिकाका वसिन्दाहरु सवै धार्मिक प्रवृतिका रहेका छन् । विभिन्न मठ मन्दिरमा तिथी पर्व अनुसार पूजाआजा गर्ने प्रचलन परापूर्वकाल देखि चलि आएको छ र यो परम्परा हाल सम्म पनि चलि रहेको छ । पालिका अन्तरगत विभिन्न देवस्थलहरु छन् र ती स्थानहरुमा विभिन्न तिथि पर्वमा पूजाआजा गर्ने एवं मेला लाग्ने गरेको छ । यी स्थानहरुको संरक्षण सम्वर्द्धन गर्दे गुणस्तरी स्वस्थकर स्थानीय कृषि उपजहरुमा व्यापकता ल्याई कृषि पर्यटनको प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ । धार्मिक स्थानहरु र मेला लाग्ने समय सम्वन्धि विवरण तालिका नं. ३० मा प्रस्तुत गरिएको छ ।

**तालिका न. ३०: धार्मिक तथा पर्यटकीय स्थलहरुःको विवरणः**

| स्थानको नाम | स्थानको ठेगाना | स्थानको विशेषता | स्थानमा चाड/पर्व/मेला लाग्ने वा दृश्यावलोकन गर्ने समय |
|---|---|---|---|
| असिग्राम मन्दिर | असिउ | असिउ बाबा को मन्दिर | भाद्र शुक्ल चतुर्दशी, कार्तिक शुक्ल चतुर्दशी |
| शिखर | शिखर | सिलामा सर्पको चित्र | भाद्र चतुर्दशी |
| खडेली बाबा | अलेगड़ा | पुराना संरचना | |
| भागेस्वर बाबा मन्दिर | धौलाकोट | राम्रा गाडा भएको | भाद्र शुक्ल चतुर्दशी, कार्तिक शुक्ल चतुर्दशी |
| नङरि ताल | कोरगाउ, गणेशपुर | ताल | असोज |
| गन्याप लेक शिखर | गणेशपुर | शिखर गात | भदौ |
| लाटा गन्याप मन्दिर | बडाल | चौलो | कार्तिक |
| भागेस्वर मन्दिर | बडाल | प्राकृतिक सौन्दर्य | फाल्गुण |
| मस्टा मेला | धामी गाउ | मेला | असोज-कार्तिक |
| लाटा बंडालि | डिल | मेला | कार्तिक-मङ्सिर |
| देवल | गौली गाउ | | |
| कुलाऊ मन्दिर | मस्टामांडू | | |
| आजित बाबा | गर्खा | | |
| शिखर धुरा (गन्याप ताल) | शिखर | सर्पको मुर्ति | भाद्र शुक्ल चतुर्दशी |
| कैलपाल मन्दिर | जैसेरा | देउता पुजिन्छन | कार्तिक षष्ठी |
| लतामांडू | रुमाइल | | दशैं र बैसाख १ गते |
| मस्टा मन्दिर | कुलेडी | | |
| गन्याप ताल | गन्यापधुरा-५ | प्राकृतिक सौन्दर्य | बैशाख, जेष्ठ |
| चौवामांडू | गन्यापधुरा-५ | | कार्तिक शुक्ल चतुर्दशी |
| मास्टामांडू | गन्यापधुरा-५ | | कार्तिक शुक्ल चौथी |
| दुर्गा मन्दिर | गन्यापधुरा-५ | | कार्तिक शुक्ल चतुर्दशी |
| गन्यापमांडू | गन्यापधुरा-५ | | |
| निरपाल | गन्यापधुरा-५ | | |
| गन्याप लाटामांडू | गन्यापधुरा-५ | | |

### २.३.३६. बैदेशिक रोजगार::

रोजगारीको क्रममा यसगाउंपालिकाबाट करिव ३६०५ जना युवाहरु वैदेशिक रोजगारका लागि विदेशिएका छन् । जसमा २८६६ जना पुरुष रहेका छन् भने ७४७ जना महिला रहेका छन् । वैदेशिक रोजगारको लागि विदेशिने संख्या देशको आधारमा सवै भन्दा वढी भारतमा जाने गरेको छ भने दोश्रोमा मलेसियामा जाने गरेको देखिन्छ । गाउंपालिकाको वडागत तथ्यांकको आधारमा वडा नं. ३ वाट सवैभन्दा वढी १२६७ जना युवाहरु विदेशिएका छन भने वडा नं १ बाट ६३१ जना, वडा नं. २ बाट ६६५ जना, वडा नं. ४ बाट ४७७ जना र वडा नं. ५ बाट ४९७ जना युवा वैदेसिक रोजगारका लागि विदेशमा गएको देखिन्छ । यि विदेशिएको युवा जमात लाई रोजगारी दिन सके गाउंपालिकाको, जिल्लाको र राष्ट्रकै आर्थिक वृद्धिदरमा वृद्धि हुन जाने देखिन्छ । वैदेशिक रोजगारीमा विदेशिएका युवाहरु सम्वन्धि विवरण तालिका नं. ३१ मा समावेस गरिएको छ ।

**तालिका न. ३१: वैदेशिक रोजगारमा गएका युवाहरु सम्वन्धि  विवरण:**

| देशको नाम | पुरुष सं | महिला | जम्मा |
|---|---|---|---|
| भारत | २५०० | ७३० | ३२३० |
| मलेसिया | २०२ | ३ | २०५ |
| कतार | ३३ | २ | ३५ |
| साउदी | ९ | १ | १० |
| दुबई | ७२ | ५ | ७७ |
| कुवेत | ४ | ० | ४ |
| कोरिया | ६ | ० | ६ |
| न्युजिल्यान्ड | ५ | ४ | ९ |
| अस्ट्रेलिया | ६ | २ | ८ |
| अमेरिका | २ | ० | २ |
| हंगकंग | १ | ० | १ |
| जर्मन | ८ | ० | ८ |
| जापान | १० | ० | १० |
| चीन | ८ | ० | |
| जम्मा | २८६६ | ७४७ | ३६०५ |

### २.३.३७. कृषि संग सम्बन्धित समस्या, समस्या समाधान र जिम्मेवारी:

गउंमालिकाको वडा स्तरमा सञ्चालित गोष्ठिबाट औंल्याइएका कृषि संग सम्वन्धित विद्यमान समस्याहरु र समाधानका उपायहरु तालिका नं. ३२ मा उल्लेख गरे अनुसार रहेका छन् ।

**तालिका न. ३२: कृषि संग सम्वन्धित समस्या, समस्या समाधानका उपायहरु:**

| खेतिपाति गर्दा भोगेका समस्याहरु | समस्या समाधानका उपायहरु | समस्या समाधानका लागि जिम्मेवार व्यक्ति/संस्था |
|---|---|---|
| उन्नत जात को बिउ को कमि | उन्नत जातको बिउ उपलब्ध गराउने | गाउपालिका, कृषि ज्ञान केन्द्र |
| बजारको समस्या | बजार ब्यबस्थापन | गाउपालिका, वडा, बजार व्यवस्थापन समिति |
| छाडा पशु | छाडा पशुको उचित ब्यबस्थापन, पशु खुल्ला नछोड्ने, खेत बारी घेरवार गर्ने | गाउपालिका र स्थानीय व्यक्तिहरु |
| जंगली जनावर | खेत बारीको घेर बार गर्ने | गाउ पालिका |
| जमिनको चाक्लाबन्दि नहुनु | | |
| सिंचाईको अभाव | सिंचाई को व्यवस्था गर्ने पानी संकलन प्लाष्टिक पोखरी लिफ्ट सिंचाई | गाउपालिका, खानेपानी,कृषि कार्यालय |
| चरन क्षेत्र को अभाव | बृक्षारोपण गर्ने, बारीमा डालेघांस लगाउने | बन बिभाग, कृषि कार्यालय |
| उन्नत प्रबिधि | | |
| माटो परिक्षण | | |
| रसायनिक मल को अभाव | | |
| सडक को अभाव | | |

### २.३.३८. वृहत्तर रुपमा विस्तार गर्न सम्भावना भएका बाली:

गउंमालिकाको वडा स्तरमा सञ्चालित गोष्ठिबाट औंल्याइएका वृहत्तर रुपमा खेती विस्तार गर्न सकिने बालीहरुमा भटमास, आलु, तरकारी, गहुं, धान, अमिलोजात फलफूल, हिउंदे फलफूल, ओखर, अदुवा, मसला बाली, बेसार, किवी, टिमुर जडिवुटी आदि रहेका छन् ।

### २.३.३९. कृषि विकासका लागि गरिनु पर्ने कार्य:

गउंमालिकाको वडा स्तरमा सञ्चालित गोष्ठिबाट कृषि विकासका लागि औंल्याइएका नगरी नहुने कार्यहरु वडागत रुपमा तालिका नं. ३३ मा उल्लेख गरिए अनुसार रहेको छ ।

**तालिका न. ३३: कृषि विकासका लागि गरिनु पर्ने कार्यहरुको विवरण:**

| वडा नं. | कृषि विकासका लागि नगरी नहुने कार्यहरु |
|---|---|
| १ | कृषि फर्मले बार्षिक योजना तर्जुमा गरेर कार्य गर्ने |
| | स्वच्छ र उन्नत बिउ |
| | सिंचाई |
| | यान्त्रिक औजार |
| | प्राबिधिक सहयोग |
| २ | घेरबार |
| | संकलन केन्द्र |
| | सिंचाई |
| | ढुवानी सेवा |
| ३ | लिफ्ट सिंचाई |
| | कृषि तालिमको आवस्यकता |
| | प्लास्टिक घर |
| | प्राबिधिक सहयोग |
| | उन्नत बिउ |
| ४ | सिंचाई |
| | उन्नत बिउ |
| | रोग किरा ब्यबस्थापन |
| | छाडा गाईगोरु नियन्त्रण |
| ५ | सिंचाई को व्यवस्था |
| | आर्थिक सहयोग |
| | जनचेतना |

| वडा नं. | कृषि विकासका लागि नगरी नहुने कार्यहरु |
|---|---|
| | प्राबिधिक तालिम |
| | उन्नत बिउ बिजन |

## २.३.४०. कृषि विकासका सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतीहरुः

वडा स्तर गोष्ठिका सहभागिहरुले गाउंपालिकाको कृषि क्षेत्रका सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतीहरु विश्लेषण गर्ने कार्य गरेका थिए । गोष्ठिबाट निकालिएको निचोड तालिका नं. ३४ मा समावेश गरिएको छ ।

**तालिका न. ३४: कृषि विकासका वडागत सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतीहरु::**

| विश्लेषण गरिएका पक्षहरु | वडा नम्बर अनुसारको अवस्था | | | | |
|---|---|---|---|---|---|
| | **वड नं. १** | **वड नं. २** | **वड नं. ३** | **वड नं. ४** | **वड नं. ५** |
| **सवल पक्षहरु** | १.रोजगारीका अवसरहरु सृजना भएको २. नर्सरी भएकोले वोट विरुवा वडामानै सजिलै उपलव्ध हुने गरेको ३. तरकारीको राम्रो सम्भावन उत्पादन हुने गरेको ४. आलु खेती राम्रो हुने गरेको ५. फलफूल खेती राम्रो हुने गरेको | १.अदुवा खेती राम्रो हुने २.तरकारीको राम्रो उव्जनी ३.आलु राम्रो हुने ४.पसल सञ्चालन गरेर व्यवसाय गर्न सकिन्छ | १.सकायलमा धान, गहुं खेती राम्रो हुने २.यातायातको राम्रो सुविधा ३.भौगोलिक विविधता ४.तरकारी, फलफूल, मसला सवैको राम्रो उतपादन ५.पशु पालनको लागि उपयुक्त वडा रहेको | १.कृषक समुह गठन भएका छन् २.धानको लागि उर्वर भूमी ३.भटमासको खेती राम्रो हुने ४.अमलाको राम्रो उत्पादन | १.भटमासको खेती राम्रो रहेको र अझै राम्रो वनाउन सकिन्छ । २.कृषि र पशुपालनमा कृषकहरुको वाहुल्यता ३.अमलाको व्यवसायिक उत्पादन गर्न सकिने ४.कृषिको व्यपक सम्भावना भएको |
| **सुधार गर्नु पर्ने पक्षहरु** | १. कृषि अनुदान सहि पहिचान गरेर | १.सिंचाईको व्यवस्था गर्नु पर्छ | १.खेर गई रहेको नदीनालाको | १.रोग किरा पहिचान गरेर निर्मुल गर्ने | १.सिंचाईमा सुधार गर्नु पर्ने २.घेर बार |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुदान दिने<br>२. छाडा पशु र जंगली पशु नियन्त्रणको लागि घेरबार लगाउनु पर्ने<br>३. सिंचाईको लागि बर्षे पानी संकलन, लिफ्ट सिंचाई, वोरिंग, नहर कुलो निर्माण गर्नु पर्ने<br>४. उन्नत बीउ, मलखाद व्यवस्थापन, माटो परिक्षण र तालिम प्रदान गर्ने विषयमा ध्यान दिनु पर्ने | २.घेर बार लगाउनु पर्छ<br>३.राम्रो बीउ - तरकारी आदि) उपलब्ध गराउनु पर्छ | पानी सदुपयोग गर्नु पर्ने<br>२.सिंचाईको कमजोर अवस्थालाई सुधार गर्नु पर्ने<br>३.काम गर्ने युवा विदेश पलायन हुंदै गएकोलाई रोक्नु पर्ने<br>४.आधुनिक औजार उपकरणहरु उपलब्ध गराउने<br>५.बालीको रोग किरा नियन्तरण गर्नु पर्ने<br>६.डाले घांस र चरन क्षेत्रको व्यवस्था | २.सिंचाईमा सुधार गर्नु पर्ने<br>३.कृषक समूह हरुलाई सक्रिय गराउनु पर्ने | लगाउने<br>३.उन्नत जातको बीउ विजन उपलब्ध हुने अवस्था कायम राख्ने<br>४.कृषि पशुपालन सम्वन्धि किसान लाई तालिम प्रदान गर्नु पर्ने |
| **अवसरहरु** | १.तरकारी खेतीको राम्रो सम्भावना<br>२. बजार र मूल्य निर्धारण गरेर संकलन केन्द्र तोक्न सकिने<br>३. भात्कांडामा बोरिंगको व्यवस्था गर्न सकिने<br>४.माटो परिक्षण गरेर किसानका लागि नयां | १.तरकारीको राम्रो सम्भावन<br>२.फलफूल खेती व्यवस्थित गर्न सकिने<br>३.साना व्यपार व्यवसायको राम्रो सम्भावना | १.धान, गहुंको पकेट जोन वनाउन सकिने<br>२.आधुनिक कृषि औजार सजिलै ल्याउन सकिने<br>३.अनुदान वढाएर विदेशिने युवालाई रोक्न सकिन्छ<br>४.गोठ सुधार भकारो सुधारबाट गुणस्तरीय मल | १.भटमास खेतीको थप विकास गर्न सकिन्छ<br>२.अमला निर्यात गर्न सकिने<br>३.अदुवा र वेसारको खेती राम्रो हुने | १.भटमास खेतीलाई प्रोत्साहन<br>२.कृषकको वाहुल्यता भएको र कृषि व्यवसाय गर्न ईच्छुक<br>३.एक किसान एक बालीको अवधारण कार्यान्वयन गर्न सकिने |

| | | | | | |
|---|---|---|---|---|---|
| | अवसर सिर्जना गर्न सकिने | | वनाउन सकिने | | |
| **चुनौतीहरु** | १.भौगोलिक विकटता<br>२.रोगको पहिचान समयमा नहुनु<br>३.माटो परिक्षणको अभाव<br>४.ढुवानीमा समस्या | १.भौगोलिक विकटता<br>२.बलीमा रोग किराहरुले क्षति गर्नु<br>३.घेर बार किसानले आफै गर्न नसक्नु | १.सिंचाईको अभाव<br>२.युवा जनशक्तिको विदेश पलायन<br>३.रोग किराबाट बालीमा क्षती<br>४.पशु चरी चरनको क्षेत्र नहुनु | १.सिंचाईको अभाव<br>२.छाडा गाई गोरु रहनु<br>३.जंगली जनावर नियन्त्र गर्न नसक्नु<br>४.भौगोलिक विकटता<br>५.रोग किराबाट बाली मा क्षती | १.सिंचाईको अभाव<br>२.छाडा गाई गोरु र जंगली जनावरबाट बाली नोक्शान हुनु |

**२.४.सोच, सिद्धान्त तथा रणनीतिहरू**

प्रथम आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको समष्टिगत प्रगतिको स्थिति उपलब्ध विषयगत सूचना तथा विवरणको आधारमा आगामि आर्थिक वर्षहरुमा समीक्षा गरिने छ । यस क्रममा योजनाको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, गाउँपालिका कृषि विकासका रणनीतिहरू, गाउँपालिका कृषि विकासको विषयगत लक्ष्य उद्देश्य, प्रतिफल तथा कार्यक्रम र स्रोत परिचालनको स्थितिको विश्लेषण गरिएको छ । प्रथम आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनामा गाउँपालिका कृषि विकासको दीर्घकालिन दृष्टिकोण, निर्देशक सिद्धान्त, लक्ष्य तथा उद्देश्यहरू गाउँपालिकाका कृषि विकासका सरोकारवालाहरू (जनप्रतिनिधि,राजनीतिक दल, नागरिक समाज, विषयगत शाखा, गैरसरकारी संघसंस्थाहरु, महिला, जेष्ठ नागरिक ,कृषक, शिक्षक, स्वास्थ्यकर्मि सँगको छलफलको निचोडका आधारमा आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना दस्तावेज तयार गरिएको छ र यस लाई समयानुकूल परिमार्जन गर्दै लैजानु पर्ने हुन्छ । कतिपय सूचकहरू गाउँपालिकास्तरमा मापन गर्न सकिने खालको नभएको कारण विवरण उपलब्ध हुन नसकेको अवस्थामा सोही अनुसार उपलब्धीहरूको विश्लेषण गरिएको छ । गाउँपालिका विकास समष्टिगत अवस्था देहायअनुसार रहेको छ :

| प्रमुख अवयव | आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाः | हालको अवस्था |
|---|---|---|
| दीर्घकालिन सोच | कृषि आधारित उद्योग स्थापना विकासको आधार, समग्र पालिकाको दिगो विकास र स्वरोजगार ।<br><br>वातावरण मैत्रि व्यवसायिक कृषि समुन्नत समाज,<br><br>गरिबी निवारणको सशक्त आधार | आ.व. २०७६।०७७ मा निर्माण भई २०७७।०७८ देखि कार्यान्वय हुने |
| निर्देशक सिद्धान्त | • दिगो एवम् आत्म निर्भरमुखी कृषि विकास<br>• कृषि<br>• पशुपंछि | निर्देशक सिद्धान्तहरु समय सापेक्ष ठीक भए पनि भविष्यमा समयानुकूल परिमार्जन गर्नुपर्ने,नवीनतम अवधारणाहरू जस्तै वातावरणमैत्री, विपद् |

| | | |
|---|---|---|
| | ● सिचाई<br>● उद्यम विकास<br>● वातावरणीय संरक्षण<br>● पेशागत सहभागितामा समानता<br>● सामाजिक न्याय<br>● गरिवी निवारण तथा रोजगारी<br>● संस्थागत विकास र समन्वय<br>● मानव संशाधन विकास<br>● स्रोत व्यवस्थापन<br>● सुशासन,पारदर्शिता तथा जवाफदेहिता<br>● समुन्नत र सुखि कृषक परिवार | उत्थानशीलता, पारदर्शिता र जवाफदेहिता, भूउपयोग प्रणालीमा आधारित कृषि विकास र साना लघु तथा घरेलु उद्योगहरुलाई अवधिक योजनमा समावेश गरिएको, योजनाको वार्षिक समिक्षा गर्दै पुनरावलोकन गर्दै लैजानु पर्ने |
| गाउँपालिका कृषि विकासका रणनीतिहरू | ● अधिकारसम्पन्न स्थानीय तह सरकार र जनमुखी विकासको अवधारणालाई मूर्तरूप दिनका लागि कार्यक्रमहरू सञ्चालन गर्दा कृषकहरुलाई केन्द्रविन्दुको रूपमा राखी सञ्चालन गरिनेछ ।<br>● सहभागितात्मक विकासको अवधारणा अनुरुपको प्रकृया अबलम्बन गरी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रकृयामा विकाससँग आवद्ध सम्पूर्ण सरकारी र गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रबीच समन्वय कायम गरी कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>● स्थानीय प्राकृतिक स्रोत, साधन तथा सीपको परिचालन गरी स्वावलम्वी आत्मनिर्भरतामुखी दिगो कृषि विकास र वातावरण संरक्षणमा जोड दिइनेछ ।<br>● सबै समुदायबीच सद्भाव कायम राख्दै कृषिमा व्यवसायिकरण गर्न, कृषि संग सम्वन्धित उद्योग स्थापना गर्न आवश्यक पर्ने विकासका नयां अवसरहरू सिर्जना गरिनेछ ।<br>● कृषि क्षेत्रको विकासका लागि आर्थिक लगानीको आवश्यक प्राथमिकता अनुसार न्यायोचित वितरण गरी सन्तुलन कायम गरिनेछ ।<br>● कृषि विकासका प्राथमिकताका योजनाहरु अघि बढाउन संघिय सरकार, प्रदेश सरकार र विभिन्न सरकारी गैर सरकारी संघसंस्थाहरु सँगको समन्वयलाई प्राथमिकता दिइ कार्यक्रमहरू पहिचान र कार्यान्वयन गरिनेछ ।<br>● गाउँपालिकाको कृषि विकास एवं उद्यम विकास प्रकृयालाई अगाडि बढाउने सन्दर्भमा गाउँपालिकाको भूमिकालाई क्रमश: कार्यान्वयनकर्ताको रुपबाट सहजकर्ता र समन्वयकर्ताको रुपमा परिणत गर्दै लगिनेछ ।<br>● योजना तथा कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्दा समानताको दृष्टिकोण अबलम्बन गरिनेछ ।<br>● कृषि क्षेत्रमा उद्यम विकास गरी स्वरोजगार सृजना गर्न आवश्यकता अनुसार निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । | ● आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाले लिएका रणनीतिहरू कार्यान्वयनमा विशेष जोड दिनुपर्ने<br>● आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाले लिएका रणनीतिहरू कार्यान्वयन भइरहेको वा नभइरहेको स्थिति पहिचान गर्न समय समयमा समीक्षा गर्नुपर्ने<br>● गाउँपालिकाको विशेषता र विकासका अग्रणी क्षेत्र र संभावना अनुसार गाउँपालिकाले कृषि विकासका कार्यक्रमहरु प्राथमिकता निर्धारण गरी समावेशी, दीगो, वातावरणमैत्री उत्पादनमूलक, न्यायपूर्ण, जलवायुपरिवर्तन तथा अनुकुलन उत्थानसिलता र विपद् उत्थानशिलता जस्ता समसामयिक अवधारणा तथा आयाम सम्मिलित कृषि विकासमा जोड् दिनु पर्ने र गाउँपालिकाको निति तथा कार्यक्रममा समावेश गर्नु पर्ने । |

| | | |
|---|---|---|
| | ● गैरसरकारी र निजी क्षेत्रसँग साझेदारी र सहकार्य गरिनेछ । | |

**२.५. लक्ष्य तथा सूचकहरू**

प्रथम आवधिका गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाले कृषि क्षेत्रमा परम्परागतरुमा सञ्चालन हुंदै आएको कृषि पेशालाई क्रमशः आधुनिकिकरण गर्दै मर्यादित पेशाको रुपमा विकास गर्दे लैजाने तथा व्यवसायिक उत्पादनमा जोड दिंदै कृषि क्षेत्रमा उद्यम विकासबाट स्वरोजगार प्रदान गर्दै समुन्नत र सुखि कृषक परिवार सृजना गरी गरिबी न्यूनीकरण गर्ने लक्ष्य लिएको छ । गाउँपालिका कृषि विकासको यो लक्ष्य मापनका लागि खेती गरिएको क्षेत्रफल, खेति गरिएका बालीहरुको क्षेत्रफल र उत्पादन, उत्पादकत्व वृद्धि, उद्यमको संख्या, सिंचित क्षेत्रफल, कृषि उपज निकासिको परिमाण, आधुनिक औजार उपकरणको प्रयोग, उन्नत बीउ मलखादको खपत, उन्नत पशु पंछिको नश्लहरुको विस्तार, गोठ खोर तथा भकारो, पोशिलो पशु आहाराको प्रयोग, पशु स्वस्थ्य, कृषि संकलन केन्द्रको संख्या, कृषकहरुको सशक्तिकरण एवं संस्थागत विकास विस्तार जस्ता सबै सूचकहरुमा प्रगति हासिल भएको देखिने छ । आवधिक रणनीतिक योजना अवधिमा तल उल्लेखित बाली वस्तुहरुमा प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने छन् ।

| योजनाको सारांश | सुचक र ईकाई | आधार वर्ष | लक्ष | आगामि पाँच वर्षमा देखिने उपलब्धि |
|---|---|---|---|---|
| धन बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भई पकेटको रुपमा विकास भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | १३६० | १५७० | हाल खेति गरिएको क्षे.फ.मा २१० हे. थप वृद्धि हुने । |
| | उत्पादकत्व प्रति हे. मे.टन | ३.१ | ४ | हालको उत्पादकत्वमा ०.९ मे.टनले वृद्धि हुने । |
| गहुं बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | १०८५ | १२७० | हाल खेति गरिएको क्षे.फ.मा १८५ हे. थप वृद्धि हुने । |
| | उत्पादकत्व प्रति हे. मे.टन | ३ | ३.५ | हालको उत्पादकत्वमा ०.५ मे.टनले वृद्धि हुने । |
| मकै बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | २७ | ७९ | हाल खेति गरिएको क्षे.फ.मा ४२ हे. थप वृद्धि हुने । |
| | उत्पादकत्व प्रति हे. मे.टन | २.३ | ३ | हालको उत्पादकत्वमा ०.७ मे.टनले वृद्धि हुने । |
| आलु बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भइ पकेटको रुपमा विकास भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | ८८७ | ११८४ | हाल खेति गरिएको क्षे.फ.मा २९७ हे. थप वृद्धि हुने । |
| | उत्पादकत्व प्रति हे. मे.टन | ५.५ | १२ | हालको उत्पादकत्वमा ६.५ मे.टनले वृद्धि हुने । |
| भटमास बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भई पकेटको रुपमा विकास भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | १४५ | ३३४ | हाल खेति गरिएको क्षे.फ.मा १८९ हे. थप वृद्धि हुने । |
| | उत्पादकत्व प्रति हे. मे.टन | १.७ | २.० | हालको उत्पादकत्वमा ०.३ मे.टनले वृद्धि हुने । |
| तरकारी बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको | क्षेत्रफल हे. | ३७८९ | ३९४२ | हाल खेति गरिएको क्षे.फ.मा १५३ हे. थप |

| योजनाको सारांश | सुचक र ईकाई | आधार वर्ष | लक्ष | आगामि पाँच वर्षमा देखिने उपलब्धि |
|---|---|---|---|---|
| हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | | | | वृद्धि हुने । |
| | उत्पादकत्व प्रति हे. मे.टन | ४.१५ | १०.० | हालको उत्पादकत्वमा ५.८५ मे.टनले वृद्धि हुने । |
| सुन्तला जात फलफूलको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | ८५ | १२५ | हाल खेति गरिएको क्षे.फ.मा ४० हे. थप वृद्धि हुने । |
| | उत्पादकत्व प्रति हे. मे.टन | १.५ | ८.० | हालको उत्पादकत्वमा ६.५ मे.टनले वृद्धि हुने । |
| हिउंदे फलफूलको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | ६६ | ११२ | हाल खेति गरिएको क्षे.फ.मा ४६ हे. थप वृद्धि हुने । |
| | उत्पादकत्व प्रति हे. मे.टन | ०.८ | ६.० | हालको उत्पादकत्वमा ५.२ मे.टनले वृद्धि हुने । |
| बर्षे फलफूल (आंप, लिची अम्वा) फलफूलको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | ७६ | १०६ | हाल खेति गरिएको क्षे.फ.मा ३० हे. थप वृद्धि हुने । |
| | उत्पादकत्व प्रति हे. मे.टन | १.७ | ८.० | हालको उत्पादकत्वमा ६.३ मे.टनले वृद्धि हुने । |
| अदुवाको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | २३ | ५० | हाल खेति गरिएको क्षे.फ.मा २७ हे. थप वृद्धि हुने । |
| | उत्पादकत्व प्रति हे. मे.टन | १.९ | ८ | हालको उत्पादकत्वमा ६.१ मे.टनले वृद्धि हुने । |
| वेसारको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | १५ | ३० | हाल खेति गरिएको क्षे.फ.मा १५ हे. थप वृद्धि हुने । |
| | उत्पादकत्व प्रति हे. मे.टन | १.३ | ६ | हालको उत्पादकत्वमा ४.७ मे.टनले वृद्धि हुने । |
| मौरी पालनको क्षेत्र विस्तार भई उन्नत मौरी घारको प्रयोगमा वृद्धि भएको हुने छ भने प्रति घार महको उत्पादकत्व पनि बृद्धि भएको हुने छ । | उन्नत मौरी घार संख्या गोटा | ७० | ९०० | हालको घार संख्यामा ८३० वटा थप वृद्धि हुने । |
| | उत्पादकत्व प्रति घार के.जि. | ४ | ८ | हालको उत्पादकत्वमा ४ के.जि. प्रति घार बृद्धि हुने |
| च्याउ खेती गर्ने कृषकहरु थप हुंदै जाने र हालका उत्पादकहरुले पनि क्षमता विस्तर गरी च्याउको उत्पादन परिमाणमा बृद्धि भएको हुने छ । | च्याउ उत्पादन मे.टन | ९ | २० | हालको च्याउ उत्पादनमा ११ मे.टन थप वृद्धि हुने । |
| किवी खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | १५ | २५ | हाल खेति गरिएको क्षे.फ.मा १० हे. थप वृद्धि हुने । |
| पुष्प खेती फाटफुट रुपमा छरिएर रहेको अवस्थामा भएकोले यसलाई व्यवसायिक रुपमा अगाडी वढाउने क्रममा खेती गरिएको क्षेत्र विस्तार भएको हुनेछ | क्षेत्रफल हे. | ० | ५ | नयां व्यवसायका रुपमा ५ हे. क्षे.फ.मा खेती विस्तार हुने छ । |
| गोठे मलको उचित व्यवस्थापन गर्न भकारो तथा गोठसुधारको कार्यक्रमबाट सुधारीएका गोठहरुको संख्यामा वृद्धि भएको हुने छ । | गोठ संख्या | ० | ३२४५ | ३२४५ सवै घरधूरीमा गोठ तथा भकारो सुधार भएको हुने । |

| योजनाको सारांश | सुचक र ईकाई | आधार वर्ष | लक्ष | आगामि पाँच वर्षमा देखिने उपलव्धि |
|---|---|---|---|---|
| माटो जांच नगरी खेती गर्ने प्रचलन निरुत्साहित हुन गई माटो जांचको नमूना एवं माटो जांच गराउने कृषक संख्यामा वृद्धि भएको हुने छ । | माटो जांच नमूना संख्या | ५०० | ५००० | हाल जांच भएको मा ४८०० नमूना थप परिक्षढा हुने । |
| खाद्यान्न बालीको बीउ उत्पादनबाट उन्नत जातको बीउको आवश्यकता अनुसारको परिमाणमा उपलव्ध भएको हुनेछ भने उद्यम विकास (सामुदायिक बीउ बैंक) भएको हुने छ । | क्षेत्रफल हे. | ० | २० | बीउ उत्पादनको क्षे.फ. २० हे वृद्धि हुने छ । |
| | उत्पादन मे.टन | ० | ६० | प्रत्येक बर्ष प्रति हे. ३ मे.टनको दरले आन्तरिक रुपमा श्रोत बीउ उपलव्ध हुने छ । |
| तरकारी बालीको बीउ उत्पादनबाट उन्नत जातको बीउको आवश्यकता अनुसारको परिमाणमा उपलव्ध भएको हुनेछ भने उद्यम विकास भई बीउ निकासी भएको हुने छ । | क्षेत्रफल हे. | ० | ५ | तरकारीको बीउ उत्पादन ५ हे. वृद्धि हुने छ । |
| | उत्पादन मे.टन | ० | ०.५ | तरकारीको बीउ ०.५ मे.टन वृद्धि हुने । |
| कृषि उपजहरुको बजारीकरणका लागि कृषि उपज संकलन केन्द्र स्थापन | संकलन केन्द्र संख्या | ३ | ९ | कृषि उपज संकलन केन्द्र ६ वट थप हुने |
| बाली विरुवाका रोग किरा व्यवस्थापन तथा उन्नत उत्पादन प्रविधिहरु सामुहिकरुपमा कृषकहरुलाई हस्तानतरण गरिएको हुने छ र स्वस्थ्य बाली उत्पादन गर्नका लागि बाली वस्तु विशेष अनुसारको कृषक पाठशालाको संख्यामा वृद्धि भएको हुने छ साथै यस्ता तालिम प्राप्त कृषकहरुको संख्यामा पनि वृद्धि भएको हुने छ । | कृषक पाठशाला सं. | २४ | ५० | हालको भन्दा २६ वटा कृषक पाठशाला वृद्धि हुने |
| | सहभागि सं. | ६०० | १२५० | हालको मा ६५० जना थप तालिम प्राप्त कृषक तयार हुने छन् । |
| भैसी पालन व्यवसाय लाई व्यवसायिकरुपमा वढाउन गड्डी जातको भैंसीको संख्यामा वृद्धि भएको हुने छ र गड्डी भैंसीको श्रोत केन्द्र स्थापना भएको हुने छ । | संख्या | ३०८ | ४९३ | हालको मा १८५ वटा गड्डी भैंसीको संख्या थप भएको हुनेछ । |
| बाखापालन व्यवसायिकरुपमा अगाडी वढाईने छ र खरी जातका वाखा पालनमा जोड दिंदै हालको बाखापालनको संख्यामा वृद्धि भएको हुने छ भने खरी वाखाको श्रोत केन्द्र स्थापना भएको हुने छ । | संख्या | २७३९१ | ४८४४२ | हालको भन्दा २१०५१ वटा संख्याले वढी खसि बाखा पालन गरिएको हुनेछ । |
| स्थानीय जातको कुखुरा पालनको लागि व्यवस्थित खोरको संख्यामा वृद्धि हुन गई कुखुराको संख्यामा वृद्धि भएको हुने छ । | संख्या | ३५८२ | ७०८५ | हालको भन्दा ३५०३ वटा संख्याले वढी स्थानीय कुखुरा पालन गरिएको हुनेछ । |
| ब्रोइलर पालन गर्ने कृषकहरुको संख्या, व्यवस्थित खोर संख्या र कुखुराको उत्पादन वृद्धि भएको हुने छ । | संख्या | ८६५० | १६५०० | हालको भन्दा ७८५० वटा संख्याले वढी ब्रोइलर कुखुरा पालन गरिएको हुनेछ । |
| गाई, भैंसीहरुको नस्ल सुधार गरी उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान गरिएका पशुहरुको संख्या वृद्धि भएको हुने छ। | कृत्रिम गर्भाधान संख्या | १५० | ३०० | हालको भन्दा १५० वटाले वृद्धि भएको हुनेछ । |
| भ्याक्शिनेसनको माध्यमबाट रोग नियन्त्रण गर्नुका साथै जुनोटिक रोगहरुका बारेमा स्कुल प्रसार शिक्षा नीति अवलम्वन गरिनेछ । साथै उन्नत नस्लका पशुहरुमा खोरेत, पि.पि.आर. भ्यागुते र चरचरे रोग विरुद्ध भ्याक्सीन लगाई खोपयुक्त पशुपालन गराइनेछ । | संख्या | १५०० | ४८९३५ | हालको भन्दा ४७४३५ वटा वढी पशुहरु खोपयुक्त हुने छन् । |
| आधुनिक सुरक्षित एवं स्वास्थ्य मैत्रि वधसाला तथा मासु पसलहरु सञ्चालन भएका हुने छन् । | आवश्यकता अनुसार | | | हाल सञ्चालनमा रहेका वधशाला तथा मासु पसलहरु सुधारिएका हुने |

| योजनाको सारांश | सुचक र ईकाई | आधार वर्ष | लक्ष | आगामि पाँच वर्षमा देखिने उपलब्धि |
|---|---|---|---|---|
| | | | | छन् । |
| कृषकहरुको क्षमता अभिवृद्धि भई तालिम प्राप्त कृषकहरुको संख्या वृद्धि भएको हुने छ । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| बर्षभरी सिंचाई हुने क्षेत्रफलमा विस्तार भएको हुने छ । | प्रतिशत | २९ | ५० | हालको भन्दा ३१ प्रतिशतले सिंचित क्षेत्रफल वृद्धि भएको हुने छ । |
| कृषि क्षेत्रमा आकस्मिक रुपमा देखा परेका रोग किराहरु समयमै व्यवस्थापन भएको हुने छ । | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| उत्पादन क्षेत्र घेरबारबाट छाडा पशु र जंगली जनावरबाट हुने क्षती घटन गई संरक्षण गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ । | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| कृषकहरुलाई घर दैलोमा कृषि र पशु सेवा सम्वन्धि प्राविधिक सेवा उपलब्ध गराउन एक वडा एक प्राविधिकको व्यवस्था अवलम्वन भएको हुने छ । | संख्या | ४ | १० | हालकोमा ६ जना प्राविधिक जनशक्ति थप भएको हुने छ । |
| कृषक समुह संस्था सुदृढिकरण हुंदै गएको हुने छ र कृषकहरुको योगदान एवं प्रतिफलमा आधारित पुरष्कार तथा प्रोत्साहन प्रदान गरिदै लगिने छ । | आवश्यकता अनुसार | | | |
| विभिन्न अध्ययन परिक्षण/प्रदर्शन संचालन भएको हुने छ । | आवश्यकता अनुसार | | | |
| माछा पालनको अध्ययन परिक्षण गरिदै लगिने छ । | आवश्यकता अनुसार | | | |
| कफि, चिया उत्पादनको लागि अन्तरपालिका एवं अन्तर जिल्ला संग समन्वय गरि सम्भाव्यताका आधारमा आवश्यक अध्ययन परिक्षण गरिने छ । | आवश्यकता अनुसार | | | |
| गाउँपालिकावासीले सेवा र सुविधा प्रभावकारी, निष्पक्ष, पारदर्शी एवम् उत्तरदायी रूपमा प्राप्त भएको महसुस गरेका हुनेछन् । | | | | सुधारोन्मुख |
| जैविक विविधताको संरक्षण र सम्वर्द्धन भएको हुनेछ । | | | | निरन्तर |

### २.६. कृषि विकासका बलियो पक्ष, कमजोर पक्ष, उपलव्ध अवसर र चुनौतीहरुः

गाउँपालिकाको कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक आवधिक योजनाको मुख्य आधार भनेको जनस्तरबाट महशुस गरिएका विकासका विभिन्न क्षेत्रहरुमा देखिएका सबल पक्षहरु जसले योजना कार्यान्वयमा खेल्ने भूमिका तथा यसमा देखिएका कमजोरीहरुलाई न्यूनीकरण गर्दै समस्याहरुलाई समग्र विश्लेषण गरेर विकासका निम्ति गर्न सकिने संभावनाहरुलाई यथोचित सम्बोधन गर्नु हो । आवधिक कृषि विकास योजना तर्जुमाकाको क्रममा विभिन्न कार्यशाला गोष्ठीबाट प्राप्त, स्थानीय समुदायका वुद्धिजीविहरु तथा अन्य सरोकारवालाहरुबाट प्रस्तुत भएका विकासका सबल पक्ष, कमजोरीहरु र समग्र समस्या तथा अवसरहरुलाई सार संक्षेपमा देहायका उपशीर्षकहरु अर्न्तगत  प्रस्त गरिएको छ ।

#### २.६.१. कृषि विकासका लागि बलियो पक्ष (सवल) र उपलब्ध अवसरहरुः

प्रथम आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाका प्रमुख सबल पक्षहरू निम्नानुसार प्रस्तुत गरिएकोछ :

- गन्यापधुरा गाउँपालिकामा निर्माण भएका कच्ची सडकको सिधा सम्पर्क अत्तरिया डडेल्धुरा राजमार्ग संग र डडेल्धुरा डोटी राजमार्ग सँग जोडिदै जिल्ला सदरमुकाम डडेल्धुरा संग रहेको छ। सडक सन्जालका माध्यम वाट डोटी, डडेल्धुरा र धनगढी संग यस्को सिधा सम्पर्क जोडिएको छ।
- भौगोलिक रुपले बसोबासका लागि स्वच्छ पहाडी हावापानी रहेको छ।
- पर्यटकीय पूर्वाधारहरुको रुपमा गन्याप धुरा, भागेश्वर मन्दिर, अशिग्राम मन्दिर, गन्यापताल लगायतका दुई दर्जन भन्दा वढी मठ मन्दिरहरु र डडेल्धुराको उग्रतारा मन्दिर एवं डोटीको शैलेश्वरी मन्दिरको प्रवेश द्वार, मनोरम देखिने हिम श्रृखंला, जंगल  तथा अन्य धार्मिक एवंम पुरातात्विक महत्वका मठमन्दिर रहेका छन्।
- गाउँपालिकाको विभिन्न वडाहरुमा प्राकृतिक स्रोतको रुपमा वनजंगल, चुनढुङ्गा, जाँतो लगायत अन्य घरायसि समान वनाउने ढुंगा, अमला, खोटो, जडीबुटी प्रचुरमात्रामा पाईन्छ।
- भटमास, तरकारी, आलु, आँप, अम्वा, नस्पाती, ओखर विभिन्न मसला वाली लगायत अमिलो प्रजातिको फलफूल खेति राम्रो उत्पादन हुने गरेको छ र पर्याप्त सम्भावना रहेको छ।
- उव्जाउसिल फाँट र जमिन भएको हुँदा धान, गहुँ, मकै, दलहन, तेलहन लगायत अन्य वालिको उत्पादन वृद्धि गर्न सकिने सम्भावना रहेको छ।
- पर्याप्त जलाधार भएको हुँदा खानेपानी, सिचाई व्यवस्थापन र माछापालन व्यवसाय संचालन गर्न सकिने सम्भावना रहेको छ।
- छिमेकी जिल्लाहरु, जिल्ला सदरमुकाम र अन्य ग्रामिण वजारहरु सँग सडक सन्जाल जोडिएको हुँदा तरकारी तथा पशुजन्य उत्पादनहरु सजिलै विक्रिवितरण गर्न सकिने अवस्था रहेको छ।
- मौरी पालन व्यबसायको लागि भौगोलिक रुपमा राम्रो वातावरण रहेको छ।
- संञ्चार क्षेत्रको लागि हुलाक सेवाको व्यवस्था, विभिन्न एफएमका टावरहरुको स्थापना तथा टेलिफोन टावर स्थापना भएको छ।
- गन्यापधुरा गाउँपालिका राष्ट्रिय प्रसारणलाईनको बिद्यूत सेवाले जोडिएका छ।
- स्थानीय समुदाय समूहमा आवद्ध भई लघु वित्त तथा सहकारीताको अभ्यास प्रवर्द्धन भएको छ साथै वैंकिग सुविधा उपलव्ध भएको छ।
- गाउँपालिकाका सार्वजनिक संरचना निर्माणको लागि प्रर्याप्त जमिन उपलब्ध हुन सक्ने सम्भावना भएको ।
- गाउँपालिकाको विभिन्न  गैह्सरकारी संस्थाहरुसँग  समन्वय स्थापना भएको छ।
- विभिन्न संघसंस्थाले सञ्चालन गरेको सामाजिक परिचालन र क्षमताविकासको कारण सामुदायिक विकास कार्यक्रमहरुमा महिलाको सहभागिता जुट्ने गरेको छ।
- वित्तिय समूह, सामुदायिक संस्था तथा सहकारीहरु स्थापना तथा सञ्चालन भएका छन् । जसमार्फत साना स्तरमा सुलभ तरिकाले बचत तथा ऋृण प्रवाहको सेवा उपलब्ध हुने गरेको छ।
- विगतमा स्थानीय निकायवाट गरिएको अभ्यास र स्थानीय सरकार संचालन ऐन २०७४ र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४ अनुसार योजना तर्जुमा गरिएको हुँदा आवधिक कृषि विकास रणनैतिक योजनाको संरचनागत गुणस्तर कायम भएको छ।
- योजना तर्जुमा प्रक्रियामा सहभागितामूलक विधि अवलम्बन गरिएको हुँदा सरोकारवालाको चाहना, अपेक्षा प्रतिविम्बित भएको छ।

- गाउँपालिको कृषि क्षेत्रको विकासमा वर्तमान समय र परिवेशमा महत्वपूर्ण देखिएका सबै पक्ष तथा विषयहरूलाई समेटिएको छ ।
- गाउँपालिको कृषि संग सम्वन्धित वस्तुस्थिती विश्लेषण तथा समाजिक स्रोतनक्साहरूलाई आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनामा समेटिएको छ।
- तथ्याङ्क तथा सूचनाको आधारमा योजना तर्जुमा गर्ने प्रयास भएका छ ।
- नतिजामूलक योजना खाका (योजना सोच तालिका/Logframe) मा योजना तयार गरिएको छ।
- गाउँपालिको कृषि विकासको समष्टिगत लक्ष्य, उद्देश्य, विषयगत उद्देश्य (उपलब्धी), प्रमुख रणनीतिहरू सहित एकीकृत सोच तालिका सरलरुपमा प्रस्तुत गरिएको छ ।
- योजनामा विषयगत प्रमुख कार्यक्रम, रणनीति, जिम्मेवारी तालिका र अनुगमन तालिका समावेश गरिएको छ ।
- योजना समय सापेक्ष रुपमा तर्जुमा गरिएको तथा क्रमबद्ध रुपमा प्रस्तुत गरिएको छ ।

**२.६.२. कमजोर पक्षहरू:**

गाउँपालिकाका विगत वर्षहरुका निति तथा कार्यक्रमहरु र विगतमा गाउँपालिकामा भएका कृषि विकासका प्रयासहरुको साथै वडास्तरग गोष्ठिका सहभागिहरुको प्रस्तुतीको विश्लेषणको आधारमा प्रमुख कमजोरीलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएकोछ :

- गाउँपालिकाको कृषि एवं पशु विकास शाखा व्यवस्थित रुपमा संचालन नभएको ।
- संस्थागत, स्थानगत, विषयगतको खण्डीकृत तथ्याङ्क तथा सूचना उपलब्ध नभएको ।
- विभिन्न क्षेत्रका समस्याहरूलाई एउटै बास्केटमा प्रस्तुत गरिएको छ, विषयगत र क्षेत्रगत रुपमा वर्गीकरण गरिएको छैन ।
- विकासका सम्भावना तथा अवसरहरूको सूची प्रस्तुत गरिएको छैन, उक्त सम्भावना तथा अवसरको उपयोगको रणनीति पहिचान गरिएको छैन नतिजामूलक योजना खाका (Result Framework) तयार गऐको छैन ।
- योजनाको अनुगमनमा कम ध्यान कमगएको तथा मूल्याङ्कन समयमा नै नभएका, सार्वजनिक लेखापरिक्षणको अभ्यास कमभएको ।
- योजना कार्यान्वयनमा कृषि सम्बन्धि विषयगत शाखाहरुमा नेतृत्व तथा दक्ष जनशक्ति अभाव रहेको ।
- मापनयोग्य र निर्दिष्ट खालका सुचकहरुको प्रयोगनभएको
- उपभोक्ताह योजनामुखि भएको ।
- जनप्रतिनिधिहरु दलगत स्वार्थभन्दा माथि उठ्न नसकेको ।
- जनप्रतिनिधिहरुले विकासको गति समाउन नसकेको पुरानै शैलिमा कार्यक्रमहरु वन्ने गरेको ।

**२.६.३. सुधारात्मक पक्षहरु:**

- पानिका श्रोतहरु लगायत अन्य श्रोतहरु सदुपयोग हुन नसक्नु ।
- गाउँपालिकाको कृषि विकास योजना तयारी तथा प्राथमिकिकरण गर्दा सही तथा दिगो योजना छनौट हुन नसक्नु ।
- वस्तीतहबाट आएका सवै योजनाहरु कार्यान्वयनका लागि छनौट हुन नसक्नु ।

- लक्षित वर्गको योजना बार्षिक रुपमा संञ्चालन हुदै आएपनि वास्तविक उपलब्धी तथा प्रभाव अभिलेखिकरण गर्न नसक्नु ।
- सञ्चालन गरिएका योजना कार्यक्रमहरु पर्ति लक्षित वर्गलाई जिम्मेवारी बोध गराउन नसक्नु ।
- गाउँपालिकमाा संञ्चालित कार्यक्रमहरुको स्थानीय तह वाट हुने अनुगमन कार्यलाई प्रभावकारी बनाउन सकिएको छैन ।
- विगतमा सञ्चानभएका योजनाहरुको अवस्था विष्लेषण नगरि नयाँ योजना शुरुवात गरिनु ।
- समुदायमा कृषि विकास लाई दिगो कसरी वनाउने भन्ने विषयमा जनप्रतिनिधिहरुको ध्यान जान नसक्नु ।
- गाउँपालिकामा कृषि क्षेत्रमा कृयाशिल गैह्सरकारीसंस्थाहरु  लाई परिचालन गर्न गाउँपालिका कार्यक्रममा साझेदारी विकास गरि परिचालन गर्न नसक्नु तथा उनिहरुमा भएको क्षमता लाई गाउँपालिको कृषि विकास कार्यमा प्रयोग गर्न नसक्नु ।
- गाउँपालिकामा प्राप्त हुने अनुदान रकमहरुलाई दिगो रणनैतिक योजना अनुसार परिचालन गर्न नसकिएको ।
- व्यवसायिक खेती तथा पशुपालनको प्रसस्त संभावना भएपनि त्यसतर्फ थप आकर्षण वृद्धि गर्न समूह सहकारी तथा कृषक सहभागिता र सहयोग पर्याप्त जुटाउन सकिएको छैन र लगानि गर्न नसकिएको ।
- ग्रामीण  कृषि पर्यटन विकास, वातावरणको संरक्षण मार्फत समुदायको दिगो आर्थिक स्रोतहरुको सम्भावनालाई सार्थकता दिन सकिएको छैन ।
- उज्यालोको लागि बिद्यूतीकरण अधिकांश भेगमा पुगेपनि समुदायको सवै क्षेत्रमा खाना पकाउन वैकल्पिक तथा स्वच्छ ऊर्जा प्रविधिको विस्तार तथा प्रयोग अभ्यासलाई सहजता प्रदान गर्न नसएिको ।
- रोजगारी र आधुनिक सेवा सुविधाको खोजीमा आर्थिक रुपले सक्षम, बौद्धिक र युवावर्ग भारत लगायतका विदेश तथा नेपालकै अन्य शहर तर्फ पलायन हुनुले कृषि कार्यक्रमहरुमा लागत सहभागिता अर्न्तगत स्थानीय जनताहरुको सहभागितालाई व्यापक गर्न सकिएको छैन युवा स्वरोजगार, ग्रामिण उद्यम विकास तथा युवा तथा महिला लक्षित सिपमुलक तालिमहरु दिने तर्फ ध्यान केन्द्रित हुन नसकेको ।

**२.६.४.सम्भावना तथा अवसरहरुः**

- गाउँपालिकामा भएको प्राकृतिक स्रोतहरु जस्तै सल्लाको खोटो, च्युरी, जातो, सिलौटो, घट्ट वनाउने ढुंगा, वनमारा तथा सल्लाको पिरुल वाट वन्ने व्रिकेट, सल्लाको पिरुल वाट वन्ने विभिन्न समान आदी परिचालन गरी समुदायको आर्थिक फाइदा लिन सकिने पर्याप्त संभावनाहरु रहेका छन् ।
- पानीका श्रोतहरुवाट कुलो नहर निर्माण तथा नवीनत्तम सिंचाईका प्रविधिहरु (आकाशे पानी संकलन, लिफ्ट सिंचाई वोरिंग) प्रयोग गरी सिंचित क्षेत्र विस्तार गर्न सकिने सम्भावना रहेको छ ।
- पर्यटकीय क्षेत्रको रुपमा रहेका प्राकृतिक तथा धार्मिक क्षेत्रहरुलाई संरक्षण, सम्वर्द्धन र विकासका कार्यक्रम परिचालन गरी कृषि पर्यटन, होमस्टेको माध्यमबाट आर्थिक अवसरहरु लिन सकिने फाइदा रहेको छ ।

- पशुपालनको लागि अनुकुल हावापानी तथा सदरमुकाम डडेल्धुरा सम्मको दैनिक यातायातको कारण दूध तथा मासुजन्य उत्पादनलाई नजिकैको बजारसँग जोड्न सकिने संभावना रहेको छ ।
- सामाजिक परिचालन मार्फत महिलाहरुको समूह तथा अन्य सहकारीहरु स्थापना भएको हुँदा महिला कृषकहरुलाई ससक्तिकरण गर्न सकिने अवसर सृजना भएको छ ।
- अनुकुल हावापानी र चरनक्षेत्र भएकोले मौरीपालनको लागि स्रोतकेन्द्रको रुपमा विकास गर्न सकिने संभावना रहेको छ ।
- फांटिलो क्षेत्र तथा अनुकुल हावापानी भएको हुनाले व्यवसायिक कृषि प्रणाली तथा पशुपालन मार्फत दिगो आर्थिक फाइदा लिन सकिने प्रसस्त संभावना रहेको छ ।

**२.६.५.चुनौती तथा बाधाहरुः**

- गन्यापधुरा गाउँपालिका पहाडी क्षेत्र भएकोले भौगोलिक विकटता ।
- शिक्षित र सक्षम जनशक्ति रोजगारी तथा समृद्धिको लागि बसाई सरी जाने क्रमलाई रोक्न नसकिनु ।
- पानी मुहानहरु वरीपरि जंगल नासिदै जानु, पानीका प्राकृतिक मुहानहरुमा प्राविधिक अध्ययन विनानै अनियन्त्रित तरिका वाट पटक पटक कंक्रिट निर्माण कार्य संचालन गरिनुले मुहानहरुको अवस्था जोखिममा रहनु ।
- बाली वस्तुमा देखा पर्ने रोग किराहरुको पूर्वानुमान गर्न नसकेकोले उत्पादनमा आईसकेको बाली क्षती हुनु ।
- जंगली जनावरलाई नियन्त्र गर्न नसकिनु (कानुनी अडचन) ।
- जग्गा खण्डीकरण हुंदै जानु ।
- जलवाायु परिवर्तनका कारण परम्परागत रुपमा लगाइदै आएको बालीमा फेरबदल शुरुवात हुनु र फरक फरक प्रकृतिका रोगकिराको प्रकोप बृद्धि हुनु ।

## २.७. गाउँपालिका विकासका प्रमुख समस्याहरु तथा त्यसको सहभागितात्मक प्राथमिकता निर्धारण (पि. सि./ पि. एस.)

गाउँपालिकाको वडा स्तरमा सञ्चालित गोष्ठिका सहभागिहरुबाट संकलित कृषि विकासका प्रमुख समस्याहरु तथा त्यसको सहभागितात्मक प्राथमिकता निर्धारण त्यसको प्राथमिकता क्रम र समाधानका उपायहरुलाई देहाय बमोजिम तालिका ३५ मा प्रस्तुत गरिएको छ ।

**तालिका न. ३५: कृषि सम्वन्धि समस्या पहिचान, प्राथमिकिकरण र समाधान सम्वन्धि विवरणः**

| प्राथमिकता क्रम | प्राथिमकता अनुसार समस्याहरु | समाधानका उपायहरु |
|---|---|---|
| १ | सिंचाई | सिंचाईको समस्याको समाधान अध्ययन गरेर चांडो सुल्झाउनु पर्ने |
| २ | उन्नत जातका बीउ विजनको अभाव | उन्नत जातका बीउविजन समयमै ल्याएर किसानलाई वितरण गर्नु पर्ने |

| प्राथमिकता क्रम | प्राथिमकता अनुसार समस्याहरु | समाधानका उपायहरु |
|---|---|---|
| ३ | छाडा गोरु र जंगली पशुबाट घेरबारको आवश्यकता | गाउंपालिका /वडा कार्यालयले घेरबारको लागि पहल गर्नु पर्ने |
| ४ | बालीमा रोग र किराको समस्या | रोग किरा लाग्नु अगावै उचित रोकथामको व्यवस्था गर्नुपर्ने |
| ५ | कृषि सम्बन्धि तालिम गोष्ठिको कमी | समय समयमा तालिम प्रदान गर्नुपर्ने |
| ६ | बजारको समस्या | गाउंपालिका /वडा कार्यालयले बजार व्यवस्थाको लागि पहल पर्ने |
| ७ | मलखादको अभाव | मलखाद चाहिएको समयमा उपलव्ध गराउन पालिकाले पहल गर्नु पर्ने |
| ८ | आर्थिक अभाव | सहुलियत दरको ऋणको व्यवस्था एवं अनुदानको व्यवस्था हुनुपर्ने |
| ९ | एक घर एक खेती व्यवस्थापन हुन नसक्नु | एक घर एक खेती व्यवस्थापन हुन पर्ने |
| १० | आधुनिक औजार उपकरण उपलव्ध नहुनु | हाते टयाक्टर जस्ता मेसिनरी औजार उपकरण उपलव्ध गराउनु पर्ने |
| ११ | चरी चराउ, डाले घांस र भूंईधांसको समस्या | आवश्यक घंसे बीउ उपलव्ध गराउने |
| १२ | गोठ सुधारको आवश्यकता | गोठ र गोठे मल सुधारको लागि प्राविधिक ज्ञान दिनु पर्ने र अनुदान व्यवस्था गरिनु पर्ने |
| १३ | कृषि अनुदानको वितरण | फिल्डमा गएर मात्र सहि कृषकको पहिचान गरेर कृषि अनुदान वितरण गर्नु पर्ने |
| १४ | घेरवारको कमी | घेराबारको व्यवस्था गर्नु पर्ने |
| १५ | माटो परिक्षण | समय समयमा माटो परीक्षण कार्यालयले गर्ने |
| १६ | संकलनकेन्द्र र मूल्य निर्धारण | कृषि उत्पादनको मूल्य निर्धारण र संकलन केन्द्र वडा वडामा नै वनाउनु पर्ने |
| १७ | यातायातका साधनको समस्या | यातायातको साधन व्यवस्था गर्नु पर्ने |
| १८ | बीमाको समस्या | कृषि विमा गर्नु पर्ने |

| प्राथमिकता क्रम | प्राथिमकता अनुसार समस्याहरु | समाधानका उपायहरु |
|---|---|---|
| १९ | प्राविधिक सल्लाहको समस्या | आधुनिक कृषि सम्बन्धि जानकारी र सल्लाह समय समयमा प्रदान गरिनु पर्ने |
| २० | कृषि समुह सक्रिय नहुनु | कृषि समुहहरु लाई सक्रिय वनाउनु पर्ने |
| २१ | काम गर्ने युवा विदेश पलायन | आधुनिक कृषि औजार उपकरणहरुको प्रयोग र उद्योगहरु स्गापना गरि गाउंमा नै युवाहरु युवहरुलाई रोजगारी प्रदान गर्ने |
| २२ | प्रशोधन तथा भण्डारस्थलको अभाव | प्रशोधन तथा भण्डारस्थल निर्माण गरिनु पर्ने |
| २३ | व्यवसायिक कृषकलाई प्रोत्साहनको कमी | व्यवसायिक कृषकलाई प्रोत्साहनको व्यवस्था हुनु पर्ने |
| २४ | जग्गाको भूगोलको समस्या | जग्गाको चक्लावन्दि गरिनु पर्ने |

## २.८. गाउँपालिकाको स्रोत तथा क्षमता विश्लेषण

यस गा.पा.मा उपलब्ध स्रोतहरुको अध्ययन गर्दा यस क्षेत्रमा सञ्चालन गरिने योजनाहरुको कार्यान्वयनका लागि महत्वपूर्ण सहयोग पुग्ने अवस्था देखिन्छ । गाउपालिका क्षेत्रमा हाल उपलब्ध स्रोतहरुलाई गा.पा.का सबै सरोकारवालाहरुले सकृयताका साथ परिचालन गरेमा योजना कार्यान्वयनमा ठूलो सहयोग पुग्ने देखिनुका साथै योजना कार्यान्वयन गर्न समेत सजिलो हुनेछ । गाउंपालिका क्षेत्रको स्रोतको अवस्था निम्नानुसार रहेको पाईन्छ ।

| बिषयक्षेत्र उपलब्ध | प्राकृतिक स्रोत | उपलब्ध भौतिक पूर्वाधार | उपलब्ध मानवीय स्रोत | उपलब्ध सागंठनीक स्रोत |
|---|---|---|---|---|
| सडक तथा यातायात | जमिन, ढुगांगिट्टि, वालुवा, दाउरा तथा भूवनावट | धनगढी/अत्तरिया डडेल्धुरा र डडेल्धुरा डोटी राजमार्ग सँग जोडीएको, सवै मौसममा यातायात संचालन हुने | काम गर्न दक्ष जनशक्ति उपलव्ध हुने, मध्यम स्तरको जनशक्ति र युवा जमात उपलब्ध हुने | उपभोक्ता समितिहरु |
| बिद्युत तथा वैकल्पिक ऊर्जा | प्रर्याप्त जलाधार, पारिलो घाम लाग्ने ठाउँभएकाले सौर्य उर्जा प्राप्त गर्न सकिने, वनमारा र सल्लाको पिरुल प्रर्याप्त पाईने भएकोले अन्य जैविक उर्जा प्राप्त गर्न सकिने,केहि वडामा गोवर ग्याँसको सम्भावना भएको | राष्ट्रि प्रसारण लाईन भएको, शैर्य उर्जा प्रयोग भई रहेको | काम गर्न दक्ष जनशक्ति उपलव्ध हुने, मध्यम स्तरको जनशक्ति र युवा जमात उपलब्ध हुन | उपभोक्ता समितिहरु, समुहहरु ,सामुदायिक संस्थाहरु |
| खानेपानी तथा स्रोत संरक्षण | पर्याप्त जलाधार,पानीका मुहानहरु भएको,आकासेपानी संकलन, लिफ्ट सिंचाई लाई प्रभावकारीरुपमा संचालन गर्न सकिने | जीर्ण अवस्थाका खानेपानी योजना ,पुराना पानी संकलन पोखरी परम्परागत नौला, सिचाई कुला,पोखरी | काम गर्न दक्ष जनशक्ति उपलव्ध हुने, मध्यम स्तरको जनशक्ति र युवा जमात उपलब्ध हुन | उपभोक्ता समितीहरु, सामुदायिक संस्थाहरु |
| कृषि तथा पशुपालन | उर्बर भूमि खाद्य तथा नगदेवाली, तरकारी खेति, | अत्तरिया डडेल्धुरा र डडेल्धुरा डोटी राष्ट्रिय | ग्रामीण कृषि कार्यकर्ता, कृषक सहजकर्ता, कृषिको तालिम प्राप्त | कृषक समुहहरु, सहकारी संस्थाहरु, सामुदायिक |

| | | | | |
|---|---|---|---|---|
| | फलफुल खेतिको लागि अनुकुल हावापानी, पशुपालनको लागि पर्याप्त जंगल र अनुकुल हावापानी, पशु आहाराको पर्याप्त घाँस पाईने, | राजमार्ग सँग जोडीएको,सवै मौसममा यातायात संचालन हुने, वन्दै गरेका ग्रामिण कृषि सडकहरु,कृषि तथा पशुसेवा कार्यालयका भवन, स्थानीय जात र नस्लहरु उपलव्ध रहेको, वजार संकलन केन्द्र, साना ग्रामीण बजार केन्द्र र जिल्ला सदरमुकामसँग यातायात सम्पर्क भएको, प्राविधिक जनशक्ति तयार गर्ने शैक्षिक संस्था रहेको | जनशक्ति, श्रम गर्न सक्ने अगुवा कृषक, युवा तथा मध्यम स्तरीय जनशक्ति | संस्थाहरु |
| उद्योग तथा व्यापार | कृषि, वन, पशुपालनमा आधारित कच्चा पदार्थ प्राप्त गर्न सकिने,प्राकृतिक स्रोतमा आधारित कच्चा पदार्थ प्राप्त गर्न सकिने । | राष्ट्रि प्रसारण लाईन भएको, शौर्य उर्जा प्रयोग भईरहेको, अत्तरिया डडेल्धुरा र डडेल्धुरा डोटी राजमार्ग सँग जोडिएका सवै मौसममा यातायात संचालन हुने,ग्रामिण सडकहरुको निर्माण कार्य तिव्र,साना ग्रामिण वजार केन्द्रहरु विकास हुदै गरेको | मध्यम स्तरका लगानी कर्ता भएको, उद्यमीहरु उपलव्ध रहेको, ,युवा जनशक्ति भएको | सहकारी संस्था,वैंक,लघु वित्तिय संस्था, उद्यमी, प्रा.लि. |
| पर्यटन | ग्रामीण कृषि पर्यटनको संभावित क्षेत्र, मठ/मन्दिर तथा देवस्थल, पुरातात्वि महत्वका स्थान, परम्परा र संस्कृति, ,प्रर्याप्त जलाधार क्षेत्र भएको, वनजंगल | राष्ट्रि प्रसारण लाईन भएको, शौर्य उर्जा प्रयोग भईरहेको, अत्तरिया डडेल्धुरा र डडेल्धुरा डोटी राजमार्ग सँग जोडिएका सवै मौसममा यातायात संचालन हुने,ग्रामिण सडकहरुको निर्माण कार्य तिव्र,साना ग्रामिण वजार केन्द्रहरु विकास हुदै गरेको | पथ प्रदर्शक मध्यम स्तरीय युवा जनशक्ति | समुह, सामुदायिक संस्थाहरु, क्लवहरु, कृषक समुह हरु, |
| समावेशी विकास | मिश्रित जातीको वसोवास | समान संस्कृति, परम्परा, भेषभुषा | सामाजिक सदभाव भएको | मिश्रित समुहहरु |
| सुचना तथा सन्चार | उच्च डाडा भएको | रेडियो एफएम राम्रो कभरेज तथा टेलिफोनका टावर भएको | हुलाक सेवा भएको,निजि मोवाईल सेवा भएको | क्लवहरु भएको |
| संस्थागत विकास | पर्याप्त जग्गा जमिन प्राप्त गर्न सकिने, विजुलि वत्ति तथा रोडको सुविधा भएको, काठ तथा अन्य निर्माण समाग्रि सुलभरुपमा प्राप्त गर्न सकिने | तालिमप्राप्त समूह /व्यक्तिहरु, गैसस मार्फत संचालित कार्यक्रममा बिषयविज्ञहरु कार्यरत, सामाजिक परिचालकहरु कृयाशिल छन् । | सरकारी, सेवाप्रदायक केन्द्रहरु बिद्यालय, हेल्थपोष्ट, कृषि,पशुसेवा, सुरक्षा ,वैंक,, लघु वित्त, हुलाक आदीको कार्यालय स्थापना भएको छ | क्लवहरु, समूह र उपभोक्ता समिति । विभिन्न गैससहरुको सम्पर्क भएको |

## २.९. गाउँपालिका स्थित सरोकारवालाहरुको विश्लेषण

यस गाउँपालिकामा विकासमा सरकारी, विषयगत तथा स्थानीय निकाय, गैह्र सरकारी, सहकारी, नागरिक समाज एवम् निजी क्षेत्रका सरोरकारवालाहरुको प्रत्यक्ष सहभागिता र योगदान रहदै आएको छ । यस आवधिक गाउपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको सफल कार्यन्वयनमा यी क्षेत्रको विशिष्टता, क्षमता, क्षेत्र/विषयगत पहुँच, भूमिका, सङ्लग्नता तथा साझेदारीको ढाँचाले अहम् भूमिका खेल्दछ । त्यस्ता सरोकारवालाहरुको निम्नानुसार विश्लेषण गरिएको छ ।

### २.९.१. स्थानीय तह सरकार

आवधिक गाउंपालिका कृषि, उद्यम विकास तगा रणनीतिक योजनाको लागि स्थानीय जनता तथा उपभोक्ताहरुसँग प्रत्यक्ष सरोकार राख्ने निकायको रुपमा स्थानीय तह सरकारले मुख्य भूमिका निर्वाह गर्नेछ । यस आवधिक योजनाले राखेका उद्धेश्य हासिल गर्न बार्षिक योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, निति निर्माण गर्ने, कार्यविविधिहरु वनाउने, स्रोतहरुको खोजी गर्ने र स्रोत विनियोजन गर्ने भूमिका रहनेछ । स्थानीय आवाश्यकता अनुसारका नीति तथा कार्यविधिहरु तयारी, कार्यक्रमको लक्षित क्षेत्र निर्धारण र संघिय सरकार, प्रदेश सरकार, विभिन्न सरकारी तथा गैह्सरकारी निकायहरुसँग समन्वय, स्रोत खोजी तथा साझेदारी स्थापना गर्नेछ । विकास योजनाहरुको अनुगमन मूल्याङ्कन तथा कृषि विकास योजनाहरुसँग सम्बन्धित प्रतिवेदनहरु तयार गर्ने र अभिलेख राख्ने जिम्मेवारी हुनेछ । यसका माध्यमले पारदर्शिता, जवाफदेहिता र सुशासन अभिबृद्धिमा सहयोग पुऱ्याउने छ । बुदाँगत रुपमा मुख्य गरी यस प्रकारको भूमिका रहने छ ।

- आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको आधारमा वार्षिक कार्यक्रम, कार्यनिति वनाउने ।
- स्थानीय कृषि नीति, कार्यविधि र निर्देशिका वनाउने र परिमार्जन गर्ने ।
- तथ्याङ्कीय आधार तयार गर्ने, अद्यावधिक गर्ने र योजना तर्जुमाका चरणहरु प्रयोग गर्ने ।
- स्रोत साधन खोजी, परिचालन तथा लगानी अभिवृद्धि तथा व्यवस्थित गर्ने ।
- सहकार्य र साझेदारीमा जोड दिने ।
- पारदर्शिता, जवाफदेहिता, सुशासन सहित सुन्य भ्रष्टाचार सहित स्थानीय लोकतन्त्रको प्रत्याभूति दिने ।
- संस्थागत विकास तथा क्षमता अभिवृद्धिका क्रियाकलाप सञ्चालन गर्ने र सङ्लग्न कर्मचारीहरुको उच्च मनोवल कायम गर्न अभिप्रेरित गर्ने ।
- अनुगमन तथा मूल्याङ्कन प्रक्रिया नियमित र निरन्तर गर्ने ।
- कार्यविधि अनुसार गाउँपालिकाबाट संञ्चालित कृषि विकास गतिविधिहरुको सामाजिक परीक्षण, सार्वजनिक लेखापरिक्षण र लैङ्गिक परीक्षण गर्ने गराउने ।
- गाउँपालिकाको वस्तुगत विवरण तथा आवधिक गाउपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको आवधिक समिक्षा र अद्यावधिक गर्ने ।
- प्रतिवेदन तयार गर्ने, अनुमोदन गर्ने तथा प्रदेश सरकार, संघिय सरकार, जिल्ला समन्वय समिती, मन्त्रालय लगायत अन्य सरोकारहरुलाई पठाउने ।

### २.९.२. विषयगत शाखा

यस आवधिक योजनाको कार्यान्वयनमा कृषि, पशु विकास एवं उद्योग शाखाहरुको भूमिकालाई महत्व दिईएको छ । योजनाले लक्षित गरेको उपलब्धि हासिल गर्न तथा प्रस्तावित योजनाहरु बार्षिक कार्यान्वयन साथै अनुगमन मूल्याङ्कनमा भूमिका रहनेछ । कार्यकम निर्माण, स्रोत परिचालन, कार्यविधिहरुको निर्माण, उपलब्ध मानव स्रोत परिचालन, स्थानीय रणनीति तयारी, सम्बन्धित अन्य निकायहरुसँग समन्वय महत्वपूर्ण हुनेछ । प्राप्त उपलब्धि तथा अवस्थाहरुको तथ्याङ्कीय अभिलेख र त्यसका आधारमा आगामी प्रस्तावहरु तयार गर्न समेत कृषि, पशु विकास एवं उद्योग शाखाहरुको भूमिका महत्वपुर्ण रहनेछ । बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ ।

- आवधिक योजनामा आधारित तथ्याङ्क तथा सूचनाहरु सङ्कलन गर्ने, अद्यावधिक गर्ने र लक्ष्य निर्धारण गर्ने ।
- आवधिक योजनाले प्राथमिकता तोकेका क्षेत्रमा योजना तर्जुमा गर्ने तथा प्रगति समीक्षा गर्ने गराउने ।
- कार्यक्रम कार्यान्वयनमा दक्ष जनशक्ति परिचालन, आधुनिक प्रविधि भिज्याउने, विभिन्न संघसंस्थाहरु सँग साझेदारी विकास गर्ने र कृषि विकास कार्यक्रममा समुदायको सहभागिता गराउने ।
- स्थानीय रणनीति, विभिन्न कार्यविधि तयार गरी सो अनुसार काम गर्ने र गराउने ।
- स्रोत साधनको उपलब्धता, परिचालन र कार्यक्रमको विच ताद्तम्यता मिलाउने ।
- समन्वय, सहकार्य र साझेदारीमा जोड दिने ।
- कार्यक्रम अनुगमन तथा मूल्याङ्कन नियमित र निरन्तर गर्ने गराउने र चौमासिक कार्यक्रम प्रगति समिक्षा गर्ने ।
- प्राविधक विषयमा उपभोक्ता तथा सामुदायिक संस्थाहरुलाई सीप, तालिम दिने र कार्यक्रम संचालनको क्रममा सहजीकरण गर्ने ।
- दक्ष मानवीय स्रोत परिचालन तथा थप मानव स्रोत परिचालनको लागि गाउँकार्यपालिकामा छलफल गर्ने ।
- गाउँकार्यपालिका, जिल्ला समन्वयसमिती, संघिय सरकार, प्रदेश सरकार र केन्द्रिय, प्रदेश मन्त्रालय, निकायहरु वीचको समन्वय गर्ने गराउने ।

### २.९.३. गैह्र-सरकारी तथा सामुदायिक क्षेत्र

यस योजनाको लक्ष्य तथा प्रगति हासिल गर्न गैह्सरकारी संस्था तथा सामुदायिक क्षेत्रको पनि महत्वपूर्ण भूमिका रहने छ । योजना कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा अन्य बाह्य सहयोगीहरुसँग स्रोत खोजी गर्ने, नयाँ प्रविधि विस्तार गर्ने,गाउँपालिकाको क्षमता विकासमा सहयोग गर्ने तथा समाजिक परिचालन तथा विभिनन क्षेत्रमा प्राविधिक सहयोगको लागि दक्ष मानव स्रोत उपलब्ध गराउने र परिचालन गर्ने जिम्मेवारी रहनेछ । सामुदायिक विकास क्षेत्र तथा लक्षित समूहको परिचालन र समुदायको क्षमता विकास विस्तारमा भूमिका रहनेछ । नागरिक अनुगमनका रुपमा विभिन्न निकायहरुले गरेको कामहरुको प्रगति विश्लेषण, समाजिक परिक्षण, सार्वजनिक लेखापरिक्षण, लैंगिकपरिक्षण, विभिन्न रणनीतिक योजना, गुरु योजना, विभिन्न क्षेत्र सँग सम्वन्धित योजना, निर्देशिका, नीति तथा कार्यक्रम, सुशासन, पारदर्शिता, जवाफदेहिता अभिवृद्धिका लागि स्थानीय सरकार तथा समुदायको क्षमता विस्तार आदीमा यसले भूमिका खेल्न सक्ने छन । प्रतिवेदनहरु तयारी, सूचना अभिलेख व्यवस्थापन र आगामी कार्ययोजनाहरु तयारीमा समेत महत्वपूर्ण भूमिका रहनेछ । बुदाँगत रुपमा मुख्य गरी यस प्रकारको भूमिका रहने छ ।

- स्थानीय सरकार र विषयगत शाखाहरुसंगको नियमित समन्वय, सहकार्य र साझेदारीमा लक्षित कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।
- गाउँपालिकाले प्राथमिकतामा राखेका क्षेत्रहरुमा लगानी गर्ने तथा स्रोत खोजीका लागि पहल गर्ने ।
- लक्षित समुहहरुको क्षमता विकास, दिगो समाजिक परिचालन तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

- समाज रुपान्तरणका लागि समसामयिक विषयहरुमा वहस तथा पैरवी गर्ने ।
- सामाजिक परिचालन, स्रोत साधन खोजी, नयाँ प्रविधि विस्तार तथा परिचालन र दिगो र समावेशी विकासको विषयमा ज्ञानशीप अभिवृद्धि गराउने ।
- स्थानीय विकासमा सहयोग पुऱ्याउने ।
- सुशासन प्रर्वद्धन गरी पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायी प्रक्रिया वसाल्न सहयोग पुऱ्याउने ।
- नागरीक खवरदारी गर्ने ।
- रोजगारीको अवसरहरुको सृजनागर्न उद्यमशीलताको विकास गर्ने, विभिन्न सिपमुलक तालिमहरु दिने, लघु उद्यम स्थापनमा सहयोग गर्ने, उद्यमिहरुको क्षमता विकास गर्ने ।
- नियमित रुपमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने र गाउँकार्यपालिमा चौमासिक कार्यक्रम प्रगति समिक्षा गर्ने गराउने ।

**२.९.४.सहकारी तथा वित्तिय क्षेत्रः**

यस योजनाको कार्यान्वयनका लागि समुदाय परिचालन तथा स्थानीय तहमा वित्तिय लघु कर्जा साझेदारी अभिवृद्धि गर्न सहकारीहरुको भूमिका महत्वपुर्ण रहने छ । छरिएको पूँजी एकत्रित गर्ने, वचत गर्न लगाउने, वित्तिय साक्षरता कक्षाहरु संचाल गर्ने तथा लागत साझेदारी जुटाउन स्रोत खोजी गर्ने, ऋण लगानी परिचालनमा महत्वपुर्ण भूमिका रहनेछ । समुदायको आर्थिक क्षमता विकास गरी कारोबारीय सामाजिक परिचालनको माध्यमबाट कृषक समुदायको अवस्था आर्थिक अवस्था सुधारमा, जिविकोपार्जन सहज वनाउनमा  सामुदायिक संस्था, सहकारी तथा समूहहरुको मुख्य भूमिका रहनेछ । बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ ।

- स्थानीय स्तरका वित्तिय स्रोतहरुको परिचालन गरी उद्यम व्यवसायको स्थापना र रोजगारीको सृजना गर्ने ।
- स्थानीय तह सँग सहकार्य गर्ने र लगानीको क्षेत्रको खोजि गर्ने ।
- गरीव,महिला,दलित,लक्षित वर्ग र तहमा वित्तीय स्रोतको पहुँच पुऱ्याउने ।
- समूह तथा सदस्यहरु मर्फत वचत संकलन तथा ऋण परिचालन गर्ने ।
- वचत संकलन, ऋण परिचालन र सहकारीहरु सुदृढिकरणको लागि सामाजिक परिचालन ।

**२.९.५.नीजि क्षेत्र**

आवधिक गाउँपालिका विकास योजनाको कार्यान्वयनमा नीजि क्षेत्रको भूमिकालाई महत्व दिईएको छ । पूर्वाधार विकास प्राकृतक स्रोत तथा खानी संचालन अन्य वैकल्पिक स्रोत खोजी परिचालन तथा समन्वय निर्माण, लघु उद्यमहरुको स्थपना र रोजगारी अभिबृद्धिमा नीजि क्षेत्रको भूमिका रहने छ ।  आर्थिक समृद्धि र विकासको मुख्य साझेदारको रुपमा स्थापित हुदै श्रम र प्रविधि मार्फत पूजी निर्माण गर्न समन्वयकारी भूमिका रहने छ ।

- लगानीका क्षेत्र पहिचान तथा लगानी प्रवर्द्धन गर्ने ।
- लघु, साना, तथा मझौला ग्रामिण उद्योग स्थापना, संञ्चालन र त्यसमार्फत रोजगारीको अवसर सृजना गर्ने ।

- वनमारा वाट जैविक कोईला तथा वयोव्रिकेट, सल्लाको पिरुल वाट गुईठा, कागत तथा अन्य आवश्यक समाग्रि वनाउने, ग्रामिण उद्योग स्थापना, ढुंगा खानी संचालन गरि रोजगारी सृजना गर्ने ।
- प्रविधि विकास तथा विस्तार, पूजी निर्माण तथा वित्तिय परिचालन गर्ने ।
- सार्वजनिक निजि साझेदारी लगानी अवधारणा शुरुवात गर्ने ।
- ग्रामिण विकासका विभिन्न क्षेत्रमा सहयोग गरि सामाजिक उत्तरदायित्व वहन गर्ने ।

**२.९.६. राजनीतिक दल**

यस आवधिक योजना तर्जुमा तथा कार्यान्वयनमा राजनीतिक दलको भूमिका महत्वपूर्ण छ । योजना तयारी, अद्यावधिक तथा यसले लक्षित गरेको उपलब्धि हासिल गर्न सहभागितात्मक प्रकृयाको आधारमा माग सम्बोधन र कार्यान्वयनमा भूमिका रहने छ । स्थानीय आवश्यकता अनुसार नीतिगत रुपमा सहजता स्थापना गर्न तथा कार्यक्रमको लागि स्रोत, साधनको खोजी र परिचालनमा समेत भूमिका रहनेछ । सरकारी, निजी तथा गैह्सरकारी निकायहरुबाट संञ्चालित कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण सहित आगामी मार्गनिर्देशनमा समेत महत्वपूर्ण भूमिका रहनेछ । स्थानीय तह सरकारको लक्ष्य अनुसारको गतिविधि संञ्चालन र प्रकृयागत रुपमा सहज पार्ने भूमिका र नेतृत्व विकास पनि राजनीतिक दलको भूमिका अनुमान गरिएको छ । बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ ।

- आवधिक योजनमा समावेश गरिएका  कार्यक्रमहरुम कार्यान्वयनको वातावरण सृजना गर्ने
- स्थानीय नीति र निर्देशिका तर्जुमा र सुधार गर्नमा सहयोग गर्ने।
- योजना संञ्चालन सम्बन्धी स्थानिय तह सरकारका नीति नियम निर्देशिकाहरु, संघिय तथा प्रदेश सरकार र विभिन्न मन्त्रालयहरुमार्फत प्राप्त निर्देशिकाहरुको पालना गरि विकास निर्माण कार्य संचालन गर्न सहयोग गर्ने ।
- स्रोत साधन खोजी तथा परिचालन गर्न सहयोग गर्ने ।
- समन्वय र सहकार्य गर्न स्थानियतह सरकार लाई सहयोग गर्ने ।
- कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गरि स्थानिय तह सरकार लाई आवश्यक रायसुझाव दिने ।
- आवधिक  योजनाको समिक्षा, पुनरावलोकन गर्न सहयोग गर्ने तथा पृष्ठपोषण दिने ।
- सुशासन, पारदर्शिता र जवाफेहिता पालना गर्न लगाई  स्थानिय तह सरकार लाई जनमुखि वनाउने ।
- कार्यकर्ताहरु लाई योजनामुखि हुन वाट जोगाउने ।

**२.९.७. नागरिक समाज एवम् समुदायमा आधारित संस्था**

आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको कार्यान्यनमा सामाजिक परिचालन एवं नागरिक सहभागिता मार्फत योजना कार्यान्वयन, मितव्ययिता, सुशासन, पारदर्शिता, जवाफदेहिता र अनुगमन मूल्याङ्कन गरी आगामी क्रियाकलापहरु किटान तथा कार्यान्वयनमा नागरिक समाज एंव समुदायमा आधारित संस्थाहरुको भूमिका रहनेछ । लक्षित वर्ग पहिचान, समसामयिक मुद्धाहररुमा पैरवी, सुशासन अभिबृद्धि र पारदर्शिता कायम गरी स्थानीय साझेदारी सहितको खवरदारी गर्न यसको भूमिका रहनेछ । बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ ।

- सुशासन अभिबृद्धि र पारदर्शिता कायम गराउने

- समसामयिक विषयहरुमा पैरवी, समन्वय र सहकार्य गर्ने ।
- नागरिक खवरदारी र निगरानी गर्ने ।
- विभिन्न कृयाशिल राजनीतिक दलहरु तथा अन्य हितसमूह विच साझा अवधारणा र समन्वय विकास गर्न पहल गर्ने ।
- अनुगमन मूल्याङ्कन गरी तथा स्थानिय तह सरकार लाई पृष्ठपोषण  दिने ।
- समुदायका गुनासो सम्वोधन गर्न स्थानिय सरकार लाई दवाव दिने तथा पैरवी गर्ने ।

**२.१०. स्रोत परिचालन स्थितिः**

प्रथम आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा रणनीतिक योजनाले योजना अवधिभरका लागि कुल रु ८ अर्ब ७ करोड ५२ लाख ८ हजार लगानी हुने आकलन गरेको छ सोमध्ये गाउंपालिकाको श्रोतबाट अपुग हुन आउने रकम प्रदेश सरकार, संघिय सरकार, विभिन्न मन्त्रालय, प्रदेश तथा संघिय निर्वाचन क्षेत्र विकास कार्यक्रम र विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था, द्विपक्षीय तथा बहुपक्षीय संस्थाहरूबाट सहयोगमा प्राप्त हुने रकम तथा स्थानीय तहको कर तथा राजश्वको प्रभावकारी संकलन तथा स्थानिय प्राकृतिक स्रोतको उचित परिचालनका साथै कृषकको साझेदारीवाट पूर्ति गर्ने रणनीति लिएको छ । रणनीतिक योजनामा उल्लेख गरिएका कार्यक्रमहरुको लक्ष्य र लागत अनुमानित भएकोले बार्षिक रुपमा बजेटको अवस्था अनुसार कार्यक्रमहरु थप घट एवं परिमार्जन गरी सञ्चालन गर्न सकिने छ ।

(बजेट रु. लाखमा)

| क्षेत्र | आ.व. २०७७ देखि आ.व. २०८२ सम्मको वार्षिक लागत अनुसार आवश्यक लगानी ( रु.लाखमा) | | | | | योजना अवधिको कुल यथार्थ लगानी | आवधिक योजना अवधिको अनुमानित कुल लागत | केफियत |
|---|---|---|---|---|---|---|---|---|
| | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | | | |
| धान बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | १०१४.९० | १०४४.७५ | १०८२.०६ | १११९.३७ | ११७१.६१ | | ५४३२.६९ | |
| गहुं बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | ६७६.४९ | ७०४.५५ | ७३५.७३ | ७६६.९० | ७९१.८४ | | ३६७५.५१ | |
| मकै बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | १४.७० | २१.७८ | २९.९४ | ३५.३९ | ४३.०१ | | १४४.८२ | |
| आलु बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | २२०७.७४ | २३८९.४४ | २५६३.६७ | २७३७.९० | २९४६.९७ | | १२८४५.७२ | |
| भटमास बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | ७१.४६ | ९३.६४ | ११८.२८ | १४७.८५ | १६४.६१ | | ५९५.८४ | |

| क्षेत्र | आ.व. २०७७ देखि आ.व. २०८२ सम्मको वार्षिक लागत अनुसार आवश्यक लगानी ( रु.लाखमा) | | | | | योजना अवधिको कुल यथार्थ लगानी | आवधिक योजना अवधिको अनुमानित कुल लागत | केफियत |
|---|---|---|---|---|---|---|---|---|
| | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | | | |
| तरकारी बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | ८६२३.७६ | ८७०५.७० | ८७९६.७४ | ८८७६.४० | ८९७१.९९ | | ४३९७४.५९ | |
| सुन्तला जात फलफूलको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ । | १५८.३३ | १७६.९६ | २०४.९० | २२३.५३ | २३२.८५ | | ९९६.५७ | |
| हिउंदे फलफूलको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ । | १२२.९४ | १४९.०२ | १६७.६५ | १८६.२८ | २०८.६३ | | ८३४.५२ | |
| बर्षे फलफूलको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ । | १४१.५७ | १५८.३३ | १६७.६५ | १८६.२८ | १९७.४५ | | ८५१.२८ | |
| अदुवाको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ । | ६४.४१ | ८४.०२ | १००.८२ | १२६.०३ | १४०.०३ | | ५१५.३१ | |
| वेसारको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ । | ४७.२२ | ६२.९६ | ७८.७ | ९४.४४ | ९४.४४ | | ३७७.७६ | |
| मौरी पालनको क्षेत्र विस्तार भई उन्नत मौरी घारको प्रयोगमा वृद्धि भएको हुने छ भने प्रति घार महको उत्पादकत्व पनि बृद्धि भएको हुने छ । | १३.०० | १६.९० | २६.०० | २६.०० | २६.०० | | १०७.९० | |
| च्याउ खेती गर्ने कृषकहरु थप हुंदै जाने र हालका उत्पादकहरुले पनि क्षमता विस्तर गरी च्याउको उत्पादन परिमाणमा बृद्धि भएको हुने छ । | ०.१८ | ०.२४ | ०.३ | ०.३६ | ०.४ | | १.४८ | |
| किबी खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भई उत्पादन परिमाणमा वृद्धि भएको हुने छ । | ३.७३ | ३.७३ | ३.७३ | ३.७३ | ३.७३ | | १८.६५ | |
| पुष्प खेती फाटफुट रुपमा छरिएर रहेको अवस्थामा भएकोले यसलाई व्यवसायिक रुपमा अगाडी वढाउने क्रममा खेती गरिएको क्षेत्र विस्तार भएको हुनेछ | १२.३६ | २४.७१ | ३७.०७ | ४९.४३ | ६१.७८ | | १८५.३५ | |
| गोठे मलको उचित व्यवस्थापन गर्न | २०.० | १००.० | २००.० | २००.० | १२९.० | | ६४९.०० | |

| क्षेत्र | आ.व. २०७७ देखि आ.व. २०८२ सम्मको वार्षिक लागत अनुसार आवश्यक लगानी ( रु.लाखमा) | | | | | योजना अवधिको कुल यथार्थ लगानी | आवधिक योजना अवधिको अनुमानित कुल लागत | केफियत |
|---|---|---|---|---|---|---|---|---|
| | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | | | |
| भकारो तथा गोठसुधारको कार्यक्रमबाट सुधारीएका गोठहरुको संख्यामा वृद्धि भएको हुने छ। | | | | | | | | |
| माटो जांच नगरी खेती गर्ने प्रचलन निरुत्साहित हुन गई माटो जांचको नमूना एवं माटो जांच गराउने कृषक संख्यामा वृद्धि भएको हुने छ। | ९ | ९ | ९ | ९ | ९ | | ४५.०० | |
| खाद्यान्न बालीको बीउ उत्पादनबाट उन्नत जातको बीउको आवश्यकता अनुसारको परिमाणमा उपलव्ध भएको हुनेछ भने उद्यम विकास भएको हुने छ। | ३.७३ | ७.४७ | ११.२ | १३.४३ | १४.९३ | | ५०.७६ | |
| तरकारी बालीको बीउ उत्पादनबाट उन्नत जातको बीउको आवश्यकता अनुसारको परिमाणमा उपलव्ध भएको हुनेछ भने उद्यम विकास भई बीउ निकासी भएको हुने छ। | २.२८ | ४.५५ | ६.८३ | ९.११ | ११.३८ | | ३४.१५ | |
| कृषि उपजहरुको बजारीकरणका लागि कृषि उपज संकलन केन्द्र स्थापन | २० | २० | २० | २० | ४० | | १२०.०० | |
| बाली विरुवाका रोग किरा व्यवस्थापन तथा उन्नत उत्पादन प्रविधिहरु सामुहिकरुपमा कृषकहरुलाई हस्तानतरण गर्न एवं स्वस्थ्य बाली उत्पादन गर्नका लागि बाली वस्तु विशेष अनुसारको कृषक पाठशालाको संख्यामा वृद्धि भएको हुने छ भने यस्ता तालिम प्राप्त कृषकहरुको संख्यामा पनि वृद्धि भएको हुने छ। | २० | २० | २२ | २२ | २४ | | १०८.०० | |
| भैसी पालन व्यवसाय लाई व्यवसायिकरुपमा वढाउन गड्डी जातको भैंसीको संख्यामा वृद्धि भएको हुने छ र गड्डी भैंसीको श्रोत केन्द्र स्थापना भएको हुने छ। | १५.०० | ३७.५० | ८७.५० | ८७.५० | १००.०० | | ३२७.५० | |
| बाखापालन व्यवसायिकरुपमा अगाडी वढाईने छ र खरी जातका वाखा पालनमा जोड दिंदै हालको बाखापालनको संख्यामा वृद्धि भएको हुने छ भने खरी वाखाको श्रोत केन्द्र स्थापना भएको हुने छ। | २००.०० | ४००.०० | ११००.०० | १३२०.०० | १७६२.७५ | | ४७८२.७५ | |
| स्थानीय जातको कुखुरा पालनको लागि व्यवस्थित खोरको संख्यामा वृद्धि हुन गई कुखुराको संख्यामा वृद्धि भएको हुने छ। | ६.२७ | ७ | ११ | १३.२ | १७.७२ | | ५५.१९ | |

| क्षेत्र | आ.व. २०७७ देखि आ.व. २०८२ सम्मको वार्षिक लागत अनुसार आवश्यक लगानी ( रु.लाखमा) | | | | | योजना अवधिको कुल यथार्थ लगानी | आवधिक योजना अवधिको अनुमानित कुल लागत | केफियत |
|---|---|---|---|---|---|---|---|---|
| | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | | | |
| ब्रोइलर पालन गर्ने कृषकहरुको संख्या, व्यवस्थित खोर संख्या र कुखुराको उत्पादन वृद्धि भएको हुने छ । | १५.१४ | १७.५ | २६.४ | ३३ | ४१.२५ | | १३३.२९ | |
| गाई, भैंसीहरुको नस्ल सुधार गरी उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान गरिएका पशुहरुको संख्या वृद्धि भएको हुने छ। | ०.७५ | १ | १.२४ | १.३८ | १.८ | | ६.१७ | |
| भ्याक्शिनेसनको माध्यमबाट रोग नियद पशु पंक्षिहरुमा देखा पर्ने रोग निन्त्रण गर्न भ्याक्सिनेसन गरिएका पशुहरुको संख्या वृद्धि भएको हुने छ । | ३.८६ | ४.०६ | ४.५७ | ५.२ | ५.८८ | | २३.५७ | |
| आधुनिक सुरक्षित एवं स्वास्थ्य मैत्रि वधसाला तथा मासु पसलहरु सञ्चालन भएका हुने छन् । | १० | १० | १० | १० | १० | | ५०.०० | |
| • कृषकहरुको सशक्तिकरण एवं क्षमता अभिवृद्धि भई तालिम प्राप्त कृषकहरुको संख्या वृद्धि भएको हुने छ । स्थलगत तालिम ५० वटा, गोष्ठि २५ वटा, भ्रमण ५ वटा) | ८.५४ | ८.५४ | ९.४ | ९.४ | १०.३४ | | ४६.२२ | |
| बर्षभरी सिंचिई हुने क्षेत्रफलमा विस्तार भएको हुने छ । | २५० | ५०० | ७५० | १००० | १०५० | | ३५५० | |
| कृषि क्षेत्रमा आकस्मिक रुपमा देखा परेका रोग किराहरु समयमै व्यवस्थापन भएको हुने छ । | ०.२ | ०.२ | ०.२५ | ०.२५ | ०.३ | | १.२० | |
| उत्पादन क्षेत्र घेरबारबाट छाडा पशु र जंगली जनावरबाट हुने क्षती घटन गई संरक्षण गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ । | २ | २ | २ | २ | २ | | १०.०० | |
| कृषकहरुलाई घर दैलोमा कृषि र पशु सेवा सम्वन्धि प्राविधिक सेवा उपलव्ध गराउन एक वडा एक प्राविधिकको व्यवस्था अवलम्वन भएको हुने छ । | ३१.२ | ३१.२ | ३४.३२ | ३४.३२ | ३७.७५ | | १६८.७९ | |
| • कृषक समुह संस्था सुदृढिकरण हुंदै गएको हुने छ र कृषकहरुको योगदान एवं प्रतिफलमा आधारित पुरष्कार तथा प्रोत्साहन प्रदान गरिदै लगिने छ । (समुह गठन परिचालन १०० वटा, कृषि संग सम्वन्धित | १.५ | १.५ | १.५ | १.५ | १.५ | | ७.५० | |

| क्षेत्र | आ.व. २०७७ देखि आ.व. २०८२ सम्मको वार्षिक लागत अनुसार आवश्यक लगानी ( रु.लाखमा) | | | | | योजना अवधिको कुल यथार्थ लगानी | आवधिक योजना अवधिको अनुमानित कुल लागत | केफियत |
|---|---|---|---|---|---|---|---|---|
| | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | | | |
| प्रतियोगितहरु २५ वटा सम्म) | | | | | | | | |
| विभिन्न अध्ययन परिक्षण/प्रदर्शन संचालन भएको हुने छ। | ५ | ५ | ५ | ५ | ५ | | २५.०० | |
| **कूल जम्मा** | १३७९७.२६ | १४८२३.२५ | १६४२५.४५ | १७३७६.१८ | १८३२९.९४ | | ८०७५२.०८ | |

## २.११. निष्कर्ष तथा सुझाव

गन्यापधुरा गाउँपालिकाका नीति तथा कार्यक्रमको लेखाजोखाको निष्कर्ष तथा प्रथम आवधिक कृषि, उद्यम विकास तथा रणनीतिक योजनाको कार्यान्वयनको लागि सुझावहरू तपसिल बमोजिम रहेकाछन् ।

- आवधिक योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा सरोकारवालाको इच्छाशक्ति, संकल्प र संयुक्त प्रयास जुटाई आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाका लक्ष्य अनुरुप वार्षिक योजनाहरू तर्जुमा गर्नुपर्ने ।
- आवधिक कृषि योजनाको अनुगमन तथा उपलब्धीको नियमित समीक्षा गर्नुपर्ने ।
- वार्षिक रुपमा गाउँपालिका नीति तथा कार्यक्रमका सकारात्मक पक्ष तथा हासिल भएका उपलब्धीलाई संस्थागत गर्दै प्रथम आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको कार्यान्वयन, समिक्षा तथा पुनरावलोकन गर्नुपर्ने ।
- आवधिक योजना लाई योजना तथा कार्यक्रममुखी नवनाएर गाउँपालिकाका स्थानगत विशेषता, स्थानीय जनचाहनाको प्रतिविम्ब तथा सरोकारवालाको अपनत्वसहितको मार्गदर्शक (Indicative) बनाउनुपर्ने ।
- आवधिक योजनको समिक्षा तथा पुनरावलोकन गर्दा र वार्षिक योजना तर्जुमा गर्दा कृषिगत सूचक, लक्ष्यका साथै कृषिको विकासका लागि विशेष र ठोस आयोजना तथा कार्यक्रम तर्जुमा गरी स्रोत परिचालन गर्नुपर्ने ।
- स्थानीय तहको विकासको प्रयासलाई उपलब्धीमूलक बनाउन गाउँकार्यपालिकाको नागरिकप्रतिको जवाफदेहिता सुदृढका साथसाथै संस्थागत क्षमता अभिवृद्धी गरी कार्यक्रम कार्यान्वयनको प्रभावकारिता तथा उपलब्धीलाई सुनिश्चित गर्नुपर्ने ।
- तथ्यांक/सूचनामा आधारित कृषि विकास योजना तर्जुमा र नतिजामा आधारित अनुगमनमा विशेष जोड दिनुपर्ने ।
- स्थानीय तह सरकारको मर्म अनुरुप नेतृत्व विकास र नीतिगत वातावारण तयार गर्नु पर्ने
- प्रथम आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना, गाउँपालिकाको नीति तथा कार्यक्रम र गाउँपालिका विकासका गतिविध लाई केन्द्रमा राखेर अबका दिनमा यस आवधिक योजना र निति तथा कार्यक्रमको समिक्षा र पुनरावलोकन लाई प्राथमिकतामा राखेर अगाडि बढ्नु पर्ने ।

- विद्यमान कानून, नीति, नियम, निर्देशिकामा समेत समयानूकल परिमार्जन गर्दै कृषि विकास कार्यक्रम योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा राजनीतिक दल, नागरिक समाज र सरकारी, गैर सरकारी, सामुदायिक र निजी क्षेत्रको साझेदारीको अवधारणा अनुसार गाउँपालिका कृषि विकासका प्रयासहरूलाई व्यवस्थित तरिकाले आवधिक योजना अनुशार डोऱ्याउनु पर्ने ।
- राष्ट्रिय/अन्तरराष्ट्रिय गैह्रसरकारी संस्था (गैसस) हरूलाई गाउँपालिका कृषि विकास प्रयासमा साझेदारको रुपमा लिई अगाडि बढाउनु पर्ने तथा गाउँपालिका कृषि विकासका जल्दाबल्दा विषयहरू जस्तै सिंचाई, उन्नत बीउ विजन, मलखाद, पशुपंछि प्रजनन्, पशुपंछि आहार, आधुनिक मेसिनरी औजार उपकरण, कृषि/पशु हाटवजार तथा संकलन केन्द्र, रोग किरा व्यवस्थापन/नियन्त्रण, व्यवसायिक उत्पादन, उद्यम विकास तथा रोजगारी, सिपविकास, पर्यटन, सुशासन, पारदर्शिता, जवाफदेहिता, क्षमता विकास, जलवायु परिवर्तन अनुकुलन, वन तथा वातावरण व्यवस्थापन, जलस्रोत व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, लैंगिक समता तथा सामाजिक समावेशीकरणमा सहजीकरणका लागि परिचालन गर्नुपर्ने ।
- आवधिक योजनाको समिक्षा पुनरावलोकन तथा वार्षिक योजना तर्जुमा गर्दा विकासमा फड्को मारेका गाउँपालिका तथा नगरपालिकाहरूका प्रयासहरू, नवीनतम नीति तथा कार्यक्रम र उपलब्धीहरूलाई गाउँपालिकाको परिवेश र उपयुक्तता हेरी अवलम्बन गर्नुपर्ने ।
- गाउँपालिकाका प्रमुख स्रोतहरू कृषि, उद्योग, वन, जडिबुटी, पर्यटन र पूर्वाधारलाई गाउँपालिकाको विकासको प्रमुख माध्यमको रुपमा विकास गर्न आवधिक योजना अनुसार कार्यक्रम र स्रोतस्रोत परिचालन गर्नुपर्ने
- गाउँपालिका विकास प्रयासमा आन्तरिक, नेपाल सरकार, प्रदेश सरकार, विभिन्न मन्त्रालय, विकास साझेदार, गैसस, नीजि क्षेत्र र समुदाय समेतको स्रोत, साधन र क्षमता परिचालन हुने गरी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने ।
- गाउँपालिका कृषि विकासका प्रयासहरूलाई व्यवस्थित, उपलब्धीमूलक तथा प्रभावकारी बनाउन यस आवधिक योजनाले मार्गदर्शन गर्दछ र प्रदेश सरकार, संघिय सरकार विभिन्न मन्त्रालय र विभिन्न संघसंस्थाहरुले आवधिक गाउँपालिका विकास योजना समेत अन्य विषयगत गुरुयोजना, रणनितिक योजना, अन्य आवश्यक योजना तर्जुमा तथा मार्गनिर्देशन तयार गर्न, समिक्षा तथा पुनरावलोकन गर्न र गाउँपालिकाका कृषि विकासका प्रयासलाई व्यवस्थित, प्रभावकारी र गतिशिल बनाउन सहयोग उपलब्ध गराउनुपर्ने ।
- आफूलाई उपलब्ध कार्यविवरण अनुसार तोकिएको जिम्मेवारी सम्पादनबारे र नागरिक निगरानी, माथिल्लो निकाय र तेस्रोपक्षद्वारा गरिने पालना अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित, प्रभावकारी बनाउन तथा मापन गर्ने व्यवस्था मिलाउनुपर्ने ।
- गाउँकार्यपालिकाले उपलब्ध कानून, नीति, निर्देशिका तथा नियम अनुसारको अनुगमन समिति तथा संयन्त्रबाट आवधिक अनुगमन, वार्षिक र चौमासिक समीक्षा, स्वमूल्याङ्कन, सामाजिक परिक्षण, लैगिक परिक्षण, जन लेखा परिक्षण, नागरिक अनुगमन, माथिल्लो निकाय तथा तेस्रोपक्षद्धारा गरिने पालना अनुगमन, आवधिक योजनाको नतिजामा आधारित अनुगमन प्रणाली अनुसार वार्षिक समीक्षा, पुनरावलोकन, मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन संयोजन गरी गाउँपालिका विकासका प्रयासहरूको कार्यसम्पादन स्थिति, प्रभावकारीता र उपलब्धी मापन गर्ने व्यवस्था मिलाउनुपर्ने ।

- गाउँकार्यपालिकाले मागको पक्ष, आपूर्तिको पक्ष तथा तेस्रोपक्षको उचित समायोजन गरी स्थानीय परिवेश, जनचाहना, स्रोत र साधनमा आधारित भएर आवधिक योजना तर्जुमा समिक्षा, पुनरावलोकन, अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गराउनुपर्ने ।
- गाउँपालिकाको नेतृत्वमा सर्वपक्षीय साझेदारी, विषयगत निकायको संलग्नता, स्रोत र साधनको एकीकरण, कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको बुझाईमा एकरुपता र सहमती, विषयवस्तुको आन्तरिकीकरण र स्वामित्व, प्राथमिकता निर्धारण, दिगोपना, जिम्मेवारी र उत्तरदायित्वलाई आधार मानी आवधिक योजना तर्जुमा, कार्यान्वयन, समिक्षा, पुनरावलोकन तथा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने ।
- विगतको उपलब्धी, सिकाई र कमजोरीलाई मनन् गरी स्थानीय प्रयासमा संघिय सरकार,प्रदेश सरकार, विभिन्न मन्त्रालय र स्थानीय साझेदारहरू समेतको सहभागितामा गाउँपालिको विकासको सामाजिक अभियानको रुपमा आवधिक गाउँपालिका विकास योजनालाई सन्देशमूलक बनाई अगाडि बढाउनु पर्ने
- आगामी योजना तर्जुमा, समिक्षा र पुनरावलोकन गर्दा यस गाउँपालिका भित्र वसोवास गर्ने समुदाय, जेष्ठ नागरिक, महिला, लक्षित वर्ग, शिक्षक, स्वास्थ्यकर्मिहरु वाट सुझाव प्राप्त गर्न र विभिन्न क्षेत्रमा क्रियाशिल व्यक्तिहरु समेतबाट परामर्श, राय र सुझाव प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्ने ।

## परिच्छेद- ३

## आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको अवधारणा र प्रारुप

### ३.१.परिचय

मूलतः स्थानगत विशेषताहरूमा आधारित रहने आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना गाउँपालिकाका विषय क्षेत्रगत योजना तथा प्रदेश, राष्ट्रियस्तरका योजनाहरूसँगसमेत तालमेल मिलाएर एकीकृत तथा बहु-विषयक रुपमा तयार गरिने गाउँपालिकास्तरका दीर्घकालीन योजनाहरूमध्ये कृषि विकास योजना हो । यसले गाउँपालिकाको कृषि क्षेत्रको समग्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी गन्यापधुरा गाउंपालिकाको कृषि विकासको भविष्यको मार्गचित्र तयार गर्दछ । यस प्रक्रियामा स्थानीय विकासका साझेदार एवं सरोकारवालाको पहिचान भई प्रभावकारी परिचालनको वातावरण तयार हुन्छ । गाउँपालिकास्तरमा जनताहरूबाट प्रत्यक्षरुपमा निर्वाचित भई आएका जनप्रतिनिधिहरूले सञ्चालन गर्ने गाउँ कार्यपालिकाको अगुवाईमा तर्जुमा हुने आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना कार्य कानूनतः बाध्यात्मक र व्यवहारतः कृषकका आकांक्षा एवं गाउँ, ठाउँ र बस्तीको सम्भावना तथा आवश्यकताका आधारमा कृषि विकासका विषयको पहिचान, कार्यक्रम निर्धारण एवं श्रोत साधनको विनियोजन गर्न उत्प्रेरणा जगाउने, उत्साह बढाउने, विश्वास दिलाउने र विकास-न्याय स्थापित गर्ने महत्वपूर्ण उपाय हो । आवधिक योजनाले स्थानीय तह सञ्चालन हुने सबै प्रकारका विकास कार्यक्रमहरूलाई निर्देशित गर्ने सेवा प्रदायक निकाय, सेवाग्राही र सहयोगि निकाय सहित सबै सरोकारवालाको सहभागितामा संयुक्त चिन्तन, मनन्, मूल्यांकन, विश्लेषण, राय सुझाव,गहिरो छलफल, परामर्श र सहमतिमा सरोकारवाला सबैको स्वामित्वयुक्त दस्तावेज हो । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ को व्यवस्था अनुसार गाउँकार्यपालिकाबाट पारित आवधिक गाउँपालिका विकास योजना तर्जुमा कार्यविधि,२०७६ले गाउँकार्यपालिकालाई कम्तीमा ५ वर्ष अवधिको आवधिक योजना तर्जुमा गर्नु पर्ने र सो को आधारमा वार्षिक योजना तर्जुमा गर्नु पर्ने व्यवस्था

गरेको छ । उक्त व्यवस्था अनुसार आवधिक गाउँपालिका विकास योजना तर्जुमाको लागि गाउँकार्यपालिकाले आवधिक गाउँपालिका योजना तर्जुमा सम्बन्धी कार्यविधि २०७६ तयार गरी जारी गरेको छ । उक्त निर्देशिका बमोजिम निर्वाचित जनप्रतिनिधिले गन्यापधुरा गाउँकार्यपालिकाको नेतृत्वमा आर्थिक वर्ष २०७७/०७८-२०८१/०८२ का लागि प्रथम आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा लैजाने जमर्को गरेको छ । प्रथम आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना गाउँकार्यपालिकाले स्वीकृती गरे पछि आवधिक योजना कार्यान्वयनमा जाने छ । देशमा भएको राजनीतिक तथा नीतिगत परिवर्तन र विद्यमान संघिय संरचना कार्यान्वयनको संक्रमणकालीन अवस्थामा गाउँपालिकाले विकास प्रयासहरूलाई गति दिन आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको आवश्यकता गाउँ विकासका सरोकारवालाबाट महशुस गरियो । सो अनुसार उपयुक्त प्रक्रिया र विधिद्वारा कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमा गर्न गाउँकार्यपालिका लगायत सम्बन्धित साझेदार तथा सरोकारवालाको प्रतिबद्धता भए बमोजिम गाउँपालिका कृषि विकासको अवधारणा पत्र तयार गरिएको छ । गाउँपालिका कृषि विकासको अवधारणा पत्र गाउँपालिकाको कृषि विकासको मुल दस्तावेज हो । यसलाई गाउँपालिकाका प्रमुख सरोकारवालाको सहभागिता र सहयोगमा तयार गरिएकोछ र यसले गाउँपालिकाको कृषि विकास कार्यलाई दिशानिर्देश गरेकोछ ।

### ३.२.गाउँपालिका विकासका प्रमुख संभावना, अवसर, समस्या तथा चुनौतिहरू

गन्यापधुरा गाउँपालिका सुदूर पश्चिमाञ्चम प्रदेशको डडेल्धुरा जिल्लाका ७ वटा स्थानिय तह मध्ये एक गाउँपालिका हो । दीर्घकालीन विकासलाई योजनाबद्ध तथा व्यवस्थित ढङ्गले अगाडि बढाउनका लागि गाउँपालिकामा कृषि विकासका सम्भावना तथा अवसरहरूका साथसाथै थुप्रै समस्या तथा चुनौतिहरूसमेत रहेका छन् । गाउँपालिकाको कृषि विकासमा रहेका प्रमुख सम्भावना, अवसर, समस्या तथा चुनौतिहरूलाई यस आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना तर्जुमा श्रृङ्खलाबद्ध ढङ्गले पहिचान तथा विश्लेषण गर्ने काम गरिएको छ । यसक्रममा यस रणनीतिक योजनाले औंल्याएका संभावना, अवसर, समस्या तथा चुनौतिहरू, विषयगत शाखा, प्रदेश सरकार, संघिय सरकार, विभिन्न मन्त्रालय र विभागहरुका परिपत्र, कार्यक्रम, योजना रणनिति, निर्देशिका तथा विभिन्न संघसंस्थाका प्रतिवेदन तथा दस्तावेजहरूको अध्ययन तथा वडा स्तरिय, गाउँपालिकास्तरीय सहभागितामूलक कार्यशाला गोष्ठीहरूबाट प्राप्त राय सुझाव र छलफल वाट प्राप्त निचोड अनुसार गन्यापधुरा गाउँपालिकाको विकासका प्रमुख सबल पक्ष, सम्भावना तथा अवसरहरु देहायअनुसार छन् :

#### ३.२.१.गाउँपालिका कृषि विकासका लागि प्रमुख सबल पक्ष, प्रमुख सम्भावना तथा अवसरहरू

मध्यपहाडी पर्वत श्रृङ्खला अन्तर्गत पहाडी क्षेत्रमा पर्ने पहाडी भूगोल मिलेर बनेको गन्यापधुरा गाउँपालिकाको अधिकांश भूमि उपयुक्त हावापानी, माटोको बनोट खेति योग्य भएका कारण खेतीका लागि सहज र उपयुक्त रहेको छ । कैलालीको अत्तरिया देखि डडेल्धुरा र डडेल्धुरा देखि डोटी राजमार्ग मा पर्ने र ग्रामीण सडक सञ्जालका कारण जिल्लाका अन्य गाउँपालिका, नगरपालिका र छिमेकि जिल्ला हरु सँग पहुँच सहज बनाएको छ । कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता प्रसस्त रहेको र सुदूरपश्चिमको प्रमुख व्यापारिक स्थल धनगढी भएका कारण गन्यनपधुरा गाउँपालिकामा अन्य ग्रामिण लघु उद्योगधन्दाको साथै अन्य विभिन्न प्रविधिमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ । सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लाहरु मध्ये ७ वटा पहाडी जिल्लाहरु रहेको छन् । तराईबाट यी ७

वटै पहाडी जिल्लाहरुमा जाने मूल सडकमार्ग यसै गाउंपालिका भएर जाने भएकोले डडेल्धुरा जिल्ला सदरमुकाम लगायतका पहाडी जिल्लामाहरुमा जाने प्रवेश द्वारको रुपमा रहेको साथै विभिन्न मठ मन्दिर, वनजंगल तथा जैविक विविधता भएकोले गन्यापधुरा गाउँपालिकाको विकासमा थप सम्भावना बोकेको छ । गन्यापधुरा गाउँपालिकाले सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानुन, नीति, नियम कार्यान्वयनमा ल्याएको छ र थप ऐन नियम कानुन, निर्देशिका तथा योजनाहरु वन्ने चरणमा रहेका ले पनि विभिन्न अवसरहरू गन्यापधुरा गाउँपालिकाको विकासका लागि रहेका छन् । गाउँपालिकाको कृषि विकासका लागि गाउँपालिकामा थुप्रै सम्भावना तथा अवसरहरू रहेका छन् । उपलब्ध सम्भावना, अवसर तथा सबल पक्षहरूमध्ये केही प्रमुख देहायअनुसार छन् :

**क) युवा जनशक्ति :**
गाउँपालिकोको जनशक्तिको ठूलो हिस्सा युवा रहेको छ । उमेर समूहअनुसारको जनसांख्यिक संरचनामा युवाको हिस्साको अधिकता रहेको यस शक्तिलाई कृषिका विभिन्न व्यवसायिक क्षेत्रमा आकर्षित गर्दै, क्षमता विकास गर्दै स्थानीय स्रोत परिचालनमार्फत् यस जनसांख्यिक लाभांसबाट फाइदा लिन सकिने अवस्था रहेको छ ।

**ख) कृषि योग्य भूमि तथा उपयुक्त जलवायु :**
गाउँपालिकोको कुल क्षेत्रफलमध्ये तेस्रो ठूलो हिस्सा कृषियोग्य रहेको छ तथा गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको छ । कृषीको वजारमुखि उत्पादनमा विविधिरण तथा व्यवसायीकरणमार्फत् कृषी क्षेत्रको क्षेत्र विस्तार, उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषी उत्पादनको निकासीमार्फत् गाउँपालिकाको अर्थतन्त्रलाई सुदृढ तुल्याउन सकिने अवस्था विद्यमान छ । सकायल, कोराल जस्तो खोला नदी किनारको उव्जाउसिल फाँटमा सिंचाइ आयोजना सञ्चालनमा रहेको हुँदा कृषी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने अवसर वृद्धि भएको छ । गन्यापधुरा गाउँपालिकाको जलवायु खाद्यान्न, दलहन, तेलहन, तरकारी बाली, आलु बाली, मसला बालीलगायत विभिन्न उष्ण एवम् उपोष्ण प्रदेशीय कृषी बाली तथा फलफुलहरूको लागि उपयुक्त रहेको हुँदा कृषिको व्यवसायीकरण गर्न सकिने सम्भावना रहेको छ ।

**ग) व्यवसायिक पशुपालन :**
गाउँपालिकामा पशुजन्य उत्पादनको राम्रो बजार रहेको छ । हाल पनि स्थानिय वजार, जिल्ला सदरमुकाम डडेल्धुरा वजार लगायत प्रदेशका तराई जिल्ला एवं राजधानी सम्मका वजारका लागि पशुजन्य उत्पादनको आपूर्तिकर्ताको रुपमा रहेको छ । व्यवसायिक पशुपालनका लागि पर्याप्त जमिन, बजार तथा अन्य पूर्वाधार विकास भएको हुँदा युवा पुस्तालाई व्यवसायिक पशुपालनतर्फ आकर्षित गरी स्थानीयस्तरमा रोजगारीका अवसर सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

**घ) वन क्षेत्र:**
गाउँपालिको ७२१३ हेक्टर (५३ प्रतिशत) वन क्षेत्रले ओगटेको छ । सालको वन, सल्लाको वन, उतिसको वन, वाँजको वन, गुराँसको वन, काफललको वन, फलांटको वन, धुपि सल्ला, बांस लगायत अन्य व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको सामुदायिक वन व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन, कउषि पशु पालनमा सहयोग गर्न र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, कृषि पर्यटन एवं पर्यापर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ ।

**ङ) पर्याप्त जलाधार क्षेत्र :**

यस गाउँपालिका अन्तरगत रुवा खोला, चिरा खोला, सुन्न खोला, खोली खोला, वानर खोला, भैयल खेती खोला, धण्टेश्वर खोला, सिल्यामाणु खोला, भंगणा खोला, भट्याडी खोला, सिल्या खोला, लामखेत गाड, कैलुन खोला, लुली खोला, ठुल खोला, वंगधरा खोला, सिमगडा खोला, सकायल खोला कुलाउं खोला, मछेल खोला, लेवा खोला, कैलुन खोला, रेल गाड, सेर्ना, वठन्थले, गोधन्न खोलो, वर्थला खोलो, भणरी खोलो, जांजर खोलो वांजा खोलो, कपड खेत, मौमेडी खोलो, कोराल खोलो आदि पानीका मुहानहरु रहेका छन । पर्याप्त मात्रामा रहेको यस जलस्रोतलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धनलगायतका जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेकोछ ।

**च) जैविक विविधता :**

खोला नदी किनारका वेंसीका फांट देखि मध्य पहाड हुदै चिसो लेकाली भुभाग सम्म फैलिएको भूगोल, पर्याप्त पानीको जलाधार क्षेत्र तथा मुहान र बृहत वन क्षेत्रका (धार्मिक, निजि एवंम सामुदायिक) कारण गन्यापधुरा गाउँपालिका जैविक विविधताका दृष्टिकोणले धनी गाउँपालिकाको रुपमा रहेको छ । यहाँ गुराँस, कोइराल, चिउरी, सिरिस, मेल देखि फूल फुल्ने विभिन्न प्रजातिका वनस्पतीको साथै अन्य धेरै किसिमका वनस्पतिहरू पाइन्छन् । विभिन्न प्रकारका चराचुरुगिहरु, वाघ, वनविरालो, ओद, घोरल, झारल, मृग, दुम्सि, कालिज, खरायो, स्याल, तित्तरा, लाटोकोसेरो लगायत अन्य प्रजातीका वन्य जस्तुहरु, विभिन्न प्रजातीका माछाहरू र विभिन्न किसिमका उभयचरहरुको संरक्षण र संवर्द्धन गरी गाउँपालिकाको दीगो विकासमा योगदान पुऱ्याउन सकिने सम्भावना रहेको छ ।

**छ) ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका स्थलहरू :**

गन्यापधूरा, असिग्राम मन्दिर, भागेश्वर, लाटा गन्याप मन्दिर, खडेली बाबा, नङरी ताल, मष्टा मेला, देवल, कुलाउं मन्दिर, कैलपाल मन्दिर, लाटा वंडाली लगायतका मठ मन्दिर देवस्थलहरु रहेका छन् । यी मठ मन्दिरहरुमा विभिन्न तिथी पर्वहरुमा पूजाआजा र मेला लाग्ने परम्परा रहि आएकोछ । मठमन्दिर वाहेकका अन्य विभिन्न रमणीय स्थानहरु रहेका छन । पर्यटकीय तथा धार्मिक महत्व बोकेको वार्षिकरुपमा हजारौं दर्शनार्थीहरूको भीड लाग्ने विभिन्न देविदेवताका जात्राहरु, गौरा पर्व, हिन्दु परम्पराका संस्कृति झल्काउने ऐतिहासिक पौराणिक किसिमको संस्कृति, रहनसहन तथा चाडपर्व लगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, प्राकृतिक, ऐतिहासिक, पौराणिक महत्वका स्थलहरूको संरक्षण र पर्यटन विकासका लागि प्रवर्द्धन मार्फत् गाउँपालिको आर्थिक विकासमा योगदान पुऱ्याउन सकिने अवस्था रहेको छ ।

## ज) उद्यम विकासको लागि कच्चा पदार्थ र पूर्वाधार :

कृषी, पशु एवम् वनजन्य कच्चापदार्थको सुलभ उपलब्धता, गाउँपालिकाका सबैजसो वडा तथा वस्तिहरुमा सडक सन्जाल विस्तार, विजुली, पानीलगायत आधारभूत उद्यम विकासका पूर्वाधारको विकास र उपलब्धता तथा ग्रामिण उद्यम स्थापनाका लागि पर्याप्त जमिन, नजिकको सदरमुकाम डडेल्धुरावजार, डोटी सदरमुकाम सिलगढी, दिपायल, राजपुर, गैरावजार, वुडर बजार, अछामको सांफेबजार, कैलालीको अत्तरिया र धनगढी वजार, कञ्चनपुरको महेन्द्रनगर बजार, अन्य सडक छेछाउका साना वजारहरु रहेको हुँदा गाउँपालिकामा कृषि, पशु, वनलगायतका उद्यमको स्थापना, उत्पादनहरुको विकि वितरण साथै शैक्षिक, ईको पर्यटन, ईको भिलेज, एग्रो ईको पर्यटन र योग पर्यटन (yoga tourism) समेतको विकासको सम्भावना रहेको छ ।

### ३.२.२.गाउँपालिका विकासका प्रमुख सवालहरूः

गाउँपालिका विकासका लागि थुप्रै सबल पक्ष, सम्भावना तथा अवसरहरूका साथसाथै समस्या तथा सवालहरूसमेत रहेका छन्, केही प्रमुख समस्या तथा सवाल देहायअनुसार रहेका छन् :

- निर्वाचित जनप्रतिनिधिहरु दलगत स्वार्थ भन्दा माथि उठ्न नसकेको र समग्रमा गाउँपालिका विकासको नेतृत्व गर्न नसकेको ।
- गाउँपालिका लाई प्राप्त स्रोतहरुको उचित प्रयोग हुन नसकेको र स्रोतहरु प्रयोगमा दोहोरो पना दोहरीदै गएको ।
- विकास योजनाहरुको निर्माणमा दिगोपना र अपनत्वको अभाव ।
- उपभोक्ताहरुमा योजनामुखिता वढ्दै गईरहेको ।
- जलवायुपरिवर्तनका असरहरु वढ्दै जानु र वाढिपहिरोको प्रकोप निरन्तर दोहोरिँदो तथा बढ्दो क्षति नोक्सानी ।
- वन क्षेत्र तथा जैविक विविधताको विनाश, धार्मिक संरक्षित वनहरुमा दिनानुदिन अतिक्रमण भइरहेको र वनजंगलको क्षेत्रफल दिनप्रति दिन घट्दै गईरहेको अवस्था ।
- स्थानीय स्तरमा रोजगारीका अवसरहरु (सिपमुलक तालिम, युवा स्वरोजगार, ग्रामिण लघु उद्यम विकास) सृजना गर्न नसकेको  तथा युवा शक्तिको ठूलो हिस्सा आफ्नो समुदायबाट पलायन भएको ।
- कृषि, पशुपालन लगायतका गाउँपालिकाका प्रमुख सम्भाव्य क्षेत्रहरूमा तालिम प्राप्त तथा युवाशक्तिको आकर्षण कम भएको र उल्लेखनिय रुपमा गाउँपालिकाले लगानी गर्न नसकेको ।
- कृषिलाई मर्यादित पेशाको रुप्मा स्थापना गर्न नसकिएको ।
- ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका स्थलहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार हुन नसकेको ।
- वामे सर्दै गरेको ग्रामिण वजारीकरण अव्यवस्थित भएको, भूउपयोग तथा वजारीकरण योजनाहरू तर्जुमा र कार्यान्वयन हुन नसकेको ।
- रोजगारका अवसर सृजना हुन नसेको कारण भई रहेको तीव्र बसाइ सराइ वृद्धिको व्यवस्थापन हुन नसकेको
- योजनाबद्ध विकासका लागि व्यवस्थापन सूचना प्रणाली कमजोर भएको र आवधिक विकास योजना तयार नभएको  तथा दक्ष जनशक्तिको अभाव भएको ।
- शैक्षिक क्षेत्रबाट बजारको माग अनुरुपको व्यवसायिक सिपमुलक दक्ष जनशक्ति उत्पादन हुन नसकेको र समयसापेक्ष गुणस्तरिय शिक्षा दिन नसकेको ।
- गाउंमा प्राप्त भएको आम्दानीलाई उत्पादनमूलक तथा ग्रामिण उद्योगको काममा प्रयोग गर्न नसकिएको
- आवधिक गाउँपालिका विकास योजना र अन्य विषयगत योजनाहरू तर्जुमा नभएको र वार्षिक नीति तथा कार्यक्रम अनुसार कार्यान्वयन नहुने गरेको तथा कार्यक्रमहरू योजनवद्ध तरिका वाट संचालन हुन नसकेको ।

### ३.३. गाउँपालिका विकासको दीर्घकालीन सोच

गाउँपालिकास्तरको समष्टिगत सामाजिक आर्थिक विकासका लागि तयार गरिने आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको सबैभन्दा महत्वपूर्ण विशेषता भनेको यसले गाउँपालिकाको कृषि विकासको लागि विभिन्न तहका उद्देश्यहरू (लक्ष्य, उद्देश्य, उपलब्धी, प्रतिफल) निर्धारण गरी निश्चित अवधिभित्र हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गरी कार्यक्रम र बजेटसहित भविष्यको मार्गचित्रमा सरोकारवालाहरूबीच छलफल, रायसुझाव र आमसहमति कायम गरी कार्यान्वयनका लागि आधार तयार गरेको छ । गाउँपालिका कृषि विकास योजनामा दीर्घकालीन सोच उपल्लो स्थानमा रहने हुँदा योजनाका समग्र लक्ष्य, उद्देश्य र रणनीतिहरु पालिकाको दीर्घकालीन सोच हासिल हुने दिशामा केन्द्रित हुन्छन् । उपरोक्त सन्दर्भमा गन्यापधुरा गाउँपालिकाको यस आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना (२०७७/०७८-२०८१/०८२) ले दीर्घकालीन सोच तय गरी र यस अवधिमा वातावरणीय जोखिमका मुद्दाहरू, विपदका घटना र सवाल, समावेशीकरण, नतिजामूलक व्यवस्थापन सहित समग्र राजनीतिक तथा सामाजिक, आर्थिक परिवेशमा उल्लेख्य फेरबदल आउने हुँदा यस अघिका गाउँपालिकाका नीति तथा कार्यक्रमले तय गरेका सोचलाई समसामयिक हिसाबले परिमार्जन गर्नुपर्छ भन्ने विषयमा सरोकारवालहरूबीच पटकपटक छलफल भई राय सुझाव सहित सहमति कायम भए अनुरुप आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाले कृषि विकासको दीर्घकालीन सोचलाई परिमार्जन गरी नयाँ दीर्घकालीन सोच तयार गरेको छ । गाउँपालिकाको कृषि विकासको दीर्घकालीन सोच परिमार्जन गर्ने क्रममा वर्तमान समयमा देखिएका गाउँपालिकाको सबल पक्ष, सम्भावना, अवसर तथा समस्या, सवालहरूका बारेमा वृहत्तर छलफल गरी प्राप्त निचोड, रायसुझाव अघिल्ला आर्थिक वर्षहरुका नीति तथा कार्यक्रमले तय गरेको दीर्घकालीन सोच तथा जनअपेक्षा समेतलाई मध्यनजर गरी सहभागितामूलक छलफलबाट आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको देहायअनुसारको दीर्घकालीन सोच तय गरिएको छ :

**"वातावरण मैत्रि व्यवसायिक कृषि समुन्नत समाज, गरिबी निवारणको सशक्त आधार, कृषि आधारित उद्योग स्थापना एवं विस्तार, समष्टिगत आर्थिक विकास र स्वरोजगार" ।**

#### ३.३.१.दीर्घकालीन दृष्टिकोणको संक्षिप्त व्याख्याः

**क) वातावरणमैत्री विकासः**

दीगो कृषि विकासलाई प्राथमिकता दिँदै विकास निर्माणका क्रियाकलापहरुमा वातावरणमैत्री दिगो विकासको अवधारणा अवलम्बन गर्ने

**ख) व्यवसायिक कृषिः**

कृषि तथा पशु पालन व्यवसाय लाई परम्परागत प्रणालीमा सुधार गरी आधुनिक उन्नत प्रविधिहरु अवलम्वन गराउनुको साथै क्षेत्र विस्तारमा प्रोत्साहन गरी उद्यमीहरु तयार गर्दै कृषिमा व्यवसायिकता विकास गरिने ।

**ग) समुन्नत समाजः**

कृषि तथा पशु व्यवसायमा व्यवसायिकता विकासको माध्यमबाट प्रति कृषक परिवार आम्दानी वृद्धि गराई त्यस्ता परिवारहरुको संख्यामा वृद्धि गराउंदै समुन्नत समाज निर्माण गरिदै लगिने ।

**घ) रोजगारीको शसक्त आधारः**

कृषिमा व्यवसायिकता विकास संगै कृषि उपजहरुको परिमाणमा वृद्धि हुनजान जसको फलस्वरुप बजारीकरण, यातायात, प्रशोधन, भण्डारण जस्ता क्षेत्रहरुको आवश्यकता महशुस हुन गई नयां रोजगारीका क्षेत्रहरु विकासवाट रोजगारी सृजना हुन जाने ।

ङ) **कृषिमा आधारित उद्योग स्थापनाः**

कृषिमा व्यवसायिकता विकास संगै उद्यमीहरु तयार गरिंदै लगिने र यसबाट कृषिमा आधारित साना, लघु र घरेलु उद्योगहरु स्थापना एवं प्रवर्द्धन हुंदै जाने ।

**च) समष्टिगत आर्थिक विकासः**

विद्यमान स्रोत तथा सम्भावना (कृषि, पशुपालन, पर्यटन वन, उद्योग, जलाधार क्षेत्र, सिप) को उच्चतम प्रयोग/परिचालन गरी रोजगारी सृजना तथा पूँजीको वृद्धि र विकासमार्फत् गाउँपालिकाको अर्थतन्त्र सबल र नागरिकको जीवनस्तर उच्च हुने स

**छ) स्वरोजगारः**

कृषि तथा पशुपंछि पालन व्यवसायमा आधुनिकिकरण, व्यवसायिकरण र उद्यमसिलता विकासका क्रममा सञ्चालन हुने आर्थिक क्रियाकलापले नयां नयां रोजगारीका अवसर सृजना गराई स्वरोजगारको वातावरण निर्माण हुने ।

दीर्घकालीन दृष्टिकोणले विकासको दिशा निर्देश गर्दछ । उल्लेखित दिशाउन्मुख भई गन्यापधुरा गाउँपालिकाको आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको तर्जुमा गरिएको छ । उल्लेखित दिशामा गाउँपालिकाको कृषि विकासलाई अभिमुख गर्ने आधारका रुपमा गाउँपालिका विकासका निर्देशक सिद्धान्त, रणनीतिहरू तय गरिएका छन् । कृषि क्षेत्र अनुसार गाउँपालिका कृषि विकासका सबल पक्ष, सम्भावना, अवसर तथा समस्या विश्लेषण गरिएको छ । योजना सोच तालिका तय गरी गाउँपालिकास्थित सबै राजनीतिक दल लगायत वृहत् सरोकारवाला र समुदायहरूबीच चरणवद्ध छलफल, गोष्ठी, कार्यशाला गरी कृषिका उद्देश्य, उपलब्धीहरू, प्रतिफल, सूचकहरू तय गरिएका छन् । कार्यनीतिहरू पहिचान गरिएका छन् । आवश्यक कार्यक्रम बजेट तर्जुमा गरिएको छ । योजनाको कार्यान्वयन तोकिएका लक्ष्य उद्देश्य हासिल गर्नेतर्फ उन्मुख छन् छैनन् यकीन गर्न नतिजामूलक अनुगमन खाकासहित अनुगमन मूल्याङ्कन पद्धति प्रस्ताव गरिएको छ । विद्यमान अवस्थाबाट आगामी पाँच वर्षको अवधिमा पहिचान गरिएको दीर्घकालीन सोचतर्फ गाउँपालिका कति अगाडि बढ्न सक्छ भन्ने विषय यो योजना आफै भन्दा यसको कार्यान्वयन, नियमित अनुगमन समिक्षा, पुनरावलोकन तथा सिकाइ अनुसार सुधारको अभ्यास र गाउँकार्यपालिकाको संस्थागत प्रतिबद्धतामा भर पर्नेछ ।

यस आवधिक योजनालाई गाउँपालिकाको कृषि विकासमा मार्ग निर्देशकका रुपमा अगाडि बढाउनका लागि यसको दीर्घकालीन सोच/परिकल्पना, गाउँपालिका विकासका मार्ग निर्देशक सिद्धान्तहरु तथा गाउँपालिका विकासका रणनीतिहरु निर्धारण गरिएको छ । यसलाई  देहायका उप-शीर्षकहरु अर्न्तगत समेटिएको छ ।

**३.४.परिकल्पना**

यस गाउँपालिकाले सहभागीतात्मक प्रक्रियावाट गाउँपालिकाको विकासको परिकल्पना तल दिए अनुशार निर्धारण गरिएको छ । जसलाई आवाधिक गाउंपालिका कृषि विकास योजनाले उपलब्धिमूलक बनाउने छ । जमिनको उपयुक्त उपयोग तथा रुपान्तरणीय आधुनिक कृषि, प्राकृतिक श्रोतको अधिकतम तथा व्यवस्थित उपयोग र परिचालन, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक एवं कृषि पर्यटन, गुणस्तरिय तथा व्यवसायिक

सिपमुलक शिक्षा, उद्यम व्यवसाय सृजना, उद्यमसिलता विकास तथा विकास र बजार तथा व्यवस्थित पूर्वाधार विकास मार्फत सुखी, खुशी, सम्बृद्ध गन्यापधुराको परिकल्पना गरिएको छ । यसको प्राप्तिका लागि गाउँपालिकामा पर्याप्त श्रोत परिचालन र संस्थागत विकासवाट दीर्घकालीन सोच सम्म पुग्ने माध्यम रहनेछ । आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा सहभागीहरु माझ गरिएको छलफल, सरोकारवालाहरुको राय सुझाब तथा परामर्शका आधारमा तयार गरिएको कृषि विकासका संभावना, अग्रणी क्षेत्र, गन्यापधुरावासीले चाहेको अवस्थालाई केन्द्रमा राखी दीर्घकालीन सोच तथा परिकल्पना देहाय अनुसार निर्धारण गरिएको छ :

**"वातावरण मैत्रि व्यवसायिक कृषि समुन्नत समाज, गरिबी निवारणको सशक्त आधार, कृषि आधारित उद्योग स्थापना एवं विस्तार, समष्टिगत आर्थिक विकास र स्वरोजगार"**

## ३.५.गाउँपालिकाको विकासको ध्येय

स्रोत-साधनको समुचित प्रयोगमा आधारित सहभागितामूलक योजनावद्ध दिगो कृषि विकासका माध्यमले सम्बृद्ध गाउँपालिकामा रुपान्तरण गर्ने ।

## ३.६.गाउँपालिका कृषि विकासको लक्ष्य

**"व्यबसायिक कृषि, सिप विकास, जलाधार व्यवस्थापन, वन तथा वातावरण, पर्यापर्यटन लघुउद्यम र बजार विकासमा सुधार गरी समुदायको आयस्तरमा बृद्धि गर्ने"**

### ३.७. गाउँपालिका विकासका निर्देशक सिद्धान्तहरू:

गन्यापधुरा गाउँपालिकाको यो आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनामा उल्लेखित दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य तथा नतिजाहरु प्राप्त गर्नका लागि राष्ट्रिय प्राथमिकता तथा १५ औं योजनाले समेत निर्दिष्ठ गरे अनुसारका निर्देशक सिद्धान्तहरु निर्धारण गरिएको छ । गाउँपालिकाको विकास व्यवस्थापनलाई गाउँपालिकां कृषि विकासको दिर्घकालीन सोच (Vision) तर्फ उन्मुख गराउन, लक्ष्य (Goal) प्राप्तीमा प्रभावकारी योगदान पुऱ्याउन र योजनाको उद्देश्य (Purpose) प्राप्तीका लागि सहयोग पुऱ्याउन निम्नअनुसारका निर्देशक सिद्धान्तहरू अवलम्बन गरिनेछ :

**क) दिगो विकासः**

यस आवधिक गाउँपालिका कृषि विकास योजनाले दिगो विकासका लक्षित उपलब्धीहरुलाई दीर्घकालसम्म आत्मनिर्भरमुखी तरिकाले प्राप्त गर्न आवधिक योजनाले विशेष प्राथमिकता दिएको छ । आर्थिक, सामाजिक तथा वातावरणीय रुपमा सन्तुलित राख्दै स्थानीय स्रोत साधनहरुको परिचालन मार्फत आत्मनिर्भरतामा आधारित कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ । दिगो सिंचाई, कृषि बजारका पूर्वाधार निर्माण/पुर्ननिर्माण गर्दै कृषिमा व्यवसायीकरण, उद्यमिकरण, सिपविकास, प्राकृतिक एवम् वातावरणीय सम्बेदनशील क्षेत्रहरुमा आघात नपुऱ्याई न्यून वातावरणीय क्षतिको सिद्धान्त अवलम्बन गरी कृषि विकासका कार्य सञ्चालन गरिनेछ ।

**ख) गरिवी न्यूनिकरण तथा उद्यमशिलता विकासः**

गाउँपालिका क्षेत्रको वर्तमान कृषि उत्पादन अर्न्तगत नगदेबाली र खाद्यान्नबाली साथसाथै पशुजन्य उत्पादनको स्थितिलाई मध्यनजर गर्दा थप क्षेत्र विस्तार, संख्यामा वृद्धि गर्दै आधुनिक मेसिनरी औजार उपकरण, उन्नत जात एवं नस्लहरु भिफ्याउउंदा उत्पादन, प्रशोधन तथा बजार प्रवर्द्धनलाई ध्यान दिनुपर्दछ । स्थानीय कृषक तथा समुदायलाई उद्यमशीलता विकास, क्षमता विकास तालिमले कृषिमा आधारित लघु

उद्योग धन्दाहरु प्रवर्द्धन गर्ने तर्फ यस आवधिक गाउपालिका कृषि विकास योजनाले जोड दिएको छ । विशेष गरी स्थानीय स्रोत, साधन, सीप विकास र प्रविधि मार्फत स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्न, उत्पादनमुलक श्रमको प्रवर्द्धन एवम् युवा स्वरोजगारका विशेष कार्यक्रमहरु कार्यन्वयन गर्नु पर्नेछ । त्यसै गरी खाद्य सुरक्षाका लागि अल्पकालिन तथा दिर्घकालीन उपायहरु अवलम्बन गर्नुपर्नेछ ।

**घ) भौतिक पूर्वाधार तथा वातावरणीय सन्तुलित विकास :**

यस आवधिक योजनाले कृषि सडक यातायात, कृषि बजार स्थल, विद्युत, सिचाई, संचार लगायतका भौतिक पूर्वाधार विकास सम्बन्धी उपलब्धीहरु लाई यहाँका प्राकृतिक सम्पदाहरुलाई नकारात्मक असर नपुऱ्याउने गरी एक आपसमा पुरक विकासका रुपमा अगाडि बढाउन जोड दिएको छ । विशेष गरी संरचना निर्माणमा स्थापित सूचक साथसाथै सरकार मार्फत तोकिएको मापदण्डलाई पूर्ण पालना गर्न प्रोत्साहन गरिनेछ ।

**ङ) स्थानीय स्रोतको समुचित व्यवस्थापन :**

गाउँपालिकाको कृषि विकासलाई दिगो र आत्म निर्भरतामा आधारित बनाउन यहाँका स्थानीय स्रोत साधनहरुको पहिचान, समस्या, कारण तथा समाधानका उपायहरुलाई सम्बोधन गर्दै आयमुखी र व्यवसायिक बनाउन समुचित व्यवस्थापनको सिद्धान्तलाई अगाडि सारिएको छ ।

**च) रोजगार प्रवर्द्धन तथा कृषि पशुपालन विकास :**

गाउँपालिकाको आर्थिक विकासको मुख्य आधारको रुपमा रहेको जडीबुटी, पर्यटन, कृषि तथा पशुपालन क्षेत्रलाई सशक्त तथा रोजगारमुलक बनाउन मानवीय स्रोत विकास, प्रचार प्रसार तथा व्यवसायिक विकासका माध्यमबाट अगाडि बढाउने सिद्धान्तलाई अंगीकार गरिएको छ ।

**छ) साझेदारी तथा सहभागितात्मक विकास :**

कृषि विकासका विभिन्न तह र कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय तह, विषयगत शाखाहरु, प्रदेश सरकार, संघिय सरकार, विभिन्न मन्त्रालय तथा विभागहरु, विभिन्न परियोजनाहरु, सहकारी संस्थाहरु, कार्यरत विभिन्न गैर सरकारी संस्थाहरु, निजी क्षेत्र तथा दातृ संस्थाहरुसँग समन्वय तथा संजाल स्थापना गरी योजनाबद्ध रुपमा अगाडी बढ्ने सिद्धान्तलाई जोड दिईएको छ । विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गर्ने सन्दर्भमा स्थानीय तह, विषयतगत शाखा तथा गैर सरकारी निकाय, निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था तथा राष्ट्रिय एवम् अन्तरराष्ट्रिय दातृ संस्था र साझेदारहरुसँग समन्वय र सहकार्य गरी सम्पुर्ण सरोकारवाला निकायसँग साझेदारी सञ्चालन स्थापना गर्नु पर्नेछ ।

**ज) मानव संशाधन तथा संस्थागत विकास :**

गाँपालिकाको कृषि विकासका विविध क्षेत्रहरुमा दक्ष मानवीय स्रोत विकास तथा गाउँपालिकाको कृषि विकास कार्यमा सशक्त संस्थागत क्षमता तथा कार्य पद्धति निर्माण गरी गाउँपालिकालाई प्रभावकारी तथा क्षमतावान् बनाउने सिद्धान्तलाई अगाडि सारिएको छ ।

**झ) लैंगिक तथा सामाजिक विकास :**

गाउँपालिकाको कृषि विकासको विभिन्न तह, स्तर र कार्यक्रम तथा आयोजनाहरुमा महिला, दलित, आदिवासी जनजाति, तथा विपन्न वर्गका कृषकहरुको समावेशी सहभागितालाई यस आवधिक योजनाले प्रोत्सहान गर्नेछ । विकासको प्रक्रिया र प्रतिफलमा सामाजिक आर्थिक दृष्टिले पछाडि परेका/पारिएका विपन्न तथा गरिब, आदिवासी जनजाती, एकल/विधवा महिला, युवा लगायतका क्षेत्र एवम् समुदायलाई कृषि विकासको मुलधारमा समाहित गरी समाजिक न्याय र समावेशी विकासको अवधारणालाई

समुदायसम्म पुऱ्याउने तर्फ विशेष ध्यान दिईने छ । विकास निर्माणका प्रत्येक चरणमा लैंगिक भूमिका विश्लेषण गरी महिलाहरुको सहभागिता अभिवृद्धि हुने वातावरण सिर्जना गरिने छ । यसै गरी लैंगिक समानता, समाजिक सुरक्षा, न्याय र समावेशीकरण सुनिश्चित गर्नका लागि सुविधा विमुख समूहको सशक्तिकरणका विषेश कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

**ञ) सुशासन, पारदर्शी, जवाफदेहि तथा जनकेन्द्रित विकासः**
कृषि विकासका प्रक्रिया र प्रतिफललाई व्यवस्थित, जनउत्तरदायी, जवाफदेही, पारदर्शी, चुस्त दुरुस्त बनाउदै सेवा प्रवाहलाई प्रभावकारी बनाउन सरकारी, नीजि, गैर सरकारी क्षेत्र, नागरिक समाज एवम् सेवाग्राही समुदाय समेतको सहभागितामा जोड दिईने छ। गाउँपालिका कृषि विकासका हरेक तहमा गरिने क्रियाकलापहरुलाई चुस्त, दुरुस्त, पारदर्शी तथा जनमुखी रुपमा आवधिक योजनामा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न स्थानीय समुदायको भूमिका, अधिकार, सहभागिता एवं गाउँपालिकाको पूर्ण जवाफदेहितालाई आधार मान्ने सिद्धान्तलाई यस आवधिक योजनाले अभिन्न अंगका रुपमा आत्मसात गरेको छ । योजना कार्यान्वयन संगै अनुगमन तथा मूल्याङ्कनलाई शसक्त रुपले लगिनेछ । कृषि सेवा प्रवाह र सामाजिक आर्थिक पूर्वाधार तथा सुविधाहरु लक्षित समूदाय, वर्ग र क्षेत्र सम्म पुऱ्याउने साझेदारीमा आधारित कुशल तथा चुस्त व्यवस्थापनको पद्धति अप्नाइने छ । स्थानीय तह सरकारका आपूर्ति पक्षलाई कृषक तथा स्थानीय समुदायप्रति जवाफदेही बनाउँदै आपूर्ति पक्ष (सेवाप्रदायक) बाट गुणस्तरीय र प्रभावकारी सेवाको सुनिश्चितता तथा माग पक्ष (कृषक) लाई अधिकारका साथसाथै कर्तव्य पक्षमा सजग बनाउँदै स्थानीय सुशासन र जवाफदेहितालाई सुदृढ गरिनेछ ।

**ट) गैर सरकारी, नागरिक समाज, सामुदायिक तथा निजी संस्थाहरुको क्षमता सशक्तिकरण तथा मूल प्रवाहीकरण :**
कृषि विकासका कार्यक्रमहरुलाई उत्पादन एवम् स्थानीय अर्थतन्त्रसँग जोड्दै स्रोतको समुचित एवम् कुशल व्यवस्थापन एवम् उच्च प्रतिफलमूखी र दिगो बनाउन सरकारी, नीजि तथा सहकारी वीचको उच्चतम् साझेदारीलाई अवलम्बन गर्नु पर्नेछ । यस गाउँपालिकाको कृषि विकास गतिविधिमा सरोकार राख्ने स्थानीय सामुदायिक, नागरिक समाज, गैरसरकारी, सहकारी तथा निजी संस्थाहरुलाई गाउँपालिका कृषि विकासमा सक्रियता र मुलप्रवाहीकरणका लागि तिनीहरुको क्षमता अभिवृद्धि, साझेदारी तथा समावेशीकरण तर्फ ध्यान केन्द्रित गर्नु आवश्यक छ । सरकारी, गैह्सरकारी, निजि एवं सहकारी मार्फत संकलित पूँजी समेतलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण तयार गरिने छ । सरकारले निर्माण गर्ने भौतिक पूर्वाधारहरुलाई समेत स्थानीय दिगो अर्थतन्त्रको विकासमा समाहित गर्न तीनवटै क्षेत्रको सहकार्य र साझेदारीको उचित पद्धतिको विकास र अवलम्बनमा जोड दिइएको छ ।

**ठ) अन्तर गाउँपालिका तथा नगरपालिका साझेदारी :**
कृषि विकासका प्रयासहरुलाई उचित प्रतिफलमुखी र दिगो बनाउन एवम् स्रोतको समन्वयतात्मक व्यवस्थापनका लागि तुलनात्मक एवम् प्रतिस्तर्धात्मक लाभ हासिल गर्न सरोकारवालाहरुको विश्लेषण गर्दै छिमेकी गाउँपालिका तथा नगरपालिका सँग समेत घनिष्ठ सुमधुर प्रगाढ सम्वन्ध, साझेदारी, समन्वय र सहकार्य गरी कृषि विकासका कार्यक्रमहरु तर्जुमा एवम् कार्यन्वयन गर्नु पर्नेछ भने विकास निर्माणका प्रयास तथा सिकाईहरु लाई आदानप्रदान गर्नु पर्ने छ । डडेल्धुरा जिल्लाका अन्य गाउँपालिका/नगरपालिकाहरुसँग सामाजिक, आर्थिक र पूर्वाधार विकास प्रवर्द्धनमा साझेदारी गर्न समेत आधारहरु तयार गरिएकोछ ।

**३.८. छिमेकी गउँपालिका/नगरपालिका सँग कृषि विकासको सम्बन्ध र अवसरः**

डडेल्धुरा जिल्लाको भौगोलिक अवस्थिति आफैँमा एक महत्वपूर्ण विकासको अवसर हो । यो जिल्ला भौगोलिक रुपमा पहाड, मध्य पहाड तथा खोला नदीको समतल फाँट सम्म फैलिएको छ । गन्यापधुरा गाउँपालिका अत्तरिया डडेल्धुरा र डडेल्धुरा डोटी राजमार्गमा पर्ने भएकोले यातायात संजालको दृष्टिकोणले महत्वपूर्ण संभावनायुक्त रहेको छ । प्राकृतिक स्रोतको रुपमा रहेको सल्लाको खोटो, सल्लाको पिरुल, वनमारा, वन जन्य उत्पादन, कृषि तथा पशु जन्य उत्पादन तथा अन्य स्रोत परिचालन भएको खण्डमा प्राकृतिक स्रोतहरुमा आधारित साना ग्रामिण उद्योग र पर्यटन विकासलाई समेत गन्यापधुरा गाउँपालिकाले लाभक्षेत्रका रुपमा परिचालन गर्न सक्नेछ । छिमेकी गाउँपालिका/नगरपालिकाहरुमा समेत स्रोत परिचालनका दृष्टिले सकारात्मक विकास गर्न सकिने संभावना छ । अन्तर जिल्ला र गाउँपालिका/नगरपालिका समन्वयको दृष्टिकोणले गन्यापधुरा गाउँपालिकाको संभावना तथा अवसरहरुको रुपमा कृषि उत्पादनको विउविजन, जलस्रोत, कृषि तथा पशु जन्य उत्पादन, वनजन्य उत्पादन, बिद्यूत प्रसारण, सडक संञ्जाल तथा प्राकृतिक स्रोत परिचलान आदि सम्भावना रहेका क्षेत्रहरु हुन । गन्यापधुरा गाउँपालिकाको जिल्ला/ गाउँपालिका/नगरपालिका सँगको अन्तरसम्बन्ध विश्लेषण तालिका नं. ३६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३६: गन्यापधुरा गाउंपालिकाको अन्य जिल्ला/ पालिकाहरु संगको अन्तरसम्बन्धः**

| क्र.स. | जिल्ला/ गाउँपालिका/नगरपालिका | विकासका आधार | गन्यापधुरा गाउँपालिका सँग अन्तरसम्बन्ध | गाउँपालिकाको विकासमा साझेदारीको ढाँचा |
|---|---|---|---|---|
| १ | डडेल्धुरा जिल्लाको अमरगढी, पर्शुराम नगरपालिका, नवदुर्गा, आलिताल, भागेश्वर, अजयमेरु, गाउंपालिका र डोटी जिल्लाको शिखर, दिपायल शिलगढी न.पा. एवं जोरायल गा.पा. संगको सम्वन्ध | • कृषि उत्पादन वजारीकरण<br>• पर्यटन विकास र प्रचार प्रसारा<br>• लघु उद्यम विकास र व्यापार व्यवसाय<br>• जडीवुटी<br>• सडक तथा यातायात<br>• दक्ष जनशक्ति | • कृषि, पशुपंछि<br>• पर्यटन प्रवर्द्धन<br>• वन जंगल संरक्षण<br>• उद्योगधन्दा, बजारीकरण र दोहोरो व्यापारिक सम्बन्ध<br>• सडक तथा भौतिक पूर्वाधार विकास<br>• जलाधार संरक्षण<br>• वातावरण संरक्षण तथा प्रकोप न्यूनिकरण, विपद व्यवस्थापन<br>• जलवायुपरिवर्तन र अनुकुलन | • तुलनात्मक लाभका क्षेत्र पहिचान, प्राथमिकीकरण समन्वय<br>• योजना समन्वय ( सम्बन्धका क्षेत्रमा)<br>• ग्रामीण सडक तथा कृषि सडक<br>• नमुना परियोजना तय गरी कार्यन्वयन कृषि उपज, प्राकृतिक स्रोत उपयोग, उर्जा, पर्यटन, वन र पानीको मूल संरक्षण<br>• जैविक मार्ग संरक्षण र विकास |

**३.९. वातावरण मैत्री विकास, जलवायुपरिवर्तन अनुकुलन तथा विपद् उत्थानशीलता :**
गाउँपालिकाको विकास प्रक्रियामा वातावरणमैत्री कृषिको विकास, जलवायुपरिवर्तन अनुकुलन तथा विपद् न्यूनीकरणका अवधारणा अवलम्बन गरी दीगोपनमा जोड दिँदै तथा विकास गतिविधिलाई वातावरण मैत्रि वनाई जलवयापरिवर्तन विपद् उत्थानशील समाज सृजनातर्फ केन्द्रीत गरिनेछ ।

**क) संस्थागत क्षमता विकास :**
स्थानीय सेवा प्रदायक तथा समुदायको संस्थागत क्षमता विकास गरी स्थानीय कृषकको माग तथा आपूर्ति दुवै पक्षको सुदृढीकरण गरिनेछ ।

**ख) समन्वय र साझेदारी :**
गाउँपालिकाको कृषि विकास प्रक्रियालाई सम्बन्धित सबै सरोकारवालाहरू बीच नियमित र व्यवस्थित समन्वय र साझेदारीमा आधारित भई अघि बढाइनेछ । समन्वय र साझेदारीमार्फत् आयोजनाको कार्यान्वयनमा प्रभावकारिता वृद्धि तथा अपुग स्रोत पूर्तिमा योगदान पुऱ्याइनेछ ।

**ग) व्यवस्थित भू उपयोग :**
उपलब्ध सीमित भूमिबाट अधिकतम प्रतिफल हासिल गर्न भूउपयोग योजना तर्जुमा गरी कटिबद्धताका साथ पालन गरिनेछ ।

**घ) व्यवस्थित वजारीकरण :**
गाउँपालिकाको बढ्दो स्थानिय वजारीकरणलाई व्यवस्थित गरिने र कृषि हाटबजार एवं कृषि संकलन केन्द्रहरु स्थापना गरी कृषि उपज विक्रि वितरण लाई सहज वनाइने छ । अनियन्त्रित अव्यवस्थित वजारीकरणलाई नियन्त्रण गरिनेछ तथा स्थानिय वजारीकरणलाई व्यवस्थित गर्दै लगिनेछ ।

**ङ ) जनकेन्द्रित कृषि विकास तथा सामुदायिक संलग्नता :**
नागरिक तथा स्थानीय समुदायलाई केन्द्रविन्दुमा राखेर, स्थानीय समुदायको सक्रिय र अर्थपूर्ण संलग्नतामा कृषि विकासका क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

**च) सामाजिक समावेशीकरण तथा अवसरमा समता :**
गाउँपालिकाका अति सिमान्तिकृत, गरीव, असहाय, एकल महिला, दलित, जनजाति लगायत विपन्न वर्गलाई विकासको मूल प्रवाहमा ल्याउन सामाजिक समावेशीकरण तथा अवसरमा समताको सिद्धान्तलाई अङ्गिकार गरिनेछ ।

**छ) तथ्यांक्कमा आधारित योजना, नतिजामा आधारित अनुगमन :**
योजनाबद्ध विकासका लागि पूर्वशर्तका रुपमा रहेको तथ्यांक व्यवस्थापन प्रणालीलाई सुदृढ र व्यवस्थित गर्दै आधार रेखा तथ्यांकमा आधारित भई योजना तर्जुमा गर्ने तथा आधार रेखामाथि भएको प्रगतिमा जोड दिने नतिजामा आधारित अनुगमनलाई निर्देशक सिद्धान्तका रुपमा अंगिकार गरिनेछ ।

**३.१०. गाउँपालिका कृषि विकास योजना तथा कार्यक्रम संचालनका भावी रणनीतिहरु**
गाउपालिकास्तरमा दीर्घकालीन योजनामा आधारित योजनाबद्ध विकासको अभ्यास संस्थागत भइसकेको छैन । देश संघिय संरचनामा गईसके पश्चात गन्यापधुरा गाउँपालिकाले पहिलो पटक पहिलो आवधिक गाउँपालिका कृषि विकास योजना तयार गरि कार्यान्वयनमा लैजाने जमर्को गरेको छ । स्थानिय तह सरकार गठन भए पश्चातका स्थानियतह सरकारका विकासका गतिविधिहरुको विष्लेषण र विगतका

वर्षहरुका निति तथा कार्यक्रमहरुको तुलना गर्दा यो गाउँपालिका कृषि विकास योजना निर्माण गर्दा सम्म कृषि विकासका गातिविधिमा केहि सुधार भएपनि समग्र गाउँपालिकाको कृषि विकास अवस्था सन्तोषजनक देखिएको छैन । पहिलो आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाले लिएका उद्देश्यहरू हासिल गर्नका लागि कृषि, उद्योग, व्यापार, पर्यटनको प्रतिस्पर्धात्मक क्षमता विकास तथा वन क्षेत्रको व्यवस्थापनमा जोड दिने मूल रणनीतिमा सघाउ पुऱ्याउन गाउँपालिकाको समष्टिगत कृषि विकासकालागि आवधिक योजनाले देहायअनुसारका विषयगत क्षेत्रलाई विशेष प्राथमिकता दिई कृषि विकास प्रयासलाई संचालन गर्न योजना अवधिमा निम्नअनुसारका रणनीतिहरू अवलम्बन गरिनेछन :

- भूगोल तथा क्षेत्रगतरुपमा उपयुक्त र फरक आयोजना तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गरी गाउँपालिका स्थानगत विशेषताहरूबाट उच्चतम प्रतिफल प्राप्त गर्न जोड दिने ।
- निर्यातमूलक कृषि उत्पादनका क्षेत्र (Export Agriculture Production Pockets) को पहिचान, परिचालन तथा तदनुरुप कार्यक्रम सञ्चालन गरी निर्यात वृद्धिलाई प्रवर्द्धन गर्ने ।
- कृषी तथा पशुपालनको व्यवसायीकरण, आय आर्जन, उत्पादनको मूल्य श्रृङ्खलामा अभिवृद्धि, पशुपक्षीजन्य उत्पादन विविधिकरण र उत्पादन बजारीकरणमार्फत् कृषकहरूको आम्दानीमा दीगो र गुणात्मक वृद्धिमा जोड दिने
- भू-उपयोग योजना, व्यवस्थित वजारीकरण, जलाधार/संरक्षण क्षेत्रको योजना तर्जुमा तथा प्रभावकारी कार्यान्वयन मार्फत् उपलब्ध स्रोतको उच्चतम परिचालन गर्ने
- गाउँपालिकाको कृषि विकास प्रयासमा समन्वय, साझेदारी, सहकार्य तथा एकद्वार प्रणालीमा जोड दिने ।
- ग्रामिण स्रोतमा आधारीत लघु उद्यममा लगानीमा वृद्धि गरी उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृजना, स्थानीय सीपको प्रयोग, स्थानिय स्रोत साधनको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।
- पर्यटकीय महत्वका स्थलहरुको संरक्षण र विकासमार्फत् आर्थिक वृद्धिमा टेवा पुऱ्याउने ।
- वन, जलाधार तथा संरक्षित क्षेत्रको एकीकृत व्यवस्थापन गर्ने तथा संरक्षण, पर्यटन र कृषि विकासलाई एकापसमा गाँसेर समन्वयात्मक रुपमा अघि बढाई पौराणिक, धार्मिक, ऐतिहासिक, प्राकृतिक महत्वका स्थलहरूको संरक्षण र प्रवर्द्धनमार्फत् आर्थिक वृद्धि र विकासलाई गति दिने ।
- रेमिटेन्सबाट आम्दानीको एकीकृत प्रयोग, निजी-सार्वजनिक-साझेदारीको नीति लाई बढावा तथा वैदेशिक रोजगारी वाट फर्केका युवाहरु लाई गाउँपालिकामा उद्यम संचालनमा लगानी गर्न प्रोत्साहन गर्ने ।
- नागरिक निगरानी, सहभागितामूलक तथा तेस्रो पक्ष अनुगमन तथा मूल्याङ्कन प्रणाली अनुशरण गरी सेवा प्रवाह तथा कार्यान्वयनको गुणस्तर वृद्धि गर्ने ।
- सबै सरोकारवालालाई सहभागी गराई विकासमैत्री वातावरणको निर्माण गर्ने तथा कृषि विकाससम्बन्धी सोचमा समझदारी, खोजमा सहकार्य र छनौटमा सहमति कायम गरी विकास निर्माणमा नयाँ लहर पैदा गर्ने ।
- गाउँपालिका कृषि विकासका विशिष्ट संभावना, समस्याहरू, नागरिकको आवश्यकता तथा मागमा आधारित विकास गतिविधिहरू सञ्चालनमा जोड दिने ।

- कृषि विकासका नयाँ विषयहरू जस्तो जलवायु परिवर्तन, विपद व्यवस्थापन, दीगो विकास, पर्यावरणलाई संबोधन गर्ने आयोजना तथा कार्यक्रम सञ्चालनमा जोड दिने ।
- मानव संधासन विकासमा आम नागरिक विशेष गरी पिछडिएको वर्ग, गरीव, दलित समुदाय र क्षेत्रको पहुँच, उपयोग तथा सेवाको गुणस्तर अभिवृद्धि गर्ने ।
- सरकारी, निजी र सामुदायिक/सहकारी क्षेत्रको संयुक्त प्रयासमा रोजगारीमूलक तथा गरीबी निवारण उन्मुख कृषि विकास कार्यहरू सञ्चालन गरी दीगो आर्थिक वृद्धि हासिल गर्ने ।
- कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना अनुसार गाउँपालिका कृषि विकासका प्रगति र नतिजाहरूको अनुगमन गाउँपालिका योजना अनुगमन तथा विश्लेषण प्रणाली विकास गरी अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- प्रमुख आयोजना तथा कार्यक्रमको प्रगति समीक्षा, प्रभाव मूल्याङ्कन र आवश्यकता अनुसार तेस्रो पक्षको संलग्नतामा समग्र योजनाको नतिजामूलक ढाँचामा वार्षिक समीक्षा, सामाजिक परीक्षण, सर्वजनिक लेखापरिक्षण मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरी नतिजाहरू सार्वजनिक गर्ने ।
- स्थानीय स्रोत साधनको उचित तथा दिगो परिचालन गर्ने।
- सहभागितात्मक रुपमा तयार गरिएको आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजना कार्यान्वयनमा प्रतिवद्धताका साथ अगाडी बढाउने ।
- स्थानीय सहभागिता जुट्ने योजना कार्यान्वयनमा प्राथमिकता प्रदान गरिनेछ ।
- प्राविधिक सर्वेक्षण, वातावरणिय प्रभाव मुल्यांकन तथा राय अनुसार मात्र पूर्वाधार विकास योजना कार्यान्वयन गर्ने ।
- आवश्यकताका आधारमा योजना छनौट गरी प्राथमिकता किटान गरी कार्यान्वयन गरिने ।
- कृषि उत्पादनलाई व्यावसायीकरण, विविधिकरण तथा औद्योगिकीकरण गर्न सहकारिताको भावनालाई प्रोत्साहन गर्ने । उत्पादनमूलक कार्यक्रमकहरुलाई प्राथमिकता दिने ।
- लोपोन्मुख स्थानीय प्रजाती, नश्लहरुको संरक्षण एवं प्रवर्द्धन गर्ने ।
- कृषक समुह, उपभोक्ता समितिको क्षमता विकास गरी योजना कार्यान्वयन गरिनेछ ।
- योजना तर्जुमा र अनुगमनका लागि सूचना प्रणालीको विकास गर्दै तथ्याङ्कमा आधारित आवश्यक्तालाई प्राथमिकता दिने ।
- सरकारी र गैह्सरकारी सहयोगी निकायहरुसँग समन्वय र लागत साझेदारीमूलक कार्यक्रमलाई महत्व दिने ।
- ग्रामीण कृषि पर्यटनको अवधारणालाई प्रोत्साहित गर्ने ।
- सामाजिक समावेशी र कुशल नेतृत्व विकास मार्फत गतिविधि सूचारु गर्ने ।
- परमपरागत उत्कृष्ट शीप/प्रविधिहरुलाई समयसापेक्ष सुधार र विकास गर्ने गरी कार्यक्रमहरु सञ्चालन गर्ने ।
- जलवायु परिवर्तन, विपद जोखिम व्यवस्थापन, दिगो तथा वातावरण मैत्री कृषि विकासलाई योजनामा समाहित गर्ने ।
- गाउंपालिका मार्फत संञ्चालित कृषि विकास गतिविधिहरुको आवधिक रुपमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, लैङ्गिक परीक्षण तथा सार्वजनिक सुनुवाईहरु सम्पन्न गर्ने ।

- सशक्तिकरण द्वारा स्वस्थ्य, दक्ष र सीर्जनशिल मानव संशाधनको विकास गर्ने ।
- कृषि, पशु उत्पादनको व्यवसायीकरण र विविधिकरण, कृषि पर्यटन, उद्योग र व्यवसायको सिर्जना र विकासद्धारा दीगो रोजगारी तथा आर्थिक बृद्धि गर्ने ।

**३.११. नतिजा तालिका**

गाउँपालिका कृषि विकासका प्रयासहरुलाई एकीकृत गरी गाउँपालिका कृषि विकासको सोच तर्फ डोऱ्याउन तथा लक्ष्य प्राप्त गर्न नतिजामूलक योजनाको ढाँचामा एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गरिएको छ । नतिजामूलक ढाँचा परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको छ । योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई आर्थिक, सामाजिक, पूर्वाधार विकास, कृषि वन तथा वातावरण र संस्थागत विकासका क्षेत्रहरुमा एकीकृत गरिएको छ । परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको गाउँपालिकाको समष्टिगत कृषि विकासको एकीकृत नतिजा तालिका देहायअनुसार रहको छ यसका लागि गाउँकार्यपालिकाले सुचकहरु थप गरि सुचक अनुशार पाँच वर्षे लक्ष निर्धारण गर्ने छ ।

| नतिजा श्रृङ्खला | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान | कैफियत |
|---|---|---|---|
| **लक्ष्य**<br>गन्यापधुरा गाउँपालिका वासीको आय, रोजगारी, खाद्य सुरक्षा तथा जीवनस्तरमा गुणात्मक र दीगो सुधार गर्ने | • गाउँपालिका वस्तुगत विवरण (प्रोफाइल)<br>• अध्ययन प्रतिवेदन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | | |
| असर १ : कृषि, पशुजन्य र ग्रामिण औद्योगिक उत्पादन एवम् उत्पादनशील सेवा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने । | • गाउँपालिका वस्तुगत विवरण (प्रोफाइल)<br>• अध्ययन प्रतिवेदन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | • राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ ।<br>• संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>• सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>• जलवायु परिवर्तन र विपदको असर न्युन हुनेछ ।<br>• वस्ती एकीकृत र सुरक्षित हुनेछ | |
| प्रतिफल १.१: कृषि उत्पादन क्षेत्र विस्तार हुने, उत्पादकत्व वृद्धि एवं व्यवसायिक कृषिको विकास हुनेछ ।(कृषि विकास तथा | • गाउँ वस्तुगत विवरण ( प्रोफाइल) | • कृषि विकास रणनीतिको कार्यान्वयन हुनेछ । | |

| | | | |
|---|---|---|---|
| विस्तार) | • अध्ययन प्रतिवेदन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | • सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ ।<br>• कृषि सेवा तथा प्रविधी प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ ।<br>• बजार अवधारणा अनुसार कृषकको नेतृत्वमा कृषि अनुसन्धान र प्रविधि हस्तान्तरण हुनेछ ।<br>• जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ<br>• कृषि वातावरणीय ह्रास कम हुनेछ । | |
| प्रतिफल १.२ सिंचाई सुविधाको विस्तार तथा प्रवर्धन भएको हुनेछ । ( सिंचाई) | • गाउँ वस्तुगत विवरण ( प्रोफाइल)<br>• अध्ययन प्रतिवेदन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | | |
| प्रतिफल १.३ व्यवसायिक पशुपालनको विकास एवं पशुपंक्षीजन्य उत्पादनमा वृद्धि भएको हुनेछ । ( पशुपालन, सेवा तथा विकास) | • गाउँ वस्तुगत विवरण ( प्रोफाइल)<br>• अध्ययन प्रतिवेदन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | • कृषि विकास रणनीति कार्यान्वयन हुनेछ ।<br>• सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ<br>• पशु सेवा र प्रविधी प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ ।<br>• जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ | |
| प्रतिफल १.४: कृषि उद्योग व्यवसायको सिर्जना तथा व्यवसायिक उत्पादनमा वृद्धि हुनेछ । ( उद्योग, व्यापार तथा बजार व्यवस्थापन) | • गाउँ वस्तुगत विवरण ( प्रोफाइल)<br>• अध्ययन प्रतिवेदन<br>• अनुगमन तथा | • संघीय शासन व्यवस्था अनुसार उद्यम तथा व्यापार प्रवर्धन सम्बन्धी | |

| | | | |
|---|---|---|---|
| | मूल्याङ्कन प्रतिवेदन<br>● प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | संघीय तथा स्थानीय कानून तथा नीति तत्काल तर्जुमा भई कार्यान्वयन हुनेछ ।<br>● निजी क्षेत्र बीच स्वस्थ्य प्रतिस्पर्धा हुनेछ । | |
| प्रतिफल १.५: पर्यटकीय स्थलको पहिचान तथा पर्यटकीय सेवा तथा सुविधाको प्रवर्धन भएको हुनेछ । (कृषि पर्यटन विकास) | ● गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>● अध्ययन प्रतिवेदन<br>● अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>● प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | ● संघीय संरचना अनुसार कृषि पर्यटन प्रर्वधन सम्बन्धी संघीय कानून तथा नीति तर्जुमा हुनेछ ।<br>● क्षेत्रीय अवधारणा अनुसार<br>● संघ, प्रदेश तथा स्थानीय सरकार, विकास साझेदार र नीजि क्षेत्रबाट कृषि पर्यटन विकासमा लगानी हुनेछ । | |
| प्रतिफल १.६: सहकारी विस्तार एवं बैकिंग सेवा तथा सुविधाको पहुँचमा अभिबृद्धी हुनेछ । ( बैङ्क, सहकारी तथा बित्तीय सेवा) | ● गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>● अध्ययन प्रतिवेदन<br>● अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>● प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | ● संघीय संरचना अनुसार वित्तीय सेवा प्रदायकको सेवा समायोजन हुनेछ ।<br>● वित्तीय सेवा र सुविधा स्थानीय तहमा विस्तार हुनेछ । | |
| असर २: स्थानीय पूर्वाधार र संरचना तथा कृषि बजार एवं पशु वधसाला/ मासु पसलहरु सुरक्षित र दीगो बनाउने | ● गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>● अध्ययन प्रतिवेदन<br>● अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>● प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | ● संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>● समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ । | |
| असर ३: कृषि वन, जैविक विविधता तथा वातावरणीय श्रोतको संरक्षण र दीगो उपयोग गर्ने । | ● गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>● अध्ययन प्रतिवेदन<br>● अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>● प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | ● संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>● संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र | |

| | | | |
|---|---|---|---|
| | | कार्यक्रममा बृद्धि हुनेछ ।<br>● वन, वातावरण नीतिको पालना हुनेछ । | |
| प्रतिफल ३.१: विविधतायुक्त कृषि बाली वस्तु तथा वनस्रोत र जडिबुटीको संरक्षण तथा वैज्ञानिक व्यवस्थापन भएको हुनेछ । ( वन तथा कृषि जैविक विविधता) | ● गाउँ वस्तुगत विवरण ( प्रोफाइल)<br>● अध्ययन प्रतिवेदन<br>● अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>● प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | ● संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>● संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>● वन, वातावरण नीतिको पालना हुनेछ । | |
| प्रतिफल ३.२: कृषि भूमि तथा जलाधार क्षेत्रको संरक्षण र वैज्ञानिक व्यवस्थापनमा अभिवृद्धि भएको हुनेछ । (भू तथा जलाधार व्यवस्थापन) | ● गाउँ वस्तुगत विवरण ( प्रोफाइल)<br>● अध्ययन प्रतिवेदन<br>● अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>● प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | ● संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>● संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>● स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । | |
| प्रतिफल ३.३: स्थानीय वातावरण तथा पर्यावरण स्वच्छता तथा जलवायु परिवर्तन अनुकुलन क्षमतामा अभिबृद्धि भएको हुनेछ । ( वातावरण तथा स्वच्छता) | ● गाउँ वस्तुगत विवरण ( प्रोफाइल)<br>● अध्ययन प्रतिवेदन<br>● अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>● प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | ● संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>● संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>● स्थानीय | |

| | | | |
|---|---|---|---|
| | | सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । | |
| प्रतिफल ३.४: विपद् जोखिम न्युनिकरण तथा विपद जोखिम व्यवस्थापन भएको हुनेछ । (विपद व्यवस्थापन) | • गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>• अध्ययन प्रतिवेदन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>• संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>• विपद जोखिम न्यूनीकरण हुनेछ । | |
| असर ४: गाउँपालिका र स्थानीय सरोकारवालाको कार्य सम्पादन र सेवा प्रवाहको स्तर बृद्धि गर्ने | • गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>• अध्ययन प्रतिवेदन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>• संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ | |
| प्रतिफल ४.१: स्थानीय ऐन, नियम तर्जुमा तथा परिपालनामा अभिबृद्धि भएको हुनेछ । (स्थानीय कानून तथा नीति तर्जुमा र कार्यान्वयन) | • गाउँ वस्तुगत विवरण (प्रोफाइल)<br>• अध्ययन प्रतिवेदन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>• संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>• स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । | |
| प्रतिफल ४.२: जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाको संस्थागत क्षमता | • गाउँ वस्तुगत विवरण (प्रोफाइल) | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र | |

| | | | |
|---|---|---|---|
| अभिवृद्धि भएको हुनेछ ।( संस्थागत तथा मानव संसाधन विकास) | • अध्ययन प्रतिवेदन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>• संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>• स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । | |
| प्रतिफल ४.३ः आन्तरिक आय, राजस्व परिचालन तथा खर्च व्यवस्थामा अभिबृद्धि भएको हुनेछ । (श्रोत परिचालन) | • गाउँ वस्तुगत विवरण ( प्रोफाइल)<br>• अध्ययन प्रतिवेदन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | • संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने तथा स्थानीय कानून तर्जुमा हुनेछ ।<br>• संघ, प्रदेश, विकास साझेदार, गैसस र समुदायको लगानी आकर्षण हुनेछ । | |
| प्रतिफल ४.४: नतिजामुलक योजना तथा अनुगमन भएको र स्थानीय आवश्यकताका आधारमा योजना तर्जुमा तथा कार्यान्वयन भएको  हुनेछ । (योजना व्यवस्थापन) | • गाउँ वस्तुगत विवरण ( प्रोफाइल)<br>• अध्ययन प्रतिवेदन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• प्रगति प्रतिवेदन तथा प्रगति समिक्षा | • संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>• संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>• स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । | |

**३.१२. नीति तथा कार्यनीतिहरु**

आवधिक योजनाको लक्ष्य तथा उद्धेश्य प्राप्तिका लागि कृषिको क्षेत्रगत रुपमा देहाअनुसारका नीति तथा कार्यनीतिहरू अबलम्बन गरी  कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछन ।

**असर १ सँग सम्बन्धित (आर्थिक विकास)**
**प्रतिफल १.१ सँग सम्बन्धित (कृषि विकास)**

- कृषि उत्पादन वृद्धिका लागि कृषक र कृषक समुह, सहकारी मार्फत आधुनिक यन्त्र सहयोग तथा अनुदान संचालन गरिनेछ र कृषक समुह तथा सहकारीहरु लाई गाउँपालिकामा दर्ता गरि क्षमता विकास गरिने छ ।
- स्थानीय क्षमता तथा सुविधाका आधारमा बाली विशेषका पकेट क्षेत्र तोकी उपयुक्त प्रविधि, सीप र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।
- सरकारी, गैसस, निजी क्षेत्र र समुदायको साझेदारीमा उन्नत प्रविधिको प्रचार प्रसार, सीप हस्तान्तरण, क्षमता विकासद्धारा उत्पादन बृद्धि तथा व्यवसायिकरण गरिनेछ ।
- जडिबुटी प्रशोधन तथा जडिबुटीमा आधारित लघु उद्योग र निकासीमा विशेष जोड दिइनेछ ।
- स्थानीय स्तरमा कृषि तथा पशु सेवा सँग सम्वन्धित जनशक्तिको उपलव्धताका लागि ग्रामिण कृषि तथा पशु  कार्यकर्ता उत्पादनको तालिम दिने, विभिन्न लघु उद्यम संचालनको लागि चाहिने प्राविधिक तालिम, वजारीकरण, गुण नियन्त्रण, प्याकेजिग तालिम, विभिन्न सिपविकास तालिम, विभिन्न क्षमता विकास तथा जनचेतनामुलक तालिम संचालन गरि दक्ष जनशक्ति उत्पादन तथा परिचालन गरिने छ भने प्राविधिक शिक्षालयबाट उत्पादन भएको जनशक्तिलाई कृषिमा आकर्षित गर्न व्यवसायिक योजनाको आधारमा सहयोग उपलव्ध गराउन पहल गरिनेछ ।
- कृषिमा व्यवसायिकरण तथा आधुनिकिकरण मार्फत खाद्यान्न, दलहन, तेलहन, तरकारी, आलु, फलफुल, मसला वालिको उत्पादनलाई वृद्धि गरी आयात परिणामलाई कम तथा निर्यात परिमाणलाई वृद्धि गर्दै लगिनेछ ।
- भू-उपयोग प्रणालीलाई प्रवर्धन गरी खेतीयोग्य जमिनको संरक्षण तथा उपयोगमा वृद्धि गरिनेछ, जसका लागि प्रोत्साहन तथा दण्डको व्यवस्था समेत गरिनेछ र खालि तथा वाँझो जमिन छोड्ने प्रवृति लाई निरुत्साहित गरिने छ ।
- कृषिमा युवाहरुको आकर्षणका लागि विशेष अनुदान तथा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछन् ।
- उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

**प्रतिफल १.२ सँग सम्बन्धित (सिंचाई)**

- समुह तथा व्यावसायिक उत्पादनका बिपन्न वर्गलाई सिंचाई सुविधामा अनुदान सहयोग गरिने वा त्यसका लागि समन्वय गरिनेछ । ।
- खाद्यान्न, तरकारी, फलफुल, मसला, विभिन्न नगदे वाली, दलहन तेहनको उत्पादन बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार लाई प्राथमिकतामा राखिनेछ ।
- सम्भाव्यता तथा आवश्यकता अनुसार विभिन्न प्रवधिमा आधारित लिफ्ट सिंचाइ, नहर, कुलो, पानी संकलन पोखरी, पाईप सिचाई, थोपा सिचाई, स्प्रिंकल सिचाई, वर्षा पानी संकलन सिचाई प्रणालीको विकासलाई जोड दिइनेछ ।
- सिंचाइ योजनाहरुको मर्मत सम्भार तथा पुनरस्थापनाको लागि सिंचाइ उपभोक्ता समूह परिचालन गरिनेछन र सिचाई उपभोक्ता समितीहरु लाई गाउँपालिमा दर्ता गरि क्षमता विकास गरिने छ ।
- गाउँपालिका स्तरमा सिंचाइ विकास कोषको स्थापना गरिनेछ ।
- विभिन्न प्रविधिमा आधारित सिचाई प्रविधिहरु संचालनको लागि सम्भाव्यता अध्ययन लाई प्राथमिकताका साथ संचालन गरिने छ।

**प्रतिफल १.३ सँग सम्बन्धित (पशुपन्छी पालन)**

- पशुपन्छीजन्य उत्पादन बृद्धिका लागि डालेघाँस, भुइघाँस, दाना उत्पादन र उपयोग बढाउदै लैजानने कार्यक्रम संचालन गरिनेछ, साथै उन्नत घाँसबालीका लागि कृषि समुह मार्फत विउविजन वितरण गरिने छ ।
- पशुपँक्षीको नस्ल सुधार, कृत्रिम गर्भाधान, प्रजनन् केन्द्र स्थापना, पौष्टिक दाना आहाराको व्यवस्था र सहज पशुपँक्षी स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।
- गड्डी जातको भैंसी तथा खरी बाख्राको श्रोत केन्द्र स्थापना गरिने छ ।
- उत्पादित पशुजन्य उपजहरुको वजारीकरणका लागि पहल तथा समन्वय गरिनेछ ।
- कृषि तथा पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालीम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै लगिने छ ।
- अगुवा पशुपालक किसानहरुलाई तथा पशु प्राविधिकलाई पुरस्कृत गरिनेछ ।
- युवाहरुलाई पशुपालन व्यवसायमा आकर्षण गर्न विशेष अनुदान तथा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

**प्रतिफल १.४ सँग सम्बन्धित (कृषि पर्यटन)**

- सम्भाव्य स्थानीय कृषि पर्यटकीय स्थलको पहिचान, संरक्षण, प्रवर्धन र प्रचार प्रसार गरिनेछ ।
- पर्यटकीय स्थल सम्मको सडक तथा अन्य पुर्वाधार सेवा तथा सुविधा, विकास र विस्तार गरिनेछ ।
- स्थानीय पर्यटक गन्तव्य, सेवा तथा सुविधाहरुको समाजिक संजाल सहित संचार माध्ययम मार्फत प्रचार प्रसार गरिनेछ ।
- अन्य स्थानीय सरकारसँग मितेरी सम्बन्ध विकास गरी पर्यटन विकासलाई प्रवर्धन गरिनेछ ।
- पर्यटन विकासका लागि विशेष सहुलियत र आकर्षण प्याकेज कार्यक्रम संचालन गरिनेछ।
- भाषा, संस्कृति, भेषभुषा, परम्परा संरक्षण सम्वर्धन अध्ययन अनुसन्धान गरिने छ ।
- कृषि पर्यटन तथा व्यापार प्रवर्धनको लागि विभिन्न किसिमका महोत्सव तथा मेलाहरु आयोजना गरिने छन ।

**प्रतिफल १.५ सँग सम्बन्धित (उद्योग तथा व्यापार विकास तथा प्रवर्धन)**

- स्थानीय स्तरका उद्यमको उत्पादन तथा वजारको अध्ययन गरिनेछ ।
- सरकारी, निजी तथा विकास साझेदारको साझेदारी तथा समन्वयमा स्थानीय कच्चा पदार्थमा आधारित साना तथा लघु उद्यम विकास तथा विस्तार कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकामा आर्थिक विकास ईकाई स्थापना गरी उद्योग तथा व्यवसाय प्रवर्धन तथा परामर्श सेवा संचालन गरिनेछ ।
- युवाहरुलाई उद्यम तर्फ आकर्षित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
- उद्यम तथा व्यवसाय प्रवर्धनका लागि क्षमता तथा विकासका कार्यक्रम संचालन गरिनेछ ।

**प्रतिफल १.६ सँग सम्बन्धित (वैक तथा वित्तीय संस्था)**

- एक घर एक बैंक खाता कार्यक्रम संचालन गरी बचत गर्न प्रोत्साहन गरिने र सचेतना कार्यक्रम संचालन गरिनेछ ।

- गुणस्तरीय बैंकहरु स्थानीय स्तरमा आकर्षणका लागि पहल तथा समन्वय गरिनेछ र बैंक मार्फत भुक्तानीको नीति लागु गरिनेछ ।
- बचत गर्ने बानी र कृषिको उत्पादनमुलक कार्यमा बचत परिचालनका लागि जनचेतनामुलक तथा मौलिक कार्यक्रमहरु संचालन गरिनेछ ।
- वित्तिय साक्षरता लाई प्राथमिकताका साथ गाउं गाउँमा संचालन गरिनेछ ।
- एक घर एक सहकारी सदस्य अवधारणा लाई कार्यान्वयनमा ल्याईने छ ।
- सहकारीहरुको क्षमता विकास गरिने छ र सहकारी मार्फत अनुदानहरु परिचालन गर्न पहल गरिने छ ।

**असर २ संग सम्वन्धित (पूर्वाधार विकास)**

**प्रतिफलः**

- रु. १० लाख भन्दा बढी लागतका सडक, पुल तथा भवन वा कृषि बजार संरचना निर्माण गर्नु पूर्व संभाव्यता अध्ययन तथा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र वातावरणिय प्रभाव मुल्यांकन प्रतिवेदन तयार गरी आयोजना स्वीकृत गरिनेछ ।
- उपभोक्ता समिति परिचालन सम्बन्धी कार्यविधि समयसापेक्ष सिकाईहरुका आधारमा परिमार्जन गरी सो अनुसार उपभोक्ता समितिद्धारा आयोजना कार्यान्वयन गरिने छ ।
- आयोजना कार्यान्वयन गर्दा आयोजना मितव्ययी, समुदायको सहभागिता र प्रभावकारिता बृद्धि हुने भएको अवस्थामा मात्र उपभोक्ता समितिबाट आयोजना संचालन गर्न प्राथमिकता दिइनेछ ।
- आम उपभोक्ताको (लागत) सहभागितामा संरचना निर्माण कार्यमा कम्तिमा १५ प्रतिशत र ग्राभेल, माटो तथा कुनै पनी कार्यमा कम्तिमा २० प्रतिशत नगद, श्रम र सामग्रीको योगदान अनिवार्य जुटाई उपभोक्ताद्वारा आयोजना संचालन गरिनेछ । आवश्यकता अनुसार उपभोक्ताको योगदान लाई परिमार्जन गर्न सकिने छ ।
- उपभोक्ता समिति परिचालन तथा व्यवस्थापन कार्यविधि तयार गरी सो अनुसार उपभोक्ता गठन तथा परिचालन गरिनेछ ।
- आयोजना कार्यान्वयन अघि उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष (डिजाइन, इस्टिमेट, मापदण्ड, मर्मतसंभार आदि) र व्यवस्थापकीय पक्ष (उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाँड, रकम निकासा तथा फरफारक आदि) विषयमा तालिम प्रदान गरिनेछ ।
- आयोजना कार्यान्वयन अघि उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष (डिजाइन, इस्टिमेट, मापदण्ड, मर्मत संभार आदि) र व्यवस्थापकीय पक्ष (उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाँड, रकम निकासा, कार्ययोजना, सार्वजनिक परिक्षण तथा फरफारक आदि) विषयमा तालिम प्रदान गरी क्षमता अभिबृद्धि गरिने छ ।
- जनसहभागितामा आधारित आयोजना निर्माणका लागि उपभोक्ता समूह वा संघ/संस्थाले कुनै आयोजना संचालनगर्न ५० प्रतिशतसम्मको लागत (श्रमदान, नगद वा सामग्री) जम्मा गरेको अवस्थामा उक्त आयोजना संचालन गर्न पहिलो प्राथमिकता दिइनेछ ।
- अनुगमन कार्यलाई नियमित र प्रभावकारी बनाउन जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, संचारकर्मी तथा स्थानीय समुदायको सहभागितामा आयोजनाको नियमित स्थलगत अनुगमन तथा प्रगतिको लेखाजोखा गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरिने छ ।

- सडक तथा सहयोगी पूर्वाधार निर्माण गर्दा पछाडि परेको वडा, वस्ती र समुदाय, स्थानीय श्रोत साधन तथा सामग्रीको बढी उपयोग हुने, वातावरण संरक्षण र विपद उत्थानशिल तथा स्थानीय समुदायको अधिक सहभागिता हुने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथिमकता दिईनेछ ।
- आयोजनाको संचालनको अवस्था तथा सम्पन्न भएपछि आम उपभोक्ता तथा सरोकारवालाको सहभागिता र नागरिक समाज संस्थाको सहजीकरणमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई अनिवार्य गरी आयोजनाको पारदर्शिता, प्रभावकारिता र जवाफदेहीता अभिबृद्धि गरिने छ ।
- आयोजना निर्माण स्थलमा सूचनापाटीको व्यवस्था, सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणलाई अनिवार्य गरिनेछ ।
- आयोजनाको मर्मतसंभारको लागि मर्मतसंभार कोष स्थापना गरी प्रत्येक आयोजनाबाट कम्तीमा २ प्रतिशत रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।
- रोड करिडोरको अवधारणा अनुसार सडक निर्माणसँग कृषि, उद्योग, व्यापार, बजार प्रवर्धन, सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

**असर ३ सँग सम्बन्धित (कृषि बन तथा जैविक विविधता)**

**प्रतिफल ३.१ संग सम्वन्धित (कृषि वन तथा जैविक विविधता)**

- जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्द्धन, गरिनेछ ।
- सामुदायिक र राष्ट्रिय वनको दिगो वैज्ञानिक व्यवस्थापन तथा निजी वनलाई प्रोत्साहित गर्दै वन क्षेत्र विस्तार र वनश्रोतको व्यवसायिक उपयोगमा जोड दिईनेछ ।
- स्थानीय समुदाय परिचालन तथा प्रदेश र संघीय सरकार संगको सहकार्यमा वन अतिक्रमण नियन्त्रणलाई जोड दिईनेछ ।
- कृषि वन तथा जैविक विविधता क्षेत्रमा कार्यरत संघ संस्थाहरुको समन्वय र सहकार्यलाई प्रोत्साहन गरिने छ ।
- जडिबुटीको संरक्षणलाई प्रवर्द्धन गर्न समयतालिका निर्धारण गरी संकलन कार्यलाई व्यवस्थापन गरिने छ ।
- लोपोन्मूख महत्वपूर्ण जडीबुटीको संकलन कार्यलाई तोकिए बमोजिम निश्चित समयावधिका लागि रोक लगाइने छ, लोपोन्मूख बाली विरुवाका जाती/प्रजाती, नश्लहरुको संरक्षण सम्वर्द्धन र गाउँपालिकामा पाईने जैविक विधितताको पंजिकरण गरी लगत राखिने छ ।
- धार्मिक वनहरुको संरक्षण र प्रयोगमा कडाई गरिने छ र मन्दिरको क्षेत्र छुट्याईने छ ।
- समुदाय सँगको परामर्श र विज्ञहरुको सुझावको आधारमा समुदायमा आधारित संरक्षित क्षेत्र निर्धारण गरी संरक्षण गर्न पहल गरिने छ ।
- एक व्यक्ति एक रुख/फलफूल, एक गाउँ एक वन/वगैंचा, एक वडा एक उद्यान, एक विद्यालय एक उद्यान, निजि वन विकास तथा दर्ता प्रोत्साहन कार्यक्रम संचालन गरिने छन ।
- कृषि वन कार्यक्रमलाई समन्वयात्मक रुपमा अगाडी वढाईने छ ।
- उच्च प्रविधियुक्त वहु उद्येश्यि नर्सरी स्थापना र विरुवा उत्पादन कार्यक्रम संचालन गरिने छ।

**प्रतिफल ३.२ सँग सम्बन्धित (भूसंरक्षण तथा जलाधार व्यवस्थापन)**

- मापदण्ड तय गरी भू–उपयोग नीतिअनुसार मात्र भू–उपयोग (कृषि, आवास क्षेत्र,वन,निजि वन, व्यापारिक, औद्योगिक )गर्न प्रोत्साहित/निर्देशित गरिने छ ।

- जनसहभागिताबाट सम्पन्न गर्न सकिने प्रविधि, वायो इन्जिनियरिङ्ग, जैविक घेरवार, सडक किनारामा फलफूल लगायतका विरुवाको बृक्षारोपण कार्यक्रम मार्फत वातावरण संरक्षणमा जोड दिइनेछ ।
- भौगोलिक सूचना प्रणाली र जोखिम नक्सा तथा भूक्षय, पहिरो विश्लेषण जस्ता विधिहरूको प्रयोग गरी प्रकोप सम्वन्धी सचेतना तथा नियन्त्रण, खेती योग्य जग्गाको संरक्षण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका जलाधारधार क्षेत्रको पहिचान गरि संरक्षण गरिनेछ र अतिपरिप्रयोगमा कडाई गरिने छ ।

**प्रतिफल ३.३ संग सम्वन्धित (वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन)**

- वातावरण प्रदुषितगर्ने कृषि प्रयोगका सामग्री तथा दैनिकप्रयोगका सामग्रीको प्रयोगलाई निरुत्साहित गरिनेछ ।
- वातावरणमैत्री कृषि विकास कार्यक्रमका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- वातावरण संरक्षण तथा स्वच्छता सम्वन्धी जनचेतना र वातावरणमैत्री संरचना निमार्ण तर्फ जोड दिईनेछ ।
- एक घर एक वगैचा अभियान संचालन गरिनेछ र नयाँ घर निर्माण संगै बृक्षारोपण लाई अनिवार्य गरिनेछ ।
- स्थानीय जलवायु अनुकुलन कार्ययोजना तर्जुमा तथा यसका लाीग समुदायलाई परिचालन गरिनेछ ।
- वातावरण संरक्षण र जलवायु परिवर्तनका क्रियाकलापमा विकास साझेदार, निजी क्षेत्र, स्थानीय निकाय, स्थानीय सामुदायिक संस्था विच समन्वय र साझेदारी गरिनेछ ।
- गाउँपालिका भित्र खेति गरिने परम्परागत रैथानी वालिका जातहरुको संरक्षण र पंजिकरण गरिने छ ।
- सामुदायिक विउ वैंक स्थापनाको लागि पहल गरिने छ ।
- जलवायुपरिवर्तन तथा अनुकुलन आकस्मिक कोष खडा गरिने छ ।

**प्रतिफल ३.४. संग सम्वन्धित (विपद व्यवस्थापन)**

- विपद व्यवस्थापनका लागि विपदपूर्व तथा विपद पश्चात गर्नुपर्ने सचेतना तथा प्रतिकार्यका लागि समुदाय तथा स्थानीय सरोकारवालाको क्षमता विकास गरी परिचालन गरिनेछ ।
- सुमदायमा आधारित विपद जोखिम न्युनिकरण योजना, गाउँपालिका विपद व्यवस्थापन योजना र गाउँपालिका विपद प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनका लागि बाली तथा पशुधन बीमालाई कार्यान्वयन गरिने छ भने समुदायस्तरमा स्वयंसेवकहरुलाई परिचालन तथा क्षमता विकास गरिनेछ ।
- स्थानीय स्तरमा आकस्मिक सहयोगकालागि विपद कोष स्थापना गरिनेछ र यसमा थप सहयोगका लागि विकास साझेदार संग समन्वय तथा पहल गरिनेछ ।
- गाउँपालिकामा आपतकालिन सहयोग केन्द्र(Emergency Operation Centre) स्थापना गरिने छ र त्यसका लागि चाहिने आवश्यक समाग्रिहरुको व्यवस्थापन गरिने छ ।

- विपद व्यवस्थापनको समयमा चाहिने कार्यदलहरु निर्माण तथा कार्यदलको क्षमता विकास गरिने छ ।

**असर ४ सँग सम्बन्धित (संस्थागत विकास)**

**प्रतिफल ४.१ सँग सम्बन्धित (स्थानीय कानून, नीति तर्जुमा र पालना अभिबृद्धि)**

- नेपालको संविधानको अनुसुचि ८ मा उल्लेखित एकल अधिकारको सुचि र अनुसुचि ९ मा उल्लेख साझा अधिकारको सुचिमा उल्लेख विषयका सम्बन्धमा आवस्यक कानून तर्जुमा गरी लागु गरिनेछ ।
- सुशासन् पारदर्शिता र जवाफदेहिता अभिबृद्धिका लागी आवस्यक नीति तथा कानून तर्जुमा गरिनेछ ।
- गाउँपालिकाको किसानप्रतिको जवाफदेहिता, सुशासन, पारदर्शीता अभिबृद्धि तथा तर्जुमा गरिएका स्थानीय कानून तथा नीतिको पालनाको लागि सार्वजनिक सुनवाई, सार्वजनिक परीक्षण, गुनासा सुनवाई, सहभागितामूलक अनुगमन, सामाजिक परीक्षण, लैंगिक सहभागिता परिक्षण, सेवाग्राहीको अभिमत सर्वेक्षण, क्षतिपूर्ती सहितको वडापत्र जस्ता औजारको अभ्यासमा बृद्धि गरिनेछ ।
- अनियमित्ता र भ्रष्टाचारजन्य कार्यमा शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।
- सार्वजनिक सुनुवाईको माध्यमबाट सेवा प्रवाहको गुणस्तर र नागरिकको सन्तुष्टि मापन गर्ने कार्यको थालनी गरिनेछ ।
- सहज र छिटोछरितो सेवाको सुचना तथा सहायता डेक्स तथा सूचना प्रविधि मैत्री प्रणालीको प्रयोगमा बृद्धि गरिनेछ ।
- सेवाग्राही तथा जनसमुदायबाट आएका गुनासोहरुको सम्बोधनका लागि गुनासो डेक्स र गुनासो सुन्ने अधिकारीको व्यवस्थापन गरिनेछ ।
- समय सापेक्ष विकास र सुशासन प्रवर्धनको लागि चाहिने आवश्यक ऐन निति नियम, योजना, रणनीती र निर्देशिकाहरु वनाई कार्यान्वयनमा ल्याईने छन ।

**प्रतिफल ४.२ सँग संबन्धित (संस्थागत क्षमता तथा मानव संशाधन विकास)**

- गाउँपालिका तथा वडा कार्यालयको विद्यमान संगठन तथा व्यवस्थापन अध्ययन गरी सो अनुसार संस्थागत क्षमता अभिबृद्धि गरिनेछ ।
- गापाको संगठन संरचना र कर्मचारी दरबन्दी अनुसार कार्य विवरण तयार गरी नतिजामुलक बनाईनेछ ।
- प्राविधिक कर्मचारी तथा पदाधिकारीको क्षमता विकासका लागि वार्षिक रुपमा तालिम तथा अभिमुखिकरण कार्यक्रमह्हरु संचालन गरिनेछन ।
- जनप्रतिनिधि, प्राविधिक कर्मचारी तथा नागरिक समाज संस्थाहरुको क्षमता अभिवृद्धि, संघीय तथा प्रदेश सरकार र विकास साझेदार संगको समन्वय र सहकार्यमा समेत गरिनेछन् ।
- वडा तथा गा.पा.को सेवा व्यवस्थित, प्रभावकारी तथा सूचना प्रविधिमैत्री बनाउन वडा कार्यालयहरुमा इमेल, इन्टरनेट लगायत सफ्टवेयर प्रणालीको स्थापना तथा संचालन गरिनेछ।
- कार्यसम्पादन मूल्याँकनका आधारमा उत्कृष्ट कृषि प्राविधिक कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ ।

**प्रतिफल ४.३ सँग सम्बन्धित ( श्रोत परिचालन)**

- गाउँपालिकाको आन्तरिक श्रोतको पहिचान गरी आय वृद्धि गर्न राजस्व संभाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

- राजश्वको दर भन्दा  दायरा तथा श्रोत वृद्धि लाई प्राथमिकता दिईनेछ ।
- आन्तरिक आय वृद्धिका लागि आर्थिक ऐनमा समयसापेक्ष परिमार्जन गर्दै लगिने छ ।
- साना तथा मझौला ग्रामिण लघु उद्योग स्थापना गर्न प्रोत्साहन गरी व्यवसायीहरुलाई करको दायरामा ल्याइनेछ ।
- विकास प्रक्रियामा विकास साझेदार, सहकारी, निजि क्षेत्र र गैसस संग सहकार्य तथा समन्वय गरिनेछ ।
- सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार सेवा प्रवाह, पूर्वाधार विकास र रोजगारी सिर्जनमामा निजी क्षेत्रको लगानिलाई प्रोत्साहन गरिनेछ ।
- प्रदेश तथा संघीय सरकार संग समपुरक कोष, विशेष अनुदान र आवश्यकताका आधारमा अनुदान् सहयोगका लागि पहल गरिनेछ ।
- विकास साझेदारका कार्यक्रम तथा सहयोगलाई गापाको आवश्यकता तथा प्राथमिकतामा लगानीका लागि नीति तथा प्राथमिकता तोकीनेछ ।

**प्रतिफल ४.४ सँग सम्बन्धित (नतिजामूलक तथा प्रभावकारी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन)**

- गाउँको वस्तुगत विवरणलाई आवधिक रुपमा अद्यावधिक गरिनेछ ।
- योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा गाउँपालिको वस्तुगत विवरण र आवधिक योजनाको उपयोग गरिनेछ ।
- वस्तुगत विवरण तथा आवधिक योजनाले औल्याएको क्षेत्र तथा विषयलाई योजना तर्जुमामा प्राथमिकता दिईनेछ  ।
- आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनको आधारमा सहभागितामूलक योजना पद्धतीवाट योजना तथा कार्यक्रमहरुको तर्जुमा गरिनेछ ।
- योजनाको कार्यान्वयन कृषि तथा पशु विकास शाखाले कृषक, उपभोक्ता समिति, समुह, सामुदायिक संस्था मार्फत गरिनेछ । यसरी गठन हुने उपभोक्ता समितिमा ५० प्रतिशत महिला सहभागितालाई सुनिश्चित गरिनेछ । उपभोक्ता समिती, समुह, सामुदायिक संस्था गठन गर्दा वस्तिको समाजिक वनौट संरचना हेरी सामाजिक समावेशकिरणको सिद्धान्त अनुरुप गठन गरिने छन् ।
- योजना स्थलमा आवश्यक विवरण सहितको सूचना पाटी राख्ने अनिवार्य व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको सहभागितामूलक योजना तर्जुमा, निर्णय र अनुगमन तथा मुल्याङ्कन  प्रक्रियामा लक्षित वर्ग तथा समुदायलाई संलग्न गराई गाउँपालिकाको समुदाय प्रतिको जवाफदेहिता अभिबृद्धि गरिनेछ ।
- नतिजामूलक योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनको लागि संस्थागत संयन्त्र तथा संरचना तयार गरी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा समीक्षा र प्रतिवेदनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- उत्कृष्ट उपभोक्ता समिति, समुह, सामुदायिक संस्था तथा कृषकलाई प्रोत्साहन गरिनेछ ।
- चौमासिक रुपमा कार्यक्रम उपब्धि समीक्षा तथा सिकाई आदान प्रदान गरिनेछ ।
- नागरिक समाज वाट अनुगमन लाई प्राथमिकता दिईने छ ।

**३.१३. विकासका प्राथमिक क्षेत्रहरु**

सहभागितात्मक कार्यशाला गोष्ठीमार्फत प्राप्त विकासका विभिन्न क्षेत्रहरुको प्राथमिकताक्रमलाई निम्नानुसार तालिका नं. ३७ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ३७. कृषि विकासका क्षेत्रहरुको विवरण:**

| विकासका क्षेत्रहरु | प्राथमिकता क्रम |
|---|---|
| **कृषि विकास तर्फः** | |
| सिंचाई | १ |
| उन्नत जातका बीउ विजनको व्यवस्था | २ |
| जंगली पशु व्यवस्थापन | ३ |
| बालीमा रोग र किरा नियन्त्रण | ४ |
| कृषक क्षमता अभिवृद्धि तालिम गोष्ठि | ५ |
| कृषि बजार/ संकलन केन्दं | ६ |
| मलखादको आपूर्ति | ७ |
| आर्थिक लगानी/ वित्तिय व्यवस्था | ८ |
| एक घर एक खेती व्यवस्थापन | ९ |
| आधुनिक औजार उपकरण आपूर्ति | १० |
| चरी चराउ,डाले घांस र भूंईधांस व्यवस्थापन | ११ |
| गोठ सुधार भकारो सुधार | १२ |
| घेरवारको आवाश्यकता | १३ |
| माटो परिक्षण | १४ |
| संकलनकेन्द्र र मूल्य निर्धारण | १५ |
| यातायातका साधनको व्यवस्था | १६ |
| कृषि तथा पशुपंक्षि बीमा | १७ |
| प्राविधिक सेवा | १८ |
| कृषि समुह ससक्रिय नहुनु | १९ |
| काम गर्ने युवा विदेश पलायन | २० |
| प्रशोधन तथा ञ्चालन /परिचालन, सुदृढीकरण | २१ |
| व्यवसायिक कृषकलाई प्रोत्साहनको कमी | २२ |
| जग्गाको भूगोलको समस्या | २३ |
| **पशु विकास तर्फ** | |
| गोठ सुधारखोर सुधार / | १ |
| चरी चराउ,डाले घांस र भूंईधांस व्यवस्थापन | २ |
| नस्ल सुधार | ३ |
| उन्नत जातका पशु | ४ |
| बजार ब्यबस्थापन | ५ |
| ब्यबसायिक फर्म दर्ता | ६ |

| | |
|---|---|
| सहुलियतमा ऋण | ७ |
| प्राबिधिक सहयोग | ८ |

**३.१४. आयोजनाहरुको छनौट तथा बजेट व्यवस्था**

कृषि विकासका लक्ष्य, उद्धेश्य र सो अन्तर्गत क्षेत्रगत रुपमा प्रस्तुत गरिएको योजना पद्धतिको आधारमा कार्यक्रम तथा आयोजनाहरु माथि उल्लेखित प्राथमिकताको आधारमा छनौट गरी अनुमानित बजेटको व्यवस्थापन गरिएको छ । दिगो कृषि विकासको लक्ष्य अनुसारका शीर्षकमा आयोजनाहरुको छनौट गरिएको छ । योजनामा उल्लेखित कार्यक्रमहरुको वजेटको अध्ययनबाट पूर्वाधार निर्माण, लघु उद्यम विकास, सार्वजनिक निर्माण, सिंचाई, कृषि तथा पशुपालन आदि क्षेत्रमा ठूलो लगानी गर्नुपर्ने अवस्था देखिन्छ । गाउँपालिकाले उक्त क्षेत्रको विकासका लागि संघिय सरकार, प्रदेश सरकार, विभिन्न मन्त्रालय, विभाग, परियोजना, कार्यक्रम, सहयोगी दाता, सम्वन्धित केन्द्रीय योजनाका लागि निरन्तर प्रयास गर्ने, निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गर्ने, बिषयगत केन्द्रिय तथा प्रदेश कार्यालयहरुमा समन्वय र साझेदारीको कार्यलाई प्राथमिकता दिन आवश्यक देखिन्छ । कतिपय २ वा सो भन्दा बढी गाउँपालिकाहरुसँग सरोकार राख्ने कार्यक्रमहरु सञ्चालन गर्दा अन्तर गाउँपालिका समन्वयलाई ध्यान दिनुपर्ने अवस्था छ । योजनाहरु कार्यान्वयन गर्न सहयोग पुग्ने र अन्य क्षेत्रगत योजनाहरु सञ्चालनमा गाउँपालिकाको आफ्नो लगानीका साथै विगतमा साझेदारीको रुपमा काम गर्ने संघ संस्थाहरु र सहयोगीसंग समन्वय गर्दै अगाडि गएमा सहज रुपमा योजना कार्यान्वयनमा सहयोग पुग्ने अवस्था देखिन्छ ।

**३.१५. गाउँपालिकाको आन्तरिक स्रोत तथा राजश्व बृद्धिका सम्भावनाहरु**

यस गाउँपालिकाले तयार गरेको कृषि विकास आवधिक योजना र यसका उपलब्धीहरुलाई हासिल गर्नको लाीग गाउँपालिकाको आफ्नै स्रोत अपरिहार्य देखिन्छ । केन्द्रिय, प्रदेश अनुदान तथा बाह्य सहयोगले मात्र वर्तमान संघिय संरचनामा स्थानीय तहले निर्दिष्ट गरेका उद्देश्यहरु हासिल गर्न कठिन देखिन्छ । गाउँपालिकाको आन्तरिक स्रोत परिचालनको लागि दीर्घकालिन संभावनहरु निम्नानुसार अनुमान गर्न सकिन्छ ।

- गाउँपालिका भित्र संभाव्य आम्दानी स्रोत पहिचान तथा कार्यान्वयन रणनीति तय गर्ने ।
- प्राकृतिक स्रोत तथा खानीजन्य स्रोत परिचालन र कर प्रणालीको दिगो प्रवन्ध गर्ने ।
- मालपोत तथा अन्य आम्दानी शुल्कहरुको समिक्षा गरी प्रगतिशिल कर प्रणाली अवलम्न गर्ने ।
- सरकारी तथा खाली रहेका वन र जमिनलाई गाउँपालिकाले आम्दानी स्रोतको रुपमा परिचालन गर्ने ।
- करार खेती, कृषि वन कार्यक्रम लाई प्राथमिकता दिई आम्दानीको क्षेत्रहरु बृद्धि गर्ने ।
- साना ग्रामिण बजारक्षेत्रबाट हुने आम्दानीलाई वैज्ञानिक विधि मार्फत संकलन गर्ने ।
- लघु उद्यम तथा व्यवसाय दर्ता गाउँपालिका वाट गर्न ऐन नीति नियम तथा निर्देशिका वनाई व्यवस्थापन गर्ने ।

**३.१६. प्रक्षेपित व्यय**

यस अनुमानमा समावेश भएको खर्च रकम भन्नाले प्रचलित मूल्यमा अनुमानमा समावेश भएको कार्यक्रम खर्च वा लगानीलाई बुझ्नुपर्दछ । व्यय प्रक्षेपण सकेसम्म यथार्थताको नजिक होस् भनेर आन्तरिक श्रोत, बाह्य सहयोग अनुमान, स्थानीय तहको राजश्व परिचालनको क्षमतालाई समेत हेरिएको छ । संघिय

सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकार वाट प्राप्त हुने अनुदान, विभिन्न मन्त्रालय, विभाग, परियोजना कार्यक्रम तथा विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैसस तथा वैदेशिक दातृ निकायहरुवाट प्राप्त हुने बार्षिक विनियोजन रकम अनुमान गर्दा विगतको प्रवृत्ति विश्लेष्ण मुताविक बार्षिक अनुदान बृद्धिदरको समेत आधारमा अनुमान गरिएको छ । यस आधारमा यस आवधिक योजना अवधिमा अपुग हुने रकम विभिन्न स्रोतहरुबाट जुटाउने रणनीति तय गरिएको छ । नेपाल सरकारको राष्ट्रिय विकास प्राथमिकता ग्रामिण विकासको माध्यमबाट सवै क्षेत्र तथा वर्गहरुलाई समग्र कृषि विकासको मूलधारमा ल्याई विकासका अवसरहरु समान र समावेशी रुपमा वितरण गर्ने रेहेको छ । यसका लागि विशेष कार्यक्रम मार्फत वा अन्य यस आवधिक योजनमा उल्लेख भएका कतिपय कार्यक्रमहरु कार्यान्वय गर्न अपुग रकमलाई बार्षिक रुपमा समायोजन गर्न सकिने संभावना समेत भएकोले यँहा प्रक्षेपण गरिएको रकम खर्च हुने अनुमान गरिएको छ ।

### ३.१७. व्यय अनुमानका आधारहरु

यस आवधिक गाउँपालिका कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनामा प्रस्ताव गरिएका कृषि विकासका कृयाकलाप सञ्चालनका लागि केही राम्रो वातावरणका रुपमा राजनैतिक स्थिरता कायम हुनु, स्थानिय तह सरकार गठनहुनु, जनप्रतिनिधिले विकासको लागि आफै वजेट विनियोन गर्नु, लगानीको वातावरण अनुकूल भई विभिन्न वित्तिय संस्थाको उपस्थिति हुनु, विभिन्न विकासका कार्यक्रम सञ्चालनमा आउनु तथा संघिय सरकार, प्रदेश सरकार, विभिन्न मन्त्रालय, विभाग, परियोजना र अन्य संघ संस्थाहरुको लगानी वृद्धि हुनु तथा स्थानिय सरकारको खर्च गर्ने क्षमतामा बृद्धि भई विभिन्न दातृ निकायबाट संचालित योजनाहरु यस गाउँपालिका भित्र सञ्चालन हुने छन् भन्ने अपेक्षा राखिएको छ । गाउँपालिकाको कृषि विकासका लागि तोकिएका योजनाहरुको कार्यान्वयन गर्न नीजि क्षेत्रको लगानी प्रवर्द्धन तथा विस्तार, उत्पादनमूलक क्षेत्रमा सहकारीहरुको पूँजी लगानी, संघिय सरकार, प्रदेश सरकार, विभिन्न मन्त्रालय, विभाग, परियोजना हरुको प्राथमिकतका साथ लगानी विस्तार, केन्द्रिय तथा प्रदेश सरकारको नियमित थप लगानी आकर्षित हुने अनुमान गरिएको छ । त्यसै गरी गाउँपालिकाको संस्थागत क्षमता विस्तारहुने तथा आन्तरीक आम्दानीका स्रोतहरु पहिचान भई त्यसको सकारात्मक प्रभाव पर्ने अनुमान गरिएको छ ।

### ३.१८. स्रोत अनुमान तथा प्रक्षेपण

आवधिक योजनाको लक्ष्य प्राप्ती र कार्यन्वयन, योजनाको प्रभावकारी कार्यान्वयनका लागि संभाव्य श्रोत तथा सो को प्रक्षेपण देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ । जस अनुसार पाँच वर्षको कूल आय रु. २,०२,४६.२९ लाख अनुमान गरिएको छ ।

| क. सं | वजेटका स्रोतहरु | वार्षिक प्रक्षेपण(आर्थिक वर्ष अनुशार रकम (रु.लाखमा) | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | |
| १ | संघ सरकार बाट वितिय सामानीकरण अनुदान | ८४१.८ | ९६८.१ | १११३ | १२८०.३ | १४७२.३१ | ५६७५.७४ |
| २ | संघ सरकार बाट प्राप्त हुने राजश्व बाँडफाँडको रकम | ६९८.१ | ८०२.८ | ९२३.२ | १०६१.७ | १२२०.९ | ४७०६.६५ |
| ३ | संघ सरकारबाट प्राप्त हुने सशर्त अनुदान | १३४३ | १५०४ | १६८५ | १८८६.७ | २११३.१ | ८५३१.३० |
| ४ | प्रदेश सरकारबाट प्राप्तहुने वित्तिय | ७०.२ | ७२.३ | ७४.५ | ७६.७ | ७९ | ३७२.७० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समानीकरण अनुदान | | | | | | |
| ५ | प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँडको रकम | १९.२ | २१.६ | २४.१ | २७ | ३०.३ | १२२.२० |
| ६ | गाउँपालिकाको आन्तरिक आय | ११५ | १३२.३ | १५२.१ | १७५ | २०१.२ | ७७५.६० |
| ७ | गाउँपालिकाको सञ्चित कोषमा मौज्दात रकम | ११.२ | ११.८ | १२.४ | १३ | १३.७ | ६२.१० |
| | **कुल जम्मा** | **३०९८.३५** | **३५१२.९७** | **३९८४.०८** | **४५२०.३७** | **५१३०.५१** | **२०२४६.२९** |

**३.१९. प्रमुख आयोजना तथा कार्यक्रम**

आवधिक योजनाको लक्ष्य प्राप्तीको लागि संचालन गर्ने विषयगत प्रमुख कार्यक्रम तथा योजना, भौतिक लक्ष्य, तथा अनुमानित लागत देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| **विषय क्षेत्रगत अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना** | **सुचक र इकाई** | **आवधिक योजनाको लक्ष** | | | | | **योजना अवधिको कूल लक्ष्य** | **आवधिक योजना अवधिको अनुमानित कूल लागत ( रु.लाखमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | | | |
| ● धन बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | १३६० | १४०० | १४५० | १५०० | १५७० | १५७० | ५४३२.६९ | |
| | उन्पादकत्व प्रति हे. मे.टन | ३.३ | ३.५ | ३.७ | ३.९ | ४ | | | |
| ● गहुं बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | १०८५ | ११३० | ११८० | १२३० | १२७० | १२७० | ३६७५.५१ | |
| | उन्पादकत्व प्रति हे. मे.टन | ३.१ | ३.२ | ३.३ | ३.४ | ३.५ | | | |
| ● मकै बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ । | क्षेत्रफल हे. | २७ | ४० | ५५ | ६५ | ७९ | ७९ | १४४.८२ | |
| | उन्पादकत्व प्रति हे. | २.४ | २.५ | २.७ | २.९ | ३ | | | |

| विषय क्षेत्रगत अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | सुचक र इकाई | आवधिक योजनाको लक्ष | | | | | योजना अवधिको कूल लक्ष्य | आवधिक योजना अवधिको अनुमानित कूल लागत ( रु.लाखमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | | | |
| | मे.टन | | | | | | | | |
| ● आलु बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ। | क्षेत्रफल हे. | ८८७ | ९६० | १०३० | ११०० | ११८४ | ११८४ | १२८४५.७२ | |
| | उन्पादकन्व प्रति हे. मे.टन | ६ | ७.५ | ९ | १०.५ | १२ | | | |
| ● भटमास बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ। | क्षेत्रफल हे. | १४५ | १९० | २४० | ३०० | ३३४ | ३३४ | ५९५.८४ | |
| | उन्पादकन्व प्रति हे. मे.टन | १.७ | १.७५ | १.८ | १.९ | २ | | | |
| ● तरकारी बालीको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्वमा पनि वृद्धि भएको हुने छ। | क्षेत्रफल हे. | ३७८९ | ३८२५ | ३८६५ | ३९०० | ३९४२ | ३९४२ | ४३९७४.५९ | |
| | उन्पादकन्व प्रति हे. मे.टन | ४.५ | ६ | ७.५ | ९ | १० | | | |
| ● सुन्तला जात फलफूलको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ। | क्षेत्रफल हे. | ८५ | ९५ | ११० | १२० | १२५ | १२५ | ९९६.५७ | |
| | उन्पादकन्व प्रति हे. मे.टन | २ | ३.५ | ५ | ६.५ | ८ | | | |
| ● हिउंदे फलफूलको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ। | क्षेत्रफल हे. | ६६ | ८० | ९० | १०० | ११२ | ११२ | ८३४.५२ | |
| | उन्पादकन्व प्रति हे. मे.टन | १.२ | २.५ | ३.५ | ५ | ६ | | | |

| विषय क्षेत्रगत अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | सुचक र इकाई | आवधिक योजनाको लक्ष | | | | | योजना अवधिको कूल लक्ष्य | आवधिक योजना अवधिको अनुमानित कूल लागत ( रु.लाखमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | | | |
| ● बर्षे फलफूलको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ। | क्षेत्रफल हे. | ७६ | ८५ | ९० | १०० | १०६ | १०६ | ८५१.२८ | |
| | उत्पादकत्व प्रति हे. मे.टन | २ | ३.५ | ५.५ | ७ | ८ | | | |
| अदुवाको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ। | क्षेत्रफल हे. | २३ | ३० | ३६ | ४५ | ५० | ५० | ५१५.३१ | |
| | उत्पादकत्व प्रति हे. मे.टन | २ | ३ | ५.५ | ७ | ८ | | | |
| ● वेसारको खेती गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भएको हुने छ। | क्षेत्रफल हे. | १५ | २० | २५ | ३० | ३० | ३० | ३७७.७६ | |
| | उत्पादकत्व प्रति हे. मे.टन | १.५ | २.५ | ३.५ | ५ | ६ | | | |
| ● मौरी पालनको क्षेत्र विस्तार भई उन्नत मौरी घारको प्रयोगमा वृद्धि भएको हुने छ भने प्रति घार महको उत्पादकत्व पनि बृद्धि भएको हुने छ। | उन्नत मौरी घार संख्या गोटा | १०० | १३० | २०० | २०० | २०० | ८३० | १०७.९० | |
| | उत्पादकत्व प्रति घार के.जि. | ४.५ | ५ | ६ | ६.५ | ८ | | | |
| ● च्याउ खेती गर्ने कृषकहरु थप हुँदै जाने र हालका उत्पादकहरुले पनि क्षमता विस्तर गरी च्याउको उत्पादन परिमाणमा बृद्धि भएको हुने छ। | च्याउ उत्पादन मे.टन | ९ | १२ | १५ | १८ | २० | २० | १.४८ | |
| ● किवी खेती गरिएको क्षेत्रफल | क्षेत्रफल हे. | २ | २ | २ | २ | २ | १० | १८.६५ | |

| विषय क्षेत्रगत अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | सुचक र इकाई | आवधिक योजनाको लक्ष | | | | | योजना अवधिको कूल लक्ष्य | आवधिक योजना अवधिको अनुमानित कूल लागत ( रु.लाखमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | | | |
| वृद्धि भएको हुने छ भने प्रति हे. उत्पादकत्व पनि बृद्धि भई उत्पादन परिमाणमा वृद्धि भएको हुने छ । | | | | | | | | | |
| ● पुष्प खेती फाटफुट रुपमा छरिएर रहेको अवस्थामा भएकोले यसलाई व्यवसायिक रुपमा अगाडी वढाउने क्रममा खेती गरिएको क्षेत्र विस्तार भएको हुनेछ | क्षेत्रफल हे. | १ | २ | ३ | ४ | ५ | ५ | १८५.३५ | |
| ● गोठे मलको उचित व्यवस्थापन गर्न भकारो तथा गोठसुधारको कार्यक्रमबाट सुधारीएका गोठहरुको संख्यामा वृद्धि भएको हुने छ । | गोठ संख्या | १०० | ५०० | १००० | १००० | ६४५ | ३२४५ | ६४९.०० | |
| ● माटो जांच नगरी खेती गर्ने प्रचलन निरुत्साहित हुन गई माटो जांचको नमूना एवं माटो जांच गराउने कृषक संख्यामा वृद्धि भएको हुने छ । | माटो जांच नमूना संख्या | १००० | १००० | १००० | १००० | १००० | ५००० | ४५.०० | |
| ● खाद्यान्न बालीको बीउ उत्पादनबाट उन्नत जातको बीउको आवश्यकता अनुसारको परिमाणमा उपलव्ध भएको हुनेछ भने उद्यम विकास भएको हुने छ । | क्षेत्रफल हे. | ५ | १० | १५ | १८ | २० | २० | ५०.७६ | |
| | उन्पादन मे.टन | १५ | ३० | ४५ | ५४ | ६० | | | |

| विषय क्षेत्रगत अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | सुचक र इकाई | आवधिक योजनाको लक्ष | | | | | योजना अवधिको कूल लक्ष्य | आवधिक योजना अवधिको अनुमानित कूल लागत ( रु.लाखमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | | | |
| ● तरकारी बालीको बीउ उत्पादनबाट उन्नत जातको बीउको आवश्यकता अनुसारको परिमाणमा उपलब्ध भएको हुनेछ भने उद्यम विकास भई बीउ निकासी भएको हुने छ। | क्षेत्रफल हे. | १ | २ | ३ | ४ | ५ | ५ | ३४.१५ | |
| | उन्पादन मे.टन | ०.१ | ०.२ | ०.३ | ०.४ | ०.५ | | | |
| ● कृषि उपजहरुको बजारीकरणका लागि कृषि उपज संकलन केन्द्र स्थापन | संकलन केन्द्र संख्या | १ | १ | १ | १ | २ | ६ | १२०.०० | |
| ● बाली विरुवाका रोग किरा व्यवस्थापन तथा उन्नत उत्पादन प्रविधिहरु सामुहिकरुपमा कृषकहरुलाई हस्तानतरण गर्न एवं स्वस्थ्य बाली उत्पादन गर्नका लागि बाली वस्तु विशेष अनुसारको कृषक पाठशालाको संख्यामा वृद्धि भएको हुने छ भने यस्ता तालिम प्राप्त कृषकहरुको संख्यामा पनि वृद्धि भएको हुने छ। | कृषक पाठशाला सं. | १० | १० | १० | १० | १० | ५० | १०८.०० | |
| | सहभागि सं. | २५० | २५० | २५० | २५० | २५० | | | |
| ● भैसी पालन व्यवसाय लाई व्यवसायिकरुपमा वढाउन गड्डी जातको भैंसीको संख्यामा वृद्धि भएको हुने छ र गड्डी भैंसीको श्रोत केन्द्र स्थापना भएको हुने | संख्या | १० | २५ | ५० | ५० | ५० | १८५ | ३२७.५० | |

| विषय क्षेत्रगत अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | सुचक र इकाई | आवधिक योजनाको लक्ष |  |  |  |  | योजना अवधिको कूल लक्ष्य | आवधिक योजना अवधिको अनुमानित कूल लागत ( रु.लाखमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
|  |  | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ |  |  |  |
| छ । |  |  |  |  |  |  |  |  |  |
| ● बाखापालन व्यवसायिक रुपमा अगाडी बढाईने छ र खरी जातका वाखा पालनमा जोड दिंदै हालको बाखापालनको संख्यामा वृद्धि भएको हुने छ भने खरी वाखाको श्रोत केन्द्र स्थापना भएको हुने छ । | संख्या | १००० | २००० | ५००० | ६००० | ७०५१ | २१०५१ | ४७८२.७५ |  |
| ● स्थानीय जातको कुखुरा पालनको लागि व्यवस्थित खोरको संख्यामा वृद्धि हुन गई कुखुराको संख्यामा वृद्धि भएको हुने छ । | संख्या | ३५८२ | ४००० | ५००० | ६००० | ७०८५ | ७०८५ | ५५.१९ |  |
| ● ब्रोइलर पालन गर्ने कृषकहरुको संख्या, व्यवस्थित खोर संख्या र कुखुराको उत्पादन वृद्धि भएको हुने छ । | संख्या | ८६५० | १०००० | १२००० | १५००० | १६५०० | १६५०० | १३३.२९ |  |
| ● गाई, भैंसीहरुको नस्ल सुधार गरी उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान गरिएका पशुहरुको संख्या वृद्धि भएको हुने छ। | कृत्रिम गर्भाधान संख्या | १५० | २०० | २२५ | २५० | ३०० | ३०० | ६.१७ |  |
| ● भ्याक्शिनेसन को माध्यमबाट रोग नियद पशु पंक्षिहरुमा देखा पर्ने रोग निन्त्रण गर्न भ्याक्सिनेसन गरिएका पशुहरुको | संख्या | ३८५४४ | ४०५६९ | ४५६१९ | ५१६६९ | ५८७७० | ५८७७० | २३.५७ |  |

| विषय क्षेत्रगत अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | सुचक र इकाई | आवधिक योजनाको लक्ष | | | | | योजना अवधिको कूल लक्ष्य | आवधिक योजना अवधिको अनुमानित कूल लागत ( रु.लाखमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | | | |
| संख्या वृद्धि भएको हुने छ। | | | | | | | | | |
| ● आधुनिक सुरक्षित एवं स्वास्थ्य मैत्रि वधसाला तथा मासु पसलहरु सञ्चालन भएका हुने छन्। | आवश्य कता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | ५०.०० | |
| ● कृषकहरुको सशक्तिकरण एवं क्षमता अभिवृद्धि भई तालिम प्राप्त कृषकहरुको संख्या वृद्धि भएको हुने छ। स्थलगत तालिम ५० वटा, गोष्ठि २५ वटा, भ्रमण ५ वटा) । | निरन्तर | १६ | १६ | १६ | १६ | १६ | ८० | ४६.२२ | |
| ● बर्षभरी सिंचिई हुने क्षेत्रफलमा विस्तार भएको हुने छ। | हे. | ५० | १०० | १५० | २०० | २१० | ७१० | ३५५० | |
| ● कृषि क्षेत्रमा आकस्मिक रुपमा देखा परेका रोग किराहरु समयमै व्यवस्थापन भएको हुने छ। | आवश्य कता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | १.२० | |
| ● उत्पादन क्षेत्र घेरबारबाट छाडा पशु र जंगली जनावरबाट हुने क्षती घटन गई संरक्षण गरिएको क्षेत्रफल वृद्धि भएको हुने छ। | आवश्य कता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | १०.०० | |
| कृषकहरुलाई घर दैलोमा कृषि र पशु सेवा सम्वन्धि प्राविधिक सेवा उपलव्ध गराउन | संख्या | १० | १० | १० | १० | १० | | १६८.७९ | |

| विषय क्षेत्रगत अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | सुचक र इकाई | आवधिक योजनाको लक्ष | | | | | योजना अवधिको कूल लक्ष्य | आवधिक योजना अवधिको अनुमानित कूल लागत ( रु.लाखमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | | | |
| एक वडा एक प्राविधिकको व्यवस्था अवलम्वन भएको हुने छ। | | | | | | | | | |
| ● कृषक समुह संस्था सुदृढिकरण हुंदै गएको हुने छ र कृषकहरुको योगदान एवं प्रतिफलमा आधारित पुरष्कार तथा प्रोत्साहन प्रदान गरिदै लगिने छ। | संख्या | २५ | २५ | २५ | २५ | २५ | | ७.५० | |
| ● विभिन्न अध्ययन परिक्षण/प्रदर्शन संचालन भएको हुने छ। | आवश्य कता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | २५.०० | |

**३.२०. प्रस्तावित लागत बजेट सारांश ( लागत रकम रु. लाखमा)**

आवधिक गाउँपालिका कृषि, उद्यम विकास तगा स्वरोजगार रणनीतिक योजना कार्यान्वयनको लागि दिगो विकासको लक्ष्य अनुसारको क्षेत्रगत आधारमा अनुमान गरिएको छ। यस आवधिक योजनाको जम्मा लागत आनुमान करिव रु. ८०७५२.०८ लाख रहेको छ। प्रस्तावित बजेटलाई कार्यक्रमको सारांसको आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ।

| विषय क्षेत्र | कुल अनुमानित लागत (रु. लाखमा) | प्रतिशत |
|---|---|---|
| **खाखान्न बाली उत्पादन** | ९२५३.०२ | ११.४६ |
| **आलु बाली उत्पादन** | १२८४५.७२ | १५.९१ |
| **दलहन बाली उत्पादन** | ५९५.८४ | ०.७४ |
| **तरकारी बाली उतपादन** | ४३९७४.५९ | ५४.४६ |
| **फलफूल बाली उत्पादन** | २७०१.०२ | ३.३४ |
| **मसला बाली उत्पादन** | ८९३.०७ | १.११ |
| **च्याउ उत्पादन** | १.४८ | ०.००२ |

| विषय क्षेत्र | कुल अनुमानित लागत (रु. लाखमा) | प्रतिशत |
|---|---|---|
| पुष्प उत्पादन | १८५.३५ | ०.२३ |
| मौरी मालन | १०७.९० | ०.१३ |
| माटो परिक्षण तथा गोठे मल सुधार | ६९४.० | ०.८६ |
| बीउ उत्पादन | ८४.९१ | ०.११ |
| पूर्बाधार विकास (संकलन केन्द्र तथा वधसाला, मासुपसल निर्माण मर्मत सुधार) | १७० | ०.२१ |
| कृषक सशक्तिकरण, प्रोत्साहन एवं संस्थागत विकास | १६१.७२ | ०.२० |
| पशुपंछि पालन | ५३०४.९० | ६.५७ |
| सिंचाई | ३५५० | ४.४० |
| बाली तथा पशुधन सुरक्षा, संरक्षण एवं रोग किरा व्यवस्थापन | ३४.७७ | ०.०४ |
| प्राविधिक सेवा टेवा | १६८.७९ | ०.२१ |
| विभिन्न परिक्षण, प्रदर्शन सञ्चालन | २५ | ०.०३ |
| कूल जम्मा | **८०७५२.०८** | १००.०० |

### ३.२१.आवधिक योजनाको बार्षिक अनुमानित बजेट विनियोजन

आवधिक कृषि योजनाको ५ बर्षको बजेट प्रक्षेपण देहाय अनुसार प्रस्तुत गरिएको छ। जसमा कुल लागत रु ८०७५२.०८ लाख लाग्ने देखिन्छ। यो अवधिमा गाउँपालिका भित्र रु. २,०२,४६.२९ लाख आय हुने देखिन्छ। जसमा गाउंपालिकाको सवै आय कृषि क्षेत्रमा नै लगानी हुन नसक्ने भएकोले यसको लागि पालिकाले आफ्नो आयबाट कृषि विकासका लागि विनियोजन गर्ने रकमको साथै अपुग हुने रकमको लागि संघीय तथा प्रदेश सरकार र बिकास साझेदारहरु संग समन्वय र सहकार्य एवं कृषकको साझेदारीको नीति अपनाउनु पर्ने देखिन्छ।

| विषय क्षेत्र | कुल अनुमानित लागत(रु. हजार) | | | | | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| खाखान्न बाली उत्पादन | १७०६.०९ | १७७१.०८ | १८४७.७३ | १९२१.६६ | २००६.४६ | ९२५३.०२ | ११.४६ | |
| आलु बाली उत्पादन | २२०७.७४ | २३८९.४४ | २५६३.६७ | २७३७.९० | २९४६.९७ | १२८४५.७२ | १५.९१ | |
| दलहन बाली उत्पादन | ७१.४६ | ९३.६४ | ११८.२८ | १४७.८५ | १६४.६१ | ५९५.८४ | ०.७४ | |
| तरकारी बाली उतपादन | ८६२३.७६ | ८७०५.७० | ८७९६.७४ | ८८७६.४० | ८९७१.९९ | ४३९७४.५९ | ५४.४६ | |
| फलफूल बाली उत्पादन | ४२६.५७ | ४८८.०४ | ५४३.९३ | ५९९.८२ | ६४२.६६ | २७०१.०२ | ३.३४ | |
| मसला बाली उत्पादन | १११.६३ | १४६.९८ | १७९.५२ | २२०.४७ | २३४.४७ | ८९३.०७ | १.११ | |
| च्याउ उत्पादन | ०.१८ | ०.२४ | ०.३ | ०.३६ | ०.४ | १.४८ | ०.००२ | |

| विषय क्षेत्र | कुल अनुमानित लागत(रु. हजार) | | | | | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| पुष्प उत्पादन | १२.३६ | २४.७१ | ३७.०७ | ४९.४३ | ६१.७८ | १८५.३५ | ०.२३ | |
| मौरी मालन | १३.०० | १६.९० | २६.०० | २६.०० | २६.०० | १०७.९० | ०.१३ | |
| माटो परिक्षण तथा गोठे मल सुधार | २९.० | १०९.० | २०९.० | २०९.० | १३८.० | ६९४.० | ०.८६ | |
| बीउ उत्पादन | ६.०१ | १२.०२ | १८.०३ | २२.५४ | २६.३१ | ८४.९१ | ०.११ | |
| पूर्वाधार विकास ( संकलन केन्द्र तथा वधसाला, मासुपसल निर्माण मर्मत सुधार) | ३० | ३० | ३० | ३० | ५० | १७० | ०.२१ | |
| कृषक सशक्तिकरण, प्रोत्साहन एवं संस्थागत विकास | ३०.०४ | ३०.०४ | ३२.९ | ३२.९ | ३५.८४ | १६१.७२ | ०.२० | |
| पशुपंछि पालन | २३७.१६ | ४६३.०० | १२२६.१४ | १४५५.०८ | १९२३.५२ | ५३०४.९० | ६.५७ | |
| सिंचाई | २५० | ५०० | ७५० | १००० | १०५० | ३५५० | ४.४० | |
| बाली तथा पशुधन सुरक्षा, संरक्षण एवं रोग किरा व्यवस्थापन | ६.०६ | ६.२६ | ६.८२ | ७.४५ | ८.१८ | ३४.७७ | ०.०४ | |
| प्राविधिक सेवा टेवा | ३१.२ | ३१.२ | ३४.३२ | ३४.३२ | ३७.७५ | १६८.७९ | ०.२१ | |
| विभिन्न परिक्षण, प्रदर्शन सञ्चालन | ५ | ५ | ५ | ५ | ५ | २५ | ०.०३ | |
| कूल जम्मा | १३७९७.२६ | १४८२३.२५ | १६४२५.४५ | १७३७६.१८ | १८३२९.९४ | ८०७५२.०८ | १००.० | |

# परीच्छेद ४ : अनुगमन तथा मूल्याङ्गन

**४.१.पृष्ठभूमि**

आवधिक एकिकृत कृषि विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन गरिने छ । यसै गरी प्रमुख कार्यक्रम तथा आयोजनाहरुको प्रक्रिया अनुगमन गरिनेछ । नतिजा मापन आवश्यकता अनुसार वाह्य परामर्शवाट र प्रकृया अनुगमनको लागि गाउँ कार्यपालिका र सुपरीवेक्षण तथा अनुगमन समितिको जिम्मेवारी रहने छ । आवधिक कृषि विकास योजना भित्रका क्रियाकलाप, योजना, आयोजना, कार्यक्रम र गतिविधिहरुको निर्धारित समयभित्र कार्यान्वयन, कार्यान्वयनमा देखापरेका समस्यालाई समयमै पहिचान र निराकरण गर्न समन्वय विस्तार आवश्यक पर्दछ । यसै गरी सम्बन्धित सरोकारवालाहरुलाई पूर्व सूचना दिन, तोकिएको उपलव्धी तोकिएको समयमै हासिल गर्न वाधा पुऱ्याउने गतिविधिहरु उपर निगरानी गर्न, पूर्व निर्धारित लागतका आधारमा स्रोत परिचालन गर्न, मितव्ययिता कायम गर्न, कामको निर्धारित गुणस्तर कायम गर्न लगाउन र अन्तर कार्यान्वयन इकाई बीच समन्वय कायम गर्न मद्दत गर्ने उद्देश्यले अनुगमन तथा मूल्यांकनको व्यवस्था र संयन्त्रको परिकल्पना गरिएको हो ।

**४.२. आवधिक योजना कार्यान्वयन ढाँचा र पद्धति**

यो आवधिक योजना दस्तावेज तयार भएपश्चात गाउँपालिकाको परिषद मार्फत आधिकारिकता प्रदान गरी तुरुन्त कार्यान्वयनमा ल्याइने छ । यस आवधिक योजना कार्यान्वयनको लागि प्रमुख जिम्मेवारी गन्यापधुरा गाउँ कार्यपालिको रहनेछ । प्रत्येक बर्ष गाउँपालिकाको योजना खाका अनुसार गतिविधिहरुलाई यस योजनाले तोकेको क्रियाकलापहरु सहभागितात्मक विधि अनुसार छनौट गर्नुपर्नेछ । गाउँकार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विभिन्न विकास गतिविधि यसै योजनाको लक्ष्य उद्धेश्यसँग तालमेल मिलाउनुपर्नेछ । यसका लागि विकासका साझेदारहरुसँग समन्वय र सहकार्य आवश्यक छ । आवधिक योजना कार्यान्वयनमा कुनै समस्या वा संशोधनको अवस्था देखिएमा आपसी छलफलबाट निर्क्यौल गरिनेछ र त्यसलाई दस्तावेजीकरण गरिनेछ ।

**४.३. अनुगमन मूल्याङ्कन संरचना**

आवधिक योजनाले तोकेको लक्ष्य हासिल तर्फ भए गरेका प्रयासहरु प्रभावकारी, पारदर्शी र समावेशी भए नभएको, अनुमान गरिएको स्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजनाहरुको कार्यान्वन यस आवधिक योजनाअनुसार भए नभएको एवं आयोजना कार्यान्वयनमा देखिने बाधा वा अड्चन समाधानका लागि गाउँपालिकाले व्यबस्था गरे अनुरुप सुपरिवेक्षण तथा अनुगमन समिति गठन हुनेछन । सूचकहरुको आधारमा उक्त समितिले यो  योजना तर्जुमाको समयमा अनुगमनको क्षेत्रमा व्यबस्था गरेको जिम्मेवार निकायसँग समेत समन्वय गर्नेछ ।

गाउँपालिका आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवार निकायहरु

- गाउँ कार्यपालिका तथा विषयगत समिति
- गाउँपालिका स्तरीय अनुगमन तथा सुपेरिवेक्षण समिति
- वडा स्तरीय अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा, उपशाखा, परियोजना, संघ, संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

**४.४.आवधिक तथा वार्षिक कृषि विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधिहरु**

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगति विच तुलना तथा मापन
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार बार्षिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मद्यावधी समीक्षा
- चौमासिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

यसको अलवा बिषयगत समिति, सरोकारवाला तथा कार्यान्वयन निकायले समेत पटके, आवधिक र बार्षिक अनुगमन गर्नेछ । त्यसैगरी आवधिक योजनाको वीचमा र अन्त्यमा तेश्रो पक्षीय अनुगमनको व्यबस्था हुनेछ । तेस्रो पक्षले मध्यावधि र अन्तिम मूल्याङ्कन गरी यस योजनाको सफल कार्यान्वयनमा सहयोगी भूमिका खेल्नेछ ।

**४.४.१. सुपरिवेक्षण तथा अनुगमन समिति**

गाउँपालिकाको स्रोत परिचालन कार्यविधिमा व्यबस्था भएअनुसार गठन हुने सुपरिवेक्षण तथा अनुगमन समितिलाई सक्रिय तुल्याई गाउँपालिकाले योजना वा कार्यक्रम  गर्नेछ । योजना तर्जुमा गर्दा अनुमान गरिएका स्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजनाको कार्यान्वयन तालिका अनुसार भए नभएको, आवधिक योजना र बार्षिक योजनाको तालमेल आदिलाई सूचकहरुको समेत आधारमा अनुगमन गरी आयोजनाहरुलाई अपेक्षित गति र दिशा प्रदान गर्न यस समितिलाई सकृय तुल्याईने छ । त्यसका अतिरिक्त अनुगमन गर्ने तालिका, आचार संहिता निर्माण तथा अनुगमन कार्यका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यक व्यबस्थापकीय काम गाउँकार्यपालिकाले मिलाउनेछ ।

**४.४.२. पटके तथा नियमित अनुगमन**

नतिजामा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार बिषयगत गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम र बजेट सम्बन्धित शाखा, विषयगत समिति, प्रदेश सरकार, संघिय सरकार, विभिन्न मन्त्रालय, परियोजना, सुपरिवेक्षण तथा अनुगमन समिति तथा उपसमिति र संयुक्त अनुगमन समितिले पटके तथा नियमित अनुगमन गर्नेछन् ।

**४.४.३. नागरिक अनुगमन**

आावधिक योजनामा आधारित भई बार्षिक योजना तथा बजेट तर्जुमा भए नभएको, स्वीकृत योजना तथा बजेट र कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन, सेवा प्रवाह भए नभएको, योजनामा तोकिएको विधि तथा प्रक्रिया पूरा भए नभएको, आयोजना तथा कार्यक्रमबाट नतिजा तथा उपलब्धी हासिल भए नभएको, नागरिक तथा समुदायमा आधारित संस्थाहरुले अनुगमन गर्न सक्नेछन् । यस प्रकारको अनुगमन कार्यलाई नागरिक समाजका संस्थाहरुले आवश्यक सहजीकरण गर्ने तथा सम्बन्धित सेवा प्रदायक निकायहरुले सूचना उपलब्ध गराउने तथा अनुगमनमा प्राविधिक सहयोग गर्ने कार्य गर्नेछन् ।

**४.४.४.मध्यावधि मूल्याङ्कन**

आवधिक योजनमा निर्धारित लक्ष्य, उद्धेश्य, सूचक र नीतिहरुका आधारमा यसको मध्यावधि मूल्याङ्कन हुनेछ । मध्यावधि मूल्याङ्कन नतिजामा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार बार्षिक समीक्षा प्रतिवेदन तथा सूचनाको आधारमा सहभागितात्मक प्रक्रियाबाट गरिनेछ । मूल्याकङ्नमा गाउँकार्यपालिका,

अनुगमन तथा सुपरीवेक्षण समितिको मुख्य भूमिका हुनेछ । मूल्याकङ्नको सहजीकरण योजना तर्जुमा तथा अनुगमनमा विज्ञता भएका साथै अन्य अनुभवी पेशाविद्को वा संस्थाको सहयोग समेत हुन सक्नेछ । मध्यावधि मूल्याङ्कन र त्यसको निचोडलाई गाउँकार्यपालिका वैठक मार्फत आन्तरिकीकरण गरिनेछ ।

**४.४.५.अन्तिम मूल्याङ्कन**

यस आवधिक कृषि विकास योजनाको निर्धारित समयावधि समाप्त भए पश्चात योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा क्षेत्रगत उपलब्धिहरु हासिल भए वा नभएको नतिजामा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार मापन तथा लेखाजोखा गरिनेछ । योजना तर्जुमा, अनुगमन, तथा मूल्याकंनमा दख्खल भएका तेस्रो पक्षका अनुभवी पेशाविद्हरुको संलग्नता र सहजिकरणमा अन्तिम मूल्याकंन  गर्न सकिनेछ । यस टोलीले यस आवधिक योजनाको अन्तिम प्रतिवेदन सार्वजनिक गरिनेछ । यो प्रतिवेदन दोस्रो आवधिक गाउँ विकास योजनाको लागि आधारको रुपमा प्रयोग गरिनेछ ।

**४.४.६. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन कार्यान्वयन अवधारणाः**

बिद्यमान सर्न्दभमा अनुगमन पद्धतिको प्रभावकारिताका लागि मूलतः अनुगमन तथा मूल्यांकन संयन्त्रलाई सक्रिय तुल्याउने तथा उपरोक्त संयन्त्रहरुलाई काम गर्न उपयुक्त वातावरणको तयारी गर्नु आवश्यक हुन आउछ । व्यबस्थित, भरपर्दो तथा अद्यावधिक तथ्यांक र यसको विश्लेषणले मात्र योजनामा तोकिएका उद्धेश्य हासिल गर्नेतर्फ उन्मुख भए वा नभएको सुनिश्चित गर्न सकिने भएकोले यस आवधिक कृषि विकास योजना अर्न्तगत बिद्यमान संरचनाहरुलाई सक्रिय तुल्याई योजनाको निर्दिष्ट लक्ष्य हासिल भए नभएको मापन गरिनेछ । स्थानीय तहले योजनासँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन, अद्यावधिक तथा विश्लेषण गरी प्रस्तावित आयोजनाहरुबाट आवधिक गाउँपालिका कृषि विकास योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्धेश्य हासिल गर्ने तर्फ के कस्तो प्रगति हुदैछ सोको निचोडमा पुगिनेछ । यसका साथै स्थानीय तह/निकाय, नागरिक निगरानी निकाय, सरोकारवाला तथा योजना कार्यान्वयन गर्ने निकायले समेत पटके, चौमाषिक र बार्षिक रुपमा अनुगमन गर्नेछ ।

**४.४.७. सामाजिक एवं लैङ्गिक परीक्षण**

**४.४.७.१. सामाजिक परीक्षण, सर्वजनिक सुनवाई एवं सार्वजनिक लेखा परीक्षण**

गन्यापधुरा गाउँपालिकाको आवधिक एवंम् त्यसको आधारमा तयार गरी कार्यान्वयन गरिने क्रियाकलापहरुको सूचना एवंम् जानकारी गाउँपालिका भित्र, वडा स्तरमा सरोकारवालाहरुलाई सर्वसुलभ रुपमा उपलब्ध गराइने छ । गाउंपालिका भित्र सरोकारवालाहरुलाई सेवा प्रदायक सार्वजनिक निकायहरुले सम्पादन गरेका गतिविधिहरुको जवाफदेहिता अभिबृद्धिको लागि कार्यविधि मुताविक सामाजिक उपलब्धी सहितको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सूचनाहरुको आधारमा आवश्यता अनुसार सार्वजनिक सुनुवाई गरिनेछ । साथै यसको अभिलेख राखिनेछ । स्थानीय तह मार्फत सञ्चालन गरिने विभिन्न लागतमा सम्पन्न हुने योजनाहरुको  लागत विवरण सहितको सार्वजनिक सूचना पाटी (होर्डिङ्ग बोर्ड) योजना स्थलमा राखिने छ । साथै अन्य विकास साझेदार संस्थाहरुलाई पनि सार्वजनिक सूचना पाटी राख्नको लागि सूचना गरिनेछ । गाउँपालिकाले आफ्नो कोषमा प्राप्त हुने आम्दानी खर्चको नियमानुसार प्रत्येक वर्ष आन्तरिक एवं अन्तिम लेखापरीक्षण गरी सोको सार्वजनिकीकरण गरिने छ र गाउँपालिका परिषद्  वैठकमा समेत पेश गरी अनिवार्य अनुमोदन गरिनेछ । लेखा परीक्षकको निर्देशन बमोजिम बेरुजु फर्छ्यौट गरिने छ र असुल उपर गर्नुपर्ने भएमा रकम असुल उपर समेत गरिने छ ।

### ४.४.७.२. लैङ्गिक तथा सामाजिक समावेशीकरण परीक्षण

यस गाउँपालिकामा कार्यरत विकासका साझेदार संस्थाहरुको नीति र कार्यक्रमहरुमा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समोवशीकरण प्रकृया मार्फत समतामूलक र दिगो समावेशी विकास प्रकृया स्थापना गर्न अभिप्रेरित गरिनेछ । यसका लागि स्थानीय तहको बजेट विनियोजन पद्धतिमा लैङ्गिक तथा सामाजिक समावेशीकरण साथै लक्षित वर्गले प्रत्यक्ष फाइदा पाउने/पुग्ने गरी बजेट विनियोजन गरिनेछ । लैङ्गिक मूलप्रवाहीकरण एवंम सामाजिक समावेशीकरणका प्रतिवद्धताहरुलाई बार्षिक रुपमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण (GESI Audit) मार्फत परीक्षण गरी सार्वजनिक गरिनेछ । समावेशी विकास प्रकृयाको लागि बजेट विनियोजन र खर्चलाई मूल्याङ्कन गरी राष्ट्रिय र सहस्राव्दी विकासका लक्ष्यहरुलाई टेवा पुऱ्याईने छ ।

### ४.४.८. गाउँपालिकाको आवधिक कृषि रणनीति, केन्द्रिय १५ औं योजना र दिगो विकास लक्ष्य विच सम्बन्ध

गाउँपालिका क्षेत्र भित्र सञ्चालन गरिने आवधिक कृषि विकास योजनाको प्रत्यक्ष सम्बन्ध सुदूरपश्चिम सरकारको पन्चवर्षिय योजना र संघिय सरकारको १५ औं राष्ट्रिय योजना तथा रणनीतिक योजनासँग रहेको छ । गाउँपालिकाभित्र सञ्चालन गर्न सकिने ठूला आयोजनाहरु गाउँपालिकामा उपलब्ध हुने स्रोत साधन र स्रोत अपुगभएको अवस्थामा प्रदेश एवं केन्द्रिय योजनाको रुपमा अघि वढाईने छ । १५औं केन्द्रिय योजनाको रणनीति एवं प्राथमिकताका क्षेत्र अनुसार नै यस गाउँपालिकाको आवधिक योजना तयार गरिएको छ । संयुक्त राष्ट्रसंघको सेप्टेम्बर २०१५ मा बसेको साधारणसभाले सन् २०१६ देखि २०३० सम्ममा दिगोविकासको लागि १७ वटा लक्ष्यहरु किटान गरेको छ । नेपाल सरकार लगायत सवै निकायहरुले तय गरेका अवधारणा, मार्गदर्शन, नीति, योजना तथा कार्यक्रमहरुलाई मूर्तरुप दिन विकासको तल्लो निकायसम्म उक्त लक्ष्यहरुको तारतम्य मिलाउनुपर्ने देखिन्छ । तसर्थ गाउंपालिकाको यस आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाले पनि स्थानीयरुपमा दिगो कृषि विकासका उल्लेखित लक्ष्यहरु प्राप्तीमा सकारात्मक टेवा पुऱ्याउने विश्वास गरिएको छ ।

लक्ष्य १: सवै किसिमको गरिवीको सर्वत्र अन्त्य गर्ने

लक्ष्य २: भोकको अन्त्य, खाद्य सुरक्षा एवंम् सुधारसहितको पोषण हासिल र दिगो कृषि प्रवर्द्धन गर्ने

लक्ष्य ३: सवै उमेरका सवैजनाको स्वस्थ जीवन सुनिश्चित र हित प्रवर्द्धन

लक्ष्य ४ : सवैकालागि समावेशी तथा स्तरीय शिक्षा सुनिश्चित र आजीवन सिकाई प्रवर्द्धन

लक्ष्य ५ : लैङ्गिक समानता हासिल गर्ने तथा सवै महिला र बालबालिकाको ससक्तिकण गर्ने

लक्ष्य ६: पानी र सरसफाईमा सवैको पहुँच सुनिश्चित गर्ने

लक्ष्य ७: पहुँचयोग्य, विश्वसनीय, दिगो एवंम् आधुनिक ऊर्जामा सवैको पहुँच सुनिश्चित गर्ने

लक्ष्य ८ : सवैका लागि समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण रोजगारी, र सम्मानजनक काम प्रवर्द्धन गर्ने

लक्ष्य ९: प्रतिरोधी संरचना निर्माण गर्ने, दिगो औद्योगिकरण प्रवर्द्धन गर्ने र नयाँ विचारहरुलाई सवलीकरण गर्दै लैजाने

लक्ष्य १०: देशिभित्र र देशहरु वीचको सवै असमानता कम गर्ने ।

लक्ष्य ११: शहरहरु  मानववस्तीलाई समावेशी, सुरक्षित प्रतिरोधी एवंम् दिगो बनाउने

लक्ष्य१२ : दिगो उपभोग एवंम् उत्पादनढाँचालाई सुनिश्चित गर्ने

लक्ष्य १३: जलवायु परिवर्तन र यसका प्रभावविरुद्ध अनुकलन गर्न आवश्यक कार्ययोजना सञ्चालन गर्ने

लक्ष्य १४: जलस्रोत, पानीमा आस्रित जीवन संरक्षण एवंम दिगो प्रयोग

लक्ष्य १५: वनजङ्गलको दिगो व्यबस्थापन, मरुभूमीकरण विरुद्ध संङ्घर्ष, भूमि क्षयीकरण रोक्ने र त्यसलाई उल्ट्याउने र जैविक विविधता ह्रासलाई रोक्ने

लक्ष्य १६: दिगो विकासका लागि न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरु प्रवर्द्धन गर्ने, सवैको न्यायमा पहुँच गराउने र सवै तहमा प्रभावकारी, उत्तरदायी र समावेशी संस्थाहरुको निर्माण गर्ने लक्ष्य १७: दिगो विकासका लागि विश्वव्यापी साझेदारी र यसको कार्यान्वयनलाई पुनः सशक्त बनाउने

**४.४.९. आवधिक तथा बार्षिक कृषि विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया**

| के गर्ने? | कसले गर्ने? | कसरी गर्ने? | कहिले गर्ने? | कहाँ गर्ने? |
|---|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | गाउँ स्तरीय अनुगमन तथा सुपेरिवेक्षण समिति , वडा स्तरीय अनुगमन समिति, समुदाय तथा समुदायमा आधारित संस्थाहरु | • स्थलगत अनुगमन<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलन | पट्के,मासिक,चौमासिक,वार्षिक | योजना तथा कार्यक्रम संचालन भएको स्थानमा |
| प्रतिफल मूल्याँकन | गाउँ कार्यपालिका, अनुगमन तथा सुपेरिवेक्षण समिति | • स्थलगत अनुगमन<br>• बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन | चौमासिक, अर्धवार्षिक, बार्षिक | योजना तथा कार्यक्रम संचालन भएको स्थानमा |
| प्रभाव तह मूल्याँकन | गाउँ कार्यपालिका, अनुगमन तथा सुपेरिवेक्षण समिति, र तेश्रो पक्ष | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन<br>• सहभागितामूलक छलफल | बार्षिक, मद्यावधी र अन्तिम बर्ष | योजना तथा कार्यक्रम संचालन भएको स्थानमा |

| के गर्ने? | कसले गर्ने? | कसरी गर्ने? | कहिले गर्ने? | कहाँ गर्ने? |
|---|---|---|---|---|
| | | • अध्ययन तथा सर्वेक्षण<br>• वस्तुगत विवरण अध्ययन<br>• प्रगती प्रतिवेदन अध्ययन | | |
| प्रभाव तह मूल्याँकन | गाउँ कार्यपालिका, अनुगमन तथा सुपेरिवेक्षण समिति, र तेश्रो पक्ष | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन<br>• सहभागितामूलक छलफल<br>• अध्ययन तथा सर्वेक्षण<br>• वस्तुगत विवरण अध्ययन<br>• प्रगती प्रतिवेदन अध्यय | मद्यावधी र अन्तिम बष | योजना तथा कार्यक्रम संचालन भएको स्थानमा |

**४.४.१०. आवधिक योजनाका जोखिम तथा मान्यताहरु तथा न्यूनिकरण**

यो आवधिक कृषि, उद्यम विकास तथा स्वरोजगार रणनीतिक योजनाको तयारी गर्दा परिकल्पना गरिएका मान्यताहरुले यसको कार्यान्वयन पक्षलाई निर्धारण गर्ने हुन्छ । योजना तर्जुमाका क्रममा तय गरिएका मान्यताहरु तथा यस आवधिक योजनाका जोखिम पक्षहरु निम्न अनुसार निर्धारण गरिएको छ ।

- स्थानीय तह सरकार संचालन ऐन तथा नियमावली प्रदत्त प्रावधानहरु आवधिक गाउँपालिका कृषि विकास योजना कार्यान्वयनका लागि सशक्त, प्रभावकारी तथा अनुकुल हुनेछन् ।
- गाउँपालिकाका पदाधिकारीहरु, वडाका पदाधिकारीहरु र शाखा प्रमुखहरु यो आवधिक योजना कार्यान्वयनका लागि प्रतिवद्ध हुनेछन् ।
- गाउँपालिका विकासका सामाजिक, आर्थिक तथा पूर्वाधार विकासका क्षेत्रहरुमा निजी क्षेत्रहरुको समानुपातिक सहभागिता, स्वपरिचालन तथा लगानी उत्साहवर्द्धक हुनेछ ।
- यस आवधिक योजना कार्यान्वयनमा गाउँपालिका, सरोकारवाला, उपभोक्ता र गैरसरकारी संस्थाहरुको प्रभावकारी, फलदायी समन्वय, साझेदारी र सहकार्य भएको हुनेछ ।
- गाउँपालिकाको कृषि विकासमा सरोकार राख्ने सरकारी तथा गैर सरकारी संस्था, निकायहरुले आफ्ना कृषि विकासका कार्यक्रमहरुमा यस आवधिक योजनालाई अवलम्बन गर्नेछन् ।

| जोखिम पक्ष तथा मान्यता | न्यूनिकरण कार्यनीति |
|---|---|
| संघियता कार्यान्वयनको सक्रमणकालिन अवस्था | सहभागितात्मक रुपमा वडा तथा वस्ती तहमा पहिचान भएको आवश्यकता र तयार भएका कार्यक्रमहरुलाई स्थानिय सरकाले संबोधन गर्न सक्ने । |
| राष्ट्रिय अभियानमूलक कृषि विकास गतिविधिहरुको समिक्षा | स्थानीयतहले प्रदेश सरकार, संघिय सरकार र विभिन्न |

| जोखिम पक्ष तथा मान्यता | न्यूनिकरण कार्यनीति |
|---|---|
| गर्दै तत्कालिन र दिर्घकालिन स्रोत आपूर्ति र कृषि विकास कार्यनीति परिवर्तन हुन सक्ने । | विकास साझेदारहरु सँग समन्वय विस्तार गरी दिगो र द्रुत प्रतिफल प्राप्तिकालागि अग्रसरता कायम गर्ने । |
| भौतिक पुर्ननिर्माणमा एकरुपता कायम गर्ने, दोहोरो पना हटाउने तथा जोखिम न्यूनकिरणका विधिहरु पूर्ण रुपमा आत्मासात हुनेछ । | भौतिक निर्माण आचारसहिता, वातावरणिय प्रभाव विष्लेषण, पारदर्शिता, गुणस्तरता तथा विकासका मापदण्डको पूर्ण पालना गर्दै सघन अनुगमनलाई बढवा दिईने छ । |
| स्थानियशासन संचालन ऐन तथा नियमावली प्रदत्त प्रावधानहरु गाउँपालिका कृषि विकास योजना कार्यान्वयनका लागि सशक्त, प्रभावकारी तथा अनुकुल हुनेछन् । | स्थानीय आवश्यकता र सहभागितात्मक रुपमा वनेको कृषि विकास योजना कार्यान्वयनमा अव बन्ने प्रावधानहरुले पनि सहयोगी भूमिका खेल्न सक्ने । |
| स्थानीय सरकारका पदाधिकारीहरु यो आवधिक योजना कार्यान्वयनका लागि समन्वयात्मक रुपमा प्रतिवद्ध हुनेछन् । | सवै सरोकारवालाहरुको संलग्नता र सहभागितामा तयार भएको योजना तर्जुमाको क्रममा प्रकट गरिएका प्रतिवद्धताहरु योजना कार्यान्वयनको तहमा पनि ससक्त हुने । |
| गाउँपालिकामा उपलब्ध सिमीत दक्ष मानवीय स्रोत र श्रमको कारणले यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमनमा कमी हुन सक्ने | गाउँपालिकाले आन्तरीक क्षमता विस्तारको कार्य गर्दै थप मानवसंशाधनको व्यवस्थापन गर्दै कृषि विकासका गतिविधिहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने । |
| गाउँपालिकामा कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रिय गैह्सरकारी निकायहरुले स्रोत र सहयोग गर्ने प्राथमिकता क्षेत्र परिवर्तन हुन सक्ने | गाउँपालिकाको समृद्धि र कृषि विकासको लागि विभिन्न विकासका कार्यक्रम कार्यान्वयन गर्ने र समन्वय सहकार्य मार्फत आवधिक योजनाका आधारमा लगानी गर्न पहल गर्ने । |

## सन्दर्भ सामग्रीहरुः


जि.कृ.वि.का, (२०१३), *एग्रिकल्चर डेभलपमेण्ट एण्ड फूड सेक्यूरिटी स्ट्राटेजी पेपर,* डडेल्धुरा, नेपालः नेपाल सरकार, जिल्ला कृषि विकास कार्यालय ।

जि.कृ.वि.का, (२०७४), *कृषि विकास कार्यक्रम तथा तथ्यांक पुस्तिका,* डडेल्धुरा, नेपालः नेपाल सरकार, जिल्ला कृषि विकास कार्यालय ।

जि.वि.स., (२१०), *जिल्ला विकास समिति प्रोफायल,* डडेल्धुरा, नेपालः नेपाल सरकार, जिल्ला विकास समितको कार्यालय ।

गा.पा., (२०७५), *गन्यापधुरा गाउंपालिका पार्श्व चित्र,* गन्यापधुरा, डडेल्धुरा, नेपालः स्थानीय सरकार, गन्यापधुरा गाउंपालिकाको कार्यालय ।

कृ.सू.तथा प्र.के., (२०७६), *कृषि डायरी,* हरिहरभवन, ललितपुर, नेपाल : कृषि तथा पशुपंछि विकास मन्त्रालय, कृषि सूचना तथा प्रशिक्षण केन्द्र ।

कृ. तथा प.वि.मन्त्रालय, (२०६१), *राष्ट्रिय कृषि नीति,* नेपाल सरकार, काठमाण्डौ, नेपालः कृषि तथा पशुपंछि विकास मन्त्रालय ।

कृ. तथा प.वि.मन्त्रालय, (२०७२/७३), *स्टाटिष्टिकल इन्फर्मेशन अन नेपलीज एग्रीकल्चर,* नेपाल सरकार, काठमाण्डौ, नेपालः कृषि तथा पशुपंछि विकास मन्त्रालय, कृषि तथ्यांक महाशाखा ।

कृ. तथा प.वि.मन्त्रालय, (२०७३), *कृषि विकास रणनीति सन २०१५–२०३५,* नेपाल सरकार, काठमाण्डौ, नेपालः कृषि तथा पशुपंछि विकास मन्त्रालय ।